# इसिलिम ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

*(Half Yearly Dumi Language Magazine)*

२०६४ वर्ष ९ अंक १० छिरियाम्लो (शरदकालिन: उधौली) October 2007



उपाध्यक्ष : श्री जितपाल किरात
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

क. : गोपाल किराती
सीसीएम नेकपा (माओवादी)



पर्जबहादुर दुमीराई
इसिलिम सल्लाहकार

"सम्पूर्ण किरात राईहरूको चाहना-



-किरात स्वायत्त राज्यको स्थापना !"

"संगठित जनाधार, आर्थिक उन्नतिको मूल आधार"

दर्ता नं. ६५७/०५७

# ASSOCIATE SAVING & CREDIT CO-OPERATIVE LTD.

# एशोसियट बचत तथा ऋण सहकारी संस्था लि.

सहकारी ऐन २०४८ बमोजिम स्थापित





चावहिल,काठमाडौं (बाल बचत)

निक्षेप तर्फ

| खाताको प्रकार | अवधि | ब्याजदर |
|---|---|---|
| बाल बचत | १ वर्ष | ८% |
| | २ वर्ष | ९% |
| | ३ वर्ष | १०% |
| | ४ वर्ष | ११% |
| | ५ वर्ष | १२% |
| बचत | | ८% |
| मुद्दति | ६ महिना | १०% |
| | १ वर्ष | ११% |
| | २ वर्ष | ११.५% |
| | ३ वर्ष | १२% |
| | ४ वर्ष | १३% |
| | ५ वर्ष | १४% |
| | ६ वर्ष | दोब्बर भुक्तानी |
| कालिक मुद्दति | ३ महिना | ७% |
| | ६ महिना | ८% |
| | १ वर्ष | ९% |
| | १ वर्ष भन्दा बढि | १०% |

कर्जा तर्फ

| कर्जा शीर्षक | ब्याजदर | अवधि |
|---|---|---|
| व्यवसायिक | १५% | ३ देखि ६ महिना |
| हायर पर्चेज | १५.५% | १ देखि २ वर्ष |
| जग्गा तथा घडेरी | १६.५% | १ देखि ३ वर्ष |
| निर्माण, मर्मत | १६.५% | १ वर्ष माथि |
| कृषि, पशुपालन | १५.५% | १ देखि २ वर्ष |

बाल बचत गर्ने बानी बसालौं ।
बाल-बालिकाको भविष्य उज्वल पारौं ।

सुमधुर वर्तमान, सुनिश्चित भविष्य ।
स्वर्णिम सपना, बाल बचतको नारा ।

थोपा थोपा बचत गर्नु ।
आफ्नै शीपमा भर पर्नु ।

## ब्रिटिस गोर्खालीहरुद्वारा सञ्चालित

कार्यालय ठेगाना :
भगवानस्थान, चावहिल-७
काठमाडौं ।
फोन : ४-४९९९७६

संगठीत जनाधार — आर्थिक उन्नतिको — मूल आधार

WESTERN UNION

"On your self direction"

# VISUALINE

A high quality visual production for yours thirsty Eyes.

Chabahil, Ganeshthan–Charumati Bihar
Kathmandu.
Phone: 4461301, 4499976

**Productions**

Music Videos/Video Films/
Tele Films/Documentaries/
TV Programs

**Digital Video Editing/Mixing**

Music Videos/Video Films/Tele Films/
Documentaries
All Kinds Of Functions

**Video/Photo Shooting**

Marriage Ceremony/Cultural Program
All Kinds Of Functions

Video Cassattee to VCD, DVD

Camera Hiring




# PARUHANG TRAVELS & TOURS (P.) LT

P.O.Box: 8939, Chabahil, Kathmandu

Nepal Airlines
AIR CHINA
Thai
QATAR AIRWAYS
GULF AIR

PARUHANG TRAVELS & TOURS (P.) LTD. ESTD.: 2063

SKYLINE AIRWAYS
Buddha Air
GORKHA Airlines
Yeti Airlines
सीता एयर प्रा. लि. Sita Air (P) Ltd.

WESTERN UNION

TEL : 4469003, 4461301, 4499976
Email : paruhangtt@mail.com.np

# Crystal Group

Teenkune, Koteshwor-35, Kathmandu, Nepal
Tel: 4480353, 4478840, 2042120, Email: info@crystalgroup.com.np

## सुरक्षा... सफलता... भविष्य...

अनि तपाईंको आशा
क्रिष्टलको
साथमा

मासिक ब्याज
भुक्तानीको व्यवस्था

आठ बर्ष देखि तपाईहरूको मन
जित्न सफल

यस संस्थाले कम्प्यूटर प्रणालीबाट अनुभवी कर्मचारीहरु बाट आफ्ना ग्राहक तथा सदस्य महानुभावहरुलाई छिटो छरीतो र सर्वसुलभ तरिका बाट सेवा प्रदान गर्दै आएका छन्। विश्वको कुनैपनि ठाउँबाट तपाईको आफन्तहरुले पठाउनुभएको रकम Western Union मार्फत हाम्रो संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

WESTERN UNION
मनी ट्रान्सफर

### मुद्दति बचतमा पाईने ब्याजदर

| अवधि बचत | ब्याजदर |
|---|---|
| १ वर्ष | ११% |
| २ वर्ष | १२% |
| ३ वर्ष | १३% |
| ४ वर्ष | १४% |
| ५ वर्ष | १५% |

### अवधि बचत (Periodic Deposit)

| अवधि | वार्षिक ब्याजदर |
|---|---|
| १ वर्ष | ७% |
| २ वर्ष | ७.५% |
| ३ वर्ष | ८% |
| ४ वर्ष | ८.५% |
| ५ वर्ष | ९% |

### कर्जा लगानी

| कर्जा लगानी स्कीम | |
|---|---|
| हायर पर्चेज कर्जा | १४% |
| सामुहिक जमानी कर्जा | १४% |
| उद्यमी कर्जा | १७% |
| घरेलु कर्जा | १८% |

### क्रिष्टल ग्रुपद्वारा संचालित संस्थाहरु →

क्रिष्टल बहुउद्देश्यीय सहकारी संस्था लि.
Crystal Multi-purpose Co-operative Ltd.




क्रिष्टल ग्रोसरीज सप
Crystal Groceries Shop
Shantinagar-34, Kathmandu Tel.: 2002971

Santoshi Rai International Group Pvt. Ltd.
Shanti Nagar-34, Kathmandu, Nepal

Alin Computer Institute Centre
Koteshwor, Kathmandu, Nepal

New Worldwide Communication P. Ltd.
Koteswor, Kathmandu, Nepal

Promoted by British Gurkha Pariwar !

इसिलिम अंक १ देखि अंक १० सम्मको कुनै पनि प्रकाशन चाहिएमा साथै विज्ञापन गराउन चाहनु हुने महानुभावहरूले सम्पर्क गर्नुहोला ।

सम्पर्क फोन : ४-४९९९७६, ४-४६०९०६, ४-४६१३०१

Email : ourlink@wlink.com.np



# इसिलिम

अर्धवार्षिक दुमीराई भाषिक पत्रिका


वर्ष ९, अंक १०, २०६४

जि.प्र.का.द.नं.४५/०५६, काठमाण्डौ



संरक्षकः

क्या.श्री नैनबहादुर दुमीराई(MM)²

सल्लाहकारः

भू.पू.सांसद श्री टंक दुमीराई

समाजसेवी श्री रामबहादुर दुमीराई

क्या. श्री पर्जबहादुर दुमीराई

उप-प्रा. श्री चतुरभक्त दुमीराई

सम्पादकः

नेत्रमणि दुमीराई

तेजमाया मुरह दुमीराई

फुलकमल दुमीराई

नृप दुमीराई

गुणराज दुमीराई

व्यवस्थापकः

अशोक दुमीराई

ऋषिश्वर दुमीराई

क्षेत्रीय प्रतिनिधिः

सनद कुमार दुमीराई, धरान

दुर्गा बहादुर दुमीराई बाक्सिला

श्रेष्ठ बुक्स एण्ड स्टेशनरी, दिक्तेल

राई बुक्स एण्ड स्टेशनरी, जावलाखेल

दुमी किरात राई फन्सिकिम,कार्यालय, चावहिल

शत्रुराज दुमीराई, U.K.

धौलवीर दुमीराई, U.S.A.



**प्रकाशक**

**दुमी किरात राई फन्सिकिम**

कम्प्युटर/डिजाईनर

दशरथ राई

राम तामाङ(पाखिन)

मुद्रणः

जगदम्बा अफसेट प्रेस



पत्राचार

इसिलिम भाषिक पत्रिका

पो.ब.नं. २०२११, चावहिल, काठमाडौं

फोन नं. ४-४९९९७६, ४-४६६१३०१

E-mail : ourlink@wlink.com.np



मूल्य : ने.रु. ५०/-, भा.रु. ४०/-, H.K.$ 10/-

सिंगापुर/ब्रुनाई : $ २/-, यु.के. £ १/-


## विषयसूची


**खोज-अनुसन्धान**
- मौलिक किरात धर्म........ - चुड्को ओइसी १

**भेटवार्ता**
- जीतपाल किरात राईसँग... १५
- गोपाल किराती... २८

**व्यक्तित्व परिचय**
- व्याकुल माइला - सचित राई १८

**भाषिक अध्ययन**
- किरात मुन्दुम र संगीत - तेजमाया दुमीराई १८
- गान्पा र रतेपा पुनः ब्युँभ्केका भए ... - ईश्वर हलक्सु दुमीराई ६४

**समसामयिक**
- संविधान सभाबारे - हर्कराज राई २१

**विज्ञप्रविधि**
- मंगल ग्रहका ... - फुलकमल दुमीराई २४

**कला/संगीत**
- कला र संगीत ... - जीतेन राई २६
- किरात राई सांस्कृतिक ... - जनक राई ८१

**इतिहास/स्थान परिचय**
- माक्पा नाम रहनका कारण - जयराम वालाक्पा दुमीराई ४१

**चिनारी**
- सांगीतिक श्रष्टा खविराज दुमीराई - सम्वर दुमीराई ६६

**लेख-रचना तथा अभिव्यक्ति**
- दुमी किरात राई जातिमा ... - उत्सव दुमीराई ५५
- नेपालका आठ साँढेहरू - लक्ष्य किरात ५६

**कुराकानी**
- ले. पर्जबहादुर दिम्मचु दुमी राईसँग... - चतुरभक्त दुमीराई ६२

**समसामयिक चिन्तन/मनन**
- खाजावासमा... - मिक्सी रदु हलक्सु ३७
- किरात राईहरूभित्र ... - प्रकाश दुमीराई ४८
- किरात भूमि, संविधानसभा .... - टंक बहादुर राई ५८
- वेदनामा पुऱ्याइएको ... - मोहन रत्कु दुमीराई ६७

**सार समिक्षा**
- मातृभाषा पिपल पुस्तक ... - किर्तिकुमार दुमीराई ५१
- व्यक्तित्व र वाणी - सम्पादक ५७

**अनुभव अनुभूति**
- म यसरी शिक्षक ... - सूर्यविक्रम हजुर दुमीराई ५३
- मेरो माभी दाइ - अमर हजुर दुमीराई ६१

**खेलकूद**
- एक उदीयमान नक्षेत्र : अविना दुमीराई - चतुरभक्त दुमीराई ४४

**आर्थिक गतिविधि** अशोक दुमीराई ८२

**सार-समाचार** - सम्पादक ८४

# हाम्रो अभिमत

समय बित्न धेरैबेर नलाग्दो रहेनछ । बल्ल भदौ लागेपछि इसिलिमको काममा लागियो । वर्षदिनसम्मको पर्खाइमा धेरैले 'इसिलिम' के हुँदैछ भनेर सोधपुछ गरी माया गर्नेहरूको संख्या पनि धेरै पाएका छौं । इसिलिममार्फत हाम्रो हौसलालाई उचाइमा पुऱ्याउने पाठकहरूको माया पनि उत्तिकै पाएका छौ भने इसिलिमको बाक्लो भलुम र लामो लेख देखेर तिरस्कार गर्नेहरूको संख्या पनि नपाएका होइनौ । सल्लाह सुझाव आलोचना जे जस्तो भएपनि त्यसलाई हामीले आशिर्वाद ठान्दै यही दशैं तिहारको निकट घडीमा आम दाज्यूभाई दिदी बहिनीहरूलाई उत्तरोत्तर प्रगतिको कामना गर्दै दशौं अंक इसिलिम लिएर तपाइहरूको घरदैलोमा आइपुगेका छौं । 'इसिलिम' को बाटो हिड्दा धेरैको साथ पनि पायौं र कहिले एकलै पनि भयौं । तर पनि 'इसिलिम' को प्रकाशनलाई रहर भन्दा कर्तब्य ठानेर यो जिम्मेवारीलाई माथि उठाएका छौं । घोडालाई घोडाकै भारी हात्तिलाई हात्तिकै भारी भएजस्तै इसिलिमको सम्पादकहरूलाई इसिलिमकै भारी टन्न हुँदा हुँदै पनि दुमी राईहरूको भाषा, धर्म संस्कृति, इतिहास उत्थानको लागि यो गह्रुँगो भारी बोक्न तयार भयौं र यहाँसम्मको यात्रा पुरा गर्दैछौं । यो यात्राको कोसेली शहरदेखि गाउँसम्म पुऱ्याउनु छ । किनकी इसिलिमको पर्खाइमा बस्नेहरू शहरमा भन्दा गाउँमा अझ धेरै छन ।

यत्तिखेर राष्ट्र तरलताको अवस्थामा रहेको छ । आदिवासी जनजाति, मधेशी, महिला, उत्पीडित, दलित सबै जीर्ण सामन्तवादी राजतन्त्रलाई जरैदेखि उखेलेर फाल्ने र त्यसको ठाउँमा गणतन्त्रको बिउरोप्ने आन्दोलनमा लागेका छन । किरातहरू **लोकतन्त्रीय संघीय गणतन्त्र अन्तर्गत किरात स्वायत्त राज्य** स्थापनाको मार्गमा जुटेका छन । संविधानसभाको चुवान ढिलै भएपनि गणतन्त्र प्राप्ति हुनेमा ढुक्क छन । सातसालदेखि नेपाली जनताले कुरेर बसेको संविधानसभामा आदिवासी जनजाति, मधेशी, महिला, उत्पीडित दलित सबैले जातिय जनसंख्याको आधारमा पूर्णसमानुपातिकतापूर्ण प्रतिनिधित्व चाहेका छन । यसबाट पनि प्रतिनिधित्व हुन नसक्ने स्थिति रहेको खण्डमा आरक्षणको व्यवस्थाबाट दलित र पिछडिएको वर्गलाई राष्ट्रिय राजनीतिको मूलप्रवाहमा ल्याउनुपर्छ भन्ने मागहरू सडकसडकमा गुन्जिरहेकोछ । धेरैले यसकै निम्ती सहादत पनि प्राप्त गरिसकेका छन ।

एकातिर यसखालको परिदृष्य देखिन्छ भने अर्कोतिर माओवादीहरूको दशवर्षे जनयुद्ध र ०६२ । ६३ को संयुक्त जनआन्दोलनको भावनालाई बिर्सेर नीजि र पार्टीगत स्वार्थमा लिप्तभएर पुरानै शैली दोहोऱ्याउने, पूर्णसमानुपातिकताको सिद्धान्तलाई पन्छाउने, समानुपातिकताको नाममा फेरी पनि पुरानै भ्रष्ट र टाठाबाठा निर्वाचित हुने कुटिल चालमा पार्टीहरू भित्रभित्रै लागेका छन । यतिमात्र होइन हिजो जनआन्दोलनको खुड्खार घाती, बिरोधी र भ्रष्टहरू पनि निर्वाचनमा प्रतिनिधि भएर उठ्ने संभावना भैरहेको छ भने सामन्तवादी राजतन्त्र र यसका मतियारहरू राजा जोगाउने खेलमा लागेका छन् । यसले आदिवासी, जनजाति, मधेशी, महिला, दलित, उत्पीडित वर्ग कसैलाई पनि फाइदा नपुग्ने स्थिति छ । राजतन्त्र रहेसम्म लिम्बु, गुरूङ् र मगरहरू तथा मतुवालीहरूलाई शुद्र बनाइरहनेछन । दलितहरूले बाटोमुनी भएर हिड्नु पर्नेछ र महिलाहरूले दासत्व स्वीकार्नु पर्नेछ ।

कथा व्यथाहरू हिजो जस्तो थियो आज पनि उस्तै छ । मानिस कोही फेरिएको छैन, सत्ता सातदलको हातमा छ तर संरचना उही छ, सेनाहरूमा लोकतान्त्रिक परिवर्तनको अलिकति पनि आभास पाइएको छैन । धर्म निरपेक्षताको फाइदा उठाउनेले धार्मिक सहिष्णुतालाई खलबल्याउन सक्ने स्थिति छ । राज्यको पुनसंरचना कुन ढंगले हुने भन्ने अझै टुङ्गो छैन । जनता अन्यौलमा छन । लुँड्याउनेले लुँड्याउँदैछन, गुमाउनेले गुमाउँदैछन, मार्नेले मारीरहेका छन र मर्ने मरिरहेका छन । सरकार निरिह छ, क्रान्तिपछिको एउटा शनिवारे हटिया जस्तो संसद पनि तलब र भत्ता पडकाएर मात्र बसेको छ जाबो राजतन्त्रलाई फालेर गणतन्त्रको घोषणा पनि गर्न सकेको छैन । काग कराउँदैछ पिना सुक्तैछ । यस्तै यस्ते विसंगतिमा देश आज चुर्लुम्म डुबेको छ । यी नै बिसंगतीहरूको माझबाट इसिलिमले चेप्टिँदै, ठोक्किदै, बत्तिदै तपाइरूको लागि के कोसेली ल्याउँ भन्दा भन्दै समसामयिक राजनीतिक विश्लेषण, किरात धर्म संस्कृति र यसमा आएका विचलन, भाषा स्तम्भमा अर्को एकथुंगा फूल 'सुलाम' पनि सिउरी पठाएका छौं, त्यस्तै मीठो भेटवार्ता, लेख, संगीत, कविता, समाचार जस्ता खुराकहरू पस्केका छौं । कृपया पाठकहरूसंग यत्ति नै अनुरोध छ -हामीलाई गाली गर्नुहोस सहन्छौं, श्राप गर्नुहोस त्यो पनि सहन्छौं तर प्यारो 'इसिलिम' लाई तिरस्कार गरेको सहन्नौं । किनकी वर्तमानमा यो कसैको पेवा नभएर लगभग २० हजार दुमी किरात राईहरूको साझा सम्पत्ति र आवाज हो । यो सानो छ तर बिशाल छात्ति लिएर दुमीहरूको भाषा, धर्म, संस्कृति, इतिहास, बंशावली, पुरातत्वको संरक्षण, संबर्धन र अभिलेखिकरण गर्ने उद्देश्यमा जुटेको छ ।

अन्तमा किरात धर्म संस्कृति हाम्रो प्रमुख आस्था भएपनि धार्मिक सहिष्णुता हाम्रो साझा भावना हुनु पर्दछ भन्ने कुरालाई जोड दिदै इसिलिमका पाठकहरूको सुझाव सल्लाहलाई स्वागत गर्दै पुनः अर्को अंकमा नयाँ स्तम्भहरू लिएर आउने बाचा गर्दछौं । अहिलेलाई यत्ति । मुचि ॥।

*- दुमी किरात राई फन्सिकिम*

# मौलिक किरात धर्म, संस्कृतिमा आएका केही विचलनहरू : एक चर्चा

- चुङ्को ओइसी

१ पृष्ठभूमि :

धर्म निरपेक्ष राज्य, समतामूलक समाज, धार्मिक सहिष्णुता र लोकतन्त्रप्रति विश्वास राख्ने व्यक्ति तथा संस्थाहरूले अर्काको आस्था, विचार र कर्मप्रति विष ओकल्नु कदापि राम्रो होइन । एक अर्कामाथिको हस्तक्षेप त्यो कसैको लागि सह्य कुरा हुँदैन । तर नेपाली समाजमा यस्तै भैरहेको पाइन्छ । गरिबी, अशिक्षा र अज्ञानताको फाइदा उठाएर सनातन मौलिक किरात धर्म, परम्परा तथा संस्कृतिप्रति अनास्था जगाउने काम भैरहेको छ । नेपाल एकिकरणकालपछि राजनीतिक रुपमा बर्चश्व गुमाउन पुगेका किरातीहरूले हिन्दुहरूको दवावमा परेर आफ्नो भाषा, धर्म संस्कृति गुमाउनु पऱ्योभने पछिल्लो कालमा क्रिश्चियन र साधुधर्मबाट पनि मौलिक किरात धर्मीहरूले हस्तक्षेप सहनु पऱ्यो । वर्तमानमा साधुधर्मको आस्था करिब समाप्त भैसकेको भए तापनि क्रिश्चियन र नवसाधुधर्मीको अर्को स्वरुप आत्मानन्द, ओमनन्द, सत्यहाङमा जस्ता पन्थहरूले किरात धर्मको नाममा सनातनी मौलिक प्राकृतिक किरात धर्म संस्कृतिप्रति अनास्था फैलाउने काम प्रत्यक्ष ढंगले गरिरहेको पाइएकाले यसको बारेमा कुरो उठाउन एक सच्चा किरात वंशजको हैसियतले आवश्यक ठानिएकाले यो लेख अगाडि सारिएको हो ।

२. उद्देश्य :

हिजो संगै हातेमालो गरेर साकेला नाँचेको, हारलागेर पितृपूजाको पसाद खाएको, दाज्युभाई दिदी बहिनीहरू आज कोही क्रिश्चियन कोही आत्मनन्द, कोही ओमनन्द, कोही सत्यहाङ्मा आदि इत्यादि भएर आफ्नै पितृधर्म र पुर्खाहरूलाई अपमानित गर्दै हिडेको, जताततै खाइलागदा सेता चर्च भवनहरू धमाधम बन्दै गएको, उता खर्च नपाएर गुम्वा स्तुप, साकेला, इङखुली, भूमेथानहरू ढल्दै गएको, विद्यालय स्थापना हुन नसकेर बालबालिका शिक्षाबाट टाढा रहेको, भएको विद्यालय भवन जीर्ण रहेको, तोमा खेमाका डाँडाहरू अतिक्रमित भएको, किरात पोखरीहरू असुरक्षित बन्दै गएको देख्दा काम कुरा एकातिर कुमलो बोकी ठिमीतिर भनेजस्तो भइरहेको देखिन्छ । यसै हो भने भोली लिम्बुवान, खम्बुवान, किरातराज्य इत्यादि पाइसक्दा आफ्नो भाषा, धर्म, संस्कृति पनि गुमाइसकेका हुन्छौं । त्यत्तिखेर राज्य पाएको खुसी भन्दा आफ्नो स्वपहिचान गुमाएकोमा बेखुसी हुनु पर्ने दिनहरू आउँदैछ । यसै सन्दर्भमा कुन कुराहरूले मौलिक किरात धर्म, संस्कृतिहरूलाई विचलनमा ल्याएको छ ? यसका कारणहरू के के हनु ? विचलन हुन नदिनको लागि के के उपायहरू गरिनु पर्दछ ? आफ्नै धर्म, संस्कारलाई वैज्ञानिक ढंगले बुझ्न नसक्दा के कस्ता विचलनहरू आउँदैछन् भन्ने विषयलाई मध्यजनर राखेर यो लेख प्रस्तुत गरिएको छ । यो पंक्तीकारको मात्र समस्या नभएर मौलिक किरात धर्म, सस्कृति अवलम्बन गर्ने सिंगो राष्ट्रकै समस्या हो । यसबाट कसैलाई तलमाथि पार्न खोजेको पटक्कै होइन केवल विश्लेषणको विषय मात्र हो । धार्मिक सहिष्णुता, सुन्दर नेपाल निर्माणको लागि अपरिहार्य हुँदा हुँदै पनि केही अपवाहहरुलाई चिर्नुपर्ने भएकोले छलफलको विषय बनाइएको साथै कलमी धार्मिक सहिष्णुताबाट पृथक छैन भन्ने विशेष अनुरोध छ ।

**३. लेखनको सीमा र पद्धति :**

यो लेखले विशेषत किरात राईहरूको समाजमा देखिएका किरात धर्म, परम्परा, संस्कार, संस्कृतिसम्बन्धी आस्थामा ल्याउन खोजिएका विचलनलाई पस्कँदै आफ्नै मौलिक धर्म, संस्कृतिका मूल विशेषता र किंबदन्तीहरू के के रहेका छन भन्नेवारेमा प्रष्टयाउन प्रयन्त गरेको छ । यसमा प्रस्तुत भएका विचारहरूलाई अगाडि बढाउन आवश्यकीय प्रमाणिक स्रोतहरू संकलन गर्दा प्राथमिक आँकडाको रुपमा गाउँघरमा विशेषत किरात राईहरूको समाजमा भैरहेका किरात धार्मिक आस्थामा आएको विचलन र गतिविधिहरूलाई केन्द्रित गरिएकोछ । अन्य द्वितीयक आँकडाको रुपमा पुस्तक, लेख, रचना, संस्थाको अवधारणा, प्रकाशित अन्तर्वार्ता आदिको सहयोग लिइएको छ ।

**४. मौलिक किरात धर्म संस्कृति र किंबदन्तिहरूः एक प्रागऐतिहासिक स्रोत :**

मौलिक किरात धर्म, संस्कृतिका इतिहास बारे चर्चा गर्दा सृष्टिसम्बन्धी विविध किंबदन्तीहरूको आश्रय लिनुपर्ने हुन्छ । मुदुमको आधार अलिखित भएकाले नौलाख किरातीहरूको समाजमा विविध किंबदन्तीहरू रहेका छन । त्यसमध्ये केवल चारवटा सन्दर्भलाई मात्र औंल्याउन खोजिएको छ । यसलाई किरात धर्म संस्कृतिको स्रोत इतिहास मान्न सकिन्छ ।

**क. माङ, रुमुहाङको किंबदन्ती :**

किरातहरूले आदिम सृष्टिकालमा माङ, रुमुहाङ, नायम वा पारुहाङ, सुम्निमाकालदेखि पापापातेसु मामादिलीदुम तोयामा खियामा रथकले /हेच्चाकुप्पा/ खकचिलिपु हुदै आजसम्म मानीआएको मुदुममा आधारित लोक व्यवहार, चालचलन, रीतिथीतिलाई नै किरात धर्म संस्कार तथा संस्कृति भनिन्छ । सर्वशक्तिमान माङ्को इच्छाले जल, थल, पृथ्वी आकाश, तारामण्डलको उत्पत्ति भएपछि पृथ्वीलाई शुन्दर बनाउन वनस्पतिहरूको उत्पत्ति भयो । वनस्पतिहरूको फलबाट पन्छि,

बोक्राबाट धमिरा, कमिला, किरा फट्याङ्ग्राहरूको उत्पत्ति भयो । माङ्ले पुन: सूर्यशक्तिको प्रयोग गरेर रुमुहाङ्को सृष्टि गरे । पुन माङ्ले हावा, पानी र सूर्य प्रकाशको सहायताले नायमको सृष्टि गरे । सृष्टिको क्रममा पुन रुमुहाङ र नायमको संयुक्त शक्तिले सुम्निमा र पारुहाङ्को सृष्टिगरे । उनीहरूबाट पुन विवेकशील मानवको जन्म भयो । ती नै मानवको विवेकबाट अनेको सृष्टिहरू भई त्यहाँ विविध रीतिथीति, संस्कार, चालचलन र सभ्यताको रुपमा फूल्न फल्न थालेपछि संसारमा यस्ता धेरै धर्म, संस्कार र संस्कृतिहरूको जन्मभयो । यसैक्रममा किरात धर्म, संस्कार संस्कृतिको स्वरुप आज किरात राईहरूको जीवनपद्धति र दर्शनको रुपमा स्थापित भएर आएको छ । (किराया)[1]

**ख. नायम-रुवावुको किबदन्ती :**

सृष्टिको उषाकालमा पारु (पता)/पारुहाङको स्वरुप आकाश, वायु, बादल र माताको स्वरुप रिवेम (माता) वा पृथ्वी आदि आ-आफ्नो अस्तित्वमा रहेका थिए । संयोगले पारू र रिवेम एक आपसमा मिलन भई नायमको जन्म भयो । नायम र बृहस्पतिको संयुक्त शक्तिले कुकुरदाइनी, गोपेबाँस, तमार्के, बेत, भर्ला, बाघ, भालु, बानर र अन्तिममा नर धनुकाँडसंगै जन्म्यो । उपरोक्त प्राणीहरूको जन्म पश्चात पनि संसारमा कैयौं जीवहरूको उपजन्महरू भए । त्यसको कुनै लेखाजोखा छैन । तर नायम नै प्रथम स्रष्टा थिइन जसले संसारका अनेकौं प्राणीहरूको महामाता बन्ने सौभाग्या प्राप्त गरिन । यसरी हेर्दा विश्वमा प्रथम राज्यसत्ता मातावाट प्रारम्भ भएको हो भन्ने कुरा किरातहरूको पौराणिक किंवदन्तिहरूले पनि सिद्ध गर्दछ । (राई )[2]

**ग. स्यामनिमा :**

सृष्टिको उषाकालमा पृथ्वीमा चारैतिर जलैजल थियो । त्यस जलको गति पैदाहुँदा कुनै एक सतहमा बाक्लो फिञ्ज उठ्यो । त्यहाँ हावाको कारणले धुलोका कणहरू जम्मा हुनथाल्यो । त्यसमाथि कुनै अज्ञात उड्ने किराले फुल पार्‍यो । केही समयपछि त्यहाँ च्याउ पलायो । च्याउ बुढोभयो र कुहेर मर्‍यो । पुन : त्यहाँ स्यामनिमा नामका अर्धमानवरुपी जीवको जन्म भयो । तीनको गर्भबाट नाइमाको जन्म भयो । उनै नाइमाको विवाह पारुहाङ्संग भई बाध, मानिस (हँछा), भालु र कुकुर जन्म्यो । हँछाको विवाह नागकन्याकी छोरी सिक्रिमासंग भयो । ती दुई दम्पत्तिबाट साल्पा (छोरा) र रिब्रीमा छोरीको जन्म भयो । यी जवान भए र एक अर्काप्रति आकर्षित भए । तर चेली र माइतीको विवाह नहुने भएकाले जुनी बदलिएपछि विवाह गर्ने संझौता गरे । त्यसैले साल्पा लेक गयो र भालुको स्वरुप भई डुलफिर गर्न लाग्यो । चेली बेँसीझरी बालीनाली लगाउन थालिन । एक दिन साल्पा बेँसीमा बालीखान झरेको समयमा रिब्रीमाले पासो थापेर भालुलाई मारिन र मुदुम शक्तिले उनलाई मनुष्यमा अवतरण गराइन । त्यसपछि उनीहरूको विवाह भयो । त्यसपछि जन्मेको सन्तानमा मुकाम्बु जेठाबाट जन्मेको सन्तान भोटे, तामाङ, गुरुङ, हर्कबुङ माइलाबाट राई, लिम्बु र सुनुवार र कान्छा रिब्लछावाट जन्मेको सन्तान थारु, दनुवार र धिमाल भए । (पुर्खा दलबहादुर चामलिङ राईको भनाई )[3]

**घ. तोयमा खियामा हेच्चाकुप्पा/खकचिलिपु/रछकले :**

आज किरात राईहरूले जुन धर्म र संस्कृतिको अभ्यास गरिरहेका छन्‌ वास्तवमा त्यो पापापातेसुङ, मामादिलीदुमको छोरा हेच्चाकुप्पा र छोरी दुई तोयामा र खियामाबाट प्राग-इतिहासकालमा नै सृष्टि र विकासगरी ल्याएको प्राग ऐतिहासिक मिथकहरू पाइन्छ । यो भूमि माझकिरातको खोटाङ हलेसी, मलथुम्का डाँडा (तोमा खेमा डाँडा) को किरात कथाकहानीहरूले पनि सिद्ध गर्दछ । किरातहरूलाई चरा, माछा मारेर खान सिकाउने, कृषि, पशुपालन, धर्म संस्कृतिजन्य पूजाआजा, नाचगान, रिसिय, वैवाहिक विधिगत कर्मको ज्ञान गराउने शिखर प्राग-ऐतिहासिक व्यक्तित्वको रुपमा खकचिलिपु र नागेलुमले कपासबाट कपडा बुन्ने प्रविधिको शीप विकास गरी औद्योगिक विकासको आयाम ल्याउने तोमा खेमा सभ्यताको अर्को शिखर दुई किरात महिलाको नाम किरात सभ्यता भित्र गौरबकासाथ लिइन्छ । (हेर्नुहोस सत्म राई, पृपृ १६-२६) [4]

**५. मुदुम :**

'मुदुम' किरात धर्म संस्कृतिको अलिखित नीति नियमहरूको संग्रह हो । यसको प्रचलन नायमकै कालबाट हुँदै आएको हो । सुम्निमा अन्जानमा गर्भवती भई शरिरमा एक्कासी नयाँ परिवर्तन आएकाले के कसो भनी पत्ता लगाउन नायमले साल्पाको सिलीचोङ् शिखरतिर कोही जान्ने सुन्ने छन कि भनी खोजी गर्दा एक नक्षोचराले अव संसारमा धेरै जीवहरूको उत्पत्ति हुनेछ भनी मुदुम गाइरहेको सुनेकी थिइन भन्ने किंबदन्ती रहेको पाइन्छ । "हिन्दुको वेद, इसाइको

1. किरात राई यायोक्खाले डकुमेण्टेशन गरेको स्रोतको आधारमा ।
2. चतुरभक्त राई "दुमी किरात राईहरूको मिथकमा केही जीव तथा वनस्पतिहरूको उत्पत्ति" **इसिलिम,** वर्ष ३, अंक ४,(दुमी किरात राई फन्सिकिम, २०५८), पृपृ १-४
3. बृद्ध दलबहादुर चामलिङ राईसंग २०४२ सालमा खोटाङ् दिक्तेल बजारमा छलफल गरेको आधारमा ।
4. चतुरभक्त राई , **किरात सभ्यताका शिखर व्यक्तित्हरू तोमा खेमा र खकचिलिपु : एक प्राग-ऐतिहासिक अध्ययन,** (दुमी किरात राई फन्सिकिम, २०५७), पृ.पृ १६-२६

बाइबल र मुसलमानको कुरान जस्तै किरात धर्ममा मुन्दुम, दर्शन र संस्कृतिको स्रोत हो। बुद्धिको भण्डार र प्रेरणाको स्रोत हो। हिन्दु र बौद्ध धर्म भन्दा पनि यो जेष्ठ छ। गौतम बुद्धभन्दा अगाडिको किरात सम्राट यलम्बर किरात धर्मका अनुयायी थिए।" (जे.पी राई पृ-३)[5]

उपरोक्त विषयवस्तुहरूलाई मनन गर्दा किरात धर्म, संस्कृतिका अत्यन्त प्रमाणिक र वस्तुगत आधारहरू छन्। किरात धर्म, संस्कृतिसँगै सभ्यता मिश्रित भएर अविरल बगेको एकताको एउटा अटल आस्था र विश्वास भएकाले कसैले पनि यसलाई खोट लगाउनु घृणा गर्नु, विष ओकल्नु, नानाथरी गालीगलौज गर्दै आफ्नो इतिहासलाई विर्सनु भनेको आफ्नै टाउकामा आफैले बञ्चरो हान्नु हो। आफ्नो आङ्को छारो आफै उडाउनु कत्तिको मनासिब हुन्छ त्यो किरातीहरूले बुझ्न आवश्यक छ।

**६. मौलिक किरात धर्मका बाधकहरू :**

१. जुन गोरुको सिं छैन उसैको नाम तिखे भनेजस्तो चाहे आत्मानन्दको नाममा होस चाहे ओमनन्दको नाममा, भनिएको छ- किरात धर्म। षडयन्त्रकारीहरूको बहकाउमा लागेर आफूलाई भगवानको औतार गुरु बनाएर किराती समाजलाई भ्रममा पारेकाछन्। उनिहरूको मुख्य गुरु फाल्गुनन्द, जोसमनी सन्त ज्ञानदिलदास र भित्री रुपमा प्रपन्नाचार्यहरू हुन्। धमिलो पानीमा माछा मार्न सजिलो हुने भएकाले अचेत किरात समाजमा तिनले कतै जाल हान्छन्, कतै ढडिया थाप्छन, कतै पासो र कतै घरुवा बान्छन- स्वर्गीक मार्गको नाममा, कतै प्रेमवादको र कतै गड एन्जिलको नाममा। यी "तथाकथित धर्म बहकाउ समेतले हाम्रो संस्कृति अतिक्रमिक अवस्थामा छ भने सांस्कृतिक सङ्क्रमणको घडीमा छ हाम्रो बिरासत। (मुकारुङ राई)"[6]

२. यस्तै अर्को थरी- हिजो मात्र साधुको नाममा कानफुक्वा भन्थे। फाल्गुनन्द जोसमनी सन्त दिलदासहरू द्वारा दिक्षित साधुधर्म। उनिहरू भन्देहिड्थे कान-कानमा किरातीहरूलाई -**"तिमीले तिम्रो घरको पित्रीचुल्हा उखेलेर फालीदेउ, घरको छिमोदिमोलाई तारेभिर ओरालो लडाईदेउ, अनी मान निराकार हामीहरूलाई र गाउ भजन भक्तिधाराको।"** हलो, कोदालो, कलम र बन्दुक बोक्ने हाम्रा पौरखी, शिल्पी र योद्धा बन्ने हातहरूलाई एकतारे र कमण्डलु बोक्न लगाए। शिकारी अवस्थादेखि खाँदै आएको मासु र आदिम पारुहाङ् नायम, तोमा, खेमा, खक्चिलिपु र नागेलुमहरूले मानवहितको लागि आविष्कार गरेको जाँडरक्सीलाई छोड्न लगाए र भने -**मात्र पानी खाउ, बेसारे रङ्गको भात खाउ र त्यस्तै रङ्गको लुगा पनि लगाउ, मासु, जाक ड, रक्सीले पितृ पूज्नेहरूलाई सकेसक्दो घृणा गर, दारीजुंगा पाल, निधारमा तीनचारधर्के टिका लगाउ, एकतारे, कमण्डलु, चिम्टा बोकेर भगवानको नाममा सिदा माग, पारुहाङ् र नायम, साकेला र सिमे भूमेको गीत गाउनेलाई मुख थुनीदेउ र पति त पावन सिताराम अलाप्न लगाउ। त्यही हो, तिम्रो सवभन्दा ठूलो धर्म र कर्म।** सबै भगवानहरू समान हुन्छन र सबैको एउटा न एउटा असल गुण मानवहितका लागि हुन्छन भन्ने कुरालाई आत्मसात नगरी अझ भन्ने हो भने आफ्नै किरात वंशजबाट किरात धर्म खराब हो भनेर विष ओकल्नु कहाँसम्मको बुद्धिमानी हो एक किराती वंशजको हैसियतले सोचिएको देखिएन। तर जे होस साँचो डग्दैन झुटो टिक्दैन भने जस्तो साधु कानफुक्वा धर्म लगभग दुइदशक पनि टिक्न सकेन र अहिले समाप्त भैसकेको छ।

३. त्यस्तै अर्को एउटा इजरायलतिर जन्मेर ओल्डटेस्टामेण्टबाट रुपान्तरण हुँदै न्युटेस्टामेण्टमा आईपुगेपछि विशेष पश्चिमी पूँजीवादी राष्ट्रहरू अमेरिका, बेलायत आदिद्वारा मलजल गरिएको अजङ्गको पहलमानी धर्म छ त्यसलाई क्रिष्चियन धर्म भन्छन। विश्वमा दक्षिण अफ्रिकी जनताको आत्मनिर्णयको अधिकारलाई स्वाहापार्नेदेखि लिएर विश्वका आदिवासी, जनजाति, पिडित, दलित जनता मात्र होइन देशैलाई आफ्नो नियन्त्रणमा राखी सुई गर्दा हुई बनाउनसक्ने यिनको तागत छ। गाउँमा धिरीमा पानी खानेदेखि लिएर शहरमा उपल्लो राजनीतिक संभ्रान्त तहमा पिटर तुलसी गिरीसम्म यसका शिकार भएकाछन्। किरात इतिहास र मुदुम लेख्ने इमानसिंह चेमजोङ समेत जीवनको उत्तरार्धतिर क्रिश्चियनको जालमा सलक्कै परे र मौलिक किरात धर्मीहरूबाट ठूलो आलोचित हुनुपर्‍यो। यो धर्मको आकर्षण शैली पनि अचम्म लोभलाग्दो छ। हुत्त तानेर लुत्त स्वर्ग पठाइदिने, राताराते मान्छेलाई असल बनाईदिने, यसो हाईहुँई गर्नेलाई पास्टर बनाई जागिर दिने ठेक्का लिएर आएको देखिन्छ। अनि त लाग्दोछन यसकै खेतीपातीमा। क्रिष्चियन बनाउने धुनमा तायामी, मायामी र ढोलेहरूलाई फकाई-फुलाई चुल्हा उखेल्न लगाउँछन्। आफू त गैरपुर्खाको बाटो लिए - लिए अरु आफ्नै पुर्खाको बाटो लिनेलाई पनि नानाभाँतीका लोभ देखाएर पासोमा पार्ने काम भइरहेको जसरी भोकाएको माछा बल्छीमा पर्छ।

5. जे.पि राई, "किरात धर्म र मुन्दुम" **निप्सुङ्**, वर्ष-५। -११, पूर्णाङ्क-२०, जेठ, (बाँसबारी : किराया, केन्द्रीय कार्य समिति, २०६१),पृ-३
6. राजन मुकारुङ, **किरात संस्कार**, (मकरबहादुर बान्तवा र श्रीमती विष्णुदेवी बान्तवा, २०६१),पृ- भूमिका

अफगानिस्तान र इराकलाई ध्वस्त बनाउनेदेखि नेपालको आन्तरिक मामिलामा अमेरिकाको घुमाउरो हस्तक्षेप छ । भारतलाई लगभग साढे तीनसय वर्ष औपनिबेशिक दासत्वको साङ्लोमा बाँध्दै आसाम, मनिपुर र नागालैण्डका आदिवासी जनजातिहरूको भाषा, धर्म संस्कार संस्कृतिलाई स्वाहा पार्ने काम तीनै देशहरूबाट आएका क्रिश्चियन मिशनहरूले गरेका हुन । यत्ति मात्र कहाँ हो र भर्खरै मात्र त्यहाँ एक क्रिश्चियन पोपले आमसभामा यो घोषणा गरिसकेकी - **"आगामी शताब्दिको सूरुमै नेपाल हिन्दुराज्यबाट इसाई राज्यमा परिणत हुनबाट कसैले जोगाउन सक्ने छैन ।"** **(प्रश्रित)**[7] नेपाल एक्काइसौ शताब्दिको पहिलो पौने शताब्दिमा नै क्रिष्चियन राष्ट हुनेछ भन्ने सर्वसत्तावादी उक्त तिखो उत्घोषले सनातन धर्मी सच्चा नेपालीलाई  कस्तो मानसिक चोट पर्ला । के यसले संसारका सवैधर्म समान छन भन्ने उदार भावना देखाउँछ ? बाइबलको महाज्ञान र शान्तिको संचार गर्ने पोपले नै यस्ता विष ओकल्छन् भने नेपाली क्रिश्चियनहरूले के गरेनन् के भनेनन् होला अचेत गाउँ घरमा । आफ्ना पुर्खाजत्ति सबै सैतान र बाइबलका पात्रहरू जत्ति सबै प्रभु ठान्ने क्रिश्चियनहरूले सोभ्रो नेपाली समाजमा जसोजसो बराजु उसैउसै नाती गर्दैछन । क्रिश्चियनहरूको सर्वसत्तावादी उत्ताउलो प्रबृत्तिलाई औल्याउँदै मोहनदास करमचन्द गान्धीले भनेका थिए -**"म खिष्टलाई प्रेम गर्दछु तर म मसीही भनाउँदाहरूलाई तुच्छ ठान्दछु किनभने तिनीहरू खिष्ट सरहको जीवन यापन गर्दैनन् ।"** **(सवैभन्दा महान पुरुष)** ।[8] अहिले मात्र होइन हिजैदेखि नेपाल लगायत संसारभर क्रिश्चियनहरूले देखाउने चरित्र यस्तै नै देखिएको छ ।

यसले किरात धर्मलाई मात्र होइन सिङ्गो मुलुकलाई क्रिश्चयन बनाउने स्थिति छ । त्यसमा पहिलो शिकार चाहि किरात धर्म नै हुनेछ । अनी हुनेछ हिन्दु र वौद्ध । आखिर बाछो खाने बाघले पाँडोलाई बाँकी राख्दैन । तर पनि पहिलो शिकार त किरातीहरूमा राईहरू नै हुनेछन् भन्ने कुरा साम्पाङ राईहरू खुरुखुरु क्रिष्चियन बन्दै गएको स्थितिबाट थाहा लाग्छ । यस्तो रोग दुमी लगायत अन्य राईहरूमा पनि सर्दो छ । सोभ्रो राईहरूको समाजमा जे गर्दा पनि हुने भएको छ । क्षत्री बाहुनहरू त फाट्टफुट्ट मात्र छन् । उनीहरू किरातीहरूभन्दा बाठा नै हुन्छन् । मानौ मरेको तागाधारीले जिउँदो मतवालीलाई पनि ठग्न सक्छ । यो कुरोमा कुरो भनेजस्तो मात्र होइन वास्तविक हो जसरी विगत २३८ वर्षदेखि राजनीतिक, सामाजिक, आर्थिक, सास्कृतिक हरेक क्षेत्रहरूमा किराती आदिवासी जनजातिहरूलाई नै ठग्दै आएका छन । आफू मैदानमा रजगज गरी बसेर मतवालीलाई छेउकाटी सुर्कोमा राखेका छन । मतवाली त्यसै पछि परेका होइन् । पछि पारिएको हो । हाम्रो मौलिक किरात धर्म, संस्कृतिमा आएको समस्याहरू यी नै हुन ।

**७. नेपालमा इसाइहरूको प्रबेश, पादरीको निष्काशन र हिन्दुशासनको दबाब :**

नेपालमा राजा प्रतापमल्लको कालबाटै क्रिश्चियनहरू एक हातमा बाइबल र अर्को हातमा छुरा लिएर प्रवेश गरेका थिए । पहिले-पहिले सेवा गर्ने नाममा मिसन त्यसपछि व्यापार वाणिज्यरुपी साम्राज्यवादी शैलीमा रुपान्तरण हँदै वर्तमान चरणमा एन जि ओ, आइ एन जी ओ को रुपमा अर्थ प्रवाह गर्दै शहरदेखि गाउँको कुनासम्म पसेका छन भने अन्य राष्ट्रतिर त सोभ्कै मिसाएल तेर्छ्याएर परेड खेल्दै पसेका छन ।

वि सं १८२६ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका हात पारेपछि अंग्रेजले हिन्दुस्तानलाई स्वाहा पारेको स्थितिलाई हेरी काठमाडौंबाट केपुचिन जस्ता पादरीहरूलाई एक-एक गरेर लखेट्ने काम गरे । **(भण्डारी पृ-२५)**[9] हिन्दुस्तानलाई समाप्त पार्दै नेपाललाई खाने उसको दाउ तत्काल सफल हुन सकेन । पृथ्वीनारायण शाहले आफ्नो शासन शक्तिको भरपुर प्रयोग पादरीहरूमाथि गरेकै हुन । तर भैदियो अजिङगर धपाएर गोमनको विष फैलाउने काम । गर्नुपर्थ्यो मौलिक किरात धर्म, वौद्ध, इस्लाम धर्मको रक्षा तर सबैलाई आफ्नो अधीनमा राखेर हिन्दुत्वलाई लादियो । गाई र गोरुको मासु खाने किरातीहरूलाई तिर्नै नसक्ने कर लगाउन थालियो । **(टंकबहादुर राई पृष्ठ ९५-९७ )**[10] त्यस्तो चर्को कर तिर्न नसकेर कतिले गाई गोरुको मासु खान छाडे किरातीहरूले र धार्मिक संस्कारमा मात्र संकेत (मोदाम) को रुपमा प्रयोग गर्न थाले । अन्य धर्मप्रति हिन्दराजाको यो ठूलो अन्याय थियो । आखिर एउटा वनको बाघको डर हट्यो तर घरैमा फेरी अर्को बाघको शासन शुरु भयो । त्यसपछि किरात आदिवासी जनजातिहरूको सबैखाले अधिकारहरूलाई एक-एक गरेर खानथाल्यो । एक राजा एक देश एक भाषा एक भेषको नीति लादिएकाले आदिवासी, जनजातिहरूले आफ्नो मौलिकतालाई गुमाउन वाध्य हुन पऱ्यो ।

7. मोदनाथ प्रशित, " धर्म निरपेक्षतावारे चिन्ता र चिन्तन " **कान्तिपुर** जेठ १९, २०६४ शनिवार
8 **आजसम्म बाँचेकाहरूमध्ये सवैभन्दा महान पुरुष**, (इण्डिया, वाच बाइबल एण्ड ट्याक्ट सोसाइटी अफ इण्डिया, १९९२), पृ- भूमिका
9.ढुण्डिराज भण्डारी, **नेपालको आलोचनात्मक इतिहास**, (वाराणसी : बाबु साप्र शर्मा, २०२७), पृ-२५
10 टंकबहादुर राई, **किरात भूमि र किरात जनजीवन**, (उत्तर कुमार राई, २०५८), पृ.पृ-९५-९७

किरात धर्मलाई नामेट पार्न पञ्चायतकालमा राज्यस्तरबाटै अनेक दवाव गरियो -हरेक जिल्ला जिल्लामा । एक किरात धर्मीले नागरिकताको प्रमाणपत्रमा अनिवार्य हिन्दुधर्म लेख्नुपर्ने कानूनी वाध्यता लादियो । हिन्दु नलेखे नागरिकताको प्रमाणपत्र नै नपाइने अड्चन ल्याइयो । बौद्धधर्म मान्ने गुरुङ, तामाङ र शेर्पाहरूले समेत यी समस्याहरू भोग्नुपऱ्यो । पञ्चायतकालमा जातीय संगठनको कुरा गर्दा अराष्ट्रिय तत्व भनी जेलनेल हाल्ने यी नै शाह वंशीय हिन्दू शासकहरु हुन् ।

दवाब पनि हद्से हद । किरातीहरूले ऐतिहासिक कालमा नै धुनर्विद्याका पारखी किरात एकालव्यले हिन्दुधारी द्रोणचार्यको जघन्य जाल र षडयन्त्रमा परी धनु तान्ने बुढीऔला नै गुमाउनु पऱ्यो भने महाभारतको लडाई हेर्न कृष्णलाई टाउकै चढाउनु पऱ्यो र पुन: पछिल्लो कालमा आएर आफ्नो सम्पूर्ण राज्य, भाषा, धर्म, संस्कृतिलाई नै हिन्दुहरूको सर्वसत्तावादी जेलमा थन्क्याउनु पऱ्यो । यो थियो किरातीहरूप्रति हिन्दुहरूको दुस्चक्र वाण । अहिले पनि स्वामी, नन्द, हाङ्मा इत्यादि नाम जोडेका गुरुहरू द्रोणचार्यकोरुपमा नया एकलब्यहरूलाई जालमा पार्न षडयन्त्र गर्देछन् । त्यसैले होसियार हुन अत्यन्तै आवश्यक भएको छ ।

यसरी किरात धर्म, संस्कृतिउपर चारैतिरबाट भैरहेको अतिक्रमणहरूलाई नियाल्दा यो धार्मिक मात्र नभएर राजनीतिक समस्याको रुपमा रुपान्तरित भैसकेको चुनौतिलाई किरातीहरूले बुझ्नु पर्ने बेला आएको छ ।

**८. क्रिश्चियानिटीको आकर्षण गर्ने शैली र वास्तविकता**

१.यशुधर्मीहरूले किराती राईहरूलाई क्रिश्चियन बनाउने सर्वोत्तम उपाय पल्टनीया परिवेशलाई उपयोग गर्न अत्यन्त सफल भएका छन । क्रिश्चियनमा लाग्यो भने जे चितायो सोही पुग्छ भन्ने पाठ सिकाएपछि सोझो पल्टनीयाहरू त्यसमा फसेकाछन । राईहरू पल्टनमा गोर्खामेजरदेखि सिपाहीसम्म क्रिश्चियन भएर आएका छन । एउटा हाकिम क्रिश्चियन बनेपछि अरुलाई पनि बाटो खुल्ने नै भयो । तर यसो गर्दा मैले मेरो पुर्खाहरूप्रति घोर अन्याय गरेको हुन्छु भन्ने कुरा बुझ्न सकेको पाइएन । अनी पासोमा परिसकेपछि उम्कने ठाउँ पनि हुँदेन । किनकी त्यहाँ भनिएको हुन्छ - जसले बाइबललाई त्याग्छ उ आगोको भट्टिमा पर्छ । आगोको भट्टिमा परिएला भन्ने डरले बाइबल नै ठिकछ भन्दै स्तुतीगान गर्न बाध्य हुनुपर्छ ।

२. क्रिश्चियनको अर्को लोभ्याउने शैली भनेको पास्टर लाई तलब र अनुयायीलाई सहयोग उपलब्ध गराउनु हो । हेर्दा राम्रो छ स्किम । एक प्रकारले रोजगार पनि भयो साह्रो गारो पर्दा सहयोग पनि भयो । मानिसलाई चाहिएको पनि यही हो । स्वदेशमा ढाकर बोक्न लाज मान्ने तर विदेशमा जुठो पखाल्न तयार हुने नेपालीको लागि यो भन्दा राम्रो अवसर अरु के हुन सक्छ ।

तर यी कुराहरूबारे इमानदारीपूर्वक सोच्न आवश्यक छ । स्वार्थसिद्धीको सजिलो बाटो हिडेर आफ्नो पुर्ख्यौली बिरासतलाई विर्सनु झन् ठूलो अधर्म हुनेछ । आफ्नो पुर्खालाई नोकर बनाएर अर्काको पुर्खालाई मालिक बनाउने निकृष्ट काम अरु के हुन सक्छ । खीष्ट संसारका महान पुरुष हुन जसले मुक्तिको लागि आफूलाई क्रुसमा चढाए । तर एक विद्वान्ले यसलाई असत्य भन्दै यी सुलिमा चढेका होइन अपितु वहाना पारेर भारत पठाईएको कुरा उठाएका छन् । (**प्रपन्नाचार्य**)[11] यसमा भन्नु केही छैन चाहे जसरी यशुको समाप्त होस । तर मुख्य कुरा के हो भने हाम्रा किरातीहरूको आफ्नै इतिहासलाई साँक्षी राख्ने हो भने बाइवलको मत्तीको सुसमाचारमा लेखिएका अब्राहमदेखि खिष्टसम्मका एक्चालीस पुस्ते पुर्खाहरू (**पवित्र बाइबल पृ.११७३**)[12] मात्र होइन आदम, दानियल, लुकास, रुबेन, मोसा भन्नेहरू कोही पनि हाम्रा पुर्खा होइनन् । हाम्रा पुर्खा त पारुहाङ, नायम, साल्पा, रिब्रीमा, तोमा खेमा, खकचिलिपु, एकलब्य, यलम्बर, खम्बुहाङ, बुद्ध, हाकुमबुङ, छङ्छहाङ्, आदि हुन । तलब पाइने लोभ र सहयोग पाइने आशामा आफ्नो पुर्खालाई शैतान र अर्काको पुर्खालाई भगवान भन्नु कत्तिको जायज छ क्रिश्चियन बन्ने महानुभावहरूले छात्तिमा हात राखेर भन्नुपऱ्यो । यस्तै दासत्व मनोबृत्तिको कारणले नेपालीहरूले ससारमा आफ्नो पहिचान गुमाइसकेका छन ।

३. क्रिश्चियनको अर्को आकर्षणशैली भनेको जातभातको अर्थ नराख्नु भन्ने हो । शताब्दियौंदेखि हिन्दु बर्णाश्रमको जालोमा दलित भएर बसेको जातिको लागि यो एउटा उचित कदम हो भन्नै पर्छ । त्यसैले बाहुन क्षत्रीको समानान्तर हुने भइयो, बिष्टको घरभित्र पस्न पाइने भइयो भनेर कतिपय दलितहरूले बाइबलमाथि विश्वास गरेका छन भन्दा अत्युक्ति नहोला ।

यसबारे पनि प्रष्ट हुनैपर्छ। वास्तवमा ठूलो र सानोजात, पानी चल्ने नचल्ने जातको प्रचलन मध्ययुगिन हिन्दु वर्णव्यस्थाबाट आएको समाजघाती कुसंस्कारको परिणाम हो। कामगर्नेलाई हेप्ने र ठग्नेलाई आदर गर्ने हिन्दु वर्णव्यवस्थाको प्रचलनले ढुङ्गामुढा, फलाम, भारी बोक्ने, कृषि आदि गर्नेलाई तल्लो वर्गमा राखेर सामाजिक व्यवस्थामा ठूलो घात गरेका छन । कुइरेहरू सानो जातका हुन भनेर वर्गीकरण गर्ने पनि

11 . महेन्द्र कुल श्रेष्ठ, क्या इसाका धर्म पहिले भारतमे चला ? ( १९७८), पृ-२५, डा स्वामी प्रपन्नचार्यद्वारा, बेदमा के छ नामक पुस्तकमा पुन: उद्धृत (काठमाडौं : साझा प्रकाशन २०६०), पृ--६५

12 . पवित्र बाइबल, हङ्कङ्ग : युनाइटेढ बाइबल सोसाइटीज, प्रकाशित मिति उल्लेख नभएको, पृ-११७३

हिन्दु बाहुनहरू नै हुन । यसमा किरात राईहरूको केही दोष छैन । श्री ३ जङ्गबहादुर बेलायतको भ्रमण गरेर नेपाल फर्केपछि कुइरे जस्तो सानो जातको हातको पानी खाएर आयो भनेर जाति च्यूत गर्ने काम उनैका भाई बद्रीनरसिंह, बमबहादुर आदिले गरेको प्रमाणिक इतिहास पनि कायमै छ (**पौड्याल पृ.९७**)[13] भने लाहुरेहरू पल्टनबाट छुट्टिमा घरआउँदा भार तको गोरखपुरमा पाँचदिनसम्म पतिया गरेर पुरेतले चोखो पानीले छर्केर मात्र शुद्ध भएर घर आउन दिइन्थ्यो । (**मुगाधन राईसंगको अन्तर्वार्ता**)[14] जात दिने, खोस्ने, घटुवा गर्ने हिन्दु बाहुनहरू नै हुन ।

किरातीहरू त जातमा होइन कर्ममा विश्वास गर्ने जातिहरू हुन । त्यसैले हिन्दुले अछुत मानेको कुइरेको औकातलाई सम्मान गर्दै भन्न लागे - **"जात भने सानो मान भने ठूलो सलाम छ कुइरेलाई ।"** अझै पनि गाउँघरमा कामी, दमाई, सार्कीलाई राईहरूले त्यत्ति अपमान गरेका छैनन जत्ति बाहुन क्षत्रीले गरेकाछन् । बाहुन क्षत्रीको घरमा यी जातिहरूलाई दुध, दही दिइदैन कारण **"गाई भैंसी रुख चढ्छन"** भन्छन । माझकिरातका राईहरूले कमाएको भाला, तरवार अझै गाउँघरमा देख्न पाइन्छ । कालन्तरमा हिन्दु पुरेतहरूले यो काम कामी, नकर्मीहरूलाई दिएपछि राईहरूले यो पेशा छोडेका हुन ।

यी सबै भूमिकाहरू बाध्नुको अर्थ किराती राईहरू हिन्दुवादको चपेटामा परेर जातभातको प्रभावमा परेका हुन भन्न खोजिएको हो । यदि यसो हो भने क्रिश्चियनहरूले राईले जातभातलाई महत्व दिन्छन यता आउ हामी समानता दिन्छौ भन्नुको कुनै औचित्य छैन । राई जाति जातको हिमायती छ भन्ने अर्थमा क्रिश्चियनमा गएको हो भने यो अत्यन्त गलत हो भन्ने कुरा प्रष्ट बुझ्न जरुरी छ ।

४. गहनापात, जाँडरक्सी, चुरोट आदिको प्रयोग क्रिश्चियानिटी भित्र पर्दैन यसलाई त्यागनुपर्छ भन्ने भनाई नेपाली क्रिश्चियनहरूले गर्दै आएका छन । यसलाई कत्तिले क्रिश्चियन समाजभित्रै पनि अस्वीकार गरेका छन । यसमा राम्रा नराम्रा दुवै पक्ष समावेश छन । युरोपका क्रिश्चियन समाज सुन, चाँदिको गहनापातबाट माथि उठीसकेका छन र त्यो भन्दा महंगो हिरा र जव्हारतमा पुगेका छन । तर नेपालमा हजार पर्ने सुन, चाँदीको हार पनि नेपालीलाई लगाउन प्रभुको आज्ञा छैन भन्छन । यसलाई हेर्दा अव नेपाली क्रिश्चियनहरूले रैथाने क्रिश्चियनहरूलाई पनि बाइबलको पाठ पढाउन थालेछन भन्ने लाग्छ । कृपया नेपाली क्रिश्चियनहरूलाई यत्ति भन्न बाध्य भयौं कि अँध्यारोमा बत्ति बाल्नु राम्रो हो तर सूर्यको अगाडि प्रकाश देखाउनुको कुनै औचित्य हुँदैन ।

नारीहरूलाई शौन्दर्यता प्रदान गर्ने गहनापात वास्तवमा सभ्यताको रुप पनि हो । नेपाली समाजमा सामान्यदेखि राजा महाराजा महारानीहरूले समेत प्रयोगमा ल्याएको गहनापात शरिरको भार होइन सभ्यताको चिन्ह हो । कम्तिमा त्यस अवस्थामा प्राकृतिक स्रोतहरूलाई प्रयोगमा ल्याउन सफल भए । के यसलाई उपलब्धि नमान्ने ? माथि भनियो आखिर क्रिश्चियनहरूले पनि गहना लगाउँछन । तर किरातीहरू सस्तो हारी रेजी प्वाँलो लगाउँछन् जबकि उनीहरू हिरा जडित मूल्यवान सिक्री लगाउँछन । के त्यसो हो भने करौडौं पर्ने सिक्रि लगाउनु चाहीं बाइबलले स्वीकृत गरेको छ र सस्तो गहना लगाउनु चाहीं अस्वीकृत गरेको हो ? यसो हो भने बाइबल पनि अन्यायी रहेछ ।

नेपाली क्रिश्चियनहरूले जाँडरक्सीको पनि विरोध गर्दै आएका छन । यो पनि एउटा अनावश्यक तर्क हो भन्ने लाग्छ । क्रिश्चियन राष्ट्रहरूका राज्यस्तरीय भोजभतेरदेखि नीजिघर, होटल र बारहरूमा खुलारुपमा अनेक नामका बियर र रक्सीहरू खाने पिउने चलन रहेको छ । यहाँ किरातीहरू बटुका, कठुवा र चिण्डोहरूमा जाँडरक्सी पिउँछन तर क्रिश्चियनहरू बियर, हुस्की, ब्राण्डी सुन्दर गलासमा पिउँछन् । किरातीहरू तीनचुल्हामा बनाउँछन त्यहाँ फ्याक्ट्रीमा बनाउँछन, फरक केबल मात्राको हो गुणको होइन ।

किरातीहरूमा जाँडरक्सीको प्रयोग सास्कृतिक विधि र मूल्यसंग जोडिएकोछ । यो प्रागइतिहासकालीन कुरा हो जतिखेर नायम, तोयमा खियमाहरूले जाँड बनाउन मर्चाको आविष्कार गरे र आफ्नो वंशजलाई एउटा नौलो उपहारको रुपमा हस्तान्तरण गरे । यो त्यसकालको ठूलो उपलब्धि थियो जसको प्रचलन यसपछि सारा विश्वभरी फैलियो र संसारकै आदिवासी, जनजाति र दलितहरूले समेत यसलाई पवित्र मानी देवतालाई चढाएर खान थाले ।

अव आउँ धुम्रपानप्रति । क्रिश्चियनले धुम्रपानको विरोध गर्नु राम्रो पक्ष हो । तर समाजको अज्ञानताबाट फाइदा उठाएर "चुरोट खान छोडेर प्रभुमा विश्वास गर तिम्रो रोग निको हुन्छ " भन्ने भनाइले एक अचेत नागरिकले यत्तिमात्र जान्दछकी चुरोट छोडेको कारणले बेरामी सञ्चो भएको होइन बरु प्रभुलाई विश्वास गरेको कारणले भएको हो । यहाँ एउटा सत्य कुराको ज्ञान सञ्चार गर्ने कुरामा ठूलो खाल्डो परेको स्पष्ट देखिन्छ । सत्यकुरा सञ्चार गर्न बाइबलमात्र एक साधन

13. पि. पौड्याल, **आधुनिक नेपालको इतिहास**, (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४), पृष्ठ- ९७
14. **खोटाङ् लामाखुवासी सातसालको योद्धा मुगाधन राईसंग २०५३।८। २३ मा लिएको अन्तर्वार्ता),**

हो भन्ने नठानेर अन्य वैज्ञानिक ज्ञानको प्रचार पनि हुन सक्छन् भन्ने एक सच्चा नागरिकले बुझ्न् आवश्यक छ ।

बलीप्रथालाई पनि क्रिश्चियनहरूले ठूलो विरोध गरेका छन । एक हदमा यो उचित पनि हो । तर क्रश्चियन राष्ट्र अमेरिकाले अफगानिस्तान र इराकमाथि गरेको नर संहार बलीप्रथाभन्दा सयौगुणा खराव हो भन्ने बुझ्न आवश्यक छ । फेरी बलीप्रथा हुनैपर्छ भन्ने पनि पंतीकारको उद्देश्य चाहीं होइन । नेपालमा नव प्रधानमन्त्री वालुवाटार गृहमा प्रवेश गरेको दिन बोका काटेर शक्ति माग्ने प्रचलन रहेको छ । देवीको मन्दिरमा बैशाखे पूर्णेमा हजारौं पाठी काटिन्छन् । यसको के कति औचित्यता छ । त्यो उनिहरूले नै जानुन । तर जहासम्म मौलिक किरात धर्मको सवाल छ । बलीप्रथाको प्रारम्भ नायमकै कालमा पहिलो घर बनाउँदा धुरीखाँबो बसाउँदा खाँबो राख्न अघि नायमको बच्चा खाल्डोमा खसी खाँबोले किचि मारेकाले घरले भोग खाएको भन्ने विश्वास गरी आउँदा दिनहरूमा धुरी खाँबो बसाउँदा जन्तुको बलीदिई बास्तुपूजा गर्ने प्रचलन आरम्भ भएको किंवदन्ती पाइन्छ । अहिले पनि बच्चालाई नयाँ कोक्रोमा सुताउनु अघि कुखुरा काटेर रगत पारिन्छ । यसको अर्थ बच्चालाई अनिष्ट नहोस भन्ने हो । **(राई पृ पृ २५-२६)**[15]

संसारमा जीव विकासको इतिहासलाई द्वन्दात्मक ढंगले बुझ्न आवश्यक छ । डाइनासोरकालमा उसले आफ्नो आहारा पुरागर्न कसैलाइ पनि बाँकी राखेन । तर समयको क्रमले प्राणीहरूमध्ये मानिस सबभन्दा बुद्धिमानी साबित भयो । त्यसैले पृथ्वीका शक्तिशाली जीवहरूलाई उसले नियन्त्रणमा राख्न सफल भयो । यसै सन्दर्भमा उसले केही प्राणीहरूलाई देवताको रुपमा पूज्यो भने केहीलाई आफूभन्दा शक्तिशाली देवताको लागि बलीको रुपमा समर्पित गऱ्यो । आखिर बली नचढाउँदा पनि त्यसलाई मारेर, काटेर खाने चलन संसारभरी उस्तैछ । क्रिश्चियनहरू अधिकांश मांशाहारी रहेकाछन त्यो पनि जीव हिंसा नै हो केवल बलीमात्र होइन । क्रिश्चियनले नखाने भनेको केवल रगत मात्र हो मासु त थरीथरीका बनाएर खान्छन । यस कुरालाई हेर्दा क्रिश्चियनहरूले भनेजस्तो भोगबलीदिने जत्ति सबै पापी हुन र मासु मात्र खाने चाहीं धर्मती हुन भन्न मिल्दैन ।

संसारमा अहिंसाको व्याख्या गर्ने क्रममा चिनिया दार्शनिक कम्फुसियस, लावोत्से हुँदै महात्मा गान्धीसम्म आईपुग्दा अझ वैज्ञानिक व्याख्या गर्ने प्रयत्न गरियो । गान्धीको प्रभावले धेरैलाई अहिंसक बन्न प्रेरणा प्राप्त भयो । कसैले हिंसाको ध्ययले एक झापट गालामा हान्यो भने अर्को गाला थापेर त्यो हिंसकको मनलाई परिवर्तन गराउनु वा भूल स्वीकार स्वयंमा जगाउनु नै अहिंसा हो भन्ने व्याख्या गरियो । तर यस्तो अहिंसाको पाठ पढाउने दार्शनिकको जीवनमा एउटा हिंसात्मक घट्ना घट्यो । गाउँमा डाका, बलत्कारीहरू आएर महिलाहरूको इज्जत लुटेर धनसम्पत्ति समेत लिएर हिडे । त्यसको प्रतिरोध गर्ने कोही भएनन् । अन्यायमा परेका सबैजना आएर गान्धीलाई यी सबै घट्नाहरू खुरुखुरु सुनाउन थाले । गान्धीले भने - **"के तिमीहरूले त्यसको प्रतिरोध गरेनौ ?"** गाउँलेहरूले भने - **"दादाजी ! तपाइले अहिंसाको पाठ सिकाएको हुनाले हामीले चुपचाप सहेर बस्यौं ।"** यो कुरा सुनेर गान्धीको गाला रा:तो भयो ।

त्यसपछि गान्धीले अहिंसाको सिद्धान्तमा सुधार ल्याए । संसारमा कति हिंसा र कति अहिंसा भन्ने विषयमा यो भन्न कर लाग्यो कि **देवी देवताका मन्दिरहरूको रक्षा गर्न र आफ्ना स्त्रीहरूको रक्षा गर्न हिंसा गर्नुपर्छ ।** संसारमा कतिपय हिंस्रक प्राणी उडुस, उपियाँ, जुम्रा, बाघ, भालु, अजिंगर आदिसंग जोगिन हिंसाको साहारा लिनुपर्छ र बाँकी अहिंसामा समाहित हुनुपर्छ । हामीले लिने शिक्षा नै यही हो । नकी अजिंगरको आहारा बन्न कोही पनि चुपचाप समर्थन नगरोस । ब्रिटिश औपनिवेशिकताबाट भारतलाई स्वतन्त्रता दिलाउन जीउ ज्यानले आहुती दिने गान्धीले भनेका छन् - "कायरता र हिंसा रोज्नुपऱ्यो भने म हिंसा नै रोज्छु" । घर घरमा सुगुर, कुखुरा, भैंसी, बाखा, भेडा सबैले पालेका छन् यसलाई नखाने हो भने यसको औचित्य के ? लौ भैगो आफू नखाओस् तर त्यही जीव अरुलाई मोटो दाममा बेचेर थैली कस्छन भने के यो चाहीं हिंसा वा पाप भएन र ?

क्रिश्चियनसंग लठ्ठ बनाउने साधनहरू धेरै छन । चाहे विदेशमा पढ्न पठाउने लोभ देखाएर होस या स्वदेशमा जागिर दिएर भरणपोषण गरिदिने काममा । यही लहै लहैमा लागेर गाउँमा बुढासुब्बाका कुटीहरू भत्काउने, किरातीको चुल्हा उखेल्ने, धामी, फेदाङ्मा र उसका ढोलेहरूलाई बहकाउने काम क्रिश्चियनहरूबाट हुँदैछ । यसलाई कसले छेक्ने कसले थुन्ने । झगडा पर्ला भनेर गाउँले बोल्दैनन्, भोट बिग्रेला भनेर नेता बोलदैनन् र विदेशीहरू रिसाउला भनेर सरकार बोल्दैन । यसैभएर २०३६ अघि ८०० रहेको क्रिश्चियन २०५८ सालको जनगणनामा १ लाख १ हजार ९ सय ७६ पुगेको र अहिले ८ लाख पुगेको दावी गरिएको छ । भारतमा क्रिश्चियन पोपले एक्काइसौं शताब्दिको पूर्वाधमा नै नेपाल क्रिश्चियन राष्ट्र हुनेछ भनेर कुर्लेको त्यसै होइन ।

---

15. चतुरभक्त राई,"घरको मूल खाँबोको पूजा नै बली प्रथाको प्रारम्भ : एक घतलाग्दो किरात मिथक" **निप्सुङ**, अंक-११, पुर्णाङ्क, २३, (काठमाडौं : किरात राई यायोक्खा, २०६१), पृ-पृ.-२५-२६

**९. साधुधर्म एक जमानाको कुरा** : थरी थरीका बहकाउहरू संक्रमणकालिन समाजमा आउने जाने गर्दछ यसलाई त्यसै रुपमा लिनुपर्दछ भन्ने कुरा नेपालमा साधुधर्मको एक जमानाको प्रचारबाट थाहा लाग्छ । एकताका जम्मै किराती राईहरूलाई साधु बनाउने अभियान चल्यो ठूल-ठूला राईहरू साधु भए । यसमध्ये माझकिरातका एकजना किराती राईको कथा यस्तो छ- लगभग तीनदशक साधुधर्मको वकालत गर्दा ती गुरुले धैरैलाई साधु बनाए । मांशभोजन र बलीपूजाको खुब विरोध गर्दै गए । एकदिन उनलाई नराम्ररी व्यथा लाग्यो । साधुका मन्त्र र भजनहरूले सञ्चो बनाउन सकेन । व्यथा लामो भैसकेपछि उनी वित्ने स्थितिमा पुगे । जुन चिज आफैले नखानु भनिआएका थिए त्यही खान मन लाग्यो । अन्तमा उनले बाँच्ने आशामा भन्न बाध्य भए" भमिसा चँ (सुगरको मासु खान्छु ) ।" मागेको चिज खानदिनु नै उत्तम हुन्छ भनी सुगुर को मासु ख्वाए । जीवन कसैको अजम्बरी छैन, केही दिनपछि साधुजीको प्राणपखेरु उड्यो । व्यक्ति जतिसुकै विचलित भए पनि आफ्नो पुर्ख्यौली आस्थाले मानिसलाई भित्रैबाट गाँजीराखेको हुन्छ र त्यसले तत्काल नभए पनि कालन्तरमा 'भमीसा चँ' भन्ने बनाएरै छोड्छ भन्ने शिक्षालाई हामी किरातीहरूले बुझ्न आवश्यक भएको छ ।

**१०. आत्मानन्द लिङ्देन र ओमनन्द (भक्त बहादुर राई ) को किरात धर्म हिन्दुवादको अनुकरण :** हिजोआज आत्मानन्दको किरात धर्म र ओमनन्दको स्वर्गीक मार्गले पनि किरातीहरूको समाजमा भ्रम र सन्देह थपिरहेको छ । एकातिर किरातीरूले आफ्नो मौलिक भाषा, धर्म, संस्कृति परम्परा र मुदुमहरूलाई पुर्खौली सम्पत्ति ठानी यसलाई अक्षुण्ण राख्नुपर्छ भनेर किरात राई यायोक्खा लगायत विविध किरात राई भाषिक संस्थाहरू, किरात याक्थुम चुमलुङ आदि जातीय संस्थाहरू लागीपरेका छन । तर अर्कोतिर त्यस्तै नाम गरेको किरात धर्मले ठाउँठाउँमा मौलिक धर्म, संस्कृतिको रुपमा मानिआएको परम्परागत रीतिरिवाजलाई त्याग गर्न लगाउने, मासुखान नदिने, पितृलाई पूज्न इन्कार गर्ने, आगनमा हिन्दुधर्मकै जस्तो चरु पोल्न र होमगर्न लगाउने काममा किरातहरूलाई उद्दत् गराउँदैछन । उनीहरूको कार्यशैली बिलकुल रुपमा मौलिक किरात धर्मको खिलापमा आएको देखिन्छ ।

अझ ओमनन्दको त कुरा गरेर साध्य नै छैन । अस्तिसम्म आमचुनावमा नेकपा एमालेको भोट मागेर हिड्ने व्यक्तिलाई आज **"आत्माद्वारा पवित्र पारी प्रभुको दासलाई पठाइनेछ भनेर बाइबलले भविष्यवाणी गरेको प्रभुदास (ओमनन्द) उहाँ नै हुनुहुन्छ" (सन्देश)** [16] भनेर लेखिएको व्यहोरा पाउँदा जोसुकैलाई अचम्म लाग्छ । क्रिश्चियनहरूले भनेजस्तो विश्वासीहरूलाई स्वर्ग लैजाने प्रभु उनी नै हुन भन्ने लाग्छ । किनकी उनी इश्वरको दुत हुन **(सन्देश)**[17] र प्रेमवादको पखेटा लगाएर स्वर्ग पठाइदिने कुरा गर्दै हिडेका छन् । उनको स्वर्गीक मार्गको कुरा पढ्दा बाइबलको पास्टर होइन नयाँ क्राइष्ट जन्मेछन भन्ने लाग्छ । क्रिश्चियनहरूले पनि किन नदेखेका होलान यस्तो स्वर्ग पठाउने व्यक्तिलाई ? स्वर्ग जानको लागि निवेदन हाल्न त सजिलो हुन्थ्यो । त्यस्तै मुधुमको दास, कुरानको 'इमामेदी, बुद्धको 'लफिङ् गड' पनि उनी आफै हुन भनेको पाउँदा अर्को अचम्म लाग्छ । यो अतिवादी सोच र कुटिल महत्वकांक्षाको परकाष्टा भन्दा अरू केही होइन । प्रथममा आत्मानन्द, ओमनन्द, सत्यहाङमा भन्ने परम्परा नै किरात संस्कृतिमा पाइदैन । किरात इतिहास र परम्पराबाट साबित नभएको कुरालाई कसरी किरात धर्म भनेर विश्वास गर्ने । यो एउटा कही नभएको जात्रा हाडीगाउँमा भनेजस्तो भएको छ ।

माझकिरात खोटाङको उत्तरी क्षेत्रमा आत्मानन्द र ओमनन्द वीचमा कसले कसलाई आफूप्रति समर्थक बनाउने भन्ने विषयमा प्रतिष्पर्धा नै चलीरहेकोछ । यदि यी दुबै सच्चा किरात धर्मी हुन भने यस्तो नहुनु पर्ने हो । पहिले पहिले त दुवै नन्दहरू एकैहुन भन्थे । तर अहिले ओमनन्द चाहीं स्वर्गीकमार्गी भएछन् । हिन्दुधर्मका पुरेतले स्वर्ग भनेको आकाशको चन्द्रमा हो त्यहा पुगेपछि सुख पाइन्छ भनीरहेको बेला अमेरिकी वैज्ञानिक निलआर्मस्ट्रङ्हरू अन्तरिक्षयानद्वारा त्यहाँ पुगी वास्तविक कुरा पत्ता लगाएर फर्के । त्यहाँ अक्सीजन र पानीको अभाव छ, मानिस बाँच्न सक्तैन भने । अनी ओमनन्दजीले चाहीं कुन स्वर्ग पठाउन खोजेका हुन र आत्मानन्दजीले चाहीं कुन किरात पुर्खाले चरु पोली होम गर्ने गरेका थिए र त्यस्ता धर्म स्थापित गर्न खोजेका हुन अझ अर्को अचम्मलाग्दो छ । लारुम्बामा ठूला-ठूला चरु पोल्ने किरात माङहिम भवनहरू छन त्यहाँ होम गरिन्छ त्यही किरात धर्म हो भनेर एकांगी दृष्टिकोणले मात्र हुँदैन । मौलिक किरात धर्मीहरूको यस्ता पूजा गर्ने सकाला भूमेहरूको संख्या किरातहरूका समाजमा छ्यास्छ्यास्ती छन । आत्मानन्दले लारुम्बाको माङहिम पक्रेर मात्र हँदैन किरातीको चुल्हा, छिमोदिमो र साकेला भूमेदेवहरू पनि छन भनेर बुझ्न आवश्यक छ । किरातीहरूलाई कज्याएर राख्ने हिन्दु सरकारले आत्मानन्दहरूको कार्यक्रमलाई सफल बनाउन प्रधानमन्त्रीहरू हेलीकप्टर चढेर लारुम्बा र झापा पुग्नुको रहस्य बेग्लैछ । किरात धर्मको नाममा प्रेमवाद र स्वर्गीक मार्ग भन्दै हिड्ने ओमनन्दलाई सरकारले सुरक्षा प्रदान गर्नुको रहस्य पनि अर्कै छ । वास्तवमा यो किरात समाजलाई छिन्न भिन्न पार्ने महाषडयन्त्र हो । यो षडयन्त्रको नाभी दरवारसित अप्रत्यक्षरुपमा गाँसिएको छ । **(गणेश राई)**[18] किरातीहरूले यो कुरा पनि बुझ्न आवश्यक छ । यहाँ

16 . **सन्देश**, वर्ष-१, अंक-१, असार-१, २०६२
17 उही पृष्ठ
18 .गणेश राई, "प्राकृतिक किरात धर्मपाथि प्रहार" **लिब्जु-भुम्जु**, वर्ष-११, अंक-२, पुर्णङ्क-२४, २०६०), पृ-२७

एउटा यस्तो श्रृङ्खलाबद्ध कुटिल चाल देखिन्छ कि हिन्दुधर्मबाट दिक्षित फाल्गुनन्द र जोसमनी सन्त साधुहरू बाजे, स्वामी जीहरु बाबु र नन्दजीहरू नाति र ती नातिहरूले पनातीहरू जन्माउने काममा अहोरात्र लागेका लागेकै छन्। तर ढिलो वा चाँडो विष्णुका अवताररूपी सम्राटहरूका पतन हुने बेला आईसकेकाले यस्ता षडयन्त्रहरूको पर्दाफास भएर जाने दिन पनि नजिकिदै छ। प्रकृति पूजक किरात धर्मीहरूले दुधको दुध पानीको पानी छुट्याएपछि मात्र आत्मानन्द र ओमनन्दहरूलाई स्वीकार गर्नुपर्छ । नत्र भने हिजो साधुका गुरुहरूले अनुयायीहरूलाई अलपत्र पारे जस्तै यिनीहरूले पनि भिरको चिण्डो यत्ता न उत्ताको बनाएर नछोड्लान् भन्न सकिन्न।

**११ . मौलिक किरात धर्म, संस्कृति र नन्दहरूको किरात धर्ममा फरक :**

नन्द गुरुहरूको किरात धर्मसंग मौलिक किरात धर्ममा धेरै भिन्नता देखिन्छ। उनीहरू शिवजीको कमण्डलु र त्रिशुलको प्रयोग गर्छन जवकि मौलिक किरात धर्मीहरू भाला र चिण्डो। उनीहरू नन्द, गुरु आदि नामले चिनिन्छन मौलिक किरात धर्मीहरू नागिरे नक्षो, फेदाङ्मा, सेलेमी, तांकु, तायामी, नामले चिनिन्छन्। नक्षोहरूले पितृ पूजागर्दा अनिवार्य अदुवा र चोखो जाँडरक्सी पवित्र खाद्य पदार्थ चुल्हामा चढाउँछन जवकि नन्द गुरुहरूले पुरेतको जस्तो चरु, खिर, रोटी, नैबेद प्रयोग गर्छन्। नुवागीं गर्दा एउटा नागिरे धामीले दिनमा १५ घरसम्म समाप्त गर्छ भने नन्दका चेलाले ११ जना गुरु जम्मा भएर एकै घरमा तीन दिनसम्म आँगनमा होम गर्छन । नक्छोलाई भेटी चढाउनु पर्दैन तर नन्द गुरुहरूलाई मोटो गुरुभेटी चाहिन्छ । त्यसैले अहिले नन्दका अनुयायीहरूलाई मुखले भन्न नसके पनि चोक्टा खान गएकी बुढी, झोलमा डुबेर मरी भनेजस्तो भएकोछ। नक्षोहरू आफ्नै भाषामा पुर्खालाई मुदुमले बुझाएर कम्सेकम भाषाको प्रतिनिधित्व गर्दछन् जवकी नन्दगुरुहरूले अर्कै भाषामा बोल्छन्। खर्चकै हिसाव गर्ने हो भने अहिले नन्द गुरुहरूलाई क्रिश्चियनको पास्टर र हिन्दुधर्मका पुरेतलाई जस्तै मोटो आम्दानी हुने जागिर मिलेको देखिन्छ। विधि र शैली पनि धेरै मिल्दोछ। मौलिक किरात धार्मिक आस्थालाई स्वाहा पार्ने प्रवृत्ति पनि उत्तिकै मिल्दो छ।

**१२. आतमानन्दको भविष्यवाणी र काठमाडौंको त्रिशुलबाबाको भविष्यवाणी दुवै उडन्ते :**

हामीले हल्ला सुन्यौकि २०६० बैशाख २५मा ससार मा थामिनसक्नु प्रलय हुने भविष्यवाणी आत्मनन्दले गरेका छन। नभन्दै सम्पूर्ण मङ्गोल अनुयायीहरू बाँच्नको लागि सस्तो-सस्तोमा गाई, भैसी बेच्दै गुरुको कुटी लारुम्बा पुगे। कतिपयले खान बस्न नपाएर विजोग भए, कोही विरामी परे, हाहाकार भयो । पूर्वाञ्चल क्षत्रीय प्रशासन तथा इलाम प्रशासनको समेत ध्यान आकृष्टभई वास्तविकता बुझ्न मानिस खटाउनु पर्‍यो । (**हेर्नुहोस कान्तिपुर**)19 आखिर भूकम्प पनि गएन। प्रशासनले स्पष्टीकरण लिएपछि आत्मानन्दले आफूले त्यस्तो भविष्यवाणी कहिल्यै नगरेको भनेर जिम्मेवारीबाट सुटुक्क पन्छिए । त्यस्तै शिव भगवानको २३ औ अवतार ठान्ने काठमाडौंको त्रिशुल बाबा (चौधरी) ले २०६४ साल असारको दोस्रो सातादेखि भूकम्प गई प्रलय हुने भविष्यवाणी गरेर सबैलाई हाहाकार बनाए। निर्धारित समयमा भूकम्प नगएपछि अनुयायीहरूले नै बाबाको गोंगबुस्थित आश्रममा ढुङ्गामुढा गरे । (**हेर्नुहोस, कान्तिपुर**) 20 बाबालाई प्रहरीले गिरफतार गरी १५ दिन हिरासतमा पनि राख्यो। यसरी हेर्दा लारुम्बाको गुरु आत्मानन्द र काठमाडौंको त्रिशुलबाबा एउटै हुन भन्ने देखियो । अल्छेले जत्ति जैसीले पनि जान्दैन भनेजस्तो जसरीहोस आफूप्रति अनुयायीहरूको समर्थन प्राप्त गरिराख्न अनेकौं भ्रमजालहरू फ्याक्न माहिर हुन्छन् - गुरुहरू। ओमनन्द, आत्मानन्दले जत्तिसुकै आफूलाई किरात धर्मी हौं, किरातगुरु, भगवान, बालागुरु तपस्वी, गड एन्जिल भनेर फलाके पनि त्यसको खोलभित्र आत्मानन्दमा हिन्दु र ओमनन्दमा हिन्दु र क्रिश्चियानिटीको विशेषता लुकेको जोसुकैले ठम्याउने कुरो हो । उनिहरूको प्रबृत्तिलाई पटक्कै मन नपराउने एकजना कलमीले यसरी प्रश्न उठाए - "बाघको छालामा स्यालको रझाई भने झैं किरात धर्मको खोल ओडेर केही स्वार्थीहरूले ....सर्वसाधारण भक्तजनको आँखामा छारो हाल्दै स्वार्थपूर्ति गर्नेकाम किरात धर्मभित्र किन भैरहेको छ ?" (**दुमी राई** )[21] । यी कुराहरू नियाल्दा जसरी डा प्रपन्नाचार्यले किरातीहरू हिन्दुआर्यजातिका हुन भनेर भ्रम पारेका छन् (**हेर्नुहोस देवदास राई पृ.१७**)[22] यसैगरी नन्द गुरुहरूले पनि मौका पाएपछि

19 , कान्तिपुर, २७, बैशाख २०६०

20. कान्तिपुर, शनिवार ९ असार २०६४

21 प्रकाश दुमी राई, "किरात धर्मभित्र किन विकृति फैलिदैछ ?" **हाम्रो संस्कृति**, वर्ष-१, अंक-१, (काठमाडौं : आदिवासी जनजाति संस्कृति संरक्षण तथा विकास केन्द्र, २०६३), पृ-२७

22 .देवदास राई , **किरात सम्बन्धी केही चर्चा**, (इलाम: श्याम प्रसाद लावती र प्रतापसिंह नाछिरिङ, २०५१), पृ.१२

त्यसै भन्नेछन् भन्ने कुरामा कुनै शंका छैन ।

**१३. डा. स्वामी प्रपन्नाचार्य बारे केही कुरा :** वि सं १९८० मा पाँचथरको ज्यामिरबोटेमा जन्मिएका प्रपन्नाचार्य १२ वर्षसम्म फाल्गुनन्दसंगै बसेको, साधु जोसमनी दिलदासका अनुयायी, कमण्डलु र एकतारे बजाउँदै भक्ति धाराको गीत गाउने **(कान्तिपुर)**[23] एक किरात राईको छोरा काले राई बेदान्तचार्य हुनाको गौरव अनन्य छ । यस्तो महान विद्वानको टिकाटिप्पणी गर्नु सुहाउने कुरा होइन तर पनि उहाँको ६५५ पृष्ठको "प्राचिन किरात इतिहास" पढेपछि अत्यन्त भ्रममा परिन्छ । माझकिरातवासी राईको छोराले चारैवेद चहार्नुभयो, राईको इतिहास पश्चिम दार्चुला जिल्लाको जय दमाईको घर मा रहेको पनि पाउनु भयो **(हेर्नुहोस प्रपन्नाचार्य पृ.४३६)**[24] तर किरातको आदिम पुर्खाहरू माङ, रुमुहाङ, पारुहाङ, सुम्निमा, नायम, पापा पातेसु, मामा दिलीदुम, तोयमा खियामा, हेच्चाकुप्पाको इतिहास पाउन सक्नु भएन । किरातीले प्राचीनकालमा जनै धारण गरेको र पछि अभक्ष दुर्व्यसनी भएकाले जनै लाउन छाडेको पनि पाउनु भयो लामो खोजअनुसन्धानबाट । तर किरातले किन चिण्डो खेलाउँछन्, नायम, हेच्चा कुप्पाहरूले किन मर्चाको उत्पादन गरे, तोयमा खियामाहरूले किन घरेलु उद्योगको व्यवसाय आरम्भ गरे,, किरातीहरूमा खेतीकिसान गर्ने सभ्यता कसरी र कोबाट शुरु भयो भन्ने इतिहास खोतल्न सक्नुभएन । छपन्न करोड यदुकुल जाँडरक्सी खाएर समुल नष्ट भए जस्तै किरातीहरू पनि जाँडरक्सी खाएर बिग्रेको कारण पत्ता लगाउनु भयो, तर यही जाँडरक्सी किरातकालिन युगको एक अनुपम आविष्कार थियो जो आज ससारभर प्रचलित रहेको छ भनेर स्वीकार्न सक्नु भएन । कामीले खुकुरी कमाउँदैमा कामी दोषी हुँदैन कुठाउँमा प्रयोग गर्ने कर्ता चाहीं दोषी हुन्छ भन्ने कुरालाई पनि सम्झनसक्नु भएको छैन । डाक्टर साहेबले किरात किंबदन्ती, किरात ऐतिहासिक स्थल र मुदुमहरूलाई कुनै महत्व दिनुभएको छैन । केवल संस्कृतका ठूला-ठूला ग्रन्थहरूको एकांगी स्रोत अँठ्याउनु भएको छ । उहाँले **इसा (यशुख्रिष्ट) पनि हिन्दु नै थिए (प्रपन्नाचार्य, पृ.६४)**[25] भन्ने समेत प्रमाण जुटाउनु भएको छ । तर खम्बुहाङ, हाकुमबुङ, शङ्कुहाङ, रेमुना, रेप्सुनाहरूको बारेमा कुनै चासो नै राख्नु भएन । यी यस्ता अनेकौं प्रसंगहरू आउन सक्तछन । एक किरात राईको बच्चाले यतातिर दृष्टि नपुऱ्याउनुमा पक्कै रहस्य लुकेको छ भन्ने लाग्छ । इमानकासाथ त्यसलाई बाहिर ल्याउनु पर्छ । स्वामीजी र नन्द गुरुजीहरूका कुराले किरात राईहरू इतिहास, धर्म, संस्कृति विषयमा धेरै अलमलिएका छन । भनाई छ - गल्ती गर्नु ठिक हो तर असत्य र भ्रमपूर्ण बोल्नु बेठिक हो । तीनवटै व्यक्तित्वहरूको आस्था र विचार पनि मिल्ने भएकोले तीनैजना मौलिक किरात धर्म, संस्कृति र परम्पराका फाइलहरू बिनाश गर्ने एक्काइसौं शताब्दिका भाइरसहरू हुन् भनी कसैले टिप्पणी गरेमा आश्चर्य मान्नुपर्ने कुनै कारण देखिदैन । हुनत नन्दगुरुहरूले अहिले योग र सुपर लर्निङ्ग पनि गाउँमा सिकाउँदैछन् अनुयायीहरूलाई भन्ने सुनिएको छ - एक हदमा यो राम्रो पक्ष हो । तर यसरी सिकाउँदा योग चाहीं पतञ्जलीशास्त्रको ज्ञान हो र सुपर लर्निङ्ग चाहीं भारतीय सन्त महात्मा, स्वामीजीहरू र नेपालका विकासानन्दका सिद्धान्तहरू हुन् भनेर सिकाउने इमान धरम राख्नुपर्छ न कि ओमनन्द र आत्मानन्दका किरात धर्म भनेर होइन ।

**१४. महागुरु फाल्गुनन्दवारे केही कुरा :** इलाममा जन्मेर वि सं १९६४ मा बृटिश भारतीय पल्टनमा २२ वर्षको उमेरमा भर्ती हुने फलामसिंह लिम्बुले पल्टनमा छँदा भारतीय साधु सन्त महात्माहरूको प्रभावमा परेर नेपाल फर्केपछि निकै त्याग गरेर लिम्बुसमाजलाई जाँडरक्सीको कुलतबाट मुक्त गरेको योगदानलाई कदर गर्नुपर्छ । उनले दिएको अर्ति उपदेशहरू धेरै उपयोगी छन **(शेर्मा पृ.२६)**[26] तर सबै होइनन् । त्यसैले यसैलाई किरात धर्मको असली रुप र औतार हो भनेर अहिलेको आत्मानन्द र ओमनन्दको सैलीमा गइयो भने सच्चा मौलिक किरात धर्मीको आस्था र विश्वासबाट किराती समाज पुरै विचलित हुन्छन् । किनकी उनीहरूमा वास्तविक मौलिक किरात भाषा, धर्म, सस्कृतिको कुनै विशेषता नै छैन । छ भने केवल हिन्दुपुरेतहरूको पुरेत काइदा । उनीहरूको मुख्य स्रोत फाल्गुनन्दको चिन्तन नै हिन्दुधर्मको भासमा गाडिएको छ र चेलाभुलाहरू पनि त्यसैमा सती गएका छन् । भनौ न कहाँको हजारौं हजार वर्ष अगाडिको मौलिक किरात धर्म, संस्कृति र कहाँको वि.सं २००५ सालमा देहान्त हुने फाल्गुनन्दको उपदेश । किरातहरूको रक्त कण कणमा नछुट्टिनेगरी मिश्रित भैसकेको हजारौं हजार वर्ष पुरानो मौलिक किरात धर्म, सस्कृति र आस्थाबाट उनिहरूलाई अलग्याउनु भनेको संस्कृतिविहीन बनाउनु हो । यो कुनै पनि हिसाबले जायज र बहादुरीपूर्ण कार्य होइन ।

**१५. नन्दगुरुहरूप्रति सुझाव र सल्लाह :-**

नन्द गुरुहरूलाई के सुझाव र सल्लाह छ भने यदी किरात धर्म नै भनेर जाने तपाईहरूको महान् लक्ष्य हो भने किरात धर्म, संस्कृति सुधार 'व्यवस्था' भनेर जानुहोस यसमा सबै किरातहरूको सहयोग हुनेछ । तर फेरी सोच्नुपर्ने कुरा यो छ कि सुधारको नाममा मौलिक किरात धर्मका गुणहरू

23. हेमराज ज्ञवाली, **कान्तिपुर,** चैत्र २९, २०५९ शनिवार 24. स्वामी प्रपन्नाचार्य, **प्राचीन किरात इतिहास** ( पाँथथर : किरातेश्वर प्रकाशन, २०५७), पृ-४३६

25 . स्वामी प्रपन्नाचार्य, **वेदमा के छ ?** (साझा प्रकाशन, २०६०), पृ-६४

26. खुविन शेर्मा, "फाल्गुनन्द महागुरु चीर अविस्मरणीय घट्नाक्रम" **साल्पा,** वर्ष ९, अंक ७, माघ, (दिक्षित, प्रतापसिंह राई, नाछिरिङ, २०५८),पृ- २६

नहराउने गरी गरिनु पर्दछ त्यसलाई मात्र सुधार मानिनेछ । (**टंक राईको अन्तर्वार्ता निप्सुङ पृ.१०**)[27] होइन भने तपाईहरूकै जस्तो मध्ययुगीन बाहुनवादी पुरेत शैली हो भने त्यो फेरी कदापि मान्य हुने छैन । यत्ति बुझिराख्नुहोस् गुरुहरूले कि - मौलिक किरात धर्मीहरूले पनि अवको किरात समाजलाई जड्याहा, रक्याहा बनाउन चाहदैनन् । बलीपूजालाई पनि हिन्दुकै जस्तोगरी एकै ठाउँमा सयौं बली चढाउन चाहदैनन् । उनीहरूले पनि सुधार खोजेका छन् तर तपाइहरूको जस्तो केही क्रिश्चियन र केही हिन्दु पुरेतबाट सापटि लिएको जस्तो शैली नभएर आफ्नै प्रकारको मौलिक किरात शैली हो जहाँ सर्प पनि मर्छ लठ्ठी पनि भाँचिदैन । तसर्थ आउनुहोस मौलिक आस्थालाई नभत्काईकन विकृतिमूलक प्रवृत्रिलाई निषेध गर्दै सुन्दर समाजको निर्माणमा हातेमालो गरौं । साथै अरु धार्मिक आस्थाहरुलाई पनि सहयात्री बनाऔं ।

**१६. आफ्नै मौलिक किरात धर्मको बाटो सही बाटो :**

एउटा किरात राईले एक सभामा उसको भाव यसरी व्यक्त गऱ्यो - **"सर्वप्रथमत म किरात भएकोमा आफूलाई गौरब ठान्छु त्यसपछि राई भएकोमा अझै गौरान्वित हुन्छु ।"** यो अभिव्यक्ति उसको जातिको लागि महान थियो । यो देशमा किरात जाति सबभन्दा लामो समयसम्म शासन गर्ने जाति हो । यो त लिखित इतिहासको कुराभयो तर अलिखित इतिहासमा पनि काठमाडौं आउनपूर्व उपत्यका बाहिर पनि किरातीहरूको राज्य थियो । शासन सत्ताको लामो इतिहास बोकेको किरातहरूको आफ्नै भाषा, धार्मीक परम्परा, संस्कृति, भेषभुषा र खानपानको व्यवस्था थियो त्यसैको निरन्तरता आजसम्म पनि जीवीतै छ । (किरात राई यायोक्खाले किरात धर्म, सस्कृतिसम्बन्धी विविध छलफलहरू गरेर कार्यालयगत डकुमेण्टेशन पनि गरेको छ । त्यसका सारहरूलाई खिच्ने हो भने किरात धर्म, संस्कृति भन्नाले निम्न कुराहरूलाई जनाउँछ ।

धरतीलाई माता, आकाशलाई पिता मान्दै प्रकृतिका खोलानाला, भीर, पहरा, आकाश, तारा, समुन्द्र सबैलाई देवता ठान्ने यो देशमा लामो शासन गर्ने जाति, भूमिलाई साकेलाको रुपमा पूज्ने प्रकृतिपूजक, अन्नपानीबाट मदिरापान बनाउने जान्ने, उत्पादित खाद्यान्नलाई ग्रहण गर्न पहिले पित्रीलाई चढाउने, अलिखित मुदुमबाट सम्पूर्ण परम्परागत संस्कार संस्कृतिहरू परिचालन गर्ने, आफ्नो परम्परालाई कार्यान्वयन गर्न नक्षो, फेदाङमा र ताया ताङ्कुहरूको व्यवस्था गर्ने, अर्कालाई दुख नदिने, छक्कापन्जा नगर्ने, सकेसक्दो आफूले खर्च गर्ने ठूलो मन भएको जातिको रुपमा अहिलेसम्म किरातीहरू चिनिन्छन् ।

सातपुस्ता पुगेपछि हाडफोर्ने जात हुन तर सातपुस्तामा हाड नफोरे फेरी जोडिन्छ भन्ने भनाई छ । पातमा परे (चेली चेली बीचको साइनो ) चौध पुस्ता वार्नु पनि भन्छन् । त्यसैले साइनोले उचित ठानेको मात्र विवाह गरिन्छ । बुहारीलाई छोरी र ज्वाइलाई छोरा सरह व्यवहार गर्ने, नचिनेको आफ्नै वंश जस्तो लागेमा चिनजान गरी साइनो केलाएर ढोगभेट गरी छुटि्टने, क्रिश्चियनमा महिलालाई शरिरको करङ ठान्ने, मुस्लिममा स्वतन्त्रताको साँगुरो घेरामा राख्ने र हिन्दुमा चरणकी दासी ठान्ने परम्परा किरात राईहरूमा छैन बरु पुरुष सरह महिलालाई सम्मान गर्ने, गैर किरात विवाह गरेमा दालढिंडो चलाएर आफ्नो चुल्हामा ल्याउने जातिको रुपमा चिनिन्छन ।

थर, सामे, पाछाको नामले चिनिने र सोही अनुसार जन्मदेखि मृत्युसम्मका कर्म पुरागर्ने, चोखो अदुवा, अक्षता, गाई, गोरु, मृग, माछा, सुगुरको मासु अति पवित्र वस्तुको रुपमा सस्कृति परम्पराहरूमा चलाउने, आफ्नै भाषामा मौखिक मुदुम गाउने, नक्षो, फेदाङ्मा सेलेमी, बिजुवाबाट विविध किरात कर्महरू सम्पन्न गर्ने, वार्षिक रुपमा उधौली उभौलीमा पूजा गर्ने परम्परा रहेको छ । टाढाटाढाबाट परदेशीहरू, छोरी चेलीहरू सिली नाच्न आइपुग्ने रमाइलो परम्परामा किरात राईहरू हुर्कीएकाले आफ्नो संस्कृतिप्रति उनीहरूको अत्यन्त श्रद्धा रहेको पाइन्छ ।

तीनचुल्हालाई सबभन्दा पवित्र शक्ति मान्ने, भाला, तिर, चिण्डो, कठूवा, भुँ, खुर्पा, तरवार जस्ता सामाग्रीहरूको प्रयोग गर्ने, चाडवाडलाई कसैको विजय पराजयको उत्सव नमानी विशुद्ध सामाजिक, धामिक चाडको रुपमा मान्ने, मृतकको नाममा चिनो चौतारो बनाउने, बरपिपल रोप्ने, साँगु थाप्ने, बाटो खन्ने, पाटीपौवा बनाउने, खोलानालामा श्राप बगाउने, शिर उठाउने वार्षिक रुपमा शिकारी, संसारी, छिमोदिमो र गोठको पूजा गर्ने काम किरात राईहरूले गर्दै आएका छन । मरेकै दिन शुद्धाई गर्न सकिने अत्यन्त सजिलो परम्परा पनि किरात राईहरूमा रहेकाले किरात धर्म, संस्कृति सजिलो छ ।

किरात धर्ममा विश्वास गरिएका कुराहरूमा किरातहरूले भिख मागेर खान नहुने, चोरी ठगी गर्न नहुने, पर स्त्री र परपुरुष गमन बन्देज, लोभ, डाह, इर्ष्या गर्न नहुने, घमण्ड र मानव हत्या गर्न नहुने, दैनिक माङ, पारुहाङ, सुम्निमालाई प्रार्थना गर्ने, बयोबृद्धलाई आदर गर्ने, दिनदुखिलाई दया गर्ने, अन्न पाकेपछि माङलाई चढाउने, पितृपूजा गर्ने, पवित्र बस्तुहरूको रक्षा गर्ने, स्वधर्मको पालना गर्ने, जीवनको केही समय मानव कल्याणको कार्य गर्ने (**जे पि. राई, पृ. ३**)[28] यसैगरी अर्काको कुभलो कहिल्यै नगर्नु, अन्नको संधै जगेडा गर्नु, शरणको मरण नगर्नु, आमाबाबु र गुरुको संधै सेवा गर्नु, अत्यचारीमाथि वाण हान्नु, अन्यायमा परेकालाई

27. चतुरभक्त राईले २०६१ चैत्र १ गते लिएको "पूर्व सांसद टंक दुमी राईसंगको भेटवार्ता" **निप्सुङ**, वर्ष १२ अंक १२ बैशाख, (बाँसबारी : किराया केन्द्रीय कार्य समिति, २०६२), पृ १०

28. **पूर्वोक्त**, पाद टिप्पणी नं-५

बचाउनु (**बमबहादुर राई पृ-४५**) 29 जस्ता कुराहरू पनि किरात धर्म, सस्कृतिका विशेषता मानिन्छन् ।

**१७. मौलिक किरात धर्म, संस्कृतिमा सुधार गर्नु पर्ने कुराहरू** :

संसारमा कुनै पनि कुराको स्थायित्व छैन त्यसले बाँच्नको लागि रुपान्तरण क्रियालाई निरन्तर अगाडि बढाउनु पर्दछ । यस मानेमा मौलिक किरात धर्म पनि पृथक रहन सक्तैन । नौलाख किराती राईहरू एकै हुन् भनिए पनि भाषागत र भौगोलिक आधारमा २६ भन्दा बढी बहुभाषी राईहरू र हेकाले मूल धर्म एउटै भएपनि प्रकृयाको रुपमा परम्पराहरू अवश्य फरक पर्दछ । त्यसैले बान्तवाको शैली दुमीसंग र चामलिङको शैली थुलुङसंग नमिल्न सक्छ । पुन आजतक किरात राईहरूले किरात मुदुमहरूको संकलन गरी लिखित ग्रन्थको रुपमा प्रकाशन नगरेको हुनाले सबैखाले राईहरूमा समानखालको मुदुम रहेकोछ भन्न सकिदैन । सवैथरिका राईहरू अस्तव्यस्त र छिन्न भिन्न रहेको यस्तै बेलामा फाल्गुनन्द, आत्मानन्द, ओमनन्द, सत्यहाङमा, पादरी, पुरेत जस्ता गुरुहरूले मौका छोपेर जे बोलेपनि जे गरेपनि सजिलो र सही हुने भएको देखिएको छ । अव किरात राईहरूले प्रथम त आ-आफ्नो थरीको मुदुमहरू जे जत्ति बाँचेको छ, तुरुन्त लिखित ग्रन्थको रुपमा प्रकाशन गरिनु पर्दछ । अनि मात्र किराती राईहरूले आफ्नो धर्म, संस्कृति र परम्परालाई बचाएर राख्न सक्नेछन र कोही विचलन हुन पाउने छैनन् ।

समाजमा बिकृति हुने, अधिक खर्च र समय लाग्ने, परम्परा र संस्कार संस्कृतिलाई तोड्दै लैजानु पर्दछ । अत्यधिक जाँडरक्सीको प्रयोग र बलीप्रथालाई कम गर्दै लगी ऐतिहासिक परम्पराको रुपमा मात्र यसलाई राखिनु पर्दछ । धार्मिक गुरु, लामा, पूजारी, फेदाङ्मा, नागिरे, बिजुवा, ताया, तांकुहरूको वृहत सम्मेलन गराई विचार आदान प्रदान गरिनु पर्दछ । विवाह, मृत्युसंस्कार, कुलपूजा, ऋतुपूजा, चुल्हापूजा आदिमा जाँडरक्सीको प्रयोग अनिवार्य भए तापनि त्यसको सट्टामा "कोदो र मर्चा " ले कार्य सम्पन्न गरे गराएमा पनि उत्तिकै पूण्य र फलदायी हुने (**याक्खा राई**)[30] कुराको ज्ञान गराइनु पर्दछ । आफ्नो भाषा, धर्म, संस्कृति र मुदुमको अध्ययन विद्यालय तहबाटै संस्थागत गरेर लैजानु पर्दछ । किरात भाषा, धर्म, संस्कृतिलाई प्रतिनिधित्व गर्ने चुल्हा, साकेला भूमे, इङ्खुली, पोखरी, धारा, कुवा, ढुङ्गा, चौतारो, डाँडाकुँडा र ऐतिहासिक पुरातात्विक स्थलहरूको संरक्षण गरिनु पर्दछ । अहिलेसम्म लामो निन्द्रामा सुतेका किरात राईहरूलाई ब्युझाई दिनु पर्दछ । मौलिक किरात धर्म, संस्कार संस्कृति स्वीकार गर्ने किरात संघ संस्थाहरूको बीचमा एकता हुनुपदर्छ । बेलाबेलामा सभासम्मेलन भैरहनु पर्दछ । हरेकले आफ्नो मुदुम मौखिकबाट लिखित ग्रन्थमा रुपान्तरण गरिनु पर्दछ । धर्म, संस्कृति र परम्पराहरूको नाममा देखिने जत्तिपनि फजुल खर्च, आडम्बर अतिवादहरू छन त्यसलाई सुल्टो गरी सुधार गरिनु पर्दछ तर उल्टो पारेर होइन ।

**१८.निष्कर्ष** :

अन्तमा के भन्न सकिन्छ भने किरात परम्परामा हुर्केका, पारु नायम र तीन चुल्हाका आशिर्वादले संसारमा दोस्रो विश्वयुद्धमा भि सी पाउने अगमसिंह राईदेखि वर्तमानमा राष्ट्रियगानका सर्जक व्याकुल माइला (प्रदीप कुमार राई), सगरमाथा आरोहण गर्ने इन्द्रबहादुर राई, सिक्किमका मुख्यमन्त्री पवन चामलिङ, वर्तमान सभामुख सुवास नेम्वाङ, बरिष्ठ कलाकार लैनसिंह बाङदेल, सातसालका क्रान्तिका नायक नार दमुनी थुलुङ र रामप्रसाद राई, नेपाली प्रसिद्ध साहित्यकारहरु शिवकुमार राई राई, इन्द्रबहादुर राई, वैरागी काइँला (तिल विक्रम नेम्वाङ) हाम्रै किरात वंशज हुन । महान् वुद्ध पनि किरात वंशज नै थिए । मानिसले महान बन्नलाई यशुधर्म, ओमनन्द र आत्मनन्दको सहारा नै लिनुपर्छ भन्ने छैन । किरातीले सप्रनको लागि, जाँडरक्सी, छोड्नको लागि बाइबल छोएर बप्तिस्मा नै लिनु पर्छ भन्ने छैन, नन्द र सत्यहाङ्माहरुको चेला नै बन्नु पर्छ भन्ने होइन, पूराका पूरा पुरेतवादमा नै समाहित हुनुपर्छ भन्ने पनि छैन । आफ्नै पुर्खाको गौरव गरेर पनि महान् बन्न सकिन्छ । केवल निश्चित कुराहरूको जरुरत पर्छ त्यो हो-आत्मविश्वास, परिश्रम, त्याग, आफ्नो पुर्खाप्रतिको आस्था, विश्वास र गौरव गर्दै ठूलो मान्छे होइन असल मानिस बन्ने अठोट लिने । यसरी प्राप्त गरिएको महानता नै वास्तविक महानता हुनेछ । मौलिक किरात धर्मीहरू एकदम ठिक ठाउँमा छन् र उचित बाटोमा हिडेका छन् । यो नै गौरव हो । आफ्नो अस्तित्व, स्वभिमान र बिरासत गुमाएर पाएको पद, मान, शान र ऐसको कुनै महत्व छैन । एक स्वाभिमानी किरात राईले एक किरात राईको सभामा मुठी माथि उठाउँदै भनेका थिए -आफ्नो अस्तित्व गुमाएर सुनको सेली लगाउनु भन्दा अस्तित्व बचाएर तितेपाती स्युरनु महानता हो । सबै किरातीहरूले यत्तिखेर यही उद्घोषलाई नै शिरमा राख्यौं भने किरात धर्म, सस्कृतिबाट कोही पनि विचलित हुनपर्ने छैन । साथै एक अर्काप्रति अहस्तक्षेपको नीति र धार्मिक सहिष्णुताबाट नै सुन्दर समाजको निर्माण हुन सक्छ भन्ने भावनालाई सबैले बुझ्न आवश्यक छ । यत्तिखेर भन्ने हो भने हामीले मेरो यशु ठूलो र तेरो पारूहाङ सानो, मेरो बुद्ध सेतो र तेरो मुहम्मद कालो भन्दै अर्काको घर नष्ट गर्नुभन्दा सबैको घर सुरक्षा कसरी हुन्छ भन्ने बाटोबाट अगाडि बढ्न आवश्यक छ । कुनै धर्मको पनि सर्वसत्तावादी चरित्र बिलकुल निरंकुश र अन्यायी हुन्छ । हाम्रो धार्मिक आस्था न्यायिक समाज निर्माणको लागि हो भने नारदमुनि थुलुङ्को एउटा कवितालाई मनन् गर्न आवश्यक छ जसमा भनिएको छ- "नसप्रनु बिगारी कसैलाई, नबिग्रनु सपारी कसैलाई, सप्र आफू अनि सपार सबैलाई ।" यो नै धार्मिक सामाजिक सहिष्णुता, अहस्तक्षेप र अविचलनको सुत्र हो भन्ने कुरा युगले निर्देश गरिसकेको बुझ्नुपर्ने समय आएको छ । *मुचिनी ।*

29 . बमबहादुर राई , **पौराणिक किरात इतिहास,** (दिक्तेल : कुलबहादुर चामलिङ राई, २०६२), पृ-४५

30. दुर्खाहाङ याक्खा राई, "पछौटेपन : जँड्याहा संस्कार" **निप्सुङ,** वर्ष -१२, अंक -१२, ( बासबारी : किरात राई यायोक्खा, २०६२), पृ-४५

# समय सन्दर्भमा राष्ट्रिय गान

-सचित राई



ओखलढुङ्गाको थाक्ले, हिलेपानीबाट काठमाण्डौं भित्रिदा प्रदीपकुमार राईलाई व्याकुल माइला बन्छु भन्ने लागेको थिएन । न त, राष्ट्रगानको सर्जक बन्छु भन्ने लागेको थियो । आखिर नसोचेको जे थियो त्यही भयो । प्रदीपकुमार राई भन्नुहुन्छ -'संयोगले व्याकुल माइला बनें' । या सौभाग्य तपाईलाई प्राप्त भएको भए के गर्नु हुन्थ्यो ? अवश्य पनि राष्ट्रप्रतिको जिम्मेवारी बोध गर्नु हुन्थ्यो होला । माइलालाई पनि यस्तै जिम्मेवारी बोध भएको छ ।

प्रदिपकुमार राईलाई काठमाण्डौंको माहोलले व्याकुल माइला बनायो । तर, माइलाको परिचय त्यत्तिमै रोकिएन । राष्ट्रगानका सर्जक पनि बनेका छन् । उनलाई राष्ट्रगानको सर्जक काठमाण्डौंले मात्र नभई देशको राजनीतिक परिस्थिति र परिवर्तनले बनायो । यद्यपि, राष्ट्रगान साहित्यिक मूल्यबाट सिर्जना गरेको बताउँछन् । यसअर्थमा उनी जनताका लागि माध्यम बनेका छन् । ०६२/०६३ को जनआन्दोलनपछि व्याकुल माइलाको नाम चर्चाको शिखरमा रहयो । राष्ट्रगान छनोट कार्यदलले उनको शब्द सिर्जनालाई राष्ट्रगानका रुपमा सिफारिस गर्नासाथ चर्चा/परिचर्चा चुलियो । त्यो हुनु अस्वाभाविक थिएन । सबैलाई आफ्नो कुरा राख्ने अधिकार हुन्छ । त्यही भयो । तरकतिपय टिप्पणी 'व्यक्तिगत चरित्र हत्या गर्ने प्रयास' सम्म पुग्यो । अब ती यावत कुराहरू त्यति सान्दर्भिक रहेनन् । जनताले त्यसको प्रतिवाद गरिसकेका छन् । नेपाल आदिवासी जनजाति महासंघले त कार्यदलबाट सिफारिस गरिएको माइलाको शब्द सिर्जनालाई पारित गर्न आन्दोलनको एक माग नै बनायो ।

माइला, पेशाले कानुन व्यवसायी हुन् । राजनीतिक क्षेत्रबाट साहित्यमा पदार्पण भए । यद्यपि, यी दुईलाई अलग पारेर हेर्न नमिल्ने उनको ठम्याइ छ । राजनीतिक चिन्तनको अभावमा सर्जक अपुरो हुन्छ । साध्य र साधनबीच दरार उत्पन्न हुन्छ । यसले पनि साहित्य र राजनीतिको सम्बन्ध स्पष्ट पार्छ । नेपाली गीतिसाहित्यमा त सर्जक माइलाले पहिले नै महत्वपूर्ण योगदान गरिसकेका छन् । जुन प्रयासलाई नेपाली गीतिसाहित्यको कोशेढुंगा मान्न सकिन्छ । त्यसका अतिरिक्त माइला मानवअधिकारको पक्षमा सक्रिय व्यक्तित्व हुन् । २०४६ सालको जनआन्दोलनदेखि ०६२/०६३ को जनआन्दोलनसम्म जनाधिकारको पक्षमा वकालत गरेका छन् ।

**राष्ट्रियगान**

**सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली**<br>
**सार्वभौम भई फैलिएका मेची महाकाली**<br>
**प्रकृतिका कोटी-कोटी सम्पदाका आँचल**<br>
**वीरहरूका रगतले स्वतन्त्र र अटल**<br>
**ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल**<br>
**अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल**<br>
**बहुलजाति, भाषा, धर्म, संस्कृति छन् विशाल**<br>
**अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।**

एक हजार दुईसय ७२ प्रतिस्पर्धी मध्येबाट छानिनु कम चानचुने कुरा थिएन । माइलालाई आफ्नै सिर्जना सिफारिस हुन्छ भन्ने लागेको थिएन । पहिलोपटक गीतको आह्वान गर्दा माइला गीत बुझाउन तयार सम्म पनि थिएनन् । उनलाई निस्पक्ष प्रतिष्पर्धा होला भन्ने लागेको थियो । उनमा ठूलावडा भनाउँदाहरूबाट होच्याइनुको पीडा थियो । शायद दोस्रोपटक हुनुपर्छ, उनी लोकतान्त्रिक सरकार र सरकारले बनाएको कार्यदलप्रति विश्वस्त भए होलान्, आफ्नो सिर्जना कार्यदललाई बुझाए ।

यसबेला त्यो सिर्जना माइलाको मात्र रहेन । अब नेपाली जनताको पनि भयो । मूल्य सिद्धान्तका आधारमा पनि साहित्य डायरीमा रहेसम्म मात्र सर्जकको, त्यसपछि त पाठक, दर्शक र श्रोताको हुन्छ । त्यस्लाई अर्थाउने जिम्मा पाठकको नै हो । राष्ट्रगानको सन्दर्भमा भन्नुपर्दा सरकारले सार्वजनिक पनि गरिसकेको छ । र हाल यो हामीमाझ घन्किरहेको छ ।

राष्ट्रगान राष्ट्रनिर्माणको लागि हो । यतिबेला देश पुनसंरचनाको सँघारमा छ । हामी नयाँ राज्यसत्ता स्थापनाको दौडानमा छौं । पुरानो राज्यप्रणालीले देश अग्रगामी बन्न सकेन । त्यस्तै भयो, पुरानो राष्ट्रगान पनि । सलामी धुन, राष्ट्र निर्माणका लागि नयाँ राष्ट्रगान पाएका छौं । यसमार्फत् नयाँ नेपाल निर्माणको बाटोमा अग्रसर हुनुपर्छ ।

नयाँ नेपाल निर्माणका लागि सबैखाले अतिवादबाट बच्न आवश्यक छ । अतिवादबाट गुज्रिएर सार्थक नयाँ नेपालको निर्माण सम्भव छैन । हामी आत्मनिर्णयको अधिकारसहितको संघीय लोकतान्त्रिक गणतन्त्रको मार्गमा छौं । यसबाट मात्र सार्थक नयाँ नेपालको निर्माण सम्भव छ भन्ने ठम्याँइ छ ।

राष्ट्रगानले सार्वभौमसत्ताको कुरा बोल्छ, बोल्छ अखण्ड नेपालको । नेपाली बहुलताको कुरा बोल्छ । र बोल्छ नेपाली भाषाको, संस्कृतिको, धर्मको, जातिको । नेपाली बहुलता नेपाली भन्नुको परिचय हो । यो कुनै एक धर्म, जाति, संस्कृति र भाषाको मात्र परिचय बन्न सक्दैन । सह-अस्तित्वको मार्गनिर्देश छ गीतमा । अर्कोतर्फ ज्ञानभूमिको कुरा बोल्छ राष्ट्रगानले । हामी जति अग्रगामी हुन खोजिरहेका छौं, त्यही अग्रगामी चिन्तन राष्ट्रगानको अन्तरवस्तु बनेको छ ।

पुरानो राष्ट्रगानले राजा र राजपरिवारको स्तुति गायो । जनताको गीत बन्न सकेन । त्यो नेपाली बहुलताको चिनारी बनेन । प्रभुत्ववादी एकल संस्कृतिको परिचाय बन्यो । वर्तमान राष्ट्रगानले बहुलता स्वीकार गर्न मार्ग निर्देश गरेको छ । नयाँ राष्ट्रगानले राष्ट्रियताको परिभाषा बनाएको छ । यसबीच भिन्नता मातृभाषामा अनुवाद गर्ने आवाज पनि उठेको छ । यसतर्फ अग्रसर हुने हो भने मातृभाषीका लागि सुनमा सुगन्ध हुने छ । त्यसो त राष्ट्रगानका सर्जक माइला नै पनि आफ्नो मातृभाषा वाम्बुले किरात राई भाषा-साहित्य निर्माणमा लागिपरेका स्रष्टा हुन् । आदिवासी संस्कृतिका भाषा,धर्म,संस्कृति,विचार र सिर्जनालाई अछुत मान्ने एकाधिकार वादी कार्यशैली परिवर्तन हनुपर्छ भन्ने लागेको छ माइलालाई ।

जनआन्दोलन ०६२/०६३ ले संविधानसभा निर्वाचनलाई साझा सहमतिको विन्दुसम्म ल्यायो । यसलाई सात दल र माओवादीबीचको विस्तृत शान्ति सम्झौताले औपचारिकता दियो । संविधानसभा नयाँ नेपाल निर्माणको प्रारम्भ बिन्दु हो । संविधानसभालाई पूर्ण समानुपातिक बनाउन सहमति जुट्न सकिरहेको छैन । सहमतिमा पुगेर नयाँ नेपालको गन्तव्य निर्धारण गर्न जरुरी छ । नत्र अतिवादले पाइला टेक्ने ठाउँ पाउने छ । अतिवादविरुद्ध पटकपटक जनता संघर्षमा उत्रिएका छन् । जीवन उत्सर्ग गरेका छन् । त्यही अतिवादविरुद्धको संघर्षले राष्ट्रगानको निर्माण गरेको छ ।

*raisachit@gmail.com*


**बिजयादशमी तथा दिपावली एवं छिरियाम्लो**

**(उधौली)-०६४** को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त शुभेच्छुक, ईष्टमित्र, नातागोता, नातानालाहरुमा

सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर समुन्नतिको

*हार्दिक मंगलमय शुभकामना*

व्यक्त गर्दछौं ।





**जानुका रंकासु (सत्म) दुमीराई**
**प्रधानाध्यापिका, श्री पृथ्वी उच्च मा. वि.,**
**बाक्सिला, खोटाङ्ग**
**तथा**
**सपरिवार**

**चतुरभक्त सत्म दुमीराई**
**किराया, उपाध्यक्ष, दुकिराफ, अध्यक्ष**
**तथा**
**सपरिवार**

**बिजयादशमी तथा दिपावली एवं छिरियाम्लो**

**(उधौली)-०६४** को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त शुभेच्छुक, ईष्टमित्र, नातागोता, नातानालाहरुमा

सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर समुन्नतिको

*हार्दिक मंगलमय शुभकामना*

व्यक्त गर्दछौं ।



**गोपाल हदी दुमीराई**
(कृपालक्ष्मी दुमीराईको सुपुत्र)
**तथा**
**सपरिवार**

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष श्री जीतपाल किरात राईज्यूसंगको भेटवार्ताको सारसंक्षेप

*पुर्ख्यौली थलो भोजपुर जिल्ला(माझ किरात)को कटुन्जे गाऊँमा बाबु समाजसेवी एवं शिक्षाप्रेमी पदम बहादुर राई र आमा भिमशोभा राईको कोखबाट कान्छा छोराको रूपमा वि.सं. २०१० सालमा जन्मनु भएका श्री जीतपाल किरात सम्पूर्ण किरात राई समुदायको सम्मान बन्नुभएको छ । विगत जनआन्दोलनमा सक्रिय सहभागी एवं कामप्रति दृढ, अनुशासित र लगनशील श्री राईलाई वर्तमान नेपाल सरकारद्धारा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान कार्यकारिणी परिषदको उपाध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त गरिनु भएको छ । भारतको गोरखपुर विश्वविद्यालयबाट सन १९७९मा र बेलायतको एक्सिटर विश्वविद्यालय (ExeterUniversity)को समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागबाट समाज शास्त्रमा स्नातकोत्तर श्री राई त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनदेखि संयुक्त राष्ट्र संघमा बरिष्ठ सल्लाहकारको रुपमा सेवारत अवस्थामा अफ्रिका, अमेरिका र एशियाका बिभिन्न देशहरु लगायत विश्वका अन्य थुप्रै मुलुकहरूको भ्रमण गरिसक्नु भएको छ । हालमा श्रीमती दुर्गा राई (भद्रपुर-झापा) र दुई छोराहरु (सुदिप र अजय)का साथ ललितपुर, मानभवनमा बसोबास गर्दैरहनु भएका श्री राईसँग उहाँको निवासमा इसिलिम दशौं अकको लागि इसिलिम प्रतिनिधिद्वारा (२०६४, भाद्र १२ गते) लिइएको भेटवार्ताको संक्षिप्त रूप प्रस्तुत छ ।*



**आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान कस्तो संस्था हो ?**

यो सरकारको आर्थिक अनुदानबाट चलेको स्वायत्त संस्था हो । यसको अध्यक्ष स्वयम् प्रधानमन्त्री रहने प्रावधान छ भने संचालक परिषदमा विभिन्न मन्त्रालयहरु, सासदहरु आदिबासी जनजाति महासंघ लगायत आदिबासी जनजाति संस्थाहरुबाट यसको प्रतिनिधित्व गरिएको हुन्छ । यसर्थ पनि यो सरकार र आदिबासी जनजातिहरु बीच समन्वय गर्दै आदिबासी जनजातिहरुका हितको लागि काम गर्ने संस्था हो ।

**यस संस्थाको गरिमामय उपाध्यक्ष पदमा यहाँलाई मनोनित गरिनुको पछाडि प्रमुख कारण के हुन सक्ला ?**

यहाँसम्म आइपुग्न केही निश्चित प्रक्रियाहरु छन् । जुन प्रक्रिया अनुसार नै मलाई यस संचालक परिषदको उपाध्यक्ष पदमा नियुक्ति गरिएको हो । पहिलो आधार चाहिँ त किरात राई यायोक्खा नै हो । किरायाको केन्द्रीय सदस्य बन्नु अगाडिदेखि नै पनि म जनजाति आन्दोलनमा सरिक भएकोछु । त्यस मध्ये पनि किरायाको केन्द्रीय सदस्यको हैसियतले बिगत आदिवासी जनआन्दोलनलाई अगाडि बढाउने क्रममा सक्रिय भूमिका निर्वाह गर्दै आएको थिएँ । यी सबै कुराहरु साथै आदिबासी जनजाति संघ संस्थाहरु, आदिबासी जनजाति महासंघ र नेपाल सरकारको मप्रति सकारात्मक धारणा नै समग्रमा प्रमुख कारण रहेको ठान्छु ।

**यस प्रतिष्ठानलाई बाहिरबाट हेर्दा र आफू त्यसभित्र बसेर हेर्दा केही फरक पाउनु भयो कि ?**

वास्तवमा यो प्रतिष्ठान स्थापना गरिनु अगाडि सरकारले स्थानीय मन्त्रालय अन्तर्गत आदिबासी जनजाति विकास समिति गठन गरेको थियो । जसमा म पूर्वाञ्चलको तर्फबाट सदस्य थिएँ । तथापि यस प्रतिष्ठान निर्माणको क्रममा यसका ऐनहरु ड्राफ्ट गर्ने र संस्थाको उद्धेश्य, कार्यक्षेत्र र संरचना बारे आदि बहसहरुमा म आफै पनि सहभागि भएको नाताले यसका सीमाहरु, यसले गर्नसक्ने सम्भावनाहरुका बारेमा जानकारीहरु पहिलेदेखि नै थाहा थियो । तैपनि उपाध्यक्ष भैसकेपछि कर्मचारी बिनियमहरु अनि आर्थिक बिनियमहरु नबनिसकेको हुनाले ब्यबस्थापनमा कतिपय कठिनाईहरु देखापरेका छन् नै । कर्मचारिहरु अस्थायी छन, सरकारी अनुदानबाट चलेको संस्था, जिम्मेवार पदाधिकारीको रुपमा काम गर्दा केहि साना मसिना कठिनाईहरुको सामना त गर्नु पर्ने नै हुन्छ ।

**प्रतिष्ठानभित्र बिद्यमान चुनौतिहरु..?**

समाधान नै गर्न नसकिने समस्या वा चुनौति त केही पनि छैन । तैपनि तत्काल मैले देखेको प्रमुख आवश्यकता चाहिँ संस्थागत विकाश (system develop) गर्नु जरुरी छ । अंग्रेजीमा एउटा भनाई छ 'पहिले चाहिँ आफ्नो घरै नै राम्ररी सम्हाल्न सक्नुपर्छ (keep your house in order first)'। त्यसैले कुनै बिकराल समस्या नरहेपनि यो काम गर्न सके चाहिँ सजिलो हुनेछ भन्ने लागेको छ मलाई ।

**भावी कार्यक्रम तथा योजनाहरु पनि तय गरि सक्नु भएको छ कि ?**

संस्थाको दीर्घकालिन योजना (Long term planning)को बारेमा भन्नुपर्दा बिगतमा पनि बनाइएका थिए । तर अहिले आएर मुलुकको राजनीतिक अवस्थामा धेरै परिबर्तन भएको हुनाले र अझ परिबर्तनको संभावनाहरु भएकोले बर्तमान परिप्रेक्षेमा त्यसमा केहि परिमार्जन गर्नुपर्ने हुन्छ । वार्षिक योजना अन्तर्गत त अहिलेको तत्कालको आवश्यकता

(immediate needs)लाई सम्बोधन गर्ने हिसाबले अगाडि लैजानुपर्छ । मैले चाहिँ आगामि बर्षमा राज्यको पुन:संरचना, संघात्मक संरचना तथा आदिबासी जनजातिहरुको सवालमा प्रतिष्ठानको पनि एउटा दीर्घकालिन सोँच बनाएर यसले खेल्ने भूमिकाहरुका बारेमा पनि राष्ट्रियस्तरको अन्तरक्रिया र छलफल गरेर अगाडि बढ्नुपर्छ जस्तो लागेको छ ।

**बर्तमान परिप्रेक्ष्यमा आदिबासी जनजातिप्रति प्रतिष्ठानको भूमिका कस्तो हुनपर्छ ?**

प्रतिष्ठानले मुलुकको कूल जनसँख्याको करिब ४० प्रतिशत आदिबासी जनजातिहरुको हकहितको निम्ति नै काम गर्नुपर्छ । अर्कोतिर साधन र स्रोत सीमित हुनाले पनि यसमा केहि सीमाहरु पनि छन् । तर नीति निर्माण तहमा के-कस्ता नीतिहरु ल्याउदाखेरि आदिबासीहरुलाई सहयोग पुग्छ, ती कुराहरुको निर्क्यौल गरेर सरकारलाई अनि राजनीतिक दलहरुलाई सल्लाह दिन सकिन्छ । अर्कोतिर सँख्याको हिसाबले अति नै सानो र आर्थिक सामाजिक हिसाबले पछाडि परेका आदिबासी जनजातिहरु जो चाहिँ संकटमा छन्, उनीहरुलाई जीबिकोपार्जनको लागि सहयोग गर्नुपर्ने अवस्था छ । यसरी यस संस्थाले राज्य र आदिबासी जनजातिहरु बीचको समन्वयको काममा भूमिका खेल्न सक्छ । आदिबासीहरुलाई सशक्तिकरण गर्ने, राज्यमा उनीहरुको पहुँच र प्रतिष्ठा बढाउनको निम्ति नीति निर्माण तहमा जिम्मेवार भूमिका खेल्नु पर्दछ ।

**संविधान सभाको बारेमा यहाँको ब्यक्तिगत धारणा कस्तो रहेको छ ?**

राज्यमा केही जातिहरुको हालिमुहालि भएको हुनाले नै मुलुक एक प्रकारले संकटको अवस्थामा छ । त्यसकारणले गर्दा अहिले अन्तरिम संविधानले नेपाल राज्य समाबेसी, धर्म निरपेक्षे र संघात्मक भनेर पनि किटान गरिसकेको अवस्था छ । हाम्रो प्रयास भनौं वा समस्त आदिबासीहरुका लक्ष्य भन्नु नै मुलुकलाई आधुनिक, समाबेसी र विकसित राज्य बनाउने हो । त्यसैले आगामी बन्ने नयाँ संबिधान सभामा पनि त्यहि अनुसार कार्यक्रम बनाएर अगाडि बढ्नु पर्दछ भन्ने लाग्छ ।

**आदिबासी जनजातिहरुको भविश्यको बारेमा नि त ?**

पुरानो ढाँचाको केन्द्रीकृत राज्य प्रणाली अन्तर्गत नै केही निश्चित जातिको मात्र राज्यमा बर्चश्व रहिरह्यो भन्देखिन मुलुक कहिले पनि अगाडि बढ्दैन र मलाई जहाँसम्म लाग्छ, नेपालका आदिबासी जनजातिहरुले राज्यलाई अग्रगामी, समाबेसी, संघात्मक र लोकतान्त्रिक बनाउन सक्रिय भूमिका निर्बाह गर्नु पर्दछ । त्यसैले आउदो संविधान सभा चाहिँ आदिबासी जनजातिहरुका लागि सबभन्दा उपयुक्त अवसर हो ।

**आदिबासी जनजातिहरुलाई प्रतिष्ठानले के दिन सकेको छ र जनजातिहरुबाट यसले के चाहिँ लिनसकेको छ जस्तो लाग्छ यहाँलाई ?**

प्रतिष्ठान स्थापना भएको नै आदिबासी जनजातिहरुका हितमा काम गर्न अथवा राज्यलाई उनीहरुका हितको निम्ति सल्लाह दिन, मुलुकलाई आधुनिकिकरण, अग्रगामी, लोकतान्त्रिक बनाउनमा सहयोग पुऱ्याउन हो । त्यसकारण प्रतिष्ठानले लिनुपर्ने अथवा पाउनुपर्ने कुरा भनेको चाहिँ मुख्य त जनजातिहरुका विश्वास नै हो । आदिबासी जनजातिहरुले यस संस्थाप्रति विश्वास गरेभन्देखि सबभन्दा ठूलो उपलब्धि वा प्राप्ति त्यहि नै हुनेछ ।

**यस प्रतिष्ठानप्रति आदिबासी जातीय संस्थाहरुका ब्यबहारहरुलाई सम्झिनुपर्दा...?**

स्वाभाविक रुपमा हामी चाहन्छौं कि जातीय संस्थाहरु बढि जिम्मेवार होऊन्, उनीहरु पारदर्शी हुन सकून्, उनीहरु आफ्ना जनाधारमा जिम्मेवार भएर काम गर्न सकून्, जसले गर्दा विश्वासिलो वातावरणमा सहयोगी partner को रुपमा सँगसँगै अगाडि बढ्न सकौं । तर हामी संक्रमणको अवस्थामा छौं । धेरै जातीय संस्थाहरुमा संस्थागत विकासको कमी पनि छ । यसको प्रमुख कारण जातीय संस्थाहरु स्थापना भएको धेर पनि भएको छैन । खासगरी ०४६ सालको राजनीतिक खुला वातावरणपछि मात्र जातीय संस्थाहरु स्थापना हुन थालेका हुन् । त्यसमा पनि कतिपय जनसँख्या, आर्थिक र भौगोलिक हिसाबले पछाडि परेका आदिबासीहरुले संस्था खोल्न निक्कै ढिलो भयो । त्यसकारण उहाँहरुको अवस्था र आवश्यकता अनुसार नै हामीले सहकार्य गर्नुपर्छ भन्ने मान्यता अनुसार नै हामी कार्यक्रमहरु पनि तय गर्दैछौं ।

**मुलुकको राजनीतिले यस संस्था(प्रतिष्ठान)को कार्यशैलीमा असर पार्छ या पार्दैन ?**

मुलुकमा हाल संक्रमणको अवस्था भएको हुनाले जनजातिहरु आन्दोलनकै अवस्थामा पनि छन् । त्यसले गर्दाखेरि एक हिसावले सरकारको तर्फबाट काम गर्नमा त्यस्तो कुनै बाँधाहरु त छैन । तैपनि बर्तमान राजनीतिक परिस्थितिले आदिबासी जनजातिहरुको आवश्यकता र आकांक्षा उच्च भएको तर हामीसँग श्रोत र साधन ज्याँदै न्यून भएकोले चाहे अनुसार काम गर्न सकिन्न ।

**जनजाति आरक्षण बारेमा यहाँको ब्यक्तिगत धारणा ?**

अहिलेको सन्दर्भमा नेपालमा आरक्षण अनिबार्य नै छ । आरक्षण आफैमा कसैले माया दयाले दिएको कुरा नभएर मुलुकमा जुन किसिमको असमानता छ, जस्तै राज्यमा प्रतिनिधित्वको कुरा (राजनीतिक प्रतिनिधित्व, कर्मचारीतन्त्र) आदिमा जात/जाति बीच जुन असमानता छ, यदि त्यस समस्यालाई सम्बोधन गर्ने हो भने आरक्षण अत्यन्तै जरुरी छ र आरक्षणको ब्यबस्था गरिएन भनेदेखि जुन समुदायहरु अगाडि छन्, उनीहरुको अवस्था झनझन तीब्र रुपले मजबुत हुदै जानेछ भने पछाडि परेका समुदायहरु झनै पछाडि धकेलिने छन् । त्यसकारणले मुलुकमा जुन समानुपातिक प्रतिनिधित्वको कुरो उठिरहेको छ, त्यो पनि एक किसिमको आरक्षण नै हो । त्यो कुन अर्थमा भन्दाखेरि आफ्नो समुदायको जनसँख्याको अनुपातमा ठाऊँ पाउनुपर्छ भन्ने नै हो । त्यसपछि संविधान

सभापछि संसदीय चुनावमा पनि यी कुराहरु उठ्न सक्छ । आरक्षणको कुरा गर्दा हामीले जोड दिनुपर्ने मुख्य कुरा चाहिँ शिक्षा र सरकारी सेवामा नै हो ।

**जातीय स्वायत्तताको सवालमा नि ?**

यो कुरा पनि भर्खरै मात्र अन्तरराष्ट्रिय श्रम संगठन महासंधि १६९ लाई संसदले पारित गरेकोछ । आदिबासी जनजातिको सवालमा जातीय स्वायत्तता दिनु चाहिँ अन्तर्राष्ट्रिय कानूनलाई सम्मान गर्नु हो । नेपालमा जुन संघात्मकताको कुरो आइराखेको छ; राज्यले संघात्मक भनेर पहिचान गरेपनि त्यसको स्वरुप वा संरचनाको बारेमा अझैपनि यकिन भैसकेको छैन । आदिबासी जनजातिहरुले चाहिँ जातीय स्वायत्तताको कुरा उठाइरहेका छन् र नेपालको सन्दर्भमा यो जायज कुरा पनि हो । यो किनपनि हो भने पहिलेदखि नै आ-आफ्नो जातिको परम्परागत थलोहरु छन् नि । संघात्मक त हुन्छ नै त्यसमा पनि जातीय पनि भयो भनेदेखि चाहिँ गुमेको आफ्नो अधिकार उपभोग गर्न पाउँछन् । अन्तत्वगत्व आजको एक्काइसौ सताब्दिमा नेपाललाई आधुनिक, लोकतान्त्रिक र विकसित देश बनाउने हो भने राज्यमा सबै नेपालीको समानुपातिक अधिकार सुनिश्चित गरेर आधुनिक राज्यको निर्माण गरी अन्तरराष्ट्रिय समुदायको सदस्य बन्ने नै हो ।

**राज्य पुन:संरचनाको कुरा पनि उठिरहेछ, यदि त्यसोभएमा...?**

विशेष गरी ०४६ सालपछि जातीय संस्थाहरु आ-आफ्ना भाषा र संस्कृति आदि कुराहरु लिएर अगाडि बढेका छन् । जहाँसम्म राज्यको पुन:संरचनाको कुरा छ, जातीय स्वायत्तता भयो भने हाम्रो अवस्था एकदमै परिबर्तन भएर जानेछ । म त भन्छु, यस प्रतिष्ठानको पनि भूमिका एकदमै परिबर्तन भएर जानेछ । त्यस बखतमा जातीय संस्थाहरु पनि यहि रुपमा नै रहन्छन् भनेर म भन्दिनँ, नत प्रतिष्ठानको पनि भूमिका नै यहीँ रुपमा रहला । राज्यको पुन:संरचना भए पश्चात संविधानमै ब्यवस्था भएको एकदमै सशक्त आदिबासी जनजाति आयोगको आवश्यकता पर्छ, जुन आयोगले आदिबासी जनजातिहरुका अधिकारलाई रक्षा (protection) गर्न सकोस् । कानून वा ऐनबाट आएको आयोगले कुनै भूमिका खेल्न सक्दैन । त्यसकारण पनि सबै जातीय संस्थाहरु, प्रतिष्ठान लगायत राज्यको भूमिका नै फरक-फरक हुने स्थिति आइराखेको हुनाले समय अनुसार नै ती सबै परिबर्तन र परिमार्जन हुदै जान्छन् र जानुपर्दछ ।

**शुरुमा किरायामा प्रबेश गर्नुको प्रमुख कारणहरु ?**

हामी आपसी सहअस्तित्वको मूल्य र मान्यताको विकाश प्रक्रियामा छौं । यसर्थ पनि मलाई लाग्छ कि सामाजिक न्याय, समानता र स्वतन्त्रता नै अहिलेको मान्छेको गन्तव्य हो । ती कुराहरुलाई प्राप्त गर्न ब्यक्तिगत रुपले लागेर मात्र हुदैन । यसको अलवा आदिबासी जनजातिहरुले आफ्ना हकको माग सामुहिक वा संगठित रुपले आवाज उठायो भने त्यो बढि प्रभावकारी हुन्छ । नेपालको सन्दर्भमा करीव २३८ बर्षको अवधिलाई बिचार्दाखेरि मनुस्मृतिमा आधारित बर्णब्यबस्थाबाट चलेको मुलुक हो यो । जसले गर्दा जात/जातिमा जुन प्रकारको भेदभाव छ, यसलाई सम्बोधन गर्न जातीय रुपमै संगठित हुनुपर्ने आवश्यकता महसुस गरेर नै म यायोक्खामा लागेको हुँ ।

**किराया संरक्षक सदस्य एवं अक्षयकोष दाताको रुपमा यस संस्थालाई सम्झदा ?**

हामी किरात राईहरु बहुभाषी भैकन दुई वटा कुराहरुले एक बनाएको छ हामीलाई । एउटा त 'राई' शब्द अनि अर्को चाहिँ हामी endogamous भएको हुनाले एक-अर्कामा थरहरु बीच बिहेबारि चलाउन सकिन्छ । भनौ, सानो-ठूलोको भेदभाव कतै पाइन्न राई जातिमा । राज्यको दमनमा परेर हाम्रा पुराना सामाजिक र सांस्कृतिक संरचनाहरुलाई सुनियोजित ढँगले भत्काइदिएको हुनाले ती समस्याहरुलाई सम्बोधन गर्नलाई एउटा सामुहिक संगठनको आवश्यकता छ । त्यसैले सबै राईहरुलाई एक ठाउँमा ल्याउने साझा संस्था निर्माण गर्नु आवश्यक छ । यसमा सबै मातृभाषी राई समुदायहरु अटाउन् र ती सबैको प्रतिनिधित्व पनि होस् र हरेक राई समुदायको यो सामुहिक थलो होस् भन्ने उद्धेश्यले किरात राई यायोक्खामा सम्बद्ध थिएँ र छु ।

**बर्तमानमा किरायाको गतिविधिको बारेमा यहाँको मूल्यांकन कस्तो रहेको छ ?**

विगत २३८ बर्षमा राज्यले हाम्रा परम्परागत संस्थाहरु भत्कायो । आधुनिक सामाजिक संस्थाहरु निर्माण गर्ने क्रममा नै छौं हामी । त्यसकारण अहिले हामी संक्रमणको अवस्थामा छौं । त्यसैले किराया पनि हाम्रो सिँगो समाजको एक अंग भएकोले बर्तमानमा संस्थागत विकासको क्रममा नै छ ।

**'इसिलिम' पत्रिका र 'दुकिराफ'लाई ब्यक्तिगत रुपमा केही भन्नु छ कि ?**

प्रथमत: इसिलिमले पछिसम्म निरन्तरता पावस् । किनभने प्राय: धेरै जसो जनजातिहरुका पत्रिका प्रकाशनदेखि लिएर अन्य धेरै कामहरु दीगो देखिदैन । इसिलिमको लक्षित समुदायहरु सामू सहज रुपमा पुर्‍याउन सकियोस् र यसमा समाबेश गरिने सामग्रीहरु पनि बुझिने र अधिकतम जानकारीमुलक हुन सकोस् । दुकिराफ संस्था आफैमा सशक्त हुदै जावस् । ताकि इसिलिम प्रकाशनले स्थायीत्व पाइनै रहोस् । अनि दु:मिराई लगायत आदिबासी जनजातिहरुको मुद्धालाई उजागर गर्न सकोस् र चेतना फैलावस् ।

**विशेष रुपमा किरात युवा पुस्तालाई सन्देश दिनुपर्दा नि...?**

बर्तमान परिप्रेक्ष्यमा युवाहरुले शिक्षामा जोड दिनु जरुरी छ । मानव स्रोत भनेको परिबर्तन र विकासको आधार शीला पनि हो । राम्रो शिक्षा हाँसिल गर्न सके नेपालमा मात्र होइन विश्वमा नै ख्याति प्राप्त गर्न सकिन्छ । तसर्थ पनि प्रशस्त सम्भावना बोकेका हाम्रा युवा जोशलाई उर्जाशील बनाउन सम्बन्धित जातीय संस्थाहरुले पनि यथासमयमा उचित मार्ग निर्देशन गर्नु जरुरि छ । *सुचि ।*

# भाषिक अध्ययन र केहि अनुभूतिहरू



- तेजमाया मुरह दुमीराई

दुमी भाषाको शब्द संकलन तथा दुमीशब्द टिपोट गर्ने क्रममा मुख्य गरी दुमी बस्तिहरुको विभिन्न गा.वि.स. अन्तर्गत जाल्पा, खार्मी, बाक्सिला, सप्तेश्वर र माक्पा क्षेत्रहरुलाई लक्षित गरी २०६४ बैशाख २४ गतेदेखि जेष्ठ १३ गतेसम्मको समयावधी निर्धारण गरिएको थियो। उक्त २० दिनको अवधिमा गरिएका अध्ययन भ्रमणलाई म आफू अध्ययन टोलीको एक सदस्य रहेको हैसियतले सरसरती सटिकरूपमा आफ्ना व्यक्तिगत अनुभव अनुभूतिलाई सम्पूर्ण दुमीजनसम्म पुऱ्याउने जमर्को गरेकी छु।

सर्वप्रथम आजको यो गतिशील आधुनिक युगमा मातृभाषा, धर्म-संस्कृति दिनानुदिन विलिन हुँदै गईरहेको अवस्थासँगै पश्चिमी शैलीका विविध भाषा तथा संस्कार भित्रिने क्रम बढ्दो रहेको यो परिवेशमा पीडित अन्य भाषाहरुमध्येको एक भाषा 'दुमीभाषा' पनि हो। यस भाषालाई जिउँदो रूप यानेकी लिखित रूप दिनको खातिर "दुकिराफ" साथमा शब्दकोष निर्माण समिति दुमी राईहरुको बसोबास क्षेत्र गाऊँ टोलमा पुग्ने प्रयास गऱ्यो। यसरी दुमी भाषाको शब्द संकलन गर्ने कामको प्रारम्भ भयो। जसलाई गा.वि.स. अन्तर्गत स्वाडेश सय शब्द कहाँ के कति प्राप्त भयो भन्ने कुरालाई बुदागत रूपमा प्रस्तुत गर्न चाहन्छु।

**जस अनुसार स्वाडेश सय शब्दहरु मध्ये-**

| दुमी क्षेत्र | गाऊँ | प्राप्त दुमीशब्द | दुमी क्षेत्र | गाऊँ | प्राप्त दुमीशब्द |
|---|---|---|---|---|---|
| क) जालपा क्षेत्र | पुरानो गाऊँ - | ७८ | ग) बाक्सिला क्षेत्र | चोखुम - | ७७ |
| | ससर्का - | ८४ | | हल्कुम - | ९९ |
| | खरबारि, साबालुङ | ८३ | | माक्पालीडाँडा - | ८८ |
| ख) खार्मी क्षेत्र | साब्रु - | ७९ | घ) सप्तेश्वर क्षेत्र | थर्पु (दारेगौंडा) - | ४० |
| | निभारे - | ८८ | ङ) माक्पा क्षेत्र | माक्पा - | ९१ |
| | तुर्खा - | ८७ | | लुम्दु - | ८२ |
| | | | | नोरुङ - | सतप्रतिसत |

स्थलगत अध्ययनबाट दुमी शब्दहरु भाषा बोलाईमा क्षेत्रगत भिन्नता मात्र नभएर एकै क्षेत्र अन्तर्गत पनि विभिन्न गाऊँ-टोलहरुमा भिन्नता रहेको पाइयो। जस्तै:-

| | | | | |
|---|---|---|---|---|
| क) | जालपा, पुरानो गाऊँ :- | बल्नु= ग्रानु | वादल = ममुल | खुट्टा=फलु |
| | जाल्पा ससर्का गाउँ :- | बल्नु= घ्रानु | वादल= कुय | खुट्टा=फालु |
| | जाल्पा खरबारी :- | | वादल= कुरीम्छा | |
| ख) | बाक्सिला-हल्खुम :- | बल्नु =गात्नु | बादल कुयीम् | टाउको= ढक्ल |
| | बाक्सिला-चोखुम:- | बल्नु=ग्रानु | बादल = कुहुमा | टाउको=दक्ल |
| ग) | खार्मी-निभारे:- | बल्नु=घ्रानु | वादल=कुयुम् | उड्नु=बिर्नु |
| | खार्मी-तुर्खा:- | बल्नु=ग्रानु | वादल=कुयुम्मा | उड्नु=ब्यार्ना |
| घ) | माक्पा:- | पात=सफ/सफु, फ | वादल=कुयमा | उड्नु=विर्ना/वेर्ना |
| | नोरोङ:- | पात=सफु | वादल=मोमी | उड्नु=ब्यार्ना |

त्यसैगरी माक्पा-नोरुङ र बाक्सिला-हल्कुममा बोलिने शब्द बीच भिन्नता :-

- बाक्सिला हल्कुम :- तातो= हप्लु, घुडा=पिक्सिलु, कसरी=मोहिन, असाध्यै=दुवाङ, हरियो =हुरुम्
- माक्पा नोरोङ :- तातो=प्लुक्सा, घुडा=तुम्छु, कसरी=भिँसोका, असाध्यै=तुदुमारी, हरिया =ओम्लोमा, वालु

**दुमी भाषाका केही अनेकार्थक शब्दहरु निम्न छन्।**

बुकन्/बुकना=उदाउनु, फुट्नु, जन्मनु दुमन्/दुमना=पाक्नु, भेट्नु, फुक्नु कपन्/कपना=ओढ्नु, छाउनु, खोप्नु
खर/खरवा =कछुवा, चिन्डो, कठुवा युकन्/युकना=बाड्नु, काम्नु, पिध्नु लितन्/लितना=बाँच्नु, छोड्नु

वस्तुत: यी भाषिक विविधताले के पुष्टि गर्दछ भने भाषामा अनमेल आउनु भनेको दुमी भाषा बीचको एकतालाई टुक्राउनु नभएर भाषा विज्ञानले भाषालाई अझ सवल र सम्पन्न बनाएको तथ्य पेश गरेको छ।

मूलत:, म यो शब्द संकलन कार्यमा हामीलाई आत्मिकरूपबाटै आफूले जानेका कुराहरु भनिदिनुहुने हाम्रा श्रद्देय दुमी

भाषाका श्रोतदाताहरुसंगको निक्लम भाषिक कुराकानी सहितको केहि रुमानी अनुभवहरु अभिव्यक्त गर्ने पर्छ भन्ने लागेको छ ।

अत: हामीलाई यी सम्पुर्ण भाषा दिई सहयोग गर्नुहुने भाषिक श्रोतदाताहरु महिला पुरुष दुबैतर्फबाटको सहभागिता अत्यन्त राम्रो रहेको थियो । यस सन्दर्भमा मैले लेख्नै पर्ने हुन्छ महिला आमा दिदीबहिनीहरुको बारेमा, नभए तोमा र खेमाले माफि दिने छैनन् । अँ उहाँहरु घरको कामको हुर्मतलाई पन्छाई ब्यस्तताको बाबजुद पनि समय मिलाएर बडो उत्साहको साथ आफूले जानेको भाषा भन्नलाई तनमनदेखिने आतुर भएको उहाँहरुको कान्तिमय चेहराले झल्काउथ्यो ।

चारबीस हिउँद खाएकी आमाको चाउरी परेको प्रत्येक रेखाहरुमा उत्साह अनि खुशी मुस्काईरहेको देखीन्थ्यो । ओठमा भाषिक संवादका धुन गुन्जीरहेको थियो । म यतिखेर ससर्का भूमेथान स्कूलमा भएको भाषिक भेलाको स्मरण गरिरहेकी छु जुन क्रियाकलापले मलाई एक प्रकारको अलौकिक खुशी र आत्मबलको टेवा मिल्यो । उहाँहरुमा आफ्ना भाषा, धर्म, संस्कृति प्रतिको स्नेह र सम्मान उच्च रहेको पाएँ । अझ गौलीमाया निनीले त आफ्ना मनमा लागेका कुराहरुलाई सौहार्दपूर्ण भावमा निसकोच रूपमा सरर व्यक्त गर्ने शैलि साह्रै राम्रो थियो । निनीको रमाईलो कुराले हाम्रो भाषा विभागको संयोजक नेत्र दाइत रमाएर हाँस्दा-हाँस्दा उहाँको नेत्रबाट खसेको त्यो खुशीको अश्रुहार जीवनमा भुल्नै नसक्ने क्षण थियो । जेहोस निनीको प्रस्तुतिमा विशेष गरी महिलाहरुमा देखिएको हिनताबोध अनि लज्जास्पद भाबलाई दुर गरेको प्रतिविम्वित हुन्थ्यो ।

यसरीनै कार्यकमको तेस्रो दिन ०६४/०१/२६ गते जाल्पा खरबारीमा छिचिम कान्छीहरु, छिचिम साईली, तेतेम माईली जस्ता आमाहरु फोपो कान्छा, फोपो साईला अनि तेते माईला जस्ता बाबुहरुकै पंत्तिमा रहेर उतिकै जोस जागर सहित भाषिक ज्ञान अनि शिल्पिमा उतिकै प्रखर हुनुहुथ्यो । उहाँहरुसंगको भाषिक संवाद बिछट्टै आत्मिय अनि रमाईलो थियो, शब्द टिपोट गर्दा अधिकांश भाषिक शब्द आमाहरुबाटनै आएको थियो यतिबेला म साच्चै नतमस्तक भए आमाहरु जसरी आफ्ना सन्तानलाई गर्भमा राख्छन् अनि काखमा.... त्यसरीनै मातृभाषालाई सन्तानलाई जस्तै मन र मस्तिष्कमा राख्नु भएको रहेछ । म कामना गर्छु अबका नव सन्ततिहरुले पनि उहाँहरुद्वारा निर्मित भाषिक बगैचाको स्याहार संभार गर्न रत्तिभर कन्जुसाई गर्नु हुन्न भनेर ! साथै हामी प्रत्येक दुमीसन्ततिहरु उहाँ अग्रजहरुको प्रेरणाको श्रोत बन्नुपर्छ र यस कार्यलाई अबछिन्न रूपमा अनन्तकालसम्म निरन्तरता दिईनु पर्छ । बैशाख २७ गते खार्मी साब्रुमा दिलबहादुर सरको घरमा बेलुकीदेखि भेला हुनु भएको श्रोतब्यक्तिहरु दिनभरिको कामको थकानलाई कुनै पर्वाहनगरी आफ्ना भाषा र रिदुमहदुम भनेपछि मरिमेटेर रातको २ बजेसम्म पनि पटक्कै थकान अनि निदको महसुस नगर्ने उहाँहरुबाट के पाठ सिक्नु पर्छ यस सन्दर्भमा हामी सबैले सहज रूपले बुझ्छौ भन्ने मलाई लागेको छ । अनि खार्मी निभारेमा बैशाख २८ गते दिउसो जगतबहादुर तेतेको घरमा भेलाहुनु भएको श्रोतव्यक्तिहरु तथा दुमी सन्तानहरु चेली माईती सबैको उत्साहजनक सहभागिता पनि कम प्रशंसनीय थिएन । यसैगरी खार्मी तुर्खामा भाषाका सवालमा तेजराज किराँतले आफुले अत्यन्तै चासो लिएर विभिन्न दुमी बस्तीहरूमा गई अध्ययन गरेर आफूले सिकेका जानेको भाषिक कुराहरु दिनु भएर सहयोग गर्नु भयो ।

बैशाख २९ गते बाक्सिला चोखुममा जगत बहादुर दुमी(दिम्मचु), जुक्तबहादुर दुमी(दिम्मचु) जस्ता पूर्खाहरुले आफ्ना भाषा रिदुम-हदुम लाई यो समयसम्म जगेर्ना गर्नु भएर आफ्ना पुर्खाको धर्म बचाइरहनु भएको रहेछ भोलिको समयमा यो धर्मलाई निर्वाह गर्ने भनौं, त्यो मार्गमा हिड्ने पयरहरु आजैबाट सबल हुनुपर्छ । यसरीनै बाक्सिला हल्खुममा पिपी बालमाया मुरह ८४ वर्षको पाको उमेरसम्म पनि अनबरत रूपमा दुमी भाषालाई व्यवहारिक बनाइरहनु भएको छ घरमा काम सघाउन आउनेहरु पिपीको निरन्तर भाषा बोलाईले गर्दा भाषा बुझ्ने र बोल्न सक्ने प्रगति भएको देख्दा निकै खुशी लाग्यो उहाँले यो बृद्धकालसम्म भाषालाई प्रयोगमा ल्याइरहनुभएको छ यो गौरवको विषय हो भविश्यमा भावीपुस्ताले यो क्रम जारी राख्न नसके उहाँको आत्माले हामीलाई पक्कै माफ गर्ने छैन ।

क्रमश:, हामी भाषाको टिपोट गर्ने क्रममा सप्तेश्वर गा.वि.स. को दारेगौडा थर्पुमा पुग्यौ त्यहाँ दुईजना भाषिक श्रोत व्यक्तित्व बर्जबहादुर दुमी सत्म र बलबहादुर दुमी सत्म वहाँहरुबाट आंशिक स्वाडेश शब्दहरु संकलन गऱ्यौ । हामीले अपेक्षित रूपमा भाषिक शब्दहरु नपाएनी त्यहाँका युवा जमातहरु भने निकै उत्साहित र जागरुक देखिन्थे भाषालाई जोगाउदै व्यबहारिक बनाउनु पर्छ भन्नेमा ।

यस्तै माक्पा स्कूलमा भएको भाषिक कार्यक्रम कम गौरबको थिएन, मेलोमा खाजा पुराउनु पर्ने, समस्या सहित अन्य विविध समस्याहरू व्यक्त गर्दै भएनि बरु कार्यक्रमको सुरुवात चाहिँ यथासक्य चाँडो गर्नु भन्ने आग्रह गर्दै अत्यन्तै जोश र हर्षोल्लासका साथ मातृभाषामा सबैजना कुरा गरिरहनु भएको थियो, माक्पा, बेब्ला, बाक्चुवा, लुम्दु, ईलिम, लेवा, नोरङ ईत्यादि गाउँबाट भेला हुनुभएको उहाँहरू सबैजना विशेष केटाकेटी बाहेक सबै आफ्नो मातृभाषामा कार्यक्रमहल गुन्जायमान बनाईरहनुभएको थियो यतिबेला मलाई के लागिरहेको थियो भने पूर्खाले दिनु भएको निधिलाई जोगाउनमा

माक्पाबासी एक कदम पनि पछि नहटेको बोध हुन्थ्यो । यसरीनै माक्पा लुम्दुमा दुईजना पिपीहरु टिकामाया दुमी सत्म र झुक्कीशोभा थुलुङ (दुमी) कति स्पष्ट साथै पावरफुल बोल्नु भाको हो त्यो बुढेउली उमेरमा पनि कति जोसिला जागरीला फुर्तिला देखिनुहुन्थ्यो । उहाँहरुसँगको त्यो क्षण मेरो स्मृतिको लहरमा अमिट रहेको छ ।

यस्तै क्रममा हाम्रो समुहको मैझारो प्रवेश नोरोङ गाँउमा भयो । त्यँहात झन दुमी भाषाको चरम प्रयोग भएको पाईयो केटाकेटी, युवा, महिला, बुढापाका प्रायः सबै जनाले मातृभाषामानै कुरा गरेको सुन्दा त झनै मन एक तमासले रोमान्चित भयो कुनै समय अब हाम्रो भाषा मरेर जान्छ भन्ने पूर्वानुमान एवं गम्भिर चिन्तालाई दुर बनाईदिएको अपार महसुस भयो ।

यसरी भाषाको अन्तिम कार्य माक्पा क्षेत्रमा जेष्ठ ७ गते सम्पन्न गरी सके पछि हामी ५ क्षेत्रको प्रतिनीधिहरु आ-आफ्नो घरतर्फ लाग्यौ यसै कममा जेठको १३ गते बाक्सिला माक्पाली डाँडाँका आदरणीय चुचु मारुनी नाचको गुरु साथै नक्षो श्री वमबहादुर हदी दुमी(कपुरे) उहाँको घरमा पुग्दा संयोगबस भेट भयो किनकि उहाँ नक्षो भएकोले विशेष गरी भेट्नलाई गाह्रो हुन्छ रे । दुःखको कुरो चुचुको देब्रे पाखुरा मर्केर विरामी हुनुहुदोरहेछ त्यस्तो अवस्थामा पनि मारुनी नाँच सम्बन्धिका केही सटिक कुरा अनि स्वाडेश शब्द ८८% दिई सहयोग गर्नु भयो । हुनत हाम्रो यो भाषा अध्ययनको अन्तिम कार्य विल्कुल होइन, यस्मा हामीसँग पर्याप्त मात्रमा समय साथै विविध प्राविधिक समस्याहरु निश्चयनै थियो त्यसो भएकोले सम्पूर्ण दुमीबासी क्षेत्र अनि श्रोत व्यक्तित्वहरुसंग पुर्णरूपले भलाकुसारी गर्न अवश्य पनि सकेनौ यसर्थ यो कमजोरीलाई कटौती गरेर भविश्यमा पूर्णता दिनु पर्छ भन्ने पनि हामीले मनन गरेका छौ ।

*यदि हामीले आत्मैदेखि आफ्नो भाषाको खोज अनुसन्धान गर्नुछ भने गाँउघरको आँगन, बलेसी, कुलेसा, काल्ला भित्ता, भीर, पाखा, गरा अनि आलिहरुमा सौरम्य पाइन्छ भन्ने लागेको छ । यसो हो भने हामी साँच्चै आफ्नो भाषिक अस्तित्वलाई आजन्म जीवित राख्न सक्छौं । परन्तु हामी सबैको ध्यान त्यसतर्फ मोडिएन र अधिक आधुनिकताको खोक्रोपनमा लिप्त भयौं भने निश्चित रूपमा हाम्रो भाषा, धर्म संस्कृति सम्बधिको अनमोल नीधि लोप भएर जान कुनै लामो समय प्रतिक्षा गर्नु पर्दैन । तसर्थ हामी समस्त दुमीजनको मन-मस्तिष्क त्यसतर्फ यानेकि भाषातर्फ हमेशा सम्मुख हुनु पर्छ कि ....!*

अन्त्यमा, हामीलाई स-हृदयका साथ भाषा, धर्मसंस्कृति तथा जनसंङख्या विवरणकासम्पूर्ण कुराहरु दिएर अपार सहयोग गर्नु हुने पाँचैवटा दुमी क्षेत्रका विभिन्न गाँउका सम्माननीय श्रदेय श्रोतव्यक्तित्वहरु अनि विविध रूपले सहयोग गर्नुहुने दुमीजन गैर दुमीजनप्रति मनैबाट आभार प्रकट गर्दै हाम्रो संघारमै भित्रिदै गरेको बडादशै अनि दिपावलीको पावन अवसर मा समस्त जनहरुमा हार्दिक शुभकामना बाड्दै पुनः अर्को अंकमा भाषिक अध्ययन भ्रमणसमयावधिभित्रकै स्मरणीय सौगात लिएर भेट्ने कसम सहित.........मुचि(मुन्नि) ।

heatloverai@yahoo.com

शुभ  विवाह

*हाम्रा स्नेही छोरा नीर कुमार सत्म ब्राक्सुपा दुमीराईको सुश्री बिणा थुलुङ राईसंग शुभ विवाह सुसम्पन्न भएकोमा सुखद् दाम्पत्य जीवनको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।*

*पापा : क्या. बहादुर दुमीराई MM²*

*मामा : रत्न माया राई*

*बहिनी सुश्री डा. निर्मला दुमीराई*

# संविधानसभाबारे सबैले बुझ्नै पर्ने कुराहरु

- हर्कराज राई

*पृष्ठभूमि*

संविधान बनाउने कार्यमा देशका सवै क्षेत्र, जाति, लिङ्ग र समुदायका नागरिकहरुको सहभागिता होस् भन्ने हेतुले संविधान सभामार्फत संविधानको निर्माण गर्ने विश्वव्यापी प्रचलन रहेको छ। यसै माहौलले मुलुक अहिले संविधान सभाको प्रक्रियामा प्रवेश गरिसकेको छ। यो प्रक्रिया संविधान सभाको निर्वाचन सम्पन्न भई निर्वाचित हुने संविधान सभाले नेपालको नयाँ संविधान निर्माण गरी जारी नगरुञ्जेल जारी रहनेछ। यस प्रक्रियामा हामी प्रत्येक नेपाली नागरिकले सर्वप्रथम संविधानसभाबारे बुझ्ने, नबुझेकालाई बुझाउने, आफ्नो अमूल्य मत जानीबुझी प्रयोग गर्ने र आफूले चुनेर पठाएका व्यक्ति तथा राजनैतिक दलले घोषणापत्र र प्रतिवद्धता अनुसार नै संविधान निर्माण गर्ने कार्य गरे नगरेको चनाखो भएर हेर्नु आवश्यक छ। हामी पनि स्वभाविक रुपमा यसै प्रक्रियामा प्रवेश गरिसकेका छौं । तसर्थ संविधान सभाबारे, यसको महत्वबारे र यसको विधि र प्रक्रियाबारे प्रत्येक नागरिक प्रष्ट र सचेत हुनु जरुरी छ।

*संविधान के हो ?*

राज्यलाई साझा विचार, मूल्य र मान्यतामा संगठित बनाउन र आवश्यक बन्दोबस्त मिलाउन एउटा मूल कानून या दस्तावेज चाहिन्छ। त्यस्तो मूल कानून या दस्तावेज भनेकै संविधान हो। यो देशको सर्वोच्च कानून हो। यसलाई नागरिकका राजनीतिक, सामाजिक एवं सांस्कृतिक अधिकारको बडापत्र पनि भनिन्छ। देशको राजनीतिक शासन प्रणाली कस्तो हुने, देशले कस्तो आर्थिक नीति अपनाउने, जाति, भाषा, धर्म सम्बन्धी राज्यको नीति कस्तो हुने जस्ता आधारभूत र महत्वपूर्ण पक्षहरु यो दस्तावेजमा उल्लेख गरिएको हुन्छ। संविधान राज्य सञ्चालनको मुख्य कानूनी आधार हो। संविधानले देशको शासन संयन्त्रलाई एउटा प्रणालीमा आवद्ध गराउँछ र यसले निर्धारण गरेको सीमालाई उल्लंघन गर्न पाइँदैन । संविधानमा लेखिएका कुराहरूलाई कार्यान्वयन गर्न या व्यवहारमा उतार्न अरु धेरै ऐन, नियम वा विनियमहरूको आवश्यकता पर्दछ। मुलुकको सम्पूर्ण शासन व्यवस्था संविधान र यस अन्तर्गत बनेका कानून अनुसार सञ्चालन हुन्छ। संविधानकै घेराभित्र रहेर अरु ऐन, कानून, नियमहरु बन्ने र पहिले नै चल्तीमा रहेका ऐन, कानून पनि नयाँ बन्ने संविधानसँग मेल खाएन वा बाझियो भने स्वत: खारेज हुन्छन्।

*संविधानसभा के हो ?*

नयाँ संविधान बनाउने कामका लागि गठन गरिने सभा संविधानसभा हो। यस सभामा जनताले आपूलले रुचाएका र आफ्ना कुराहरु संविधानमा राखिदिने भनी पत्याएका दल वा व्यक्तिहरुलाई आफ्नो प्रतिनिधिको रुपमा भोट दिई चुनेर पठाएका हुन्छन्। संविधान सभा नयाँ संविधान जारी भएपछि विघटन हुन्छ। संविधान सभाको निर्वाचन र संसदको निर्वाचनमा केही भिन्नताहरू छन्।

संसदीय निर्वाचनमा दलहरूले आफ्नो नीति, कार्यक्रम, आवधिक कार्ययोजना सहितको घोषणापत्रको आधारमा निर्वाचनमा भाग लिन्छन् भने संविधान सभाको चुनावमा दलहरूले आफ्नो राजनीतिक प्रतिवद्धता र दृष्टिकोणको आधारमा प्रस्तावित संविधान सभा व्यवस्था हुनुपर्ने मूल सवालहरूलाई लिएर जनतासमक्ष जान्छन्।

संविधान सभाको निर्वाचन भएर मात्र पुग्दैन। संविधान सभाको निर्वाचन हुनासाथ संविधानसँग सम्बन्धित विषयमा/सवालमा तुरुन्तै सहमति हुनसक्छ र संविधान जारी भइहाल्छ भन्ने होइन। संविधानसँग सम्वन्धित आम विषयहरूमा छलफल, अन्तरक्रिया एवं संवाद चलाउने अनुकूल एवं सहज वातावरणको आवश्यकता पर्दछ।

विभिन्न पक्षधर, व्यक्तिहरू संविधान सभाका लागि निर्वाचित हुने सम्भावना रहन्छ। यसप्रकारको अवस्थामा नयाँ संविधानसँग सम्बन्धित सबै सवालहरूमा छलफल चलाई सबै पक्ष (व्यक्ति, दल, नागरिक तथा सामाजिक समूह) लाई चित्त बुझ्ने साझा बिन्दुमा पुग्नु अनिवार्य हुन्छ।

*संविधानसभाको केका लागि ?*

२०६२/६३ को जनआन्दोलनमा मुखरित नेपाली जनताको आधारभूत माग थिए :

१) लोकतान्त्रिक गणतन्त्रको स्थापना २) १० वर्षदेखि जारी हिंसात्मक द्वन्द्वको शान्तिपूर्ण निकास र स्थायी शान्तिको स्थापना र ३) सदियौंदेखि कायम रहेको सामन्ती केन्द्रीकृत राज्य ढाँचाको पुन:संरचना गरी संघीय संरचनामा आधारित समावेशी लोकतन्त्रको स्थापना। यिनै मागहरुको परिपूर्तिका लागि संविधानसभा एउटा माध्यम बनेको छ।

अर्को शब्दमा भन्नुपर्दा नेपालमा संविधानसभाका निम्न अनुसार उद्देश्यहरु रहेका छन् :

- नेपाली जनताले आफ्नो लागि आफैले संविधान बनाउनका लागि
- जनतामा रहेको सार्वभौमसत्तालाई संस्थागत गर्न
- राज्यको पुन:संरचना गर्न
- राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि
- राजसंस्थाको भविष्य टुङ्गो लगाउन
- लोकतान्त्रिक शासन व्यवस्था सुनिश्चित गर्नका लागि
- नागरिकतलाई अझ बढी अधिकारसम्पन्न बनाउन

२०६२/६३ को जनआन्दोलनको जनआदेशअनुसार राज्यको पुन:संरचना गर्न, लोकतान्त्रिक शासन व्यवस्था सुनिश्चित गर्न, राज्यका सबै अङ्गमा कानुन बमोजिमको समानुपातिक प्रतिनिधित्व

सुनिश्चित गर्न, जनतामा रहेको सार्वभौमसत्तालाई संस्थागत गर्न, नागरिकलाई अझ बढी अधिकार सम्पन्न बनाउन तथा राजसंस्थाको भविष्य निक्र्यौल गर्न संविधान सभाको आवश्यकता परेको हो । यसका लागि संविधानसभाले मुख्यत: निम्न कार्यहरु गर्दछ :

क) संविधानको मस्यौदा तयार गर्ने र छलफल गरी पारित गर्ने,
ख) जनमत संग्रहबाट निर्णय गर्ने विषयको निक्र्योल गर्ने,
ग) राजसंस्था कायम राख्ने वा नराख्ने विषयमा पहिलो बैठकमै निर्णय गर्ने,
घ) राज्यको पुन:संरचना सम्बन्धी टुंगो लगाउने,
ङ) व्यवस्थापिका-संसदको रुपमा कार्य गर्ने ।

प्रत्येक नागरिकले आफ्नो जनजीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर गर्ने विषयहरु आफूले चाहेजस्तै किसिमले संविधानमा व्यवस्था होस् भन्नका लागि संविधान सभाको निर्वाचन एउटा राम्रो र महत्वपूर्ण अवसर हो । संविधान सभाको निर्वाचनले राज्यको मूल नीति निर्माण गर्न सबै नागरिकले सहभागी हुन पाउने अवसर प्रदान गर्दछ ।

संविधानसभाले मुलुकको शासन व्यवस्था कस्तो बनाउने भन्ने विषयको निर्धारण गर्दछ । मुलुकमा राजतन्त्र कायम रहने कि गणतान्त्रिक हुने, मुलुकमा कस्तो किसिमको संघात्मक शासन व्यवस्था अपनाउने, संघीय राज्यहरु के आधारमा निर्माण गर्ने र तिनलाई के कति अधिकार दिने, विभिन्न जात जाति, क्षेत्र र समुदायका नेपालीहरुले के कस्ता अधिकारहरु पाउनेछन् भन्ने जस्ता महत्वपूर्ण प्रश्नहरुको टुंगो पनि अब बन्ने संविधान सभाले लगाउनेछ ।

नेपालको इतिहासमा नागरिकले कहिल्यै यस्तो महत्वपूर्ण अवसर प्राप्त गरेका थिएनन् । हामीले प्राप्त गरेको यस महत्वपूर्ण अवसरलाई हामीले हामी सबैको हित हुने संविधान र नयाँ नेपाल निर्माण गर्ने कार्यमा सदुपयोग गर्नु आवश्यक छ ।

*संविधानसभाको गठन*

नेपालको अन्तरिम संविधान २०६३ अनुसार नेपालमा जम्मा ४९७ जना रहेको संविधानसभाको गठन देहाय बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुसार हुने व्यवस्था छ :

- प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारको निर्वाचित सदस्य - २४० जना, (*यसका लागि मतपत्र हल्का नीलो हुनेछ ।*)
- सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने सदस्य - २४० जना , (*यसका लागि मतपत्र हल्का रातो हुनेछ ।*)
- राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरु मध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रीपरिषद्बाट मनोनयन हुने सदस्य - १७ जना संविधानसभाको गठन संविधानसभाको पहिलो बैठक बसेको मितिले २ वर्षका लागि हुन्छ । तर मुलुकमा सङ्कटकालीन स्थितिको घोषणा भई संविधान निर्माण गर्ने कार्य पूरा हुन नसकेमा संविधान सभाले थप ६ महिनासम्म कार्यकाल बढाउन सक्छ ।

*बन्द सूचि भनेको के हो ?*

यो महिला, दलित, उत्पीडित जाति आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको समानुपातिक प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिने प्रयोजनका लागि राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी निर्वाचन आयोग समक्ष पेश गरेको सूचि नै उम्मेदवारको बन्द सूचि हो । यो सूचिमा समावेश गरिएको नाममा अरु नाम थप गर्न वा यसमा भएका नामलाई हटाउन नपाइने भएकाले यसलाई बन्द सूचि भनिएको हो ।

समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले समानुपातिक तर्फ छुट्याइएको २४० सीटको कम्तीमा १० प्रतिशत (२४) सदस्यका लागि उम्मेदवारी दिनै पर्छ ।

राजनैतिक दलहरुले समानुपातिक निर्वाचनका लागि बन्दसूचि तयार गर्दा निम्न अनुसारको ढाँचामा तयार गर्नु पर्दछ ।

| क्र. सं. | उम्मेदवारको नाम | मधेसी | | उत्पीडित जाति/आदिवासी जनजाति | | दलित | | पिछडिएको क्षेत्र | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | | | | | |

यसरी निर्वाचन आयोग समक्ष पेश गरिने उम्मेदवारको बन्द सूचिमा देहायका वर्ग/क्षेत्रबाट देहाय अनुसारको प्रतिशतमा उम्मेदवारी दिनुपर्छ ।

| क्र.सं. | प्रतिनिधि हुने समूह | | उम्मेदवारको प्रतिशत |
|---|---|---|---|
| | महिला | | ५० % |
| १. | मधेसी | महिला | १५.६ % |
| | | पुरुष | १५.६ % |
| २. | दलित | महिला | ६.५ % |
| | | पुरुष | ६.५ % |
| ३. | उत्पीडित जाति/आदिवासी जनजाति | महिला | १८.९ % |
| | | पुरुष | १८.९ % |
| ४ | पिछडिएको क्षेत्र ° | महिला | २ % |
| | | पुरुष | २ % |
| | अन्य◈ | महिला | १५.१ % |
| | | पुरुष | १५.१% |

समस्त पाठक वर्गमा छिरियाम्लो-२०६४को शुभ उपलक्ष्यमा (किरात लोक परम्परा अनुसार) पवित्र सुप्तुलु तथा सम्पूर्ण पित्रिहरूले आफ्नो बंशको रक्षा गरून् ।

सुमाया राई
अध्यक्ष, किरात राई यायोक्खा ।
तथा
सपरिवार

छेत्राकला राई
अध्यक्ष , किराया, जिल्ला कार्य समिति, काठमाडौं
कार्यालय कोटेश्वर, फोन नं. ५०५२५०७
तथा
सपरिवार

मनिकुमार राई
अध्यक्ष , किराया, जिल्ला कार्य समिति, ललितपूर
कार्यालय नखिपोत, मो. ९८५१०४७११६
तथा
सपरिवार

विनोदकुमार राई
उपाध्यक्ष , किराया, जिल्ला कार्य समिति, काठमाडौं
शान्तिनगर
तथा
सपरिवार

पार्वती राई
उपाध्यक्ष , किरात राई सास्कृतिक कलाकार संघ
केन्द्रीय सदस्य, किराया
तथा
सपरिवार

खड्कराज साम्पाङ्ग राई (तेन्जीङ्ग)
उपाअध्यक्ष, किरात साम्पाङ्ग उत्थान समाज
केन्द्रीय सदस्य, किरात राई यायोक्खा
फोन नं. ९८५१०६३६६८,९८०३१६०१११
ईमेलः tenzingrai@yahoo.com

असारमान खारुबु राई
प्रो. रावा कार्पेट
बौद ६, रामहिटी, काठमान्डौ
फोन नं. ९८५१०६१७२१, १२३३४४०४

*पृष्ठ .....को बाँकी अंश*

यसरी महिलाको उम्मेदवारी सूचीकृत गर्दा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी र अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त अनुरुप गर्नु पर्नेछ। मधेशीबाट उम्मेदवारी चयन गर्दा दलित, आदिवासी जनजाति र अन्य समूह समेतको जनसंख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवार को सूचि तयार गर्नु पर्ने व्यवस्था संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले गरेको छ ।

*पुनश्चः* (यो आलेख किरात राई यायोक्खाद्वारा प्रकाशित हर्कराज राईले तयार गर्नु भएको संविधानसभा : के, किन, कसरी ? नामक हातेपुस्तिकाबाट साभार र सम्पादित अंश हो । सं. )

° "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई जनाउँछ।
◊ "अन्य" भन्नाले यस अनुसूचीमा स्पष्ट उल्लेख नभएका समूहहरुलाई जनाउँछ। - मूचि

# मंगल ग्रहका आशावादी नातेद्वारहरु



*- फुलकमल सत्म दुमीराई*

मानव उद्‌विकास तथा उत्पतिसँगै समाजको हरेक अङ्गहरुको सरलबाट जटिलतातिर जाने विकासक्रम सुरु भयो। यसरी विकासक्रम तथा परिवर्तित समाजको हकमा मानव सभ्यताले जरा गाड्यो। मानव सभ्यताको निरन्तरतामा पछिल्लो समयमा आएर अकाट्य र प्रामाणिक सिद्धान्तको वकालतसँगै वैज्ञानिक आविस्कारहरु हुन थाल्यो। नयाँ-नयाँ प्रविधिहरुको विकास हुन थाल्यो। यत्तिसम्म कि एकपटक स्विच थिच्दा पुरै संसार ध्वस्त हुने देखि त्यस्तै अर्को स्विच थिच्दा संसारको सबै भाग आफ्नै आँखा अगाडि देखाउने जस्ता उपकरणहरुको पनि आविस्कार भएको छ। एवं प्रकारको अथक वैज्ञानिक प्रयासहरुले आधुनिक सभ्यतातिर लम्काईरहेको छ। यसरी सभ्यताको चरम उत्कर्स विन्दु, गन्तव्यको दौडानको संघर्षरत अवस्था नै आजको वैज्ञानिक युगको सभ्यताको खोज तथा अनुसन्धानको प्राप्ती हो मंगल (mars) ग्रह।

आजको चासोको विषय भनेको त्यहि मंगल ग्रहमा यस पृथ्विलोकको जीवन वा मानव अस्तित्व अटाउन सक्छ कि सक्दैन भन्नेमा रहेको छ। हुनत संसारका थुप्रै राष्ट्रहरुले यस ग्रहमा मानव पाइला टेकाउने प्रयास पनि गरिरहेका छन्। विभिन्न किसिमका सेटेलाइटहरु (satellites) पनि पठाउने काम भैरहेका छन् र ती सेटेलाइटहरुले पनि आ-आफ्नै किसिमको काम गरिरहेका छन्। जानकारिहरु पठाइरहेका छन्। आशा गरौं उनीहरुको प्रयास सफल हुनेछ।

***Cronology of Mars Exploration*** (श्रृंखलाबद्ध खोज तथा अनुसन्धानहरु) :-

- **Mars1960A** - USSR (Oct.10, 1960) असफल
- **Mars1960B** - USSR (Oct.14, 1960) असफल
- **Mars1962A** - USSR (Oct.24, 1962) असफल
- **Mars1** - USSR (Nov.1, 1962) असफल
- **Mars1962B** - USSR (Nov.4, 1962) असफल
- **Mariner3** - USA (Nov.5, 1964) असफल
- **Mariner 4** - USA (Nov.28, 1964) पहिलो सफल मिसन
- **Zond 2** - USSR (Nov.30, 1964) असफल
- **Mariner 6** - USA (Feb.24, 1969) सफल
- **Mariner 7** - USA (Mar.27, 1969) सफल
- **Mars1969A** - USSR असफल
- **Mars1969B** - USSR असफल
- **Mariner 8** - USA (May.8, 1971) असफल
- **Kosmos 419** - USSR (May.10, 1971) असफल
- **Mars 2** - USSR (May.19, 1971) असफल
- **Mariner9** - USA (May.30, 1971) सफल
- **Mars 3** - USSR ( Dec.2, 1971) सफल
- **Mars 4** - USSR (July.21,1973) सफल
- **Mars 5** - USSR (July.25,1973) सफल
- **Mars6** - USSR (Aug.15,1973) असफल
- **Mars7** - USSR (Aug.9,1973) असफल
- **Viking1** - USA (Agu.20, 1975) दुर्घटनावस असफल
- **Viking2** - USA (Sept.9, 1975) सफल

- **Phobos1** - USSR (July 7, 1988) असफल
- **Phobos2** - USSR (July 12, 1988) असफल
- **Mars Observer** - USA (Sept.25, 1992) असफल
- **Mars Global Surveyor** - USA (Nov.7, 1996) सफल
- **Mars 96** - Russia (Nov.16, 1996) असफल
- **Mars Pathfinder** - USA (Dec, 1996) सफल
- **Nozomi** - Japan (July 3, 1998) असफल
- **Mars Climate Orbiter** - USA (Dec.11, 1998) असफल
- **Mars Polar Lander** - USA (Jan.3, 1999) सफल
- **2001 mars Odyssey** - USA (Apr.17, 2001) सफल
- **Mars Express** - Europian Space Agency (June,2003) सफल
- **Mars Exploration Rover** (MER) **Spirit**- USA (July,2003) सफल
- **Mars Reconaissance Orbitor** (MRO) - USA ( Aug.12, 2005) सफल

लगभग यीनै माथिका सफल सेटेल्लाइट (satellite) हरुले पठाएका जान्कारीको आधारमा अहिलेसम्म पत्ता लागेका मंगल ग्रहसँग सम्बन्धित सुचनाहरुको आधारमा यस्को परिचयलाई लिन सकिन्छ । तपाईंहरुले पनि यी तलका सक्त भेटिएका सुचनाको अध्ययन गरी मंगल ग्रहमा जान सकिएला कि भन्ने अनुमान र विचार गर्नुहोस् । सायद कतै तपाई पनि त्यहि मंगल ग्रहको नातेदारको सुचिमा त पर्ने सम्भावना छैन ?

## Short introduction of Mars planet मंगल ग्रहको थोरै परिचय

- Milky way तारापुञ्ज (galaxy) को सुर्य सौर्य मण्डल (solar system) को सुर्यबाट चौथो ग्रह,
- औसत क्षेत्रफल, ब्यासको लम्बाई : ६,७८० कीòमीò, ४,२१२ माइल, पृथ्वीको आधा र चन्द्रमाको दोब्बर,
- औसत दुरी (average distance) सुर्यबाटः१.५२ AU, /२२७.७ लाख कीòमीò/१४१.५माइल, १ AU (Astronomical Unit) = 93,000,000 miles. भने पृथ्वीबाट : ९३ लाख माइल,

सतहको औसत तापक्रम (temperature = –५३ C/ -६४ F,

तापक्रमको सँथिति (temperature varies) न्युनतम -१२८ C (-१९९ F) ध्रुबतिर र अधिकतम २७C (८० F) भुमध्यरेखीय क्षेत्रमा,

- हावाको औसत गती ४० मिटर प्रती सेकेण्ड, ८० माइल प्रती घण्टा,
- गुरुत्व वल (Gravity) = पृथ्वीको ३८%, पृथ्वीको गुरुत्व वल = ९.८ $m/s^2$,
- सुर्यलाई परीकमा अवधी ६८७ पृथ्वीको दिन,
- एक दिनमा २४ घण्टा ३९ मिनेट ३५ सेकेण्ड,
- वायुमण्डल (Atmosphere) =
  - कार्बनडाइ अक्साइड (carbondioxide) = ९५.३२%
  - आर्गन ( argon) = १.६%
  - नाइट्रोजन (nitrogen) = २.७%

यस्का अलवा अरु पनि थुप्रै जान्कारी हरु हुनसक्छन् । त्यस सम्बन्धी सुझाव र प्रतिक्रियाको आशा व्यक्त गर्दछु ।

*माक्पा४, लुम्दु, खोटाङ्ग, sotmali@yahoo.co.in/9803387038* - मूचि

**बिजयादशमी तथा दिपावली -०६४** को उपलक्ष्यमा समस्त महानुभावहरुमा सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर समुन्नतिको ***हार्दिक मंगलमय शुभकामना*** व्यक्त गर्दछौं ।

**लोक बहादुर वल्कपा दुमीराई**
मो. नं. : ९८४१२८९६५७
काठमाडौ

**सेवाहरु**
हाउस वायरिङ्ग, प्लम्बिङ्ग, पेन्टीङ्ग

**नारद राई**
मो. नं. : ९८४१७०९७८१
काठमाडौ

# कला र संस्कृति समाजलाई हेर्ने ऐना हो ।



*जीतेन राई*
*गायक तथा संगीतकार*

कलाको अर्को कुनै विशेषण छैन । कलाको विभिन्न स्वरुपहरु हुन सक्छन्। जस्तैः- सँगीत, नृत्य, चित्रकला, मुर्तिकला, अभिनय इत्यादि । मुख्यतया कला अनुभूतिको उत्कृष्ट नमुना हो र अनुभूति बाँढ्ने शसक्त माध्यम पनि हो। कलालाई बुझ्ने तरिकाहरु आ-आफ्नै छन् । कुनै कला सुनेर मात्र अनुभव गर्न सकिन्छ, देख्न र स्पर्श गर्न सकिदैन भने कुनै सुन्न, देख्न र स्पर्श गर्न सकिन्छ। जस्तैः सँगीत उपयोगी धुनहरु र स्वरहरु सुनेर मात्र अनुभव गर्न सकिन्छ। तर नृत्यसँगै बज्ने गीत सुन्न पनि सकिन्छ र नत्यको कोरियोग्राफ हेर्न पनि सकिन्छ। त्यस्तै चित्रकला र मुर्तिकलालाई हेर्न पनि सकिन्छ र स्पर्श गरेर पनि बुझ्न सकिन्छ । कलालाई बुझ्ने तरिकाहरु फरक-फरक छन् र बुझाई पनि प्रत्येक मानिस र समाजमा फरक-फरक छ। कलाको प्रारुप यो जगत र जीवनसँगै तयार भएको थियो। पछि मानव चेतना सँगसँगै त्यसको स्वरुपहरु परिस्कृत र परिमार्जित हुँदै प्रयोगमा आयो । मानिसले आफ्नो अनुकूल प्रयोग गर्दै लगे, मानिसहरु क्षेत्रमा विभाजन भए, बर्गमा विभाजन भए र जातिमा विभाजन भए मानव सभ्यता र मानव जाति जति वर्गिकृत हुँदै गयो कला पनि त्यहि रुपमा बर्गिकृत हुँदै गयो । मानव चेतना सँगसँगै सँस्कृतिको विकास पनि भयो। मानिसको जन्म प्राकृतिक नियम अनुसार पितृविज र मातृरजबाट हुने गर्दछ । मानिसको जन्म र मृत्यु बिचको सम्पूर्ण भोगाईहरु नै उसको सँस्कृति हो। सँस्कृति व्यक्तिबाट शुरु भएर उसको समाजले सामाजिक मान्यताको रुपमा स्वीकार र ग्रहण गरेपछि त्यो सँस्कार भएर समाजमा र हिआएको देखिन्छ । त्यसैले सँस्कार र सँस्कृति पनि व्यक्ति पिच्छे र जाति पिच्छे फरक-फरक हुन गएको हो भन्ने बुझिन्छ । यसरी कला र सँस्कृतिमा जाति, क्षेत्र र बर्ग पनि रहन गयो । जव मानिसमा वर्गिय चेतना शुरु भयो, त्यहाँ राजा-महाराजाहरु देखा पर्न थाले । त्यहिदेखि एक बर्गले अर्को बर्गको विरुद्धमा कला र सँस्कृतिको प्रयोग गर्न थाले। शुन्यबाट शुरु भएको मानव विकाश र मानव सभ्यतालाई फेरि शुन्यबादतिर धकेल्न थालियो । अन्धोवादी, यथास्थितिबादी, सामन्तवादी विचारले समाजलाई रणभुल्लमा पार्न भरमग्दुर प्रयासहरु गर्न थालियो । मानव मस्तिष्कमा कुप्रभाव पार्ने खालका विचारहरु कला र सँगीतको माध्यमबाट प्रचार-प्रसार गर्न थाले । शुरुमा यस खालका कुप्रचारहरु समाजमा सामन्तवादी सोँच भएका हैकमवादीहरुले गर्न थाले । गीत सँगीतकै माध्यमबाट अन्धोधर्मवादको प्रचार-प्रसार गर्न थालियो । धर्म आफैमा अनुशासित ढँगले समाज चलाउने शास्त्र भएपनि यो शास्त्र कैयौं ठाउँमा व्यक्तिवादी र बर्गवादी ढँगले व्याख्या र विश्लेषणहरु भएका छन्। गीत सँगीतको माध्यमद्धारा राजा-महाराजाहरुको स्तुतिगान गाउन थालियो। समाजमा जातिय विभेदहरु कायम राख्न ठूला जाति भनिएकाले साना जाति भनिएकामाथी घृणा, खिसि गर्न पनि गीत-सँगितकै प्रयोग गर्न थाले, उदाहरण थुप्रै छन् । कला सँगीत विगतको लामो इतिहास हो, भोगिरहेको वर्तमान पनि हो र विगत र वर्तमान देखिसकेपछि, बुझिसकेपछि, भविष्यको इतिहास निर्माण गर्ने गतिलो र सशक्त माध्यम पनि हो। कला, कलाको लागि मात्र होइन कला समाज परिवर्तन गर्ने औजार पनि हो। कला सुतेकाहरुलाई व्युँझाउने अस्त्र पनि हो।

कला र सँस्कृति अन्धविश्वासी र शुन्यतिर धकेल्ने खालको हुनु हुदैन । अवको सबै कला र सँस्कृति विज्ञानसँग सरोकार राख्ने खालको हुनुपर्दछ। कला गीत-सँगीतमा असल विचार, चोखो माया प्रेम, स्वस्थ्य मनोरञ्जन सबै हुनु आवश्यक छ। सँसार भरिका आदिवासी जनजाति लगायत यो मुलुकमा बसोबास गर्ने आदिवासी जनजातिहरु मध्ये हजारौं वर्ष अघिको ऐतिहासिक अर्थ राख्ने किरातीहरुको सँस्कृति अत्यन्त सुन्दर र रोचक छ । तर त्यो सुन्दरताभित्र कुन-कुन पक्षलाई सँरक्षण गर्नु पर्ने हो र कुनकुन पक्षलाई छाँट्नु पर्ने हो, बैज्ञानिक ढँगले खुट्याउनु जरुरी पनि छ। हामीले आफ्नो सँस्कृतिको सँरक्षण र सम्वोधन गर्ने क्रममा मानव विकासको एउटा खुट्किलो ढुङ्गेयुगतिर फर्काउने किसिमको गतिविधिहरु सँचालन गर्देछौं कि भन्ने कुरालाई पनि कदापि बिर्सनु हुदैन । यो २१ औं शताव्दीको युग हो ।

ईतिहास दोहोऱ्याउनको लागि कदापि होइन, ईतिहास अध्ययन गर्न र बुझ्नको लागि हो । अनि त्यहि ईतिहासको जगमा टेकेर नयाँ ईतिहास निर्माण गर्दै जानु पर्दछ। अहिले हामी पुरानो चिजको सँरक्षण (डकुमेन्ट) गर्दै नयाँ विषयवस्तुको निर्माण गर्ने समयमा उभिएका छौं । अहिले हामीले निर्माण गरी सम्पादन गरेका विषयवस्तु आजभन्दा हजारौं वर्षपछि आउने सन्ततिहरुको लागि त्यहि पुरानो ईतिहास हुनेछ। सँस्कार सँस्कृति, चालचलन, रितिरिवाज, भेषभुषा इत्यादि स्वाभाविक रुपले समय सापेक्ष परिवर्तन हुँदै जान्छ र जानु पनि पर्दछ। सँस्कार, सँस्कृति आफ्नो लागि पनि हो। हामीले

समस्त पाठक बर्गमा छिरियाम्लो-२०६४ को शुभ उपलक्ष्यमा (किरात लोक परम्परा अनुसार) पवित्र सुप्तुलु तथा पित्रिहरूले रक्षा गरून् ।

मनिकुमार राई
अध्यक्ष , किराया, जिल्ला कार्य समिति, ललितपुर
कार्यालय नखिपोठ, मो. ९८५१०४७११६
नेर्पा २, खोटाङ्ग ।
तथा
सपरिवार

मे. विश्वनाथ साम्पाङ्ग राई
अध्यक्ष, किरात साम्पाङ्ग राई उत्थान समाज ललितपुर
मो. : ९८५१०४७३६७, फोन नं. ५५३०५५३
तथा
सपरिवार

जगत बहादुर राई
अध्यक्ष , किरात राई चाम्लिङ खाम्बातिम्
फोन नं. ४४७४२८३
तथा
सपरिवार

राज बहादुर कोयू राई
अध्यक्ष, कोयू /कोयी राई समाज
मो. ९८५१००५५१४
काठमाडौं
तथा
सपरिवार

रुपाकोट सामुदायिक रेडियो
१२ मेगाहर्ज
दिक्तेल, खोटाङ
फोन नं. ०३६-४२०२५८०३६-४१०२४६
तथा
सपरिवार

क्या. नैनबहादुर दुमीराई MM²
उपाध्यक्ष, दुमी किरात राई फन्सिकिम्
मो. ४७२०३६७
तथा
सपरिवार

ऋषिश्वोर सरचु दुमीराई
सदस्य, किरात राई यायोक्खा
जि.का.स., ललितपुर
सदस्य, दुकिराफ
नखिपोट, ललितपुर

अस्तित्व र पहिचानको नाममा सम्प्रेशण गर्दै आएको सँस्कृति भोलिको सन्ततिले स्वाभाविक रुपले स्वीकार गरिदिएन भने त्यसको खास अर्थ रहदैन । कालान्तरसम्म सँस्कार सँस्कृति बचाइराख्ने जिम्मा युवा पुस्ताको हो । सँस्कार सँस्कृति आफै बाँच्न सक्दैन र जबरजस्ती लादन पनि सकिदैन । सहज र अनुकूल बनाइदिनु पर्दछ । त्यसैले यो समय चेतनाको समय हो, सचेतहरुले मार्ग निर्देश गर्ने युग हो । यो घडि किरातीहरुको अन्त्यन्त महत्वपूर्ण घडि हो, विज्ञान सँगसँगै अघि बड्नुपर्ने जिम्मेवारी पनि छ, सदियौं देखिको किराती विरासत थाम्न पर्ने दाथित्व पनि छ। साथै इतिहास रचना गर्ने थुम्कोमा उभिएका छौ । त्यसैले ईतिहास लेख्नु पनि छ । तर आफ्नो कलमले लेख्छ भन्दैमा जे पायो त्यो नलेखौं, मनमा जे आयो त्यहि नवोलौं, राम्रा-राम्रा जति सँस्कृति राखौं । नराम्रालाई छाटौं, हामी सबै मिलेर एउटा सुन्दर शास्त्र (मुन्दुम) लेखौं । *मुचि ।*

*नोट : लेखक किरात राई सास्कृतिक कलाकार संघका अध्यक्ष हुनुहुन्छ ।*

# गोपाल किरातसँग भेटवार्ता



नेपाली राजनैतिक इतिहासमा क्रान्तिकारी इतिहासको लामो फेहरिस्ता छ । नेपाल एकिकरण देखि लादिएको सामन्ती एकाधिकारवादी राज्यसत्ताले जनताको राजनैतिक, आर्थिक सामाजिक, धार्मिक र साँस्कृतिक अधिकारहरूलाई कुण्ठित पार्दै केन्द्रिकृत राज्य प्रणाली लागु गऱ्यो । समय समयमा यसका विरुद्ध क्रान्तिका आवाजहरू घनिभूत भएपनि त्यसको संस्थागत विकास हुन नसकेपछि जनताले फेरि दास भएर बाँच्नु पऱ्यो । यस्तो क्रान्तिको शुरवात २००७ सालको कांग्रेसको नेतृत्वको सशस्त्र आन्दोल देखि ०६२/०६३ को विशाल जनउभार सहितको आन्दोलनसम्म पुगेको छ । विविध चरणका जनताका यी क्रान्तिहरूलाई हेर्दा ०६२/०६३ को आन्दोलनलाई तुलनात्मक रुपमा निर्णायक र युगान्तकारी भन्न सकिन्छ । ०५२ साल देखि विभिन्न ४२ शुत्रीय माग राखी पुरानो राज्यसत्तालाई ढालीछाड्ने र एकाइसौं शताब्दीको गणतन्त्र स्थापना गरीछाड्ने शङ्कल्पका साथ सशस्त्र युद्धमा होमिएको माओवादीसित अन्य ७ संसदवादी राजनैतिक पार्टीहरूको बाह्रबुँदे सम्झौताबाट शुरु भएको राजनैतिक ध्रुवीकारण र त्यसपछिको आन्दोलनमा सात राजनैतिक पाटीहरू, नागरिक समाज र माओवादी कार्यकर्ताहरूको उल्लेखनीय सहभागिताले २३८ वर्ष लामो सामन्ति शाही राज्यसत्ताको जगलाई नै उखेल्ने काम गऱ्यो र जनताको राजकीय सत्तालाई स्थापित गरिछाड्यो । यहि युगान्तकारी आन्दोलनको एक पाटोको रुपमा रहेको माओवादी जनयुद्धका उच्च स्थानमा जीवनको आहुति दिन तयार रहेर पूर्वी कारात क्षेत्रका जनताका अधिकार को लागि खम्बुवान राष्ट्रिय मोर्चा हुँदै माओवादीसँग कार्यगत एकता र किरात वर्कर्स् पार्टीको सञ्चालन तथा माओवादीको केन्द्रीय स्तरमा गत पाँच वर्षदेखि कार्यरत किराती नेता हुन् गोपाल किराती । किरातीहरूको क्रान्तिकारी छविलाई पुनर्स्थापित गर्न राज्यले लादेको एकात्मक केन्द्रीकृत राज्य प्रणाली विरुद्ध सशस्त्र युद्ध छेड्ने यी युवा नेतालाई माओवादी पाटीर्ले भरोसा गर्न लायक सम्झेर केन्द्रीय कमिटिमा समेत जिम्मेवारी दिएको छ । पूर्वी किरात राज्य कमिटिको जिम्मा पनि पाएका यी नेताको स्कुले अध्ययन कम भएपनि स्वअध्ययनका मारे मार्क्र्सवाद लेनिनवाद र अन्तर्राष्ट्रिय राजनीतिमा गहीरो ज्ञान राख्नुहुन्छ । सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक क्रान्तिका लागि किराती समुदायलाई पुर्खाहरूले दिएका संकुचित कुखुरे वा साना सुर्के चिन्तनबाट माथि उक्सेर अवैज्ञानिक इतिहासबाट किचिएको हाम्रो समाजलाई वैज्ञानिक चिन्तनकासाथ अगाडि बढाउनुपर्छ भन्ने विचार राख्ने यी नेता वाह्य रुपमा साम्राज्यवाद, विस्तार वाद र सामन्तवादको विरुद्ध लड्ने विचार र विधिको विकास गर्नुपर्छ भन्नुहुन्छ भने आन्तरिक रुपमा संकिर्ण राष्ट्रवाद र आत्मकेन्द्रीत व्यक्तिवाद भन्दा माथि उक्सेर नयाँ विचारधार ाकासाथ अगि बढ्नुपर्छ भन्नुहुन्छ ।

सोलु जिल्लाको सोताङ गा.वि.स. हुलु गाउँमा २०२२ सालमा जन्मिनु भएका किरात नामकटुवा भूतपूर्व ब्रिटिस आर्मीका छोरा भएपनि स्थानीय सामन्त प्रधानपञ्च कृष्ण बहादुर बस्नेतको षडयन्त्रले आफ्नो जग्गा जमिन गुमाउनुपरेको तीतो यथार्थपछि सुकुम्वासी हुनुभएको थियो । औपचारिक शिक्षाको रुपमा वहाँले हुलु नि. मा. वि. बाट सात कक्षासम्म अध्ययन गर्नुभएको छ । दुमी किरात राई फन्सिकिमको स्थापना कालदेखि दुमी समुदायसँग पनि निकट सम्बन्ध राख्नुहुने किरातसँग हाम्रा इसिलिम प्रतिनिधिले लिनुभएको अन्तर्वार्ता प्रस्तुत छ:

*इसिलिम : माओवादी सशस्त्र युद्धबाट शान्तिपूर्ण राजनीतिसम्म आइपुगेको छ । जष्ठमा हुने भनिएको संविधानसभा पनि हुन सकेन । हरेक वार्तामा र खुला कार्यक्रमहरूमा संविधानसभाको नारा लिएर हिँडेको माओवादी सरकारमा आइसकेर पनि संविधानसभाको वातावरण बनेन भन्छन् नि, जिम्मेवार को ?*

रुपमा आठ दल जिम्मेवार छ । सारमा तत्वमा नेपाली कांग्रेस जिम्मेवार छ । कार्तिक २२ गते जुन सम्झौता गरियो त्यहाँ हामी दुई कुरामा केन्द्रित थियौं । एउटा, पुरानो संविधान कसरी खारेज गर्ने र दोश्रो, जनमुक्ति सेनाको व्यवस्थापन कसरी गर्ने । अहिले हाम्रो सेनालाई शिविरमा राखिएको छ जसले गर्दा प्रतिक्रियावादीहरूले १७ सालमा कांग्रेसलाई जस्तो सखाप पार्न सकेका छैनन् । हामीले गरेको सम्झौतामा संघात्मक सिद्धान्तत: सघात्मक र स्वयत्तता त छ । केन्द्रीकृत र एकात्मक संरचनाको अन्त्य गरी भन्ने त्यहाँ व्यवस्था छ । त्यो भनेको केन्द्रीत एकात्मक ढाँचाको अन्त्य गरेपछि स्वायत्तता हुन्छ । एकात्मकको अन्त्य गरेपछि संघात्मक हुन्छ, तर हामीले त्यो बुझाउन सकेनौ नेपाली जनतालाई,

तर माओवादीले संघात्मक, समानुपातिक सब छोड्यो भनेर बबंडर मच्याइयो। त्यसैले हाम्रो पार्टीको लागि त्यो सम्झौता क्षतिदायी पनि भयो अहिले विस्तारित बैठकले गम्भिर रुपमा आत्मालोचना गरेको छ र नेपाली जनताको सामु शीर झुकाएको छ। र अब त्यसो नगर्ने प्रतिबद्धता सहित अगाडि बढेकोछ। यसैले कार्तिक २२ गतेको सम्झौता त भयो त्यसले मंसीर १५ गते अन्तरिम सरकार गठन गर्ने निर्णय गरेको हो। कसले रोक्यो त्यो ? हाम्रो त सांसद मन्त्री वा विधायक, मन्त्री बन्ने कार्तिक २५ गते तयार गरिएको थियो। २२ गते त्यो सकियो २५ गते फुलवारी बैठक केन्द्रीय समितिको बस्यो। त्यसपछि को मन्त्री बन्ने सांसद बन्ने पूरै तयारी भैसकेको थियो। त कसले भन्दा खेरि रुपमा सात दल भनौं अझै ठोस गरेर भन्दा नेपाली कंग्रस, एमाले र शेर बहादुर गुटले रुपमा रोक्यो सार मा अमेरिका र भारतले रोक्या हो । यो लडाइँ चल्दै जाँदा, दवाव बढ्दै जाँदा अन्तरिम संविधान निर्माण त्यो हुँदै गएर अन्तरिम विधायिका निर्माणसम्म पुग्यो। पुगिसके पछाडि नेकपा माओवादीले ७३ जना, जाति, क्षेत्र, महिला सबै मिलाएर, दलित र महिलाहरूको अधिकतम प्रतिनिधित्व नेपाली विधायिकाको इतिहासमै ४० प्रतिशत हाम्रो पार्टीको उपस्थिति भयो र मधेसको पनि त्यहि ढङ्गले उपस्थिति भयो। यस कुराले अतालिए प्रतिक्रियावादीहरू अब माओवादीले सोहर साहर लाने भो। हाम्रो भागमा परेका अर्को दश जानामा पनि हाम्रो पार्टीले स्वतन्त्र व्यक्तिहरूलाई पाठाउने काम गर्‍यो, जवकि अरु पार्टीहरूले आफ्नो केन्द्रीय नेताहरूलाई पाठाए। माओवादीले पुरानो शाहि सेनाको जर्नेल कुमार फुदुङ समेतलाई त्यहाँ प्रतिनिधित्व गरायो। यसरी चुनाव नहुनुमा र संविधान सभाको वातावरण नबन्नुमा मुख्य रुपमा ठूला भनिएका ठूला भनिएका सात दल जिम्मेवार छन्। किनभने उनीहरूले संविधानसभाको लागि न्युनतम शर्त पूरा गर्न हिचकिचाइरहेका छन्।

***इसिलिम : माओवादीले गरेको कुमार फुदुङको सिफारिसलाई चाहीं सेना फुटाउने चाल भनियो नि ?***

एक चोटि मात्र होइन यो सेना जबसम्म रुपान्तरण हुँदैन तवसम्म फुटाउने हाम्रो रणनीति र कार्यनीति निरन्तर भइरहन्छ। अर्को पक्ष कुमार फुदुङ अरु जर्नेल जस्तो हुनुहुन्न। वहाँ नेपालको सत्ता जसले चलाए पनि हुन्छ, तर देशको हीत हुनुपर्छ भन्ने चाहनुहुन्छ। अरु कैयन जर्नेलहरू यस्ता छन कि जो नेपाल जस्तोसुकै होस तर माओवादीले सत्ता चलाउन हुन्न भन्ने दृष्टिकोण राख्छन्। त्यो सकारात्मक दृष्टिकोण राख्ने हुनाले कुमार फुदुङलाई हाम्रो पार्टीले सिफारिस गरेको। त्यो सबै समेटिसके पछि हाम्रा विरोधिहरू, प्रतिपक्षीहरू साधारण भाषामा कडा भन्ने हो भने दुश्मनहरू अत्तालिए। माओवादीले सोहर साहर पारेर लैजाने भो भन्ने देखेपछि उनीहरूले वितण्ड मच्याउन थाले। नेपाल सदभावना पार्टी, संघात्मक र समानुपातिक प्रतिनिधित्वको निम्ति उ मर्नको लागि तयार छ तर उ क्रान्तिकारी भूमिसुधार भनेपछि उ भाग्न तयार छ किन ? भन्दा खेरि पुष १९ जब त्यसले मधेष बन्द गरेको थियो, त्यसको पर्चा हेर्न सकिन्छ। भूमिसुधार अहिले गर्ने होइन, संघीय नेपाल हुन्छ, सरकार हुन्छ अनि सर काले मात्रै लागु गर्ने हो भूमिसुधार, त्यो मधेषको आन्तरिक मामिला हो भन्छ। यथार्थ वा बस्तुतथ्य के हो भने सदभावना पार्टी सामन्ती जमिनदारहरूको पार्टी हो । त्यसो हुनाले क्रान्तिकारी भूमिसुधारको कुरा गर्न उ चाहँदैन। सामन्तहरूको पार्टी भएकोले समानुपातिक छिटो पाए अलि धेरै खान पाउने होइन संघात्मक भए त्यहाँको मठाधिस हुन पाइने तकाइमा छ। अब यस्ता पार्टीहरू छन् र तिनले मधेष बन्द, अर्को कुन पार्टीले के गर्दै ल्याएर अन्त्यमा यीनिहरूले फोरम र जनतान्त्रिक मोर्चा जस्ता बुख्याँचाहरू तयार पारे। पहिलो बैठकले गर्ने, तर राजाबारे निर्णय गर्न नपाइने भन्ने कुनै पनि प्रावधान त्यसमा छैन। त्यो नभैसकेछि र हाम्रै पार्टीको प्रयत्नमा दुईतिहाईको बहुमतले राजालाई हटाउने प्रावधान थपिसकेपछि राजालाई हटाउन आन्दोलनमा लागेका छौं। त्यहाँबाट सात दलका नेताहरू चाहिँ भाग्दैछन् र एक अर्काप्रति आरोप प्रत्यारोप खडा भइरहेको छ र हामी तपाईंको माध्यमबाट म यहाँ के प्रष्ट गर्न चाहन्छौं भने नेपाली जनताको राष्ट्रियता र श्रमजिवी वर्ग विरुद्ध खडा हुने जस्तोसुकै आँधी र जस्तोुकै ज्वारभाटाको विरुद्धमा उभिन हामी तयार छौं।

***इसिलिम : म अब तपाईंको विगतको राजनीतिक इतिहासको वारेमा प्रश्न गर्न चाहन्छु। पहिले खम्बुवान राष्ट्रिय मोर्चा पार्टी खोलेर पूर्व किरात क्षेत्रमा विद्रोह गर्नुभएको थियो। पछि माओवादी पार्टीसँग विलय हुनुभयो। बीचमा छुट्टिएको घोषणा गर्नुभयो। फेरी पछि माआवादीसँग नै विलय भएर अहिले केन्द्रीय तहमा हुनुहुन्छ। यो वैचारिक विचलन किन ?***

यो समग्र जीवन, जगत र नेपाली समाजको एउटा ऐतिहासिक अभिव्यक्ति हो र यसलाई हाम्रो पार्टीले कसरी बुझ्छभने, एकता, संघर्ष र रुपान्तरण, मुख्यतया रुपान्तरण र हामीले माओवादीसँग त्यहि गर्‍यौं र पछिल्लो काल साठी साल असारमा जुन एकता गरियो त्यो वृहत संघर्ष, अन्तरसंघर्षबाट रुपान्तरण भइएको छ। त्यो पछिल्लो एकताबाट म यो पार्टीको केन्द्रीय समितिमा रहेको अहिले पाँच वर्ष लाग्दैछ। त्यो भन्दा पहिला किरात वर्कर्स् पार्टी, खम्बुवान राष्ट्रिय मोर्चाको प्रश्न के हो भने मुक्तिको बाटो खोजीको प्रश्न थियो। हाम्रा पुर्खाहरूको

समिक्षा गर्दा बहादुरी देखाउनु भयो, विद्रोह गर्नुभयो । सात सालमा राम प्रसाद राईको नेतृत्वमा सिंह दरवार चौवीस घण्टा कब्जा गरियो । त्यस्तो उच्चाइको बहादुरी अहिले हामीले प्रदर्शन गर्न सकेका छैनौं । त्यति ठूलो वहाँहरू हुनुहुन्थ्यो र साथमा वहाँहरूको कम्जोरी पनि थियो । वहाँहरू लडाकु हुनुहुन्थ्यो, इमान्दार हुनुहुन्थ्यो, बहादुर हुनुहुन्थ्यो तर वैज्ञानिक हुनुहुन्थेन । परिणाममा अव नेपालको उत्पीडित जातीय हक अधिकारको वा मुक्तिको निम्ति कुनै एउटा राजनीतिक संगठन वहाँहरूले खडा गरिदिन सक्नुभएन । सात सालमा त्यत्रो तागत देखाएको समुदाय पछि क्षोभ भएको जस्तो देखियो । त्यो हिसाबले पुर्खाको जुन कम्जोरी थियो त्यसको पूर्ति गर्नको निम्ति पनि एउटा मुक्तिको झण्डा, मुक्तिको दिशा खोजीको क्रममा थियौं । म धेरै भौंतारिंदै आएको मान्छे हुँ । शुरुमा स्वतन्त्र वामपन्थी जस्तो पछि एम.एस. थापा र गोरे बहादुर खपाङ्गीसँग मिलेर नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा पनि स्थापना गर्‍यौं । पछि जनमुक्ति पार्टी वहाँहरूले बनाउनुभयो । जनमुक्ति मोर्चा निर्माण गरेको आठ नौ महिनामा नै वहाँहरू दरवारिया हुनुहुँदोरहेछ भनेर पुष्टि भयो । अन्तरसंघर्ष चल्दै गयो । मैले छोडेर हिडें । खम्बुवान मोर्चा निर्माण गरियो । बिर नेम्वाहाङको एक प्रकारको प्रेसरणाबाट खम्बुवान मोर्चा हामीले निर्माण गरेका थियौं । गोरे बहादुर खपाङ्गीहरू दरवारीया भएको पुष्टि भएपछि त्यसलाई छोड्दै म त किरात मोर्चा निर्माण गर्नको निम्ति बीर नेम्वाहाङ् जीलाई भेट्न गएको थिएँ । वहाँ एक सदस्यीय लिम्बुवान मुक्ति मोर्चाको अध्यक्ष हुनुहुँदो रहेछ । वहाँले भन्नुभयो किरात मुक्ति मोर्चा बनाउनु हुँदैन । लिम्बुवान, खम्बुवान मुक्ति मोर्चा बनाउनुपर्छ । अव खम्बुवान मोर्चा बनाउने भए देखि म सघाउँछु नभए सघाउँदिन भन्ने प्रेसर थियो । अनि मैले त भनें, तपाईं नेतृत्व गर्नुहोस् किरात मोर्चा बनाउँ । नेम्वाहाङ् जीको भनाई थियो कि किरात मोर्चा बनायो भने भारत रिसाउँछ । किन रिसाउँछ भारत भन्दा खेरि किरात भनेको त नागालेण्ड सम्म छ । त्यसो हुनाले इण्डिया रिसाउँछ, बरु खम्बुवान बनाउनुपर्छ तपाईंले । मेरो चेतना र अवस्था कस्तो थियो भने म आफैंले नेतृत्व गर्न सकौंला भन्ने ह्याउको विकास भैसकेको थिएन । र कसैले नेतृत्व गर्छ र म सघाउँछु र नेपालमा आन्दोलन गर्ने भन्ने थियो । यसकारण बीर नेम्वाहाङको सहयोग बिना केहि पनि गर्न सक्दिन भन्ने थियो र खम्बुवान राष्ट्रिय मोर्चा निर्माण गरियो तर त्यसले गौरवशाली भूमिका खेल्यो । पछि त्यसलाई किराती राष्ट्रिय मोर्चातिर विकसित गरियो, रुपान्तरण गरियो । तर खम्बुवान राष्ट्रिय मोर्चाकै नेतृत्वमा नेपालको इतिहासमा अनिवार्य संस्कृतको विरुद्धमा तीन वटा बाहुनवादी संस्कृत विद्यालयहरूमा बम विष्फोटको सेवोटेज गरियो । त्यसले थुप्रै काम गर्‍यो । एउटा देखिने काम त संस्कृत अनिवार्य भन्ने हट्यो जो राष्ट्रिय संकटको रुपमा थियो । जनजाति महासंघ केहि बौद्धिकहरूले केहि एकेडेमिक एकसरसाइज त गर्दै थिए । तर यसलेमात्र संस्कृत हट्दैनथ्यो । त्यसैले हामीले बम प्रहार गर्‍यौं । र पछि ने.क.पा. माओवादीले त्यसलाई लिएर हिँड्यो । अखिल क्रान्तिकारीको माध्यमबाट बेलैमा वा बच्चा हुँदै त्यो अनिवार्य संस्कृतको बोझ जुन भाषिक एकाधिकार तोडियो । यस अर्थमा गर्व लाग्छ हामीलाई कि हाम्रो निशाना अचूक रह्यो । अर्को कुरा पूर्खाहरूले जुन बन्दुक उठाउँदै जानु भो, पुर्खाहरूले उठाउँदै आउनु भएको बन्दुकलाई नयाँ उचाईमा लान निरन्तर दिईयो । यसो हुनाले बिगतका कान्तिकारी घटनाहरूलाई सम्झँदाखेरी मलाई बहुत ठूलो गर्व महशुस हुन्छ । त्यही शिलशीलामा दुईवटा कारणले, एउटा त नेकपा माओबादीले जो नेतृत्व घोषणा गर्‍यो त्यो सोह्रै आना ठिक भनेर हामीले समर्थन पनि गर्‍यौं, तर नेतृत्व बारे हामीलाई शंका थियो, र हुनु स्वभाबिक र जरुरी दुबै थियो । २००७ सालमा कांग्रेस र पञ्चायत कालमा माले पनि अहिलेको माओबादी जस्तै त यिनीहरूले लगेर खाल्डोमा हालिदिए । हाम्रो उत्पिडित बर्ग र जातिलाई भनिसकेपछि अगुल्टोले हानेको कुकुरको अबस्था थियो हाम्रो, बिजुली चम्किँदा तर्सिनु पर्थ्यो । जनयुद्धलाई समर्थन गर्ने तर माओवादीमा प्रवेश गरिहाल्ने बारेमा चाहिँ अध्ययन गरिनु पर्छ भन्दै आइयो । त आउने क्रममा शुरुमा ने.क.पा. माओवादीसँग कुरा गर्दै किराती राष्ट्रिय मोर्चा निर्माण गर्‍यौं । लिम्बुवान मुक्ति मोर्चाका कतिपय कामरेडसँग उनीहरूको चाहाना अनुसार छुटेका छौं । मोर्चाको विभाजन भएको छ । अव त्यहाँ संकट काल थोपरियो । हाम्रो व्यवहारिक समायोजन मिलेन । किराती राष्ट्रिय मोर्चा नेकपा माओवादीमा त प्रवेश गर्‍यौं २०५८मा । तर व्यवहारिक समायोजनमा नमिल्दाखेरि, संगठनात्मक जिम्मेवारीहरू नमिल्दाखेरि हामी आत्तियौं । इतिहासतिर फर्केर बढी त्रसित भयौं । होइन फेरि स्वाहा पारियो कि क्या हो त्यो मुक्तिको झण्डालाई हँ ? भन्ने कुरामा बढी तरङ्गित भयौं । फलस्रुप त्योबीचमा क्रान्तिको झण्डालाई निरन्तरता दिने भनेर किरात वर्कर्स् पार्टी हामीले फेरि जगायौं र जगाइसके पछि हाम्रो युनिटी भयो । त्यो हुँदै आयो । त्यो किरात वर्कर्स् पार्टीले पनि त्यसबेला सकारात्मक भूमिका नै निर्वाह गर्‍यौं ।

***इसिलिम : माओवादीले उठाउने गरेको गणतन्त्र नयाँ जनवादी गणतन्त्र वा लोकतान्त्रिक गणतन्त्र के हो ?*** हाम्रो पार्टी

मालेमा वादी बैचारिक निर्देशनको पार्टी हुनाले हाम्रै पार्टीको आफ्नै कार्यक्रम नयाँ जनवादी गणतन्त्रको हुन्छ । तर हाम्रै पार्टीको कार्यक्रमले मात्र समग्र नेपाली समाजलाई प्रतिनिधित्व गर्न नसक्ने स्थिति पनि छ । त्यसो हुनाले चुनवाङ् वैठकको निर्णय अनुसार बाद्द बुँदे हुँदै यहाँसम्म आएर पनि हामीले संघीय लोकतान्त्रिक गणतन्त्र भनेका हौं। नयाँ जनवादी गणतन्त्र होइन । संघीय गणतन्त्र नेपालको स्थापनामा जोड दिने हाम्रो नीति रहेको छ र लोकतान्त्रिक गणतन्त्रको स्थापनाबाट नेपाली राजनीतिलाई यहाँको अर्थतन्त्र समाज र संस्कृतिलाई दुई कित्तामा तान्ने निरन्तर कोशिस चल्छ भनेर पनि हाम्रो पार्टीले भनेको छ। बुर्जुवा संसदवादीहरूले दक्षिणपन्थि संसदवादतिर लोकतान्त्रिक गणतन्त्रलाई तानेर लैजान खोज्नेछन् भने नेकपा माओवादीले नयाँ जनवादतिर वा समाजवादी गणतन्त्रतिर रुपान्तरण गर्ने कोशिस चल्नेछ, जसमा सर्वहारा वर्गको नेतृत्व हुनेछ भनिएको छ । यसको निम्ति चुनावी प्रतिस्पर्धाको सिद्धान्तलाई पनि हाम्रो पार्टीले स्वीकार गरेको छ जसलाई एकाइसौं सताब्दीको जनवादको प्रस्तावको रुपमा हामी बुझ्छौं । र त्यो नयाँ अवधारणा अनुसार देशभक्त, लोकतन्त्रवादी र जनपक्षीय राजनीतिक दलहरूसँग हामी प्रतिस्पर्धा गर्नेछौं । विदेशी दलाल, सामन्ति दलाल, जनविरोधी राजनीतिक दलहरूसित होइन । यो रुपले संघर्ष गर्नेछौं । अव सामन्तवाद, साम्राज्यवाद, विस्तारवादसित चाहिँ फौजी संघर्ष जहिले पनि हुन्छ । कहिलेकहिँ युद्धविराम हुन्छ । त्यसवाहेक सर्वहारा वर्गले सशस्त्र संघर्ष नै गर्नुपर्छ अर्को विकल्प हुन्न ।

*इसिलिम : माओवादी शान्ति प्रक्रियाप्रति प्रतिवद्ध छ भनेर भन्ने गर्छ । तर रुपमा हेर्दा वाइ सि एलको क्रियाकलापहरूलाई हेर्नेहो भने त्यस्तो प्रतिवद्ध भएजस्तो लाग्दैन । कमरेड महराले पनि हामीमा युद्धका धङ्धडी अझै छन् भनेर यसलाई स्वीकार्नु भएको छ । यस रुपमा हेर्दा माओवादी साँच्चै शान्ति प्रति प्रतिबद्ध छ त ?*

मलाई त लाग्छ, धङ्धडीलाई अझ विकसित गर्नुपर्छ । किनभने नेपाली राष्ट्रियता, लोकतन्त्र र जनसमुदाय जनजीविकाको सन्दर्भमा देशी विदेशी हस्तक्षेप हुँदा खेरी लड्ने मानसिकता तपाईं बनाउनु हुन्नभने त्यो त शोषकहरुको राज कायाम गर्ने कुरा भयो नि । राष्ट्रिय आत्म समर्पणवादी गद्धार परिभाषा नै प्रयोग हुने भयो नि त्यसो हुनाले साम्राज्यावाद, विस्तारवाद र सामन्तवादको विरुद्ध आईपऱ्यो भने अझ नेपाली जनता नै लड्न तयार रहनु पर्छ जसले हिजैदेखि भौतिक र मनसिक रुपमा नै जनतालाई दास बनायो त्यसको विरुद्ध वहाँहरू मानसिक रुपमा सशक्त र आवश्याक परे भौतिक रुपमा पनि लड्न तयार रहनुपर्छ । वाई सि एल को सन्दर्भमा, यसलाई हाम्रा प्रतिपक्षिहरू किन यस्तो आतङिकत दिृष्किोणले हेर्नु हुन्छ भने पहिला जनमुक्ति सेनालाई र हतियार मात्रै थन्क्याई मात्र हेर न भन्थे । त्यसो भनेर दाह्रा किटेपछि त प्रतिरक्षाको लागि हामी पनि तयार हुनुपर्थ्यो । युद्ध विज्ञानको अविस्कार नै रक्षा र आक्रमणको द्धन्दात्मक उदेश्यले भएको हो । नेपाली राजनीतिमा युद्धविज्ञानको सशक्त रुपमा प्रयोग गरिएको नेता पार्टी र कार्यकर्ताले निशस्त्र भएर आत्म समर्पण गर्न हुँदै हुँदैनथ्यो । त्यो आत्मसमर्पण हुन्थ्यो । सारा हातहतियार समेत शिविरमा केन्द्रित भएपछि निकारागुवा चिली भारतको नक्सालवाद जस्तै बनइने हो कि ? हत्या नै हत्या, रगत नै रगतले रङ्गिएको ऐतिहासिक पृष्टभूमी बोकेको राणा र शाह परिवार अमेरीकाको सी आइ ए भारतको रको पृष्टभूमिमा जन प्रतिरोधको तयारी गर्ने पर्थ्यो । संबिधानसभा र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि साथै रणनीतिक रुपमा वाई सि एल सर्वहारा वर्गीय कम्युनिष्ट पार्टीको उत्तराधिकारी संगठन पनि हो । यसरी माओवादी विरुद्ध दाह्रा किट्नेहरू वाई सि एल संग दाह्रा किट्दै हुनुहुन्छ । उत्पिडितहरूको लागि वाई सी एल हिरो हो । उत्पिडित सामन्त नेकारशाह दलालहरूको निम्ति भिलेन हो । यति हुँदाहुँदै सत्य के हो भने वाई सि. एल. महान हो । महान कार्यको लागि मार्क्स र एङ्गल्सले कम्युनिष्ट घोषणा-पत्रको अन्त्यामा फ्लोरेन्सवासीहरूको उक्तिलाई उद्‌घ गर्दै लेखिएको छ, मनिसहरू जे मन लाग्छ भन्दै गरुन्,क्रान्तिकारहरू सरासर आफ्नो बाटो लाग । वाई सि एल को सन्दर्भमा म यहि भन्न चाहान्छु । संचार माध्याम , गोरखापत्र नेपाल टेलिभिजन रेडियो नेपाल वाहेक अन्य विग हाउसहरूमा विदेशीको, ठूलो मात्रामा तस्कहरूको नियन्त्रण छ । त्यस माफत अमेरीकी साम्रज्यवाद र भारतीय विस्तारवादको नियान्त्रण छ । ठूला रङ्गीचङ्गी कलेवारमा प्रकाशन हुने पत्रिकाहरूले नपाली आत्मा दिउँसै बेचेका छन् । नेपाली आत्मलाई बन्धक बनाइएको विदेशी दलाल र नोकर शाहको कब्जामा रहेको संचार माध्यामलाई तत्काल नियन्त्रण गर्न सक्ने क्षमता हामीमा छैन । हामी पञ्चायती शैलीको पक्षमा पनि छैनौं । तर हाम्रो पार्टीको एकल सत्ता भयो भने आम नेपाली जनतालाई ती पत्रिकाहरू कसरी चलेका छन् वास्तविकता जनतासामु प्रस्तुत गर्ने छौं र जनताले त्यसको फैसला गर्नुहुनेछ ।

*इसिलिम : तपाईहरूले भन्दै आउनुभएको एकाइसौं शताब्दीको नेपाली हावा पानी र भूगोल सुहाउँदो गणतन्त्र भनेको कस्तो गणतन्त्र हो ?*

यसमा सैद्धान्तिक अवधारपण प्रति प्रष्ट हुनुपर्छ । कमरेड लेनिनले १९१७ मा अक्टोबर क्रान्ति भइसकेपछि समाजवादी प्रतिस्पर्धाको अवधारणको विकास गर्दै हुनुहुन्थ्यो तर चौध प्रतिकियवादी मूलुकरुको सामुहिक आकमण शुरु भएपछि प्रतिस्पर्धाका अवधारण ओभ्रेल पऱ्यो र वारकम्यूनिजमको अवधारणा लागु गरियो । मेन्सेभिकहरूले ब्रेस्तलिस्तमा देश बेचुवाको आरोप लाएका थिए । त्यही समूहका एक युवाले लेनिनलाई १९२३ मा गोली हाने र १९२४ मा कमरेड लेलिनको निधन भयो । वार कम्युनिज्मको माध्यबाट सोभियत सत्ताको सक्षा गरी राट्रिय स्वतन्त्रता कायम गरियो । तर त्यसपछि सम्राज्यवादी प्रतिस्पर्धाको अवधारणा प्रयोग गरिनुपर्थ्यो, त्यो भएन । कमरेड स्टालिनले वार कम्युनिज्मलाई एउटा दर्शनको रुपमा प्रयोग गर्नुभयो । लेनिनवाद त्यस्तो थिएन । वार कम्युनिज्मलाई दर्शनको रुपमा प्रयोग गर्दै जाँदा १९३८ मा ९८ जाना केन्द्रीय सदस्यहरूलाई फाँसी दिने स्थितिसम्म पुग्यो । भनिन्छ यसबाट सबै जनता भयभित र त्रसित भएर व्यक्ति पूजामा लाग्न वाध्य भए । स्टालिनले त्यो नचाहे पनि वहाँको कर्मले त्यस्तो बनायो । मृत्युपछि खुस्चेभ जन्मे र सोभियत संघलाई सखाप पारे । पछि कमरेड माओले विचार का सयौं फूलहरूलाई फुल्न देउ भन्ने विचारको विकास गर्नुभयो। वहाँको त्यो विचार लेनिनको समाजवादी प्रतिस्पर्धाको अवधारणा कै निरन्तरता थियो । तर व्यवहारमा चाहिँ वहाँले त्यसो गर्न सक्नुभएन। दलीय सहयोगात्मकताको नीति लिनुभयो, जसको अर्थ हुन्छ अन्य दलहरू प्रतिस्पर्धी होइन सहयोगी मात्र हुनुपर्छ । यसको अर्थ अन्य पार्टीहरूलाई चीनिया कम्युनिष्ट पार्टीको भातृ संगठन भन्दा बढी हैसियत मिलेन । नेकपा माओवादीले भनेको विचारको विकास भनेको लेनिनको समाजवादी प्रतिस्पर्धामा माओको विचारका सयौं फूलहरूलाई फुल्न देउ भन्ने विचारलाई विधिमा पनि प्रयोग गर्ने हो । यसको अर्थ दलीय सहयोग होइन दलीय प्रतिस्पर्धात्मक सम्बन्ध कायम गर्नुपर्छ भन्ने हो । विश्व कम्युनिष्ट आन्दोलनमा एक समय क्रान्ति गरेको कम्युनिष्ट सधैं क्रान्तिकारी हुन्छ भन्ने भएन । त्यसकारण त्यसले पनि जनताबाट परीक्षण हुने परि पाटीको विकास हुनुपर्छ, जसलाई हामीले एकाइसौं शताब्दीको गणतन्त्र भन्यौं । पार्टी र सरकार दुवैमा आम जनसमुदायको निगरानी नियन्त्रण र हस्तक्षेपको विधि निश्चित हुनुपर्छ भनिएको छ । त्यो विधि भनेको चुनावी प्रतिस्पर्धाको विधि हो भनेर हामीले भनेका छौं । यसरी जातीय,क्षेत्रीय, महिला उत्पीडिनको अन्त्य भएको हुनेछ । अहिलेको भू-मण्डलि करणलाई हामी सर्वहारा वर्गले क्रान्तिकरण गरौं । तथाकथित ढँटुवा उदारीकरणको रणनीतिलाई चाँही हामी लोकतान्त्रि करण गरौं । त्यसको नीजिकरणलाई समाजवादीकरण गरौ ।

***इसिलिम : यो दश बर्ष माओवादी जनयुद्ध रप त्यस पछिको महान जनआन्दोलनको सफलतापछि जनतालाई राज्यको पुनसंरचना गरी तयाँ नेपालको निर्माण गरिन्छ भनिन्छ । राज्यको पुनसंरचना कुन अर्थमा र कसरी गरिन्छ ?***

हाम्रो पार्टीको सन्दर्भमा पार्टीको वालाजुमा सम्पन्न पाचौं विस्तारित बैठकले पार्टीको संगठनात्मक संरचनालाई व्यापक हेरफेर गर्ने निर्णय गऱ्यो । त्यो केन्द्रीय समितिको बैठकले जातीय, क्षेत्रीय आधारमा ११ वटा राज्य कमिटीहरू नेपालमा प्रस्तावित गरिएको छ। पहिलाको ९ वटा रज्यहरूमा लिम्बुवान क्षेत्रका जनताहरु र कोचिला मुक्ति मोर्चाको पनि माग अनुसार लिम्बुवान र कोचिला राज्या थपेर ११ वटा स्वयत्त राज्यहरूको अवधारणालाई प्रारम्भिक अभ्यासको रुपमा शुरुवात गरिएको छ । संखुवासभा , भोजपुर , खोटाङ्, ओखलढुंगा, सोलु , उदयपुर ६ जिल्लालाई मिलाएर प्रस्तावित किरात राज्य कमिटी निर्माण गरिएको छ। झापा , सुनसरी , र मोरङ्लाई मिलाएर प्रस्तावित कोचिला राज्य कमिटी निर्माण गरिएको छ । किन यसो गरियो भन्ने सन्दर्भमा एउटा कारण नेकपा माओवादीले यो अवधारण लिनुभन्दा अगाडि देखि नै कतिपय बुद्धिजीवी , सचेत नागरिकहरू र उत्पिडीत वर्गबाट उठ्ने गरेको थियो , जसलाई हाम्रो पार्टीले आत्मसात गऱ्यो। त्यसपछि नेपालमा जातीय , क्षेत्रिय आधारमा संघिय स्वयत्तताको राजनीतिक कार्यदिशा नेकपा माओवादीको कार्यदिशा बन्यो। कार्यदिशा प्रयोगको निम्ति अहिले ११ वटा राज्य कमिटीहरू बनाइएको छ। दोस्रो कारण चाहि माओवादीलाई समानुपातिक र संघात्मकता छोड्यो भनेर आरोप लगाउनेहरू जसले हामीले संघात्मकता समानुपतिकताको माग राख्दा विदेशी शक्तिको भरमा पुलिस सेना लगाएर दमन गरे तिनिहरूचाहि संघात्मकवादी जस्तो हुने तर जसको लागि वलिदान गऱ्यो उ चाहिँ होईन जस्तो हुने। यो प्रतिक्रियवादी चलखेललाई पनि जनताले बुझ्ने गरी जवाफ दिन पनि हामीले ११ राज्य कमिटी बनाएका छौं। जसका लागि एउटा विधी, राज्य पुनसंरचनाको लागि सुझाब दिन देब गुरुङ्को संयोजकतवमा राज्य पुनसंरचना आयोग गठन गरिएको छ। जसले कतिवटा राज्य कति उपराज्यहरू हुनुपर्ने, यसको साँध-सिमाना, केन्द्र र तलको सरकारमा के-कति अधिकार हुने भन्ने वारे वैज्ञानिक अध्ययन

गर्नेछ । अर्को आम जनताबीचमा बहस चलाउने । पूर्वको सन्दर्भमा किरात राई यायोख्खा , याख्खा दुम्मा , सुनुवार सेवा समाजका संस्थागत र कतिपय पदाधिकारी सदस्यहरूले किरात गणतन्त्र भनेको पनि पाइयो । त्यसलाई पनि कदर गर्दै किरात राज्यको पुनरसंरचनाको सवलमा राज्यको पनरसंरचना अन्तर्गत सेनाको, प्रशासनको, आर्थिक आधार अधिसंरचनाको, र संकृतिको पुनसंरचना जस्ता सबै कसिमको पुनसंरचना नेकपा माओवादीको र नेपाली जनताको पनि चाहाना हो। पुनरसंरचना निरन्तर प्रक्रिया हो। पुनरसंरचनाको क्रममा हामी सरलबाट जटीलतिर गइराखेका छौं । यो जटीलता विश्लेषण गर्ने क्षमताको विकास कसरी गर्ने ? अरुले त विकास गरिसके । यो तपाईंको मिडिया मार्फत एउटा रोचक प्रसंग राख्न चाहन्छु । त्यो हो सन २००८ मा चीनमा हुने ओलम्पिकमा बालिने बत्तीलाई ग्रीसबाट ल्याएर बेइजिङ्ग हुँदै चोमोलोङमामा हिमाल आरोहीले बालेपछि ओलम्पिक उद्घाटन हुने रे । चोमोलोङमालाई चीनियाहरूले यसरी प्रयोग गर्दैछन्। यसलाई कसरी हेर्ने, बुझ्ने ? माक्स्वादले हेर्ने दृष्टिकोण भनेको द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद हो जसले बस्तुलाई गतिमा हेर्छ। जीवन सापेक्ष हो, मृत्यु निरपेक्ष हो। जीवन मात्र पनि हुन सक्दैन। यस अर्थमा पुनरसंरचनाको प्रक्रिया निरन्तर चल्दैजान्छ। कहिले अंशमा परिवर्तन हुन्छ भने कहिले समग्रमा पुनरसंरचना हुन्छ । अहिले हामीले चाहेको सामन्ती युगको अन्त्य र प्रगतिशील युगको निर्माणको लागि समग्र पुनरसंरचना हो । एकता, संघर्ष र रुपान्तरण आजको आवश्कता हो । यो रुपान्तरण भनेको मानिसले मानिसलाई शोषण गर्ने अवस्थाको अन्त्य भएको नयाँ साम्यवादी अवस्थामा रुपान्तरण गराउने हो । र राज्यलाई विलोप गराउने दार्शनिक दृष्टिकोण हाम्रो पार्टी राख्दछ । कमरेड मार्क्स् र एंगेल्स्को दृष्टिकोणमा संविधान रहित, सेना प्रहरी रहितको यस दुनीयाँमा मान्छेमात्र हुनेछन्। मान्छेले मान्छेलाई शोषण गर्ने अवस्था र हने छैन । आवश्यकताको आधारमा खर्च गर्नेछन् । तव सबै मानिस स्वतन्त्र हुनेछन् । यहि हो मार्क्स्वादले भनेको साम्यवाद । त्यहाँसम्मको रुपान्तरणलाई मध्यनजर गरेर हामी अहिले राज्यको पुनरसंरचनाको अभियानमा समर्पित छौं ।

***इसिलिम :** राज्यले अल्पसङ्ख्यकहरूको पहिचान र अधिकारमा बेवास्ता गरेको अवस्थामा खम्बुवान र लिम्बुवान भनेर अल्पसंख्यामा विभाजित हुनुभन्दा किरात स्वायत्त प्रदेशको रुपमा माग लिएर समग्र किरातहरूलाई समेट्नु राम्रो हुन्न ? राईहरूको छाता संस्था किरात राई यायोकखाको पनि यहि धारणा छ । यसमा के भन्नुहुन्छ ?*

हामीले पनि त्यहि चाहेका थियौं । तर किरात राज्य जवर्जस्ती लाद्नु भएन, जस्ले चाहँदैन । लिम्बु संघ संगठन अनि हाम्रै पार्टीका कमरेडहरूले पनि लिम्बुवानको चाहाना राख्नुभयो । यसअर्थमा त्यसलाई जायजै मानियो । साँध सिमाना के कति हुन्छ भन्ने सन्दर्भमा पृथ्वीनारायण शाहकालिन वा नयाँ हुने भन्ने छ । हामी भन्छौं नयाँ हुनुपर्छ । त्यसलाई सामूहिक छलफल वा वैज्ञानिक अध्ययनले निष्कर्श निकाल्ने हो । लिम्बुवान नै चाहन्छन् भनेपनि टाउको दुखाउनुपर्ने विषय हुन्न । बाँकी रहेको जसले आफूलाई किरात ठानेर किरात राज्यमा रहन सन्तुष्ट हुन्छ किरात राज्यमा रहन्छन् । यलम्बर कालिन ३२ पुस्ते गौरवमय इतिहासको कारणले पनि र अहिले पनि किराती भन्ने जुन एउटा गौरव छ, त्यसकारणले पनि जसले किरात स्वायत्त राज्य चाहन्छ उसको लागि किरात राज्य हुनसक्छ । र खम्बुवान मोर्चालाई चाहिँ अहिले किराती मोर्चामा परिणत गर्‍यौं । किनभने, पहिलो, क्रान्तिको निम्ति वृहत एकता चाहिन्छ भन्ने बुझेर, दोस्रो, खम्बुवान स्वयत्तताको मार्गले खम्बुवानमात्रको पनि प्रतिनिधित्व गर्न सक्दैन । त्यसकारण अहिले याख्खा, याम्फु, लोहोरुङ राई, सुनुवार समदायको गृहभूमिको रुपमा हाम्रो पार्टीले किरात राज्यको अवधारणालाई अगि सारेको छ ।

***इसिलिम :** आदिवासी जनजाति महासंघले आदिवासी अधिकार र साज्यको पुनरसंरचनाको माग गर्दै गरेको आन्दोलन अहिले वार्ताको माध्यमबाट स्थगित गर्ने निर्णय गरिएको छ । संविधानसभाको चुनाव हुन दिने र दलहरूले प्रत्यक्ष निर्वाचनको लागि उम्मेदवार घोषणा गर्दा समानुपातिक प्रतिनिधित्वको आधारम ागर्ने घोषणा गर्ने सरकारसँग सम्झौता भएको छ यसमा जनजाति महासंघको अडान के हुनु पर्थ्यो ? वा यो संझौतालाई के भन्नु हुन्छ ?*

एकको दुईमा विभाजनको द्वन्दवादी प्रक्रिया अनुसार जनजाति महासंघलाई पनि विभाजित गर्नुपर्छ, राम्रो पक्ष र नराम्रो पक्षमा। राम्रो पक्षलाई हेर्दा यसैले अहिलेसम्म जनजातिको अधिकारको लागि प्राज्ञिक पहल गर्दै आएको छ जुन प्रशंसनीय छ । नकारात्मक रुपमा हेर्दा साम्राज्यवाद, विस्तारवाद र त्यहाँका नोकरशाहहरूको दलाली गर्ने मञ्च नबनोस् भन्ने हामी चाहन्छौं । अहिलेको संझौताको कुरा गर्दा त्यो स्वतन्त्र संगठन भएको हुँदा गर्ने स्वतन्त्रता संघमा निहित छ। त्यसको सदस्य संगठनले बुझ्नुपर्ने कुरा हो । मेरो व्यक्तिगत विचार भन्नुहुन्छ भने हिजो माओवादीले संघीयता र समानुपातिकताको नारा छोड्यो भनेर माओवादीको पुत्ला जलाउने, अन्तरिम संविधान जलाउने महासंघले माग पूरा नभए संविधानसभाको चुनाव हुन दिन्नौं भन्ने संघले जव माओवादीको विस्तारित वैठक मार्फत हिजोका गल्तिलाई स्वकिार गर्दै संघीयता र समानुपातिकतालाई जोड दिन थाल्यो तव संझौताको नाममा

त्यो संघीयता र समानुपातिकताको मागलाई किन स्थगित गऱ्यो र पुराना सत्ताधारी चरित्रसित किन काँध मिलाउनु भयो ? यसले आशंका पैदा गरेको छ। यसलाई पनि अध्ययन गरिनुपर्छ । साम्राज्यवादको भू-मण्डलिकरणलाई कुखुराको धरातल छोडेर चीलको उच्चाइमा उठेर प्रतिरोध गर्नको लागि जनजाति महासंघले भूमिका खेल्योभने नेपाली समाजको परिवर्तनमा उसको अपेक्षित योगदान रहनेछ।

*इसिलिम : विभिन्न वार्ताहरूको क्रममा माओवादीले न्यूनतम शर्तको रुपमा संविधानसभाको चुनाव भन्दै आएको थियो । अहिले त्यो नारा अन्य राजनीतिक पार्टीहरू र संघ संस्थाहरूका मूख्य नाराको रुपमा देखिएको छ । माओवादी पार्टी चाहिँ ओझेलमा परेको छ । माओवादी यसमा कहाँ चुक्यो ?*

नेपाली जनता कै त्यो इच्छा हो भने त्यो नारा माओवादी कै भइरहनुपर्छ भन्ने छैन । यो नेपाली कांग्रेसको नारा थियो २००७ सालदेखि १३ सालसम्म । यसलाई नेकपा माओवादीले उजागर गरेको हो अहिले । नेपाली जनतालाई नेकपा माओवादीबाट सफलता मिल्दैन भन्ने लाग्छ भने अरुतिर लाग्ने कुरा हुन्छ। दलीय प्रतिस्पर्धाको राजनीतिमा त्यो यताको उता, उताको यता भइरहन्छ । त्यो हेर्नेहरूको सरोकारको विषय हो । यदि हामीले नेपाली राष्ट्रियता र जनजीविकाको एजेण्डालाई छाडेको भए अमेरिका र भारतले किन हामीमाथि खनिनुपर्छ ? वाई सि एल हाम्रै भाइ-वहिनीहरूको संगठन हो, किन आत्तिनुपर्ने ? यसको अर्थ जनताको एजेण्डा हामीले छोडेका छैनौं । झुटलाई पनि सयौं चोटी सत्य हो भनेर दोहोऱ्यायो भने सत्यमा बदलिन्छ भन्ने हिट्लरका सञ्चार मन्त्री गोएबल्स्को प्रचार शैली प्रयोग गरिँदैछ। भ्रम फैल्याउन माओवादीले एजेण्डा छोड्यो है भनेर । हामी के ठान्दछौं भने असत्य कुरालाई सत्य हो भनेर सय चोटी प्रचार गरे पनि कार्यनीतिक रुपले त भ्रमित हुन्छन् जनता, तर रणनीतिक रुपले हुँदैनन् । गोएबल्स् त हाऱ्यो दोस्रो विश्वयुद्धमा । हिट्लरले आत्महत्या गर्नुपऱ्यो । गोएबल्सहरू आत्महत्या गर्छन् , गोएबल्सहरू निरन्तर मर्छन् र अन्तत्तोगत्वा समाप्त हुन्छन् । सर्वहारा वर्गाहरू निरन्तर संघर्ष गर्छन् र विजय प्राप्त गर्छन्। त्यसकारण फटाहाहरूको प्रचारवाजीबाट हामी भ्रमित छैनौं । जनताहरू भ्रमित छन्भने विस्तारै साफ गर्दै लानुपर्छ ।

*इसिलिम : कुनैपनि क्रान्तिको सफलता सार्थकता समाजको यथास्थितिवादी चिन्तनमाथिको विजय वा परवर्तनलेमात्र सम्भव हुन्छ । यस अर्थमा ने.क.पा. माओवादीको दश वर्षे क्रान्तिले नेपाली समाज र राजनैतिक पार्टीहरूको यथास्थितिवादी सोचमा कतिको परिवर्तन ल्यायो ?*

वैचारिक रुपमा महान विजय प्राप्त गऱ्यो । तर संगठनात्मक रुपले बाँकी छ । अकर्मन्यतावादी चिन्तनमाथि वैचारिक रुपले यस अर्थमा विजय प्राप्त भयो कि जुन रुपमा तपाईको अगिल्लो प्रश्न थियो अव गणतन्त्र र संविधानसभा त माओवादीको होइन कि जस्तो झिलिमिलि देखाइएको छ त्यो किन गर्न वाध्य भए ? संघात्मक स्वायत्तता समानुपातिक, संविधानसभा, गणतन्त्र जस्ता नाराहरू कहाँ एमाले र कांग्रेसका थिए ? हामीले त्यसो भन्दा मारेका हुन् नि त यिनीहरूले । यथार्थ यो हो नि त केही वर्ष अगिको त। अहिले उनीहरूले हामीहरू भन्दा ठूलो आवाजमा त्यही कुरा किन बाल्नु पऱ्यो भन्दाखेरी त्यो हाम्रो वैचारिक विजय हो , रणनीतिक विजय हो। राजनीतिक विजय हो। संगठनात्मक र सांस्कृतिक विजय विजय बाँकी छ । यसको निम्ति लड्दै छौं । २२ बुँदे हाम्रो मागमा केन्द्रित संश्लेषण के हो भने गोलमेच सम्मेलन , गणतन्त्र घाषणा र संविधानसभाको चुनाब । अन्तरिम संसदले मात्र सबै समस्याहरू सम्हाल्न सकेको छैन । देशका सबै शक्तिहरूको गोलमेच सम्मेलन गर्नुपर्छ। त्यसपछि गणतन्त्रको घोषणा गरेर जानुपर्छ , संबिधानसभाको चुनाब मार्फत यो रुपमा संगठनात्मक, साँस्कृतिक र आर्थिक रुपले पनि विजय हासिल गर्नको लागि हाम्रो पार्टीले नयाँ कार्यनीतिको विकास गरेको छ।

*इसिलिम : नेकपा माओवादीले परिकल्पना गरेको समाजको चित्र कस्तो छ ?*

वर्गीय, जातीय, महिला र क्षेत्रीय उत्पिडनकारीहरू रुँदै बस्नु परोस् । जो उत्पिडित जनसमुदाय हाँस्दै बस्नु परोस् । हाम्रो परिकल्पना त्यो हो।

*इसिलिम : युद्धको क्रममा जनवादीको शिक्षाको कुरा गर्नु भएको थियो, जनवादी शिक्षाको कस्तो हुन्छ ? त्यो तपाईंहरूको रणनीति मात्र हो या कार्यनीति पनि ?*

वैज्ञानिक शिक्षा ईतिहासको निर्माता महान जनसमुदाय हुन् भन्ने कुरालाई स्थापित गर्ने कुरा हो। अर्को हामीले लागु गर्ने या नगर्ने भन्ने कुरा , हाम्रो पार्टी त साम्यवादी गणतन्त्रको लक्ष लिएर हिंडेको पार्टी हो । त्यहाँसम्म पार्टी थाक्दैन । जब थाक्छ त्यो पार्टी संसोधनवादी , प्रतिक्रियावादी , दक्षिण पन्थि पार्टी भइहाल्छ, कम्यूनिष्ट पार्टी रहँदैन । हामी त अहिल्यै जनवादी शिक्षा लागु गर्न तयार छौं । अन्तरिम संविधानमा हाम्रो जोडमा त्यो विषय समाविष्ट छ तर अन्य पार्टीको

कारण कानुनले व्यवस्था गर्ने भनिएको छ । हामीले सोच्यौं कानुन मूल कानुन भन्दा फरक बन्दैन । शिक्षा , स्वास्थ्या, रोजगारी , आवास र खाद्य संप्रभूता यी पाँचवटा अधिकारलाई नागरिकको मौलिक अधिकारको रुपमा स्थापित गरिनु पर्दछ। अन्तरिम संविधानसभामा ती नयाँ कुरा समावेश गरिएको छ। विगतका संविधान र ऐन कानुनहरूमा नागरिकको कर्तव्य मात्र हुने राज्यको चाँहि अधिकार मात्र हुने यस्ता प्रावधान थिए । हाम्रो जनयुद्धको दबाबले राज्य र नागरिक दुबैको कर्तव्य र अधिकार हुनुपर्छ भनेर समानता ल्याएको छ र स्वस्थ्य, शिक्षा ,रोजगारी , आवास र खाद्य संप्रभूता हरेक नेपाली नागरिकको मौलिक अधिकार हुनुपर्छ भनेर जुन मौलिक अधिकारको व्यवस्था गरिएको छ यसको कार्यन्वयन नै जावादी शिक्षाको कार्यन्वयन हो ।

***इसिलिम : वर्तमानमा किरातीहरूको जुन समाज छ , त्यसको प्रवृति कस्तो छ ? यो समाज कुन दिशातिर गइरहेको छ र कुन दिशातिर जानुपर्छ ? किराती नेताको हैसियतले यसलाई प्रष्ट पारिदिनु हुन्छ कि ?***

हाम्रो अनुभव र अध्ययनमा नेपालमा किराँतीहरूको प्ररम्भिक इतिहास भनेको चिनमा हानहरूको प्रारम्भिक इतिहास जस्तै हो । हानहरूको एकता, संघर्ष र रुपान्तरणको विकास गर्दै माओत्सेतुङ्मा संश्लेषण हुन पुग्यो । हाम्रो यलम्बरको हालत चाहिँ खराब छ । यलम्बर चाहिँ ठूलो शिर्षक जस्तो देखिने, हामी उपशिर्षक पनि नभएर फूटनोट जस्तो हुन पनि मुस्किल । इतिहासमा हानहरूको अहिलेको इतिहास चाहि फूटनोट जस्तो, राजा , महाराजा सम्राटहरू उपशिर्षक जस्तो माओत्सेतुङ् चाहिँ शिर्षक जस्तो, कस्तो राम्रो ? बीचमा टुट्यो कडी । अहिले हामी जोड्ने प्रयत्नमा छौं । किरातीहरूको इतिहास दुईचोटी भाँचिएको छ , एउटा लिच्छविहरूको आक्रमणद्धारा , अर्को गोर्खालीहरूको आक्रमणद्धारा । त्यसमा पनि बिचार, संगठन र प्रविधि सबै हिसाब गर्दा ३२ पुस्तासम्म नेपाल उपत्यकामा राज्य गरि सकेपछि निश्चित रुपमा किराँती शासकहरू मोजमस्तीमा भुलिन थाले, मनोरञ्जनमा सिमित रहे र अब तिनको सत्ताको अन्त्य भयो । उनीहरूले विकास गर्नु पर्थ्यो । यसरी आन्तरिक शक्तिको संयोजन र विकासको अभावमा लिच्छविहरूको बाहृय आक्रमण निर्णायक बन्यो । त्यसमा किराती पुर्खाहरूको कमजोरी छ। पृथ्वी नारायण शाहको पनि भारतबाट आयातित अतिहिंशाकारी हिन्दु विचारधारा , जय गोर्खाको नाराले बृहत संगठन र भरुवा बन्दुकको प्रविधि थियो भने त्यसबेला किराँतहरूसित सांस्कृतिक महत्वको मुन्दुम विचारधारा जो राजनीतिक , आर्थिक हिसाबले विकसित थिएन । संगठनको हालत भनेको एउटा किरातीको टोलमा अर्को किराती जानै नहुने रे, काटी हाल्ने रे । राईहरूको धेरै भाषाहरूको विकास यसरी पनि भएको रे । यो वैज्ञानिक कुरा पनि हो । एउटा थुमबाट अर्को थुममा जाँदा सजाय गरिहाल्ने, भेटघाट हुन नपाउने । यस्तो गएगुज्रेको संगठनात्मक हालत र धनुवाणले किराँती पुर्खाले लडे तर सकेनन् । अहिलेसम्म आईपुग्दा के देखिन्छ भने पृथ्वीनारायण शाहको आक्रमणबाट पराजित किरातीहरू र अर्को जातीय आत्म समर्पणवादी झण्डामा र हने किराँतीहरू जो राई, जेठा बुढा, जिम्मावाल , सुब्बा के-के भए, उनीहरूको दूई खेमा भयो । अहिलेसम्म हेर्दा ध्यान बहादुर राई, पदम सुन्दर लावती लगायत कैयौं पुराना सत्ताका सेवाकहरू जातीय आत्मसमर्पणवादी कित्ताको प्रतिनिधित्व गर्दै छन् भने जातीय बिद्रोही कित्ताका किराँतीहरू भूमिगत हुदै आउनु पर्‍यो । आत्मसमर्पणवादीहरू चाहीँ सत्तामा भने विद्रोहीहरू चाहिँ निस्क्यो कि मारिनु पर्ने । सात सालमा ठूलो विद्रोह निस्क्यो र ६ महिना आत्मसमर्पणवादीहरू चाहिँ भूमिगत रहनु पर्‍यो र बिद्रोहीहरूचाहि सत्तामा रहे । तर राम प्रसाद राईहरूले एउटा कमजोरी गर्नु भो कि वहाँहरू जति फौजी रुपले सु-संज्जीत बन्नुभयो राजनीतिक रुपले बन्नु भएन । परिणाममा विद्रोहीहरू फेरि सखाप भएर भूमिगत हुनुपर्ने भयो । हामी खरामो देखि किराँत वर्कस पार्टीसम्म जो माओवादीको नेतृत्वमा वर्गीय , जातीय र क्षेत्रिय उत्पिडनको अन्त्य गरी नयाँ राष्ट्रिय एकताको निर्माणको निम्ति लाग्यौं, हामी त्यही विद्रोही पक्षका हौं र महान जनयुद्धको माध्यामबाट जातीय आत्मसमर्पणवादी किरातीहरू सबैलाई भूमिगत बनायौं भने भूमिगत रहेका जातीय विद्रोही बिचारका किरातीहरू सत्तामा आयौं । किरात जनसरकारको घोषणा यसरी गरियो । अब किरातीहरूको इतिहास, बर्तमान र भविष्यलाई कसरी हेर्ने भन्ने सन्दर्भमा यो वैज्ञानिक बन्न जरुरी छ । वैज्ञानिक मात्र बनेर हुँदैन , इमान्दार बन्नु पर्छ । इमान्दार मात्र बनेर पनि हुदैन , वैज्ञानिक बन्नु पर्छ। किनभने एक जना मानिस इमान्दार छ तर वैज्ञानिक छैनभने त्यो लठुवा बन्छ र वैज्ञानिक छ तर इमान्दार छैनभने त्यो फटाहा हुन्छ । बम बनायो र जहाँ पायो त्यही पड्कायो भने त्यो फटाहा बन्छ। यस अर्थमा हाम्रा पुर्खाहरू महान प्रकारका इमान्दार हुनुहुन्थ्यो तर वैज्ञानिक चाहिँ हुनुहुन्थेन । त्यसमा हामीले मार खानु परेको छ । त्यसकारण आजको पुस्ता इमान्दार पनि बन्नु परेको छ , वैज्ञानिक पनि बन्नु परेको छ । जसकालागि द्धन्दात्मक भौतिकवादी दृष्टिकोणले हेर्दा हामी आदीवासी

उत्पिडितहरूले भविष्यबाट उत्प्रेरणा लिने एउटा यस्तो सुन्दर महान भविष्यको खाका कोरौं र त्यसबाट उत्प्रेरित भएर अघि बढौं , बर्तमानबाट निर्देशित हौं र इतिहासबाट प्रशिक्षित हौं । इतिहासको समिक्षा पनि गरौं र आत्म समिक्षा पनि गरौं । गोर्खालीले खायो अमेरीकाले , भारतले खायो भनेर मात्र धर पाइने छैन ।

***इसिलिमः अन्त्यमा इसिलमलाई इसिलम मार्फत पाठकहकरुलाई के भन्नु हुन्छ ?***

इसिलिमले आफ्नो क्रियाकलापलाई समाज विकासका लागि समर्पण गर्दैछ। यसले नयाँ सामाजिक चिन्तनकासाथ समाजको विकास गर्नमा अफ्न योगदान देआस्। सामाजिक विकास भित्र आर्थिक, शैक्षिक, साँस्कृतिक विकास सवै पर्दछन्। वैज्ञानिक चिन्तनकासाथ एकाइसौं शताब्दीको समाजको निर्माणमा यसले योगदान दिनुपर्छ । । पुर्खाहरुले गरेको कम्जोरीलाई सच्याएर नयाँ क्रान्तिकारी दर्शनकासाथ शासकको जस्तो आत्मवलको विकास गरेर सामन्ती र यथास्थितिवादी वर्गमाथि विजय हासिल गर्नुपर्छ। *मूची ।*

# हाम्रो देशमा

**लेखक : मणिराज्ञ दुमीराइ (लुप्पों),**
**शप्तेश्वर - ८, चिउरी खर्क ।**
**हाल : विराटनगर ।**

हाम्रा अवोध सन्ततीहरु
बम र बारुदसंग खेलिरहेछन् ।
दाजु र भाई विच युद्ध गरिरहेछन्
आखिर, बदलामा के पाईरहेछन् ?
हाम्रो देशमा –

कति चेलीहरुको सिउँदो पुछिएको छ
कति आमाहरुको काख रित्तिएको छ ।
विकासका पुर्वाधारहरु भत्किएको छ
बारुद र बिस्फोटको प्रदर्शन गरिएको छ ।
हाम्रो देशमा –

युवा यानि योग्य जनशक्तिहरु,
विदेशिन यानि परदेशिन विवश छन् ।
बृद्वा आमा-बुवा यानि बालबच्चाहरु,
वास्तविकतालाई देखेर निराश छन् ।
हाम्रो देशमा –

खै, कहिलेसम्म बग्ने हो ? बन्धु रक्तरुपी खोला,
खै, कहिलेसम्म बोक्ने हुन् ? सशस्त्ररुपी झोला ।
खै, कहिले थामिने हो ? नेपाल आमाको आँशु,
खै कसले रोक्ने हो ? भातृ युद्धरुपी पासो ।
हाम्रो देशमा –

देशभक्त हुँ भनी सपथ खानेहरु,
भ्रष्टचारी भई मोटाई रहेछन् ।
जनताले चुनेका जनप्रतिनिधीहरु,
भ्रष्ट प्रतिनिधीको पद भेटाई रहेछन् ।
हाम्रो देशमा –

विद्येक र आयोगहरु धेरै आए, धेरै गए,
किन आए ? किन गए ? सबै बेपत्ता भए ।
धारा र उपधाराहरु निकै भए,
तर, जलमुहान र स्रोतहहरु टाढै रहे ।
हाम्रो देशमा –

हाम्रा ती अवोध सन्ततीहरुको हातमा,
बम र बन्दुक हैन, पारुहाङ-सुम्निमा !
पुस्तक र कलमहरु थमाई देउ ।
धेरै चेलीहरुको सिउँदो पुछिए,
धेरै आमाहरुको काख रित्तिए,
अब, भावि चेलीहरुको सिउँदो सजाईदेउ,
अब, भावि आमाहरुको काख भराई देउ ।
हाम्रो देशमा –

भ्रष्टचारी राष्ट्रसेवक हैन,पारुहाङ-सुम्निमा !
शिष्टचारी राष्ट्रसेवकहरु जन्माई देउ ।
अशान्ति र अस्वास्थ्यरुपी वातावरणलाई,
सात समुन्द्रपारी अन्माई देउ ।
शक्ति र श्रोतको दुरुपयोग हैन, पारुसुम्निम्
सुस्मृतिरुपी सदुपयोग गर्न सिकाई देउ,
सुस्मृतिरुपी सदुपयोग गर्न सिकाई देउ ।
हाम्रो देशमा ।

# 'खाजाबासमा' नियालिँदा



- मिकुसि रदु हलक्सु

*चु:पिआ*[1] (पुर्वजले) भन्नेगर्थ, आँगन बिरानो हुदैगएको परदेश कसैको सप्रिदैन; त्यसैले आफ्नो पुर्ख्यौली रासोबासो कहिल्यै नबिर्सनु है ! सवाल यही हो कि २६ थरि किरात राईहरु मध्येको अल्पसङ्ख्यक हामी दु:मिराई, बि.सं.२०५५ साल असोज ३० गते 'दुमी किरात राई फन्सिकिम' (दुकिराफ)को खोटाङ्ग जिल्लामा विधिवत् रुपमा स्थापना/दर्ता भएयता संस्थाको क्रियाशीलतासँगै प्राप्त खोज-अनुसन्धान एवम् बंशावलीका आधारमा भौगोलिक हिसावले पुर्ख्यौली थापथलो खोटाङ्ग जिल्लाको उत्तरीभेग रावाखोला र तापखोलाको आसपासका क्षेत्रहरु **'खाजाबासमा'** आदिम किरात पूर्खा 'खम्बुहाङ'देखि आजतक करिब पच्चिसौं पुस्तासम्ममा लगभग दश हजारको सङ्ख्यामा मौलाएकाछौं (*इसिलिम अंक १ - ९ सम्म हेर्नु*) पित्रिको सत् अनि उनैको आशीर्वादले नै भन्नुपर्ला, मूलथलोबाट विस्तार हुदै आजसम्ममा अन्य ठाऊँहरु; महेश्वरी-फुर्से, खार्ताम्छा-सारालुङ, फेदि, हाँचेका, नेर्पा, सोल्मा लगायत विभिन्न जिल्लाहरु; सोलुखुम्बु, उदयपुर, सुनसरी, मोरङ, झापा, धनकुटा, पाँचथर, संखुवासभा, ईलाम, काठमाण्डु, ललितपुर, भक्तपुर अनि प्रबासमा दार्जिलिङ, सिक्किम, बर्मा, बेलायत, क्यानडा आदि ठाऊँहरुसम्म दु:मिआँगन फराकिलो हुदै गएको छ । त्यसैले अब हरेक दु:मि सन्ततिले आफू जहाँ रहेपनि एक्लो-बिरानो महसुस गर्नुको अलावा 'दुकिराफ'को जिम्मेवार सदस्यको रुपमा आत्मगौरबका साथ बाँच्न र भूमिका निर्बाह गर्नु चाहिँ अपरिहार्य भैसकेकोछ ।

*होपुपो ब्र*[2] (आफ्नो मातृभाषा) बिरानो बन्दै र मौलिक संस्कृति बिटुलिदै रहेको संकटपूर्ण यस घडिमा फुल्दो-फल्दो रहर अनि जिउँदो-जाग्दो आशा स्वरुप यथार्थ राख्नैपर्ने हुन्छ कि 'संसारका कुनै पनि भाषाभाषीहरु प्रारम्भमा सानै समूह र पिछडिएको अवस्थामा रहेका हुन्छन् नै । किन्तु समयक्रममा एक ठाऊँ वा मुलुकबाट अन्त कतै बिस्तार हुने क्रममा तिनको सांस्कृतिक र भाषिक क्षमताको विकास एवं विस्तार समेत हुने गर्दछ ।' त्यसैगरी भाषाविद्हरुका अनुसार कुवा अथवा पोखरीमा थुनिएको स्थीर पानीको दाँजोमा खोला वा नदीको गतिशील पानी शुद्ध भएसरि एकै थलोमा सीमित भाषाभाषिहरुका तुलनामा एक ठाऊँबाट चौतर्फी विस्तार हुनेक्रममा तिनले बोल्ने भाषा अनि संस्कारमा पनि परिस्कार का साथ समृद्ध समेत बन्दछ । यसै सन्दर्भमा स्वाभाविक जिज्ञासा यो पनि उठ्ने गरेकोछ कि 'एउटै भाषा भन्दाभन्दै पनि अलग बोलिन्छ वा सुनिन्छ नि ! यसका लागि 'जीबित भाषाको बिशेषता भन्नु नै यहि हो र जसका कारण भाषा समृद्ध बन्छ पनि । नत्र एकै ठाऊँ र एकै रुपमा सीमित भाषा त चाँडै लोप भैहाल्छ नि । संसारमा जतिपनि अस्तित्वमा रहेका भाषाहरु समयक्रमसँगै तिनको रुपमा परिस्कार आउनाले त आजसम्म प्रचलनमा रहन सकेका हुन् नि । उसो त परिस्कार हुन नसकेका विश्वका कतिपय भाषाहरु त दिनानुदिन ओझेलमा पर्दै (मर्दै) गइराखेके छन् नि त ।

*खुचिम धिरियाम्लोबि*[3] (गत उभौलि-बसन्त ऋतुमा) दु:मि सघन क्षेत्रहरु **'खाजाबासमा'** घुम्दैजाँदा हामी (भ्रमण दलका सदस्यहरु) औधि प्रफुल्ल भयौं । संस्कारतर्फ चतुर भक्त र अशोक; भाषातर्फ नेत्रमणि र तेजमाया; जनसङ्ख्यातर्फ राजेन्द्र र मनकुमारी अनि साकेला सिलितर्फ उत्सव र विशाल गरी हामी सबै सहभागी सदस्यहरू सारा तन र मन लगाई खोज-अध्ययनमा आफ्नो ब्रह्माले देखेसम्म र बलबुतोले भ्याएसम्म लागिपर्‍यौं । जुन महान् र पवित्र कार्यका लागि स्थानीय दु:मिजनबाट नौलो उत्साहका साथ भरपूर साथ सहयोग रहेको पायौं । आफ्नो बंश आफ्नै घर-आँगनमा पाएर नै होला, पुरै 'खाजाबासमा' आ-आफ्ना दक्ष र गक्ष अनुसारको गाँस-बासको ब्यवस्थाका साथसाथै संकटमा परेको दु:मि अस्तित्वको बागडोर मातृभाषा 'दु:मिब्र' र मौलिक संस्कार 'रिदुम्-हदुम्' अनि ताजा जनसङ्ख्या बताइदिएर संस्थागत हाम्रो अभियानमा प्रेरणा दिलाउनु भएकोछ, हौसला थपिदिनुभएको छ । मानौं, आफ्नै गाऊँघरमा त्यो भन्दा बढि न हामीले आशा नै गरेका थियौं, नत अरु बढी गर्नुपर्ने ठाऊँ नै रहेथ्यो । ती अविष्मरणीय क्षेणहरु मनमष्तिश्कमा प्रेरणाको काम गरिराखेको अनुभूति भैरहेछ आजसम्म पनि ।

*माम् लाम्दुम्माबि*[4] (उक्त ऐतिहासिक यात्रामा) प्रेरणा लिन र हौसला बाँड्न हामी त्यतातिर गएका थियौं, आफ्नो बंशलाई भेटौं, भेटेर भलाकुसारी गरौं, भलाकुसारिमा आलो-तातो चासो-गुनासो बुझौं, अनि दोहोरो सम्वादमा एकले अर्कालाई बुझौं भनेर । कति सम्भब भयो, या सफल भयौं, त्यो त शब्दमा उतारेर भनिसाध्य नहोला । खयर पुरै दुईसाता

लगाइवरि हामीले 'खाजाबासमा' नियाल्यौं । के नियाल्यौं, कति नियाल्यौं, कोरा ज्ञानको सारमा लेख्न कोशिश गरिएको यस एकटुक्रे लेखमा ती सबै बेलिबिस्तार समेट्न पनि नसकुँला । यसो भनेर मनको कुरा मनमै राख्न पनि यहिँ मन नै नमान्ने, लेखिहालौं नत भन्दा लेख्ने ढङ्ग नपुग्ने । ढङ्ग पुऱ्याएर लेख्ने दिन कहिल्यै नआउने । यसो भन्दाभन्दै धेरै अवसरहरु उम्कायौं, दिनहरु गुमायौं, सम्भावनाहरुलाई लत्यायौं, हुदाहुदा रहरे उर्वर जोवन अनि पूरै अमूल्य जीवन खेर फाल्यौं । मानौ, गाऊँको गुनासो होस् वा शहरको सपना 'मरेर पनि बाँच्ने खातिरमै बाँचेर मरिरहेछौं आजसम्म हामी । मैहुँ भनाउदो आफैलाई त चीरकाल बचाइराख्न नसक्ने हामी निरिह प्राणीले न आफूलाई जन्म दिने आमा-बाबुलाई नै बचाइराख्न सकौंला, नत विज्ञ पूर्खाहरुलाई वा अन्य जो कोहिलाई नै । तर यति त स्वीकार्य नै छ कि, तिनै पुर्वजहरुबाट सिकेको मातृभाषा अनि मौलिक संस्कारलाई त बचाइराख्न सकिन्छ नि । जसले गर्दा आफू र आफना पुज्य पुर्वजहरु अनि भावि सन्ततिहरु पनि त जुग-जुगसम्म स्वत: बाँच्नेछन् नै ।

*खाजाबासमा'* यहिँ आदिम् किरात थलो हो, जहाँ म जन्मैं, हुर्कैं र आजको यो अवस्थामा आइपुगैं । यहिँको माटोले मलाई जन्मायो, यहींको हावापानीले मलाई हुर्कायो । अनि यहिँको परिवेशले मलाई लोलिबोलि (मातृभाषा 'दु:मि') र रितिथिति (मौलिक 'किरात संस्कार') सिकायो । मेरा स्वाभिमानि पूर्खाको श्रम र पसिनाले आर्जेको बिरासत यहिँ ठाऊँमा अजर अमर छ, पित्रि-प्रकृतिमा आधारित पुर्ख्यौली कला र संस्कृति यहिँको किरात सभ्यतामा फक्रिएको छ, मेरो पूर्खाको गौरबगाथा भन्नु नै यहिँको लोकभाकामा सिजिएको छ । भनौ, मेरो हंसको आश र बंशको बास नै यसै गर्बिलो दु:मि समाजमा मौलाएको छ । पापा(*बाबु*) पातिसु, मा:मा(*आमा*) दिलिदोमा, बिर्मे(*चेली*) तोमा-खेमा, चेल्पु(*माइति*) खक्चिलिक्पु, सुप्तुलु (*तीनचूला*), युङ्खुलु(*साकेलाथान*), नायम अनि सुम्निमा-पारुहाङ, हुत्पा आदिका बारेमा जीवित किरात इतिहासहरु अद्यावधि जनजिब्रोमा ज्यूँकात्यूँ अडिएका छन् । यहाँको परम्परागत संस्कार यो पनि होइन कि यहाँ कोही आएर केहि गरिदिवस्, 'जुन खोलाको दुवाली: त्यहिँ खोलाको चपरी', साहसिक पौरखी किरात सन्ततिहरुका लागि स्वायत्त राज्यको अवधारणाको सार भन्नु नै यसैमा अडेको छ । यहाँका केटाकेटी होऊन् वा युवायुवती या त भनौ बुढाबढी नै, कर्मको फलमा रम्न चाहने स्वाभिमानी हामी सबैजना एउटै संकल्पका साथ कर्मको मैदानमा जाग्नै पर्ने बेला आएको छ । किन्तु 'जुटौं र जागौं'को नाममा पटक-पटक 'सदाऊँ र सताऊँ'को कुटिल चालका पारखीहरु मुलुकको बिषम परिस्थितिमा अरु बढी सक्रिय नहोलान् भन्न पनि सकिन्न नै ।

सुन्दर र शान्त मुलुकको जिम्मेवार म एउटा नागरिक आजको अस्तब्यस्त मुलुकको दुरावस्थामा घोत्लिन पर्दा एउटै मात्र कौतुहलता जागेको छ ममा, 'खाजाबासमा' मेरो भए म कसरी यसैको भइरहन सकुँ त ? ममा त्यस्तो केछ, ताकि 'खाजाबासमा' आफ्नो दायित्वको सानो अङ्श नै मात्र भएपनि पुरा गर्न सकूँ । सायद 'खाजाबासमा' भित्रै र बाहिर कतै रहेका म जस्ता धेरै दु:मि सन्ततिहरुलाई यी र यस्तै अनगिन्ति कौतुहलताहरुले पिरोलिराखेको हुन सक्छ । किनकि पुर्खाको सत्मा जिउन चाहने जो कोहि पनि आफ्नो प्राण भन्दा प्यारो पुर्ख्यौली थापथलोलाई त्यति सजिलै चटक्क बिर्सनै कहाँ सकिन्छ र ! कतै अज्ञानताबश बिर्सिइएछ भनेपनि आफ्नै सन्तानले नै नधिकार्लान् केत ! बश, यिनै पृष्ठभूमिमा मुलुकलाई नितान्त नौलो दिशा र गतितर्फ डोऱ्याउने अभियानमा म जस्ता थुप्रै दु:मिजनले केवल 'टेक्ने डालोदेखि समाउने हाँगो'को लागि समेत 'खाजाबासमा' नियालिहेर्नै पर्नेबेला भएको छ । यसैको लागि पनि समस्त दु:मिजनको एक मात्र साझा संस्था 'दुकिराफ'को आधारस्तम्भ 'देलकिम'(स्थानीय-वडास्तर)ले दु:मि अस्तित्वको जड देख्नु अनि देखाउनु पऱ्यो भने समन्वयात्मक महत्वपूर्ण भूमिकामा 'दुमकिम'(गा.वि.स.स्तर-क्षेत्रीय) ले दुरदृष्टिका साथ संस्थागत कार्यक्रमहरुलाई सहज र सरल ढङ्गबाट पूरा गर्न पऱ्यो । तव मात्र तमाम् दु:मि सन्ततिहरुको आश्था र विश्वासको धरोहर 'दुकिराफ' यानेकि 'फन्सिकिम' फस्टाउदै जानेछ । बर्तमान मुलुकको अन्यौलग्रस्त परिस्थिति बीच संस्थाले आँक्न र हाँक्न सक्नेसम्मका दायित्वहरुलाई पूरा गर्दै समस्त दु:मि समुदाय सामू ब्याप्त चुनौतिहरुलाई एकपछि अर्को गर्दै चिर्दै जान समर्थ हुनेछ ।

यो मुलुक 'चार जात ३६ बर्णको फूलबारी'को नाममा मनुस्मृतिमा आधारित चार हिन्दु जात र छत्तीस जातीय बर्णहरुको विभाजनका साथ जातहरुलाई फूल अनि वर्णहरुलाई भारको रुपमा ब्याबहार गर्दै बहुभाषिक र बहुसाँस्कृतिक देशमा एक राज्य: एक भाषा, एक धर्मको विभेदकारी नीति लाद्नाले शान्तिपुर्ण र सुसाँस्कृतिक एवम् आर्थिक सम्पन्नताको प्रचुर सम्भावना बोकेको सुन्दर र शान्त नेपाललाई विश्वकै कंगाल र सङ्कटग्रस्त मुलुकको दर्जामा पुऱ्याइयो । जसको सिधा मार हाम्रै 'खाजाबासमा' अभागी कर्मको नाममा आफ्नो जीवनगाथालाई अभिशाप ठान्न विवस दु:मि सन्ततिको दिनचर्यामा स्पष्ट झल्किन्छ नै । अर्कोतिर 'फुटाऊ र शासन गर'को नसामा निर्लिप्त राजनीतिक गुट र फुटको एक से एक प्रतिपादकहरु प्रजातन्त्र, लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र वा गणतन्त्र आदिको नाममा 'नयाँ

नेपाल' निर्माणको बहाना बनाई सिङ्गो किरात प्रदेशको 'भाषिक विविधतामा एकता : किरात राई जातिको विषेशता'लाई के-कसरी सम्बोधन गर्ने भन्नेतर्फ भन्दापनि उल्टै हाम्रो सोझोपनको एक मुष्ट फाइदा उठाई फेरिपनि 'भाकले भैंडो' बनाउन आतुर नहोलान् भन्न सकिन्न । यसै पृष्ठभूमिलाई आत्मसात् गरी स्वायत्त किरात प्रदेश स्थापनार्थ पनि समस्त किरात समुदाय अनि 'खाजाबासमा' दुःमि अस्तित्वको रक्षाको खातिर हातमा हात र काँधमा काँध मिलाउन अनिबार्य भैसकेकोछ । यसै प्रसङ्गमा 'खाजाबासमा' लगायत सम्पूर्ण किरात समुदायले नै मनन गर्न सक्नुपर्ने यथार्थता चाहिँ अरुप्रति दोष देखाउदैमा भएसम्मको आफ्नो होस् समेत नगुमाई बर्तमानमा मुलुक सच्याउने यस ऐतिहासिक मोडमा अत्यन्त्यै संयमित भएर नै आ-आफ्नो समूलको संरक्षण अनि समुदायको हकहितमा जुट्नु छ, नकि अर्काको नाश वा बिनास ।

समृद्धशाली मुलुक निर्माणको परिकल्पनामा सुदिन पर्खिबसेका हामी शौभाग्यशाली आम नेपाली नागरिकहरु सविधानसभाको चुनाव मार्फत संघीय राज्य प्रणाली सहितको राष्ट्रको जीवन निश्चित गर्ने अभियानमा आ-आफ्नो बलबुताले भ्याएसम्म र मनोज्ञानले देखेसम्म सरिक हुनुपर्ने उर्धी सन्चार माध्यमहरुबाट जोड्तोडका साथ भट्याइरहदा अर्धज्ञानी यो मनले ठाडो प्रश्न गर्छ, 'के सँच्चै पुरानो नेपालमा बेथितिले जरा गाडेकै थियो वा थिति बिग्रेकै थियो त ? कुन पाखण्डीको बद्नियतले गर्दा यो मुलुकले यतिका नियति भोग्नुपर्‍यो त ? २३८ बर्षे शाहिसत्ता ? १०४ बर्षे राणाकाल ? ३० बर्षे पञ्चायती ब्यबस्था ? या ०४६ साल यताका बहुलबादि ? या यी सबै ? कोहि न कोहि त पक्कै दोषि हुनुपर्‍यो नि । अनि पुरानो नेपालबाट नयाँ नेपाल अबतरणको खातिर भगिरथ प्रयासमा जुटेका लोकेकिर्तीका लोकतन्त्रवादीहरुका 'खाजाबासमा' जस्ता दुरगाऊँलेहरुलाई ताजा सन्देश अनि नौलो कोसेलीपात चाहिँ के नि ? सिङ्गो किरात प्रदेशको सवालमा राजनीतिक पार्टीहरुका प्रतिबद्धता, सुस्पष्ट दृष्टिकोणका साथ घोषणा पत्रमा निर्दिष्ट कार्यक्रमहरु, उक्त कार्यक्रमहरुलाई टुङ्गोमा पुऱ्याउन सक्ने सहि उम्मेद्धारको चयन, यी सम्पूर्ण पक्षहरुलाई नजरान्दाज गरिसकेपछि बल्ल जनउत्तरदायी राज्य प्रणालीको लागि, अझ भनौं, 'खाजाबासमा' सुसभ्य दुःमिसमाज र सुरम्य वातावरणको लीग दुःमि समुदायद्धारा, दुःमि समुदायको लागि, दुःमि समुदायले उपयुक्त प्रतिनिधिहरु चुनेर पठाउनु पर्ने भएको छ । कुरो यतिले मात्र पनि कहाँ टुङ्गिन्छ र ! सविधानसभाको चुनावसँगै हरपक्षलाई चित्त बुझ्दो साझा संविधान जारी छिनाझम्टी, कतै भइनसक्दासम्मको अवस्थामा झनै चनाखो र क्रियाशील रहनु पर्ने हुन्छ, विशेष गरेर हामी जस्ता आजसम्मका यस मुलुकका शासित आम जिम्मेवार नागरिकहरुले ।

रह्यो कुरा तुर्निमा, समयको कालखण्डमा हामीले जे-जति इतिहास पढ्यौं, कसैको स्तुतिगान र मानमर्दनको खातिर बाच्यतामै घोक्यौं, कण्ठ पाऱ्यौं । तर आज आएर जमाना र दुनिया बद्लिसकेको कारण अर्काको इतिहास कर ले पढ्ने भन्दापनि आफ्नो इतिहास चाहिँ रहरले खोजिनीतिका साथ लेखिराख्ने बेला आएको छ । परीक्षाको मापदण्ड राखी एकाङ्गी इतिहास घोकाउने मनोमालिन्य जमाना जफत भैसकेको र जातीय पहिचान र गौरवमय सह-अस्तित्वको ताजा इतिहास निर्माण एवम् संरक्षण गर्ने सुनौलो बिहानीको आगमन हुन लागेको छ । त्यसैले 'खाजाबासमा' पौराणिक, धार्मिक, पुरातात्विक किरात ऐतिहासिक स्थलहरु, मौलिक हात हतियार हरु स्थानीय कुवा, धारा-पधेरा, खोला-खोल्सा, चिनो-चौतारो, पाटीपौवा-फलैचा, भूमेथान, देवीथान, युङ्खुलु, सुप्तुलु, मौलिक घरेलु सिप तथा कलाकौसलता आदिको संरक्षण एवं पुनःस्थापना, स्थानीय टोल, वनपाखा, चरिचरन, खेतबारी, धार्मिकस्थल, सार्वजनिकस्थल, बाटो, भिर-पहरा, ओढार, पुल-पुलेसा, भवन, विद्यालय, डाँडाकाँडा, नदिनाला, गडी-थुम् आदिको संरक्षण, अभिलेखिकरणका साथसाथै नयाँ सन्ततिहरुको नाम समेत स्थानीय दुःमिभाषामा राख्दैजाने संस्कारको विकास गर्नु मनासिव देखिन्छ । 'खाजाबासमा' पाँचै क्षेत्रहरु सबै पक्षमा समान रुपमा पुगिसरी नहोलान्, तर कुनै पनि क्षेत्र कुनै न कुनै पक्षमा अथाह स्रोतको खानि भने अवश्य हुन सक्छ, हाम्रा अलिखित किरात इतिहासलाई जीवन्तता दिनका लागि ।

अन्त्यमा सन्त्य मिलाउदा सामूहिक हितका खातिर हाम्रा स्थानीय चाडपर्वहरुको परम्परागत मूल्य र मान्यता अनुसार समयानुकूल सुदृढिकरण एवम् समायोजन, मौलिक संस्कारहरुमा अर्काको देखासिकी र अनुसरणको अलावा परापूर्व कालदेखि मानिल्याइएका विधिविधानहरुलाई अक्षुण्ण राख्दै तिनको अक्षरशः टिपोटको अभियान चलाउनुपर्ने देखिन्छ । नकि ऊँखुको लाँखो बाङ्गो देख्दैमा रसै बाङ्गो छ भन्ने भ्रमको हौवा फिँजाई 'मौलिक किरात धर्म'प्रति अनास्था फैलाउदै अनेकन धर्मको नाममा वा बनावटी किरात धर्मको खाँट्टि ब्याख्याताको रुपमा जो कोहि वंशघात्मा फाल्तु बहस गर्ने ठाऊँ नै पाऊन् । यसैगरी समाज सुसभ्य र समय सापेक्ष चलायमान रहनको लागि राजनीतिको अहम भूमिका रहन्छ भन्दैमा यावत 'वाद र तन्त्र'को नामबाट सोझा निमुखा हाम्रो जस्तो समाजमा उल्टै राजनीतिमाथि नै बितृष्णा जाग्नेगरी परिवारभित्रै हानाथाप, बंशभित्रै पानीबारावार, छरछिमेकमै

'कुकुर र बिरालो' त कतै 'जोगी र भैसी'को अवस्थामा पिरोलिदै सिङ्गो समाज जिउन परेको बिडम्बनाहरुलाई के कसरी समायोजन गर्न सकिन्छ त भन्नेतर्फ नै हामी सबैको (व्यक्तिगत वा संस्थागत) अर्जुनदृष्टि पुग्नु आवश्यक देखिन्छ । ताकि नयाँ नेपालमा नयाँ दृष्टिकोण र नयाँ प्रयोगले नयाँ अनुभूति लिन सिकौं र सकौं । 'खाजाबासमा' दुःमि जमात जमेरै जाग्न सकौं । स्थानीय देवी-देउराली, सिमे-भूमे, सुप्तुलु-युङ्खुलुले शक्ति र संयम् समान र सन्तुलित रुपमा प्रदान गरुन् । 'सुमनिमा-पारुहाङ' सदा हाम्रा पासमा; हाम्रा सारा ध्यान हरू 'खाजाबासमा' रहून् । 'खाजाबासमा' भित्र को ? वा बाहिर को ? साझा सङ्कल्प अनि सरोकार समग्र दुःमिजनको । अलनुवो ।

[१] ***चुःपि*** *(पुर्वज): किरात संस्कारमा मृत पित्रिहरु जो अन्य जीवित सन्ततिहरुका लागि सदाका लागि पूज्य मानिन्छन् । मौलिक किरात संस्कार अनुसार तिनलाई बर्षको एक वा दुई पटक (सरद र बसन्त ऋतुताका) अनिबार्य रुपमा चुलामा बोलाउने गरिन्छ ।* ***(इसिलिम, बर्ष २, अंक २, २०५६)***

[२] ***होपुपो ब्र:*** *दुःमिब्र(मातृभाषा 'दुःमि') खाजाबासमा सबैतिर बिशेषगरी पुरानो पुस्ताका मातृभाषीहरु धेरथोर रुपमा मातृभाषामा दोहोरो संवाद गरेको पाइन्छ । स्थानीयस्तर मा गरिएको एक अध्ययन अनुसँर युवा पुस्तामा यसको प्रयोग कम हुदै गरुको पाइयो ।* ***(तुम्लाम् बर्ष-१,, अंक-१,, २०६४)***

[३] ***धिरियाम्लो-छिरियाम्लो:*** *बिशेष गरी बैसँखे पूर्णताका गर्मी बढ्ने हुदा हावामा उड्ने चराचुरुङ्गिदेखि पानीमा पौडिहिँड्ने माछा धरि सितलको खोजिमा माथि लेकतिर उकालो लाग्ने भएकाले यस यामलाई उभौलि (धिरियाम्लो) भनिने गरिएको हो । यसरी नै मंसिरेपूर्ण ताका चिसो बढ्ने हुदा चराचुरुङ्गि तथा माछाहरु न्यानोको खोजिमा तल बढ्ने हुँदा चराचुरुंगी तथा माछाहरु न्यानोको खोजीमा तल अऊलतिर झर्ने भएकोले यस यामलाई उधौलि(छिरियाम्लो) भनिने गरिएको हो । चराचुरुङ्गि र माछा मात्र हैन हाम्रा किरात पुर्खाहरु नै पनि धिरियाम्लोमा आफ्नो भएभरका बस्तुभाऊ माथि लेकतिर लगेर खर्क राख्ने (उभौलि) अनिपछि छिरियाम्लोमा जाँडो शुरुभएपछि तल बेसीँमा मल्न गोठ झार्ने (उधौलि) गर्दथे ।* ***(इसिलिम, बर्ष ५ अंक ६, २०६०)***

[४] ***माम् लामदुम्माबि*** *खाजाबासमा बिद्यमान मातृभाषा, मौलिक संस्कार, ताजा जनसँख्याको टिपोटसँगै स्थानीय स्तरमा दुकिराफ, दुमकिम तथा दुकिराफ, देलकिमको स्थापना एवं धिरियाम्लोको अवसरमा सँकेला सिलिको प्रस्तुतिका साँथ दुई हप्ता बीच पुरै दुमि सघन क्षेत्रहरुको अध्ययन भ्रमण गरिएको थियो ।* ***(तुम्लाम् बर्ष-१,, अंक-१,, २०६४)***

[५] ***खाजाबासमा*** *(यानेकि खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा): दुमीराईका सँत सँमे र २१ पछाहरु मध्ये माक्पा क्षेत्रमा हलक्सु, खारुब, वलक्पा, हजुर र सत्म; जालपा क्षेत्रमा खवचु, राईचु, रिप्लचु र हम्रुचु खामी क्षेत्रमा छाचुङ; सरचु, दिम्मचुर तुराचु त्यसैगरी बाक्सिला-सप्तेश्वर क्षेत्रमा सत्म, मुरह, हलक्सु, लुप्पो, हरसि, वालक्पु, दिम्मचु, छाचुङ; हदि, रत्कु र रङ्कासु आदि पाछाहरु बसोबासरत छन् ।* ***(इसिलिम, बर्ष ८, अंक ९, २०६३) मुचि ।***

## हार्दिक श्रद्धाञ्जली

जन्म : १९९८/०५/२३

निधन : २०६४/०४/१८

छत्र बहादुर दुमी राई

**खोटाङ जिल्ला, माक्पा गाविस वडा न. १ निवासी श्री छत्र बहादुर दुमी राईको असामयिक निधन भएकोले वहाको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति दुमी किरात राई फन्सिकिम तथा इसिलिम परिवार हार्दिक समवेदना प्रकट गर्दछ ।**

## भारतको सिक्किममा भएको दुमीराईहरूको जनसँख्या विवरण

| | |
|---|---|
| गेजिङ्गको साक्यौमा | २० जना |
| जोरथाङ्गको सिप्सुमा | १९ जना |
| जोरथाङ्गको पिपलेमा | एकिन नभएको |
| जोरथाङ्गको नन्दु गाउमा | ११ जना |
| जोरथाङ्ग बजारमा | ७ जना |
| जोरथाङ्गके रोथकमा | ७ जना |
| कतुकको मेयोङमा | ६ जना |
| नाम्चीको डेनजोङमा | ७ जना |
| पुरानो नाम्चीमा | २२ जना |
| गान्तोक-अरतुकमा | ३ जना |
| दार्जीलिङ, करमटारमा | ५ जना |
| उत्तरी कुम्बुकखोलामा | १२ जना |

दार्जिलिङ, मटेउलीस्थित कोपिस बस्तीमा एकिन नभएको

- संकलक: सूर्य कुमार राई
पाँचथर,च्याङथापू फलैचा ।

# माक्पा नाम रहनुको कारण र जीवनशैली



- जयराम वालाक्पा दुमीराई

**क. नामाकरण**

माक्पा, खोटाङ्ग जिल्लाको सदरमुकाम दिक्तेलबाट ७ कोष उत्तर पस्चिममा अवस्थित एक रमाईलो गाउँ हो । यो आफै भिरालो धरातलले बनेको छ । यसको पूर्वमा भिरालो काउछे जङ्गल र लिदुङ खोला छ । पश्चिमतिर बन्चरे खोला पर्दछ । भने उत्तरतिर ऐसेलुखर्क बजार पर्दछ । र दक्षिणतिर र ावाखोला बगेको छ । यहाँको काउछे जङ्गलमा साल, साज, चिलाउन जस्ता बोटविरुवाहरु पाईन्छन् भने उत्तरपस्चिममा रहेको आङ्खा जंगलमा पात्ले, गुँरास जस्ता लेकाली बोटविरुवाहरु पाईन्छन् । यस्तो प्राकृतिक भिन्नता भएको ठाऊँ स्वभावैले पहिला पनि रमाईलो हुनसक्छ । यहाँको हावापानी राम्रो र माटो धेरै मलिलो थियो । त्यसैले त भेडाकुरो जताततै पाकेर सुन जस्तै पहेंल्पुर भईरहेको थियो । यसरी प्राकृतिक सौदर्यले धपक्क बनाएर आफूलाई खनीखोस्री गरेर हराभरा पारी एउटा रमणीय बस्ती बसाउने शाहसी र पराक्रमी कर्मीहरुको प्रतीक्षामा थियो यो ठाऊँ ।

यसै समयमा दुमी किरातहरुको पूर्खा (गान्पा र रतेपा) आफ्नो वस्ती सिम्पानी वरपर सिकार र फलफुलको अभाव भई जीवन धान्न कठिन महसुस गरिरहेका थिए । । सायद उनिहरुको सिकारी जीवनमा साथ दिने माखिपा कुकुर पनि त्यहीँ पिरले छट्पटाईरहेको थियो । त्यसैले होला एकदिन एकाएक माखी बेपत्ता भयो । वास्तवमा ऊ हराएको थिएन, ऊ त सिकार र नयाँ ठाउँको खोजीमा गएको थियो । यही शिलशिलामा ऊ दारेगौंडा हुँदै रावाखोला झर्‍यो । रावाखोला त्यति बेला अहिलेको जस्तो बदमास थिएन । पानी धेरै बगे पनि बाटो सानो भए पुग्थ्यो । वारिपारिका रुखहरु भ्याँगिएर, वारिका रुखका हाँगाहरु पारि र पारिका रुखका हाँगाहरु वारि सम्म पुगेका थिए । त्यहीँ रुखका हाँगाबाट रावाखोला तरेर माखी एक मनोमोहक ठाऊँमा पुग्यो । त्यहाँ भेडाकुरो जताततै पाकेर सुनजस्तै पहेंल्पुर भईरहेको थियो । त्यहाँबाट कुकुर फर्कदा जिउँभरी भेडाकुरो टाँसिएर गएको थियो । उस्को जिउँभरी भेडाकुरो देखेर ती पूर्खाहरु मध्य गान्पालाई माखी पुगेको ठाऊँ धेरै राम्रो छ भन्ने लागेकोले उनी त्यही गई बस्ने विचार गरे ।

त्यसैले माखिलाई साथमा लिएर उनी बाटोमा केराको बोट र बोहोरीको रुखहरु काट्दै त्यहीं रुखका हाँगाहरु लहराहरुबाट रावाखोला तरेर गन्तव्य स्थानमा आईपुगे । तर रतेपालाई भनेनन् । कीनकि उनीहरुबिचको सम्बन्ध त्यत्ती र ाम्रो थिएन । यहाँको हावापानी, माटो र भौगोलिक स्थिति देखेर उनी खुसी भए र त्यहीं बस्न थाले । उता सिम्पानीमा छाडिएका रतेपा भने दाजु र माखी हराएकाले खोजतलासमा लागे । दाजुले काट्दै गएका केराको वोट र वोहोरीको हाँगा हेर्दै उनी दाजुलाई भेट्न आए । बाटोमा दाजुले काटेका केराको बोटमा टुसा निकै अग्लो र वोहोरीको काटिएको हाँगाहरु पनि धेरै पुरानो पाए । जस्ले गर्दा उनी दाजुले काटेको वा अरु कसैले काटेको भन्ने अन्योलमा परेतापनि उनी त्यही बोटबिरुवा कटाई र गोहो पछ्याउँदै दाजुलाई भेट्न पुगे । उनीहरु भेटे पछि फेरी त्यहीं संगै बसेर आफ्नो सभ्यताको सुरुवात गरे ।

उनीहरुले बाटोघाटो, कुवा, धारा र बस्नलाई छाप्रो बनाए । यसरी यो ठाऊँ एक रमाईलो गाउँमा परिणत भयो । उनीहरुले यो गाउँको नाम पनि यो ठाऊँ पत्ता लगाउने माखिकै नाम बाट माखिपा राखे भन्ने किम्वदन्ती छ । अन्तमा माखीको मृत्यु भयो र यसलाई माक्पा गाविस वडा नं ३ को दुम्नीडाडाँमा समाधिस्थ गरियो । यसको चिहान अझै त्यहाँ देख्न सकिन्छ ।

पञ्चविर राई , श्रीझमक राईका अनुसार गान्पा रतेपाको आगमनकालमा नै यहाँको भुमे उनीहरुलाई खेतिपाति गर्न सिकाउन आकाशबाट साल्लेरीला ताईसिम् (धागो हुँदै पृथ्वीमा आएको) हुन् भन्ने भनाई छ । उनीहरुले यसको नियमित पूजा गर्दै आए । एक पटक भूमे पूजा सुरुको दिन ईङ्खुलिमा गान्पाले भाइलाई मार्ने षड्यन्त्र गरेछन् । किनकि भाइले दाइलाई सधैजसो दु:ख दिईरहने गर्थे । त्यसैले उनले भार्लाङ मिसाएको जाँड एउटा खरवामा र शुद्ध जाँड अर्को खरवामा राखी घर्तीलाई चिनाए र यो मलाई दिनु र यो भाइलाई दिनु भनेर सिकाएछन् । अन्तमा मालम ल्येम्चुम पछि (जाँड फुके पछि) घर्तिले जाँड दिंदा ठिक उल्टो परी विशालु जाँड दाजुलाई र शुद्ध जाँड भाईलाई पर्‍यो । दुवैले जाँड के पिएका थिए, गान्पाले विष आफूलाई परी आफैले पिएको थाहा पाए र मलाई मारिस् (आसिच नि वन्चो) भनेर तरवारले त्यो घर्तिलाई काटेर मारे र आफू पनि मरेछन् । त्यसैले ईङ्खुलीमा ख्ल्याईसु छ भन्ने भनाई छ ।

यसरी गान्पाको आफुताल भयो र रतेपाका चार छोराहरु भए । जेठा खारु उक्ति गर्ने भएकोले खारुबु, माईला नरम स्वभाव भएकाले वालक्पा, साईला डटफट गर्ने खरो स्वाभाव भएकाले हजुर, र कान्छा सोझो सिधा भएकोले हलक्सु नामाकरण भयो । कालान्तरमा यहीं चार भाइको सन्तान चार पाछ्राको रुपमा दु:मीहरुको विस्तार भएको पाइन्छ ।

**ख. सामाजिक तथा आर्थिक स्थिति**

यहाँ दुमी किरातहरु बाहेक अन्य जात जातीका मानिसहरु पनि बस्दछन् । यहाँ विशेष गरी क्षेत्रीहरु किरातीहरुलाई आठाना दाम तिरेर बस्न थाले । उनीहरुलाई आठाने भनियो । पछि राजाले बाहुनहरुलाई विर्ता दिएर राखे । उनीहरुलाई विर्तावाल भनियो । यसरी यहाँ अरु जात जातीका मानिसहरुको प्रवेश भयो । अहिले यहाँ राई, आठाने क्षत्री, विर्तावाल वाहुन, सार्की, घर्ती कामी, दमाई आदि जात जातिका मानिसहरु बस्दछन् । यहाँ २०५८ सालको जनगणना अनुसार यहाँ लगभग ४५० घर परिवार र ३,००० को हाराहारीमा मानिसहरु बसोबास गर्दछन् ।

यहाँ हालसम्म प्राय: परम्परागत विशेष जातिहरुले विशेष काम गरेको पाईन्छ । जस्तै कामीले फलामको काम गर्दछन्, दमाईले लुगा सिउने काम, वाहुनहरु पाठपूजामा नै तल्लिन देखिन्छन् । यहाँका किराँती र श्रेत्रीहरु खेतीपाती र पशुपालनमा जोड दिन्छन् । यँहाका किसानहरुले धान, कोदो मकै, गहुँ, फापर जस्ता खाद्यबालीहरु केही मात्रामा उत्पादन हुन्छन् । नगदे वालीमा तोरी, फलफुलमा केरा, शुन्तला, अम्बा, नास्पाती आदी उत्पादन हुन्छ । यहाँका किसानहरु उत्पादित खाद्यतथा फलफुल दुध ध्यु स्वयंम आफै ऐसेलुखर्क बजार वा नाम्चे बजारमा लगी बेच्ने गर्दछन् । यसरी यहाँका मानिसहरु आफ्नो सामान्य जीवन व्यथित गर्न सक्षम छन् ।

**ग. शैक्षिक स्थिति :-**

यहाँ माक्पामा एक माध्यामिक विद्यालय छ । यसको वरिपरि बेप्ला, लुम्दुमा कक्षा पाँचसम्म, लेवा र च्यानटारमा कक्षा सातसम्म त्यस्तै गरी नारोङ्ग र ईलिममा कक्षा तीनसम्म पठन-पाठन भइरहेका छन् । त्यस्तै यहाँ उच्च शिक्षा हाँसिल गरेका मानिसहरु थोरै मात्र छन् भने प्राय: सबैजना साक्षर छन् । यहाँका मानिसहरु आफ्नो छोरा-छोरीलाई शिक्षा दिक्षा दिनु आफ्नो कर्तव्य सम्झन्छन् ।

**घ. धार्मिक तथा सांस्कृतिक प्रचलन :-**

पुरातात्विक दृष्टिले धार्मिक धरोहरको रुप रहेको भूमे र ईड्खुली साँच्चै नै महत्वका छन् । यसको मन्दिर गाउँको पश्चिम छेउमा पर्दछ । मन्दिरमा साना ठुला रुखहरु छन् । मन्दिर भित्र प्राकृतिक ढुङ्गा भुमेको रुपमा अलि उठेको कुप्रो देखिन्छ । यो भुमे पूजा गर्ने परम्परा आफ्नै किसिमको छ । यो पूजा हरेक वर्ष जेष्ठ महिनाको अन्तिम शनिबार सुरु गरिन्छ । पूजा शुरु भएपछि खेतिपातिको काम बन्द गरी सबै मानिसहरु इड्खुलीमा आफ्नो विउ विरुवा ठिक छ कि छैन भनि जचाउने गर्दछन् । यो वर्ष खेती पातीको लागि हावापानी अनुकुल होस् भनेर पूजा आराधना गरिन्छ जाँड रक्सी इड्खुलीमा चढाउँदै आफू पनि खाँदै नाच्ने गाउने गरिन्छ । आईतवार छेन्ता नीमा भाले पोथीले पूजा गरी बाड्देलेहरुको अनखा पन्साईन्छ । दुमी भाषामा (ऊ कल्ना) भनिन्छ । सोमबार भूमे पूजा भुनी सुँगुरले गरिन्छ । पूजामा घरलौरी अक्षता धुप धागो दापदाउ -भेटि) लगेर चढाइन्छ । पूजाको क्रममा चार पाछ्राका पूर्खाहरु झ्याम्टा ढोल र अर्नाको सिङ बजाएर नाच्ने गाउने र क्सी जाँड चढाउँदै आफू पनि खाँदै मन्दिर वरिपरि घुम्दै नाच्ने गाउने रमाईलो रित छ । पूजाको समयमा १३ वर्ष देखि ४५ वर्ष सम्मको आईमाई मानिसहरु जो पर सर्ने गर्दछन् र घर्ति बाहेक अन्य जातिलाई मन्दिरमा जान शक्त मनाही गरिन्छ । घर्ती जाती चाही गान्पा रतेपाको पालादेखि नै चिवेन्दी भएकोले उनीहरु चिवेन्दी हुन सक्छन् ।

भूमे परिसरमा युवतीहरु जान नहुने भएकोले नाँचगान गर्ने स्थान बाहिर अलग ठाऊँमा निश्चित गरिएको छ । उनीहरु पनि ढोल झ्याम्टा र सिङ बजाएर नाँच्ने गाउने गर्दछन् । यहाँ गाईने गीत र नाचिने नाँचको मुख्य आशय पनि खेती कसरी गर्ने, कहिले गर्ने कतिबेला गोडमेल गर्ने र कसरी भित्र्याउने भन्ने नै हुन्छ । यसरी यो पूजा धुमधामसँग गरिन्छ । पूजा गर्दा नियम विपरित भएमा ठुलो पानी पर्ने, असिना हावाहुरी चल्ने भल पहिरो चली नरसंहार हुने भनाई छ । उहिले एक पटक बुचो सुँगुरले पूजा गर्दा अनियमित भई यहाँ रहेको एउटा टुलो ढुङ्गा फुटी त्यहाँबाट बाघ निस्केर सबै मानिसहरुलाई लखेटेको थियो भन्ने कथन छ । अहिले पनि हेर्दा साँच्चै एउटा ढुङ्गा फुटी तिनतिर भए जस्तै देखिन्छ । यस्तै विं.सं. २०५२ साल असार २ गते यहाँ ठूलो पानी पऱ्यो, भल पहिरो चल्यो । त्यसरी भल-पहिरोले ४१ जनाको ज्यानै लियो । पशु पंक्षिहरुको त गिन्ती नै भएन, तर भूमे वरिपरि भने केहि भएन । यसले पनि हाम्रो भूमेमा केहि शक्ति छ भन्ने बुझिन्छ । यहाँ जती नरसंहार भयो यो भुमे पूजामा केहि नराम्रो भएर भएको हो भन्ने पूर्खाहरुको दाबी छ । यो बाहेक यहाँ स्थानीय देव देवीहरुको पनि आ-आफ्नै तरिकाले पूजा पाठ गरिन्छ । यता किरातीहरुले भूमे पूजा गरिरहेकै बेला वैशाखे पूर्णेमा क्षेत्री बाहुनहरु भने आफ्नो कुल पितृहरुलाई वोकाको बली दिएर देवाली गर्दछन् । भने कुसे औंशीको तेश्रो

किरात दुमीराई भाषा तथा संस्कार प्रधान भाषिक पत्रिका

# सुलाम् (मेसो)
(The Way)
# Sulam

अंक - १ २०६४ असोज वर्ष - १ 2007, October



## यसो भनुङ

विगत लामो छलफलबाट दुमीराई भाषामा मौलिक प्रकाशनको रूपमा विशेष अंक सुलाम् (मेसो) को शुरुवात इसिलिम अंक - १० को खुराकको रूपमा पाठक समक्ष प्रस्तुत गरेका छौं। सक्दो मेहनतका साथ सन्देशमूलक एवम् व्यवहारमूलक बनाउने दायित्व हाम्रो, सिर्जनशील प्रतिक्रिया एवम् राय सुझाव पठाउने जिम्मा तपाईको ।

**प्रकाशक**
**दुमी किरात राई फन्सिकिम्**
**तथा**
**इसिलिम परिवार**

## सन्दर्भ



| क्र.सं. | लेखक | पृष्ठ |
|---|---|---|
| १. | उत्सव खबचु दुमीराई | क |
| २. | किर्तिकुमार दुमीराई | क |
| ३. | पुमा रदु सतम | ख |
| ४. | तेजमाया मुरह दुमीराई | ख |
| ५. | मिक्सि रदु हलक्सु | ग |
| ६. | मनोज दुमीराई | ग |
| ७. | | |

# सुलाम् तुम्

सुलाम्पो खुलु खेम मए मुनु चाप्तुनखोए चाप्सा घोवि ब लित्नु क उत्थानपो लागि तुक मुट्ठि हुर्फुक छुक्ता मक आसेल्म तम् मुट्ठिघोइपो हुर्फुक क साहस खल हुर्फुकुम् मुट्ठिमुल्पो सम्म खेती छुक्ता हेम्पा ब पो चासुम् थुक्नु चाप्किति तम्पो सेमोनिल, आसा भरोसापो कुम्लो कुरुक इसिलिम्पो तुक्सु बुन्खोकाइ सुलाम बुखुम् गोता आबोपो सिहार सुसार बुर्रमुनु, पत्मुनु, सिमुनु मोइक छाम्छेमुनु सिराभारा ईङ्कि खल दुमिमुल्बि गोता ।

*सुलाम प्रकाशनको सुरुवात अरु केही हुन नसके पनि अप्ठ्यारोमा परेको भाषा बचाउ र उत्थानको निम्ति एक मुट्ठी जाँगर बन्न सक्छ । किनकि भोलिको दिनमा यो मुट्ठिभरिको जाँगर र साहस थुप्रै जाँगरीला मुट्ठिहरुको टार खेत बन्न सक्छ । जहाँकि भाषारुपी अन्नको भण्डारण गर्न सकिनेछ । यसैको स्वप्निल आशा भरोसाको कुम्लो बोकेर ईसिलिमको दशौ जन्मोत्सवको अवसरसँगै सुलामको जन्म भएको छ । जसको स्याहार-सुसारका साथ हुर्काउने, बढाउने, फुलाउने, फलाउने अनि फैलाउने दायित्व हामी सम्पूर्ण दुमीजनमा रहेको छ । - सम्पादक*

## दुमी तुमनाम



*उत्सव खबचु दुमीराई*
*खरदेल, जालपा-९*

**क.** सिखन्ने र सेवाखन्ने म्यैं **ख.** सेवाखन्ने ।
**क.** खपलाम् आहोनीम् मक ?
**ख.** याका रतेपपुपो किम खुचम ग र
मम्लाम्काङ पिथिङ्त ।
**क.** अ मइक आनि चैं खपलाम् मक ?
**ख.**अड्ु य याका यलेमपुपो किमलाम् पिथिङ् ।
**क.**छुङ, अनि ने डिस्तिनिम् ग ए मक ?
**ख.**मेक मक, दुख्ल डिख्ल डिक्पु, नु रिक्पु छुकुम ग नुक्पुथाम्पु
खुचक खोय आतासावा ने न ?
**क.** खानुक्पु छुकु मक ।
**ख.**लौ मक तेय फैसिकिति मक ।
**क.**हस् मक, आसेल्मु नाम्नु दुम्किति **ख.**सेवाखन्ने

*(नेपाली अनुवाद)*

क. नमस्कार ख. नमस्कार
क. कताबाट आउनु भयो त ?
ख. त्यहाँ पर रतेपाबाउको घर गएको थिएँ ।
त्यतैबाट आउदैछु ।
क. अनि तपाई चाहि कताबाट त ?
ख. म पनि पर यलेम बाउको घरबाट आउँदैछु ।
क. साँचि तपाई त बिरामी हुनु भएको थियो रे त ?
ख. त्यहि त टाउको दुख्ने, रिङ्गटा लाग्ने हुन्थ्यो ।
तर अस्पताल गएर आजकल त निको भएँ ।
क. राम्रो भयो त । ख. लौ त, अहिले छुट्टिउँ त ।
क. हस् त, भोलि पर्सि भेटौं ख. नमस्कार

# दुःमिब्र (दुःमीभाषा)



– किर्तिकुमार दुमीराई

चाचा : चुचु सेवाखन्ने ।
*नाति : बाजे नमस्कार ।*
चुचु : सेवाखन्ने, चाचा ।
*बाजे : नमस्कार नाति ।*
चाचा : मन खमु आलाम्थिनि मका चुचु ?
*नाति : कता हिँन्नुभाको त बाजे ?*
चुचु : आ चाचा खमु छुनाका । याका चेन्किम्बि आम्ना मोपो दुबि तुम् छुक्थिङ्ता ए आक्सा डिङुम् ग ।
मःका लाम्थियोम् म्यै ।
*नाति : आ नाति कहाँ हुनु र । पर स्कूलमा आज केको बारेमा कुरा हुदैछ रे भन्ने सुनेको थिएँ । त्यसैले हिँडेको है ।*
चाचा मोखो ने खक्ति मका । आङु यो मायाहुङा लाम्थियोम् ।
*बाजे: त्यसो हो भने जाऊँ तब । म पनि त्यतैतिर हिँडेको ।*
चुचु : आनियो मायाहुङा आलाम्थियुम् ए । खुस्ति मका ।
*नाति : तँ पनि उतैतिर हिँडेको रे ? जाँऊ त ।*
चुचु : अँ मका माम् रेडियोबिङाखि डिङुम् ।
*नाति : हो तब त्यो रेडियो मै त सुनेको हुँ ।*
चाचा : ताम् सविधान सभापो दुबिङा आम्ना चेन्किम्बि तुम् छुक्थिङ्ता । मन आनिमुआ ताम्पो दुबि मो आकुक्निम् गोता, आडेनिम् गोता ।
*बाजे : यो सविधान सभाको चुनावको बारेमा नै आज कुरा हुदैछ । अनि तपाईले यसको बारेमा केही जान्नु भएको छ ? सुन्नु भएको छ ?*
चुचु : ताम् सविधान सभापो दुबि मोयो कोक्नाने कुक्तोनो । माम् रेडियोआ आचिम् डिङुम्, होपुआ याक्तिम् हेङाम् मिनु छेन्ना दोक्ति ए मका । आफोम् चुनावबिने तेहेम् हाम्आस्थिङ्नो ।
*नाति : यो सविधान सभाको बारेमा केही जान्नु त जान्दिन । त्यो रेडियोले भनेको सुनेको आफूले मन परेको मान्छे छान्न पाईन्छ रे तब । पहिलेको चुनावमा त यस्तो भन्दैन थिए ।*
चुचु : मो ङावो ये आङुने कुक्तोनो । लु आङुचैं तुक्कुम् किम्हु खुस्तो । ताम्पो दुबिङा तुम् मुकुवि माम् तोदु किम्बिङा मोता ये ।
*बाजे : त्यसै पो होकि, म त जान्दिनँ । ल मचाहिँ माथिल्लो घर तिर जान्छु । यसकै बारेमा कुरा गर्नु, त्यो जेठा घरमा छ कि ?*
चाचा : आखुस्तानि चुचु । आनिमुकायो दुम्सोका तुम् मुन्पो यो खानुक्सा ल । आनिमु हेङाम् खल छुक्साखो हितो खानुक्सा छुकुवा । बुणा मिनु खान्ते खुस्नि मेइ माका । आङु यो याक्कालाहु खुस्तोका अइस्तु ।
*नाति : जानुहुन्छ बाजे ? तपाइँसँग भेटेर कस्तो राम्रो हुन्थ्यो । बुढो मान्छे राम्ररी जानुहोस् है त । म पनि परतिर गएर फर्किहाल्छु ।* **मुचि ।**

## खत्ल दुमीरदुलाई ओ आनातुम्



*"ईसिलिम पत्रिका दुमी संस्थापो*
*जेक्सा कम  खो सुलाम् दुमी भ्र पो*
*जेक्सा कम मेइ"*                    *- पुमा रदु सत्म*

छुङा-छुङाङा आङु आस्थिङ्तो कि ईसिलिमआ इंकि खत्ल दुमी संस्थापोङा लाम्दु सेमुत्ता खो ताम सुलामआ इंकीपो भ्र पो लाम्दु सेमुत्ता। सुलामपो लाम्लुम प्रकासन ताम्डा मे। ताम्वि खत्ल दुमी पो होपुपो भ्र पो तुङ्ङा चप्सिमु तुक्ती। का, ताम ईसिलिमकायो तु-तुयङा लइस्ता। ताम होपुपो भ्र पो लागि खत्ल विका खानुक्सा पत्रिका छुक्ता। मोकाङा आनीमु  खत्लआ लुम्सो लुम्सो खोयो आनिपो चप्सिमु तोतोनी ल।

ताम्वी मो आस्तानी यो आनिमु खत्लआ आनिपो देल्वी, आनिपो घल्वी मुहिम आजेतानी, आचुक्तानी माम्मु होपुपो तुमवी, भ्र वी मुहिम गोता मोहोङ्ङा चप्नाका तुना छुक्ता मेइ। मोना आ आस्तानीयो इंकी सुलाम आसाला इंकीपो व्याकरण पो खत्लविका खानुक्सा आधार स्रोत छुक्ता मेइ। तामलाका ङा आसाला इंकीपो पढाइ छुक्ता। तामलाका ङा इंकी पो किताब लईस्ता। माम्आ गर्दा होपुपो घल्तु मुहिम जेक्ती मोयोङ्ङा चप्नीका फिङ्नीवा आस्तोम।

लौत माका तामपालिम सुलामने तेयोम मोयोम ङा लन्खुचु। आनामपाली विका चाहीं इंकी खत्ल तुक छुक्नाका लाना छुक्ता। ताम इंकीपोङा में। खत्लविका खानुक्सा तुम्ने आनीमु आ मो आचुक्तानी आकुक्तानी माम चप्नीका फिङ्नी। लाम्लु होपुपो भ्र वी यपाका खास्सा भ्र वी चप्नीका फिङ्नी ल।

## सम्पुर्ण दुमीराई वर्गलाई अनुरोध

*"ईसिलिम पत्रिका दुमी संस्थाको मुखपत्र हो भने सुलाम दुमी भाषाको मुखपत्र हो"*

वास्तविक-वास्तविक म भनीरहेको छु कि, ईसिलिमले हाम्रो सबै दुमी संस्थाको बाटो देखाउँछ भने यो सुलामले हाम्रो विशेष भाषाको बाटो देखाउँछ। सुलामको पहिलो प्रकासन यहिं हो। यस्मा सबै दुमीहरुको आफ्नो भाषाको मात्र लेखहरु राखिन्छ। र यो ईसिलिम सँग सँगै प्रकासनमा आउनेछ। यो आफ्नो भाषाको लागि सबै भन्दा राम्रो पत्रिका हुनेछ। त्यसैले तँपाईहरु सबैले खोजिखोजि पनि लेख रचनाहरु राख्नुहोस्।

यहाँ के भन्नुहुन्छ भने तँपाईहरु सबैले आफ्नो गाउँमा जे-जस्तो बोल्ने गरेको र जानिएको कुराहरु छन् ती त्यस्तै शब्द र भाषामा लेखेर पठाउनुहोस्। किन कि यो सुलाम नै भोलि हाम्रो व्याकरणको मुख्य आधार स्रोत हुनेछ। यस बाटनै भोलि हाम्रो किताबहरु छापिनेछन्। र पढाइ पनि सुरु हुनेछ। त्यसैले गर्दा जसरी भय पनि तँपाइकोमा भएको, जस्तो छ त्यस्तै लेख तथा रचनाहरु पठाउनुहोस्।

लौत, यस पालिको सुलाम पत्रिका त यस्तै जसोतसो निस्किगयो। अर्को पालि निकाल्ने बेला चाहिं जसरी भए पनि हामी सबै मिलेर नै निकाल्नु पर्छ। यो हाम्रो नै हो। त्यसैले यस्को निरन्तरताको लागि तँपाईहरु सबैले आ-आफ्नो क्षेत्रबाट जानिएको सक्कल लेखहरु पठाउनुहोस्। पहिला आफ्नो भाषामा र पछि नेपाली भाषामा उल्था गरेर पठाउनु होला।

*तेदुङा।*                    *माक्पा ४, लुम्दु*

*sotmali@yahoo.co.in/9803387038*

## (संवाद) तुमनाम



चाचु : आनिपो नु मवो ?
*(नातिनि : तपाईको नाम के हो ?)*
पिपी : ओपो नु बालमाया मुरह दुमी मे।
*(बजु : मेरो नाम बालमाया मुरह दुमी हैं।)* - तेजमाया दुमीराई

*rumju_rai@hotmail.com*

चाचु : हितो थो होपाचिनि ?
*(नातिनि : कति व(र्ष) पुग्नुभयो ?)*
पिपी : अङ् ८४ वर्ख होपाचमे।
*(बजु : म चौरासी व(र्ष) पुगहैं।)*
चाचु : हेम्पा बुन्खनिम् ?
*(नातिनि : कहाँ जन्मनुभाको ?)*
पिपी : तम् हल्खम् देलबिङ ओमामाआ वादिनिमये।
*(बजु : यो हल्खम गाँउमानै मेरो आमाले जन्माकोरे।)*
चाचु : आनि पापामामा ?
*(नातिनि : तपाईको बाबा आमा ?)*
पिपी : ओ पापामामाने चामिनिम् आज आजङ।
*(बजु : मेरो आमाबाबुत पहिले पहिलेनै बित्नुभाको।)*
चाचु : इङ्कि चुचु हिना चामिनिम् ?
*(नातिनि : हाम्रो बाजे कहिले बित्नुभाको ?)*
पिपी : आन्नि चुचुने ५३ साल साउनवि चामुमम्मे।
*(नातिनि : तिमीहरुको बाजेत त्रिपन्न साल सावनमा बित्नुभाकोहैं।)*
चाचु : मआमोजोतिनिम् ?
*(नातिनि : के गरीरहनुभाको ?)*
पिपी : म मुलुससि लर्जोतम्।
*(बजु : मकै छोडाइरहेको।)*
चाचु : मक लरतिनिम् माबन्ना इम्जोनुनि ?
*(नातिनि : किन छोडाइरहेको नछ्रोइ सुतिरहनुनी ?)*
पिपी : ओ इम्सिदिर लोतुन, मोम्बि पुप्जोता मोइक म मुनु मिक्सिआ सेन्सो मुनु चाप्तनमे।
*(बजु : मेरो निद्रा लाग्दैन त्यँहा थुप्रीरहन्छ अनि के गर्नु आँखाले हेर्दै बस्नु सक्दिन।)*
चाचु : इङ्कि ब हितो जेतिनि ?
*(बजु : हाम्रो भा(क्ष)ा कति बोल्नुहुन्छ ?)*
पिपी : अङ्ने जेजोतनि भ्रारा लुब छुकिनि, आसेल्मनाम्नु आलालेप्पा छुक्तिनि, इङ्कि ब रिदुम् हदुम, सम्लु, मम्लु माचामिनि हेम्पा नम्फारबि खुस्तिनिखोये, होप्पो खलुखुकसु चारिकु सुबुकु मिन्नु ओ साखदबरथ आन्नि तुबु खिरिचोबि गोजोना।
*(नातिनि : मत बोलिरहन्छु सबै पर्वते भए पछि यतानउता हुन्छन् हाम्रो भा(क्ष)ा, धर्म, संकार,संकृति नहराउनु जहाँ घामको फेदमा गएनी आफ्नो जन्मेको ठाँउ आँगन पँधेरो सम्झिनु मेरो आशिर्वाद तिमीहरुको शिरमा रहिरहोस।)*
चाचु : मन पिपी इङ्किआ हिनाए आन्नि सागो नुसिछुकपु खारु मुक्ति खोरेखोरे मामोनिवो।
*(नातिनि : हैन पिपी हामीले जहिल्यै तपाईको मन खुशीहुने काम गरछौ पिर नगर्नुस हैं।)*                    छुङछुङ

## किरात सन्देश गान

*- मिक्सि रदु हलक्सु*

तुक्सुम्बिम् इड्कि रदु चुन्हन्पोम् गोता तुहेम दिन
रिदुम का सु कान्सोका मिन्सो हन्पोम महेम दिन?
*एउटै मूलका किरात हामी भोगेका छौं उस्तै दिन*
*धर्म र जात फालेर कल्पना गरौं कस्तो दिन ?*
प्रोइसिक्सा माक्चुपु जुन्सिक्सा मोक्सु मिइति ये इड्किआ तुक्छिन
चु-पीपो नुमुलु चामुकतिन अइस्ति डाखि इड्कि दिन
*जोतिने कालु मोटिने भालु सोचौं कि हामी एकैछिन*
*पुर्खाको सत् नछाडौं फिर्नेछ हाम्रो कुनै दिन*
दाप्दौपो जुङ्गेल छारुचुपो यालसि सेन्सोका मुना हितो दिन
चुपी रिमेम मिन्सोका अइसिना बाति इड्कि दिन
*साँढेको जुधाई बाछाको मिचाई सहेर बसौं कति दिन*
*पित्रि-प्रकृति सम्झेर फिर्ने लाग्यो कि हाम्रो दिन*
पे-वा फ्वासतियो साम्तोइसति मिङदेक्ति य तुक्छिन
चुङको डा गोता नुमुलुबि माम्फार माङगु खि इड्कि दिन
*भाइ फुटे गवार लुटे चिन्तन गरौं एकैछिन*
*इतिहास ताजा छ, टाढा छैन नि हाम्रो दिन* मुचि ।

## तुम्नाम् (सम्बाद)



**मनोज दुमीराई**

२ तिम्रो नाम के हो ?
मेरो नाम खम्बुहाङ हो ।
२ आपो नु मो ?
ओपो नु खम्बुहाङ ।
२ तपाइ कहाको हो ?
म दुःमि गाउकको हो ।
२ आन्नि खम्बिम् ?
आङु दुःमिदेल्बिम् ।
२ तपाइ कहा बस्नुहुन्छ ?
म काठमाण्डुमा बस्छु ।
२ आन्नि खम्बि आमोतानि ?
आङु यलाखोम्बि मोतो ।
२ तपाइ के गर्नु हुन्छ ?
म पितापूर्खाले गरिल्याको पेशा गर्छु ।
२ आन्नि मो आमोतानि ?
आङु चु-पिहाम्पो उदुवा-सुदुवा मङतो ।
२ लौत चिनजान भयो, भेट्दै गरौ है ।
हुन्छ है त ।
२ लुमाका छेमुन्पो, दुम्सो मुक्ति म्यै ।
अलनु वौ माका । मुचि ॥

## खार्मी साब्रु तुम्नाम् (सम्बाद)

✍ आनिपो नु मो ?
- ओपो नु सुमित्रा दुःमिराई ।
✍ आनिमु हितोक्थो आहुपास्नि ?
- आङु तुक्बुथो हुपाच ।
✍ आनिपो किम्बि आबो-आबो आमोतानि ?
- तबि ओकिम्बि पापा, नाना यो ह्लाम्मोता, मन इड्कि ।
✍ आनिपो किरदेल खप ?
- ओपो किरदेल हाँचेका ।
✍ हाँचेकाबि हेम् रदु ?
- दुमीरदु ङा सोत्म(सत्म) पाछा ।
✍ आनिपो चेल्पुकिम् खप ?
- ओपो चेल्पुकिम् जालपा-पुरानोगाऊँ ।
✍ आनिपो चेल्पुकिम्बि दुःमिब्र जेतिनि ?
- जेतिनि, पिपी, पापा, मामा झारा जेतिनि ।
✍ ताम्बि किम्बि यो जेतिनि ?
- पिचुपिचु जेक्ता ।

*(नेपाली अनुवाद)*

✍ तपाइँको नाम के हो ?
- मेरो नाम सुमित्रा दुःमिराई हो ।
✍ तपाइँ कति बर्ष पुग्नुभयो ?
- म चौतिस वर्ष पुगें ।
✍ तपाइँको घरमा को-को हुनुहुन्छ ?
- यहाँ मेरो घरमा बाबु, दिदी पनि हुनु हुन्छ, अनि हामी ।
✍ तपाइँको माउलो कता ?
- मेरो माउलो हाँचेका हो ।
✍ हाँचेकामा कुन राई हो ?
- दुमीराई नै, सत्म पाछा ।
✍ तपाइँको माइति कता ?
- मेरो माइति जालपा-पुरानोगाऊँ हो ।
✍ तपाइँको माइतिमा दुमीभाषा बोल्नुहुन्छ ?
- बोल्छन्, बजु, बाबु, आमा सबैजना बोल्छन् ।
✍ यहा घरमा पनि बोल्नुहुन्छ ?
- अलिअलि बोल्छौं । *- सम्पादक*

### सुलाम म काइ महिक ?

सुलाम झारा दुमी रदुहाम पो चाम्नु बातुम ब्र चाम्नु मा बिकुइ झारा दुमी ब्र जेक्पु ह्याम्पु हाम् पो ब्र चप्तक लात्पोम् इकि दुमी रदुहाम पोङ सो वो ।

### सुलाम के र किन ?

सुलाम दुमीराईहरूको हराउन लागेको मातृभाषा लोप हुन नदिन दुमीराई भाषा बोल्ने सबै गाउँ ठाउँको लोलीबोलीलाई चिटिक्क रूपमा उतार्ने हेतुले छपाइएको सम्झदा "सुलाम" दुमीराईहरुकै सम्पत्ति हो ।

आगामी सुलाम् अंक-२ को लागि दुमीराई भाषामा लेख रचना पठाउने ठेगाना : पो.ब.नं. - २०२११, इमेल : *ourlink@wlink.com.np*

दिन तीजमा बाबु माईतीले आफ्नो विवाहित छोरी चेलीहरुलाई माईतमा बोलाउने मिठो राम्रो खाना (दर) खुवाउने चलन छ। छोरीचेलीहरु चाहि आफ्नो पतिको दिर्घायुको कामना गर्दै भगवान शिवको पूजा गर्दछन्। अविबाहित केटीहरु भने आफ्नो असल वरको कामना गर्दछन्। चौथो दिन उनीहरु निरहार बसी संगिनी गाएर नाच्ने प्रचलन छ। सोह्र सरात पूर्णेमा क्षेत्रीवाहुनहरु लगाएत अन्य जातिका मानिसहरु आफ्नो पितृलाई सम्फना गर्दछन्। किरातीहरु भने नयाँ हिउदे वाली धान कोदो भित्र्याउने बेला आफ्नो पितृहरुलाई सम्फना गरी नयाँ धान र अदुवाले पितृ बुफाउने गर्दछन् जसलाई मोसु नेप्ना भनिन्छ।

यहाँको सामाजिक चाड पर्व दशै तिहार पनि हो। वडादशैमा राम्रो लगाउने मिठो खाने र आफूभन्दा ठूलो मानिसबाट आषिश थाप्ने गरिन्छ, आफ्नो सबै नातेदारहरुसंग भेटघाट गर्ने सुख दुःख आदान प्रदान गनृ अवसर भएता पनि केही वषृ यता यँहाका दुमी किरातहरु दशै तिहार हामी राईहरुको होईन यो त क्षेत्री बाहुनहरुको पर्व हो भन्ने कथालाई मानेर यो चाड धुमधामसंग मनाउन त्यती उत्साहित देखिदैन।

**उपसंहार**

इतिहासबाट यो साबित भएको छकि हाम्रो यो पुण्यभुमि माक्पामा दुमी किरातहरु ऐतिहासिक कालदेखि नै बसोबास गर्दै आएका छन्। भूमे पुजा गर्दा चिबेन्दी घर्ती भएको प्रसंगले घर्ती पनि दुमीहरु संगै आएको हुन्कि भन्ने बुफिन्छ। कालान्तर मा अन्य जात जातीका मानिसहरु पनि आई बसोबास गरी आएका छन्। जे भएपनि अहिले यहाँ बसोबास गर्ने सबै हामी माक्पाली। त्यसैले हामी माक्पालीहरुको कर्तब्य आधुनिक जीवनयापन गर्न गर्नुपर्ने सबै संघर्ष गर्दै यहाँको धर्म भूमे युङखुली देव देवी मठ मन्दिर, भेषभूषा, भाषा, संस्कृति, रीति रिवाज जस्ता पुर्खाले छाडेर गएका हाम्रा गहनाहरुको संरक्षण गर्नु पनि हाम्रो उत्तिकै जिम्मेवारी सम्फनु पर्छ। *तेदुङा।*

*माक्पा-३, बेब्ला, खोटाङ्ग ।*

## नयाँ नेपाल

अशान्तिको त्यो कालो एक दशक पछि,
आज, शान्तिको मलिन धिप-धिप दीयो
जल्न सुरु गर्दैछ।
भर्खर-भर्खर परिसरका छविछायाँ देखा पर्न
थालेको छ।
नयाँ जोस र उमंगका साथ दीयो जल्दैछ।
हजारौको रोदनमा, करोडौको पुकारमा,
आज, बल्लतल्ल रगतको खोलोमाथि
आँशुको दहमाथि एउटा दीयो जलेको छ।
अन्धकारमा रुमल्लीरहेका,
र बाँकी रहेकाहरु कहालीरहेका थिए,
अब,
शान्तिको मधुर रोशनीमा केही लामो सास फेर्दैछन्।
तर,अफैपनि
कतैबाट हुरि र बतास आई निभाउलाकी ?
भन्ने त्रास भने हटेको छैन,
त्यसैले होसियार,
असत्य र अतिततिर हैन, सत्य र भविष्यलाई पच्छ्याऊ।
अब, सबैले,
यहि मधुर रोशनीमा विकासको नविन बीज छर्नुपर्छ।
पुनः शान्तिको देश भनि चिनाउनुपर्छ।
एकतामा बाँधिएर नयाँ नेपाल निर्माण गर्नैपर्छ।

*बिनु राई*
*कटारी - ७ (उदयपूर)*
*उदयश्री बहुमुखी क्याम्पस*
*बी.एड.प्रथमवर्ष*

# तेक्वाण्दो खेलको एक उदीयमान नक्षेत्र अबिना दुमीराई

- *अबिना दुमीराई*

परिश्रमको फल मीठो हुन्छ । मानिसले दृढ अठोट लिएमा त्यसलाई पुऱ्याउने आधारहरू क्रमश : निर्माण हुँदै जान्छन् भन्ने कुरामा कुनै शंका छैन । यस्तै आधारशीलाको माझबाट २०६१ साल मंसिरबाट तेक्वाण्दो खेलमा प्रवेश गरेकी अबिना रंकासु दुमी राई एकैवर्षको कठोर परिश्रमले छोटो समयमा नै २०६२ पौषसम्म **५ वटा स्वर्णपदक र २ वटा काश्य पदक** हात पार्न सफल भएकी छिन । वि सं २०४२ सालमा खोटाङ बाक्सिलामा पिता दुर्गबहादुर दुमी रंकासु राई र माता उमादेवी नाछिरिङ् राईको परिवारमा जेष्ठ सुपुत्रीको रुपमा जन्मेकी अबिना राई मातापिताको आशिष, गुरुको आज्ञा र सुझावलाई गम्भिर्तापूर्वक पालन गरी त्यसैअनुसार अगाडि बढ्ने प्रयत्नको फलस्वरुप नै यत्ति छोटो समयमा धेरै पदकहरू प्राप्त भएको छ । गाउँबाट धरानमा सपरिवार बसोबास गर्न शूरुगरेपछि धरान कभर्डहलमा अबिना राईले ताइक्वाण्दो शिक्न शुरुगरेको ६ महिनामा नै पहिलो पटक २०६२ मा बीरगञ्जमा सम्पन्न भएको राष्ट्रिय आमन्त्रण तेइक्वान्दो प्रतियोगीतामा यल्लोबेल्ट हुँदा नै फ्लाईवेटमा प्रतिष्पर्धागरी काश्य पदक प्राप्त गर्न सफल भइन । त्यसैगरी सोही साल झापामा सम्पन्न भएको क्षत्रीय प्रतियोगितामा स्वर्णपदक, काठमाडौंमा सम्पन्न भएको साफ सेलेक्सनमा काश्य पदक, इटहरीमा सम्पन्न भएको दोश्रो इण्टरनेशनल प्रतियोगीतामा स्वर्णपदक र काठमाडौंमा २०६२ मंशीर ५ देखि ८ गतेसम्म सम्पन्न भएको कोरियन एमबेसेडर च्याम्पियनशीपमा स्वर्णपदक प्राप्त गर्न सफल भइन । त्यसैगरी २०६२ माघ १३ र १५ गते धरानमा सम्पन्न भएको पहिलो ऐतिहासिक जिल्लास्तरीय तेक्वाण्दो प्रतियोगीतामा स्वर्णपदक र २०६४ मा काठमाडौ खेलकुद परिषदले सम्मन्न गरेको गणतान्त्रिक खेदकुद प्रतियोगितामा पनि अर्को एक स्वर्णपदक प्राप्त गर्न सफल भएकी छिन । त्यसपछि २००८ मा सम्मन्न हुने साफ गेम र सोहीवर्ष चाइनामा हुने ओलम्पिक गेममा प्रतियोगितात्मक छनौटको लागि कारियामा भैरहेको १४ महिने तालिममा एक्कासी देब्रे हातमा चोटलागी आरामको लागि नेपाल फर्कनु पऱ्यो । एक खेलाडिलाई कहिले खुसी कहिले दर्द यो त नियम नै हो । यसै सन्दर्भमा २००७ मा नै कोरियामा विश्व च्याम्पियनशीपमा सहभागिता प्राप्त गर्ने मौकामा प्रतिष्पर्धा गर्दागर्दै जर्मनको खेलाडिसंग क्वाटर फाइनलमा पराजित हुनुपरेको थियो भने यहि २०६४।६।१९ गते स्प्रिङ उड इन्टरनेशनल, काठमाडौंले आयोजना गरेको ५ कि.मि.म्याराथन दौडमा प्रथम भई १ हजार अमेरिकन डलर पुरस्कार समेत पाइसक्नुभएको छ । खेलको नियममा हारजीत स्वभाविक हुन्छ । तर एकपटक उचाईमा पुगीसकेकी चेली अबिना दुमी राई अझै अर्को उचाईको शिखरमा एकदिन पुगीछाड्ने कोशिषमा हर पल लागीरहेकी छिन् । हारहरूको जुत्ता र जीतहरूको मालला पहिरने उनको सपनाप्रति दुमीकिरात राई फन्सिकिम हार्दिक न्यानो आशिर्वाद र शुभकामना दिन चाहन्छ ।



प्रस्तुत छ उनै उदियमान खेलाडी राईसंग इसिलिमका सल्लाहकार चतुरभक्त राईले लिएको भेटवार्ता कोसेलीको रुपमा पाठकहरूको माझमा पस्कन लागेका छौं ।

पारिवारिक नाम : *अबिन*

आधिकारिक नाम : *अबिना राई*

हालको बेल्ट : *ब्लाक बेल्ट*

उचाई : *५ फिट ६ इन्च*

तौल : *५१ के जी*

पदक : ५ स्वर्ण २ काश्य ।

अध्ययन : *शिक्षातर्फ १२ कक्षा, नेशनल एकेडेमी, धरान ।*

मनपर्ने ठाउँ : *आफ्नै जन्मथलो*

मनपर्ने खाना : *सवै रुच्य*

मनपर्ने गाना : *आफ्नै मौलिक संस्कार झल्कने*

मनपर्ने खेल : *तेक्वाण्दो र ब्याडमिण्टन*

मनपर्ने पोशाक : *आफ्नै संस्कृति झल्काउने*

मनपर्ने पुस्तक : *स्वास्थ्यलाई लाभ पुऱ्याउने सवै*

मन नपर्ने कुरा : *घमण्डीपन देखाउने स्वभाव*

जीवनको मुल उद्धेश्य : *आत्मनिर्भताको लागि परिश्रम गर्नु*

**इसिलिम: :- तेक्वाण्डो खेलमा नै लाग्नु पर्छ भन्ने प्रेरणा कसरी प्राप्त भयो ?**

मैले बाल्यकालमा फूपाजू राजकुमार राईले खेलेको तेक्वान्दो खेलको बारेमा सुनेकाले अवधारणात्मक रुपमा मनमा स्थापित गरीसकेको थिएँ । पछि बाक्सिलाबाट धरान शिफ्ट भएपछि पूजनीय पिता दुर्गबहादुर राईको आशिषले धरान कभर्डहलमा तेक्वान्दो सिक्ने मौका प्राप्त गरें । पुन : उनै फूपाजू राजकुमारको उत्कृष्ट खेलसफलता र संगिना बैद्यको नाम तथा खेल प्रदर्शनबाट समेत प्रेरित हुन पुगें ।

**इसिलिम :- यत्ति छोटो समयमा यत्ति धेरै उपलब्धि हुनमा मुख्य हात कस्को रहेको छ ?**

निरन्तर तालीम, अभ्यास, अठोट र गुरुज्यूको सल्लाह र सुझावको पालना ।

**इसिलिम :- अन्तर्राष्टि्य रुपमा सम्पन्न भएको त्यो कोरियन च्याम्पियनशीपमा स्वर्णपदक प्राप्तगर्न कत्तिजना खेलाडीसंग प्रतिष्पर्धा गर्नुपर्‍यो र उनीहरू कुन कुन बेल्टका थिए ?**

ब्लाकबेल्ट प्राप्त ६ जनासंग प्रतियोगीहरूसंग भिड्नु पर्‍यो जवकी म चाहि ग्रीनबेल्ट मात्र थिएँ त्यत्तिखेर हाल व्लुबेल्ट प्राप्त गरेकी छु ।

**इसिलिम :- त्यसो भए खेल जितिन्छ जस्तो लागेको थिएन ?**

हो, आफ्नो सानो बेल्ट भएकाले सफलता प्राप्त गर्ने कम मात्र आशा लिएकी थिएँ ।

**इसिलिम : प्रतिद्वन्दीलाई पराजित गर्न कुन कुन प्रहार हरू गर्नुपर्‍यो त ?**

श्लाप, ह्याम्मर, फ्रण्ट र पुसिङ् किक ।

**इसिलिम: प्रतिद्वन्दीले चाही कुन कुन प्रहार गरिन त ?**

मेरो जस्तै, सेम किक ।

**इसिलिम : सवभन्दा मन परेको टेकनिक कुन हो ?**

एट्याकिङ पोजिसनमा खेल्नु ।

**इसिलिम : सवभन्दा मन परेको किक ?**

निरोछागी (ह्याम्मर किक)

**इसिलिम : खेलमा विजय हुक दा कस्तो लाग्यो ?**

म जस्तो जुनियर खेलाडीको विजय हुंदा साह्रै खुसीलाग्यो । यत्तिमात्र होइन नेपालको पूर्वीक्षेत्रबाट सहभागी हुने खेलाडीहरूमध्येमा मैले मात्र जितेकी हुनाले गुरुहरू पनि सवैजना अत्यन्त खुसी हुनुभयो ।

**इसिलिम : खेल र अध्ययनलाई एकैसाथ लैजान सकिन्छ ?**

एकदम सकिन्छ । किनकी खेललाई दिनको दुईघण्टा तालिमको लागि समय दिएर बाँकी समय अध्ययनलाई खर्चन सकिन्छ ।

**इसिलिम : त्यसोभए खेल र अध्ययनलाई सगै अघि बढाउन सकिन्न भन्ने कुरा सत्य होइन ?**

खास खेल परेको समय वा दिनसम्मलाई मात्र सत्य हो सधैं चाहीं होइन ।

**इसिलिम : खेलबाट जीवन निर्वाह हुन सक्ला जस्तो लाग्छ ?**

यो अहिले नै भन्न नसकिने विषय हो मेरो लागि ।

**इसिलिम : खेललाई कहाक सम्म लैजाने विचार छ ?**

अन्तर्राष्टि्य क्षेत्रसम्म खेलखेलेर सफलता प्राप्त गर्ने धोको छ ।

**इसिलिम : घरको सपोर्ट कत्तिको प्राप्त छ ?**

राम्रो छ । तर यत्ति भएर पनि हातखुट्टा बिग्रेला भनेर ममी साह्रै डराउनु हुन्छ ।

**इसिलिम : तपाईको खेल परिवारका सदस्यहरूले पनि हेरेका छन त ?**

बुवाले मात्र एकपटक हेर्नु भएको छ ।

**इसिलिम : राष्टि्य खेलकुद परिषदमा धेरै बदमासहरू छन भन्ने सुनिन्छ परिषदले खेलाडीहरूलाई चाहीं कत्तिको सुविधा दिएको छ त ?**

लजिङ् र फूडिङ्सम्म छ । अन्य सबै आफैले बेहोर्नु पर्छ । तसर्थ सुविधा न्यून छ भन्न बाध्य छौं ।

**इसिलिम : गुरुहरूको व्यवहार कस्तो रहेको छ ?**

प्रेरणात्मक ।

**इसिलिम : साहित्यप्रतिको रुचि कस्तो छ ?**

केही कविताहरू लेख्ने गर्छु त्यो 'इसिलिम' मा पनि छापिएको छ ।

**इसिलिम : 'इसिलिम' कत्तिको पढिदैछ ?**

आजसम्म प्रकाशित सवै अंकहरू पढेको छु। पढ्न रुचीसमेत लाग्छ ।

**इसिलिम : किन यत्ति धेरै रुची भयो होला ?**

यसमा धेरै कुराहरू आफ्नो जाति, परम्परा, संस्कार र संस्कृतिसंग सम्बन्धित भएर नै हो ।

**इसिलिम : त्यसमा सुझाव दिने कुराहरू केही छन ?**

सवै रचनाहरू राम्रो छन् । स्तम्भहरू शन्देशमुलक रहेका छन् । बंशावलीहरू पढ्न पाइएको छ । नराम्रो केही छैन ।

यसैगरी इसिलिमले निरन्तरता पाउँदै जावोस र धेरै धेरै अंक पढ्ने मौका पाउँदैरहुँ ।

**इसिलिम : इसिलिम मार्फत दिने शन्देशहरू केही छन ?**

सबैसग शान्तिको कामना गर्दछु । एक अर्काको कुभलो चिताउने काम नगरौं । अरु मुर्ख हुँदा आफू पनि झन ठूलो मुर्ख

हुने धुष्टता नगरी सज्जन हुने प्रयत्न गरौं ।

**इसिलिम : यस्तो महत्वपूर्ण समय दिएकोमा धन्यवाद ।**

इसिलिममा मेरो स्तम्भ राख्ने जमर्को गर्नु भएकोमा मेरो पनि इसिलिम परिवारलाई धन्यवाद ।

.................*सुचि* ।..............

# कुभिण्डेली दुमीराईहरूको अवस्था

*- गिरीराज दुमीराई*

जनसंख्याको आधारमा पहिलो, अन्य स्तरको आधारमा उपल्लो तहमा कुभिण्डेली राईहरूको अवस्था छ ।

खोटाङ नेपालको माझ-किरात अन्तर्गतको प्रमुख राईहरूको थलो मानिने भएता पनि कतिपय गाविसमा बाहुन, क्षेत्रीहरूको नै प्रशासनिक, राजनैतिक, शैक्षिक, आर्थिक स्तरमा प्रमुख भूमिका रहेको छ । त्यसमा पनि अरु गाविसका राईहरूको दाँजोमा कुभिण्डेली राईहरू अति पछाडि परेका छन ।

कुभिण्डेका कतिपय ठाउँ, स्थानहरू राईहरूको भाषाबाट नै नामाकरण गरिएको पाइन्छ । जस्तै हाँचेका, दम्कु, ब्राम्कु आदि ठाउँहरू राई भाषाबाट नै नामाकरण भएको स्पष्ट छ । तर कुभिण्डे अधिकांस खोटाङेहरूको सोच र बुझाइमा उल्टो छ। केवल कुभिण्डे भनेको छुट्टै गाविस पनि होइन कि ? यदि गाविस भए पनि यो ठाउँ त पोखरेलहरूको र क्षेत्रीहरूको मात्र बाहुल्यता भएको हो । त्यहाँ त राईहरू छैनन्, भए पनि सीमित नगन्य मात्रामा होलान् भन्ने अनुमान गरेको पाइन्छ ।



वास्ताविकता अर्के छ। कूल जनसंख्याको पहिलो स्तर नै राईहरूको छ । तर पनि अरु गाविसका राई वा अन्य जातीहरूले पनि कुभिण्डे भनी राईहरूले आफ्नो जन्म, कर्मथलो बताएमा आश्चार्य नमान्ने गरेका नभएको होइन । वास्तवमा कुभिण्डे बहुजातीहरूको बसोबास भएको भएता पनि बोली-चालीका आधार तथा अधिकांस रितीरिवाज संस्कारका आधारमा हिन्दूविधीको प्रभावबाट एउटै हो की भने जस्तो लाग्छ । आदिम कालदेखि नै कुभिण्डेमा राईहरूको बसोबास भएको थियो भन्ने प्रमाणहरू पनि प्रचुरमात्रामा रहेको छ ।

कुभिण्डेका राईहरूले आफ्नो भाषा, संस्कार, संस्कृति पनि अधिक्तम मात्रामा भुलेका छन् । यसो हुनुको प्रमुख कारण भनेको नेपाल एकिकरणपछि पोखरेलहरूलाई दरबारबाट विर्ताको रूपमा हुकुमीआदेश गरी स्वामित्व प्रदान गर्नु हो । जब पोखरेलहरूले राई (किराँत) भूमिमा कुनै शक्तिशाली व्यक्तिको आदेशमा आफ्नो भएको भनी समाजमा स्वेच्छाचारी लाद्न सुरुवात भयो । तब राईहरूले पनि तिनै हुकुमीआदेशलाई नै कानूनी आधारका रूप मानी वीरता प्राप्त व्यक्तिहरूको नै चाकडी तथा खुसी बनाउने उद्देश्यले आफ्नो स्तरलाई निच रूपमा राखे । कुभिण्डेका अधिकांस धनहर फाँटहरू र अवल वस्तीहरू भनेको पोखरेलहरूको नै रहेको छ। हुन त पोखरेलहरू ०४६ सालको आमूल परिवर्तनपश्चात् जनचेतनामा परिवर्तन भएका कारण कुभिण्डे छाडेर नै हिंडे । तर पनि त्यहाँको जमिनमाथिको कानूनी अधिकारलाई आफ्नै मातहतमा राखी केही समयको लागि मात्र कुभिण्डे बसोबास छाडे जस्तो मात्र देखिन्छ । यसरी हिड्नु त राम्रो होइन । उजाड बनेको कुभिण्डे केन्द्रिय तथा स्थानिय नराम्रो सामाजीक प्रथाले खोको बनाएको छ । कुभिण्डेलाई कमाउने थलो,भण्डारन शहर तथा तराईका मैदान यो दुःख लाग्दो छ। तर पनि सबैमा पुर्वाग्रह नराख्ने , मेलमिलाप भाईचाराको सम्बन्ध रख्ने नै कुभिण्डेली राईहरूको बिषेशता हो ।

मानवको निमित्त स्तर निर्धारण गर्नका लागि शैक्षिक, आर्थिक, राजनैतिक, सामाजिक अवस्थासँगको हैसियतलाई हेर्ने गरिन्छ । त्यसमध्ये पनि पूर्वाधारका निमित्त आर्थिक अवस्था ज्यादै सवल हुनुपर्दछ ।

नेपालजस्तो विकसोन्मुख मुलुकमा भूमिमाथिको वर्चस्वको आधारमा नै अर्थ पार्जन पूँजिपति खानदानी भनी हेरिने गरिएको हुँदा राईहरूको त्यस्ता अवल बस्ती तथा खेतीयोग्य जमिनमाथि पहुँच नहुनु नै प्रमुख न्यूनताको अवस्था हो ।

कतिपयलाई कुमिण्डेका राई हौं भनी कुभिण्डेलीले परिचय दिनु पऱ्यो भने कुभिण्डेमा राई नै छैनन् भनी आश्चार्य मान्ने गरेको पनि थुप्रै उदाहरणहरू छन् । तर कुभिण्डेको पहिलो जनसंख्या नै राईहरूको हो । त्यो यथार्थ नबुझ्नु पनि स्वाभाविक नै हो । कुभिण्डेका राईहरूको कुनै पनि क्षेत्रमा प्रभाव छैन । राईहरूको भाषा संस्कृतिमा समेत हिन्दू विधी तथा खस भाषाको अधिक्तम प्रभाव रहेको छ ।

कुभिण्डेको वडा नं.२,७, ८ मा राईहरू कै बस्ती छ । दुमी, खालिङ, साम्पाङ, चाम्लिङ आदि थरिका राईहरू छन् । वडा नं.२ मा कुभिण्डेकै आदिवासीका रूपमा परिचित दुमी राईहरूको बसोबास छ । त्यो गाउँलाई हाँचेका भनिन्छ । हाँचेकामा दुमी, खालिङ, साम्पाङ, चाम्लिङ भएता पनि दुमीहरूकै स्थान अग्र भएको हुनाले त्यहाँकाराईहरू सबैले बचेखुचेका दुमी भाषा संस्कार संस्कृतिमा नै परम्परा चलाई आएका छन । वडा नं.७ भनेको राईहरूको मात्र बस्ती हो । जुन वडामा चाम्लिङ, खालिङ, थुलुङ, राईहरूको बसोबास छ । जुन गाउँ दम्कु भनि चिनिन्छ । वडा नं. ८ मा २/४ घर

नेवार भएता पनि सबै बाँकी राईहरूनै छन् । त्यस वडामा खालिङहरूको बाहुल्यता छ । अन्य वडामा पनि छासमिस राईहरू छन् ।

कतिपय ठाउँहरू को नामाकरण राई भाषामा आधारित रहेको भन्ने प्रमाणका रूपमा कुभिण्डे वडा नं.२ निबासी वयोवृद्ध बलहर्क राईसँगको भलाकुसारी अनुसार थाहा हुने गर्दछ । हाँचेका दुमी भाषामा 'होचु' भनेको मानिस हो । पहिले दुमी राईहरू बाक्सिलाभेगवाट कुभिण्डे हरस्टारमा बसोबास गर्न आएका थिए । त्यहाँ औलोको महामारीबाट मान्छे मर्न थालेपछि, सिम्ले, जुरेली बेंसी, कातिके हुँदै ठाउँसरि बस्न थाले तर मान्छे मर्ने क्रम नरोकिएपछि बोके डाँडा, बडहरे, हाँचेकाको माथिल्लो गाउँ पुरानो वस्ती हाल हाँचेकादहाल गाउँमा राईहरू बसे । त्यहाँ पनि राईहरू कोही पनि सुरक्षित नरहने भएपछि मान्छे खाने ठाउँ रहेछ । त्यसैले यो ठाउँ भनेको 'होंचुखा' हो भनी नामाकरण गरे त्यसैबाट कालान्तरमा हाँचेका भनी परिचित हुन पुग्यो । जुन नाम दुमी राईहरूको भाषामा आधारित छ । होचुमिन्) - मान्छे नफप्ने रहेछ भने पछि हाँचेका भएको हो भन्नेभनाई छ ।

अर्को दम्कु पनि राई भाषा नै हो । कुभिण्डे हाँचेकातिर भन्दा भिन्न प्रकारको छ । दम्कुमा जंगल भएको, सेपिलो भिर -पहरामा एक किसिमको पाङ्ग्रा भन्ने बनस्पति पाइने हुनाले दुमी भाषामा पाङ्ग्रालाइ 'दाङ्खु भनिने हुनाले त्यस ठाउँको नाम दम्कु भएको हो' । त्यसै गरी दम्कुको पूर्वपट्टि लोचा खोला छेउमा ब्राम्कु भन्ने टोल छ । त्यस ठाउँमा खालिङ राईहरूको बाहुल्यता छ । खालिङहरूले फापरलाई ब्राम भन्छन् । यो ठाउँ भिरालो भस्मे जस्तो छ । सुर्के जमिन भएको तर ठाउँ-ठाउँमा नै सिम सेपिलो जमिन भएको हुनाले त्य ठाउँलाई खालिङ राईहरूले फापर, जुनेलो कोदो (पाङ् घैया छरेर आवादगरि बसोबास गरेका हुनाले खालिङ भाषाब नै 'ब्राम्कु वा फापर पानी भनी नामाकरण गरी त्यस ठाउँ नाम आज 'ब्राम्कु'ले परिचित छ' ।

यहाँ राईहरुको जनसंख्या अधिक छ । तर प्रशासनि राजनैतिक आर्थिक अवस्था अति न्युन रहेको हुँदा राईहर आफ्नो जातीय पहिचान दिन नसकेका हुन् ।

कुभिण्डेमा पनि राईहरू टोले पिच्छेका राई, मा कर्ताजस्ता पद प्रथाहरूमा परिचालित थिए । जब १९ सालमा नेपालमा पहिलो पटक जमिन नाप-जाँच कार्य भ तत् पश्चात राईहरूले आफूले गरिआएका कार्यजस्तै 'ति उठाउने, स्थानीय प्रशासनिक कार्यहरू सञ्चालन गर्ने कामब पर रहे ।' पोखरेलहरू नै कुभिण्डेका वीर्तावाला भएका है जिम्मावाल, तालुकदारी काम गर्न थाले । पञ्चायती व्यवस्था मध्यतिर त दाहालहरूको सहयोगमा राईहरू कुनै पनि क्षेत्र बढ्न नसकुन् भनी फुटाउ र शासन गर जस्ता कुटनी लागू गरे ।

समाज तथा परिवारभित्र वेमेल, फाटोको सिर्जना गरी एक-एक पक्षधर भई दहाल र पोखरेलले नाटकीय ढङ्गबाट भै-झगडा गराउने रातारात पञ्चायत बसी दण्ड-जरिवाना तथा अवस्था हेरी बास उट्ठासमेत हुनु पर्ने अवस्थाको समेत सिर्जना गराए । सो परिणामबाट पनि आज कुभिण्डेली राईहरूको अवस्था धरासायी बनेको हो । गोर्खा भर्ति जाने भारतीय र बेलायती सेनाको घर परिवारमा सदस्यै पिच्छे पोल लगाएर, सुराकी गरेर परिवारमा फाटो ल्याई विदेशबाट आर्जन भएगरेका जुहारात उनै शासक बर्गले बण्डा नगरेका होइनन् । यसका प्रमाण कुभिण्डेली समाजमा धेरै छन् ।

२००७ सालदेखि ०४६ सालसम्मको अवधिभरि नै पोखरेल र दहालहरूको कुटनीतिक खेलमा कुभिण्डेली राईहरू परे । खेलौनाको गोटी बनी परिचालित् भए । आफ्नो शिक्षा, संस्कार सस्कृतिभन्दा वंश झगडा र मुखिया प्रथाका कटर अनुयायी बनेर कुट र फुट भन्ने कुराको चलाखी केहि नबुझि करिब ४०,४५ वर्षसम्मको अवधिभरि केहि प्रगति नै गरेनन् । यो नै कुभिण्डेली राईहरूको वास्ताबिक अवस्था हो ।

यसरी आफ्नो वंशबिचको झगडाले तहस-नहस बनाएको राईहरूको अवस्था उकास्न कुभिण्डेली राईहरुले प्रयास गर्नेछन् र गर्नु पनि छ । आलोचनाभन्दा पनि हरेक तह तप्काबाट व्यक्ति समाज र राष्ट्र निर्माणका लागि जुट्नु हामी सबैको कर्तव्य बनेको छ ।

कुभिण्डेली राईहरू हाँचेकाली, दम्कुले भनेर चिनिन सकिन्छ तर कुभिण्डेली नामले परिचित खोटाङमा बिरलै छ । यो नै हो कुभिण्डेली राईहरूको वास्तविक अवस्था ।

*सूची ।*

*कुभिण्डे-२, हाँचेका*


**बिजयादशमी तथा दिपावली -०६४**
**को**

सुखद उपलक्ष्यमा समस्त
महानुभावहरुमा
सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर
समुन्नतिको *हार्दिक मंगलमय*
*शुभकामना* ब्यक्त गर्दछौं ।

**शंकर ट्रेड लिंक**
महाराजगंज , सल्लाघारी
(रंगरोगन, डोरमिटरी र सिमेन्ट)
फोन: २१५०७४६



# किरात राईहरूभित्र उठिरहेका विगत र वर्तमानका बहसहरूका केहि परिचर्चा

*- प्रकाश सरचु दुमीराई*

राष्ट्रिय जनगणना-२०५८ अनुसार नेपालमा ११ लाख ६ हजार ७ सय ८७ किरातहरु छन् । यो जाति नेपालको आदिवासी भूमिपुत्र हो । जसको आफ्नै छुट्टै मौलिक पहिचान र ज्यूँदो ईतिहासहरु साक्षी छन् । ईतिहासले कहिरहेको छ । किरातीहरु यो देशको शासक हुन् । नेपालको ईतिहासमा किरात राजाहरुले करिब ७ सय बर्ष शासन गरेका कुरा उल्लेख गरिदैं आइरहेको छ । तर किरात शासकहरु कसरी शासित हुन् पऱ्यो ? शासितहरु मध्यमा पनि कसरी सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा पछाडि पर्नुपऱ्यो ? यस सवालमा आम किरातीहरुले गहिरिएर फेरि आफ्नै ईतिहासलाई दोऱ्याई, तेऱ्याई अध्ययन गर्नैपर्ने आवश्यकता देखिएको छ । किरात ईतिहासभित्र यस्ता थुप्रै गर्विला ईतिहासहरु छन् । तर अहिले आएर कोहि किरातीहरुले आफ्नो स्वार्थ टालटुल गर्न पाउँदा आफू राई जाति नभएको, त्यस्तै धर्म भित्र राजनीतिकरण, किरात लिपीलाई लिम्बु लिपीमा परिवर्तन गर्न खोज्ने र आफ्नो मातृभाषालाई समेत बेचेर खान पछि नहट्ने अवस्था सृजना गरिरहेका छन् । यी नै बिषयहरुलाई समेटेर आम किरातीहरुको खिन्नतालाई यहाँ प्रष्ट्याउन खोजेको छु । यी विषयहरुमा सबैले बुझ्न जरुरी छ भन्दछु म । त्यसैले बुझ्नु पऱ्यो कि यो हाम्रो आवाज हो, अधिकार हो । सबै किरातीहरु सचेत भएर यी विषयहरुका सामना गर्दैलगे मात्र किरात हुनुको गर्ब गर्न सकिन्छ । नत्र किरातीहरुको अगाडि प्रश्न बज्रिन्छ, किरातीहरु फुट्ने कि, जुट्ने ? त्यहिँ सवाललाई संक्षिप्तमा थोरै अध्ययन-मनन् गरौ ।

प्रसंग बदल्दा, किरातीहरुको धर्म किरात धर्म हो । सबैलाई लाग्दछ, आफ्नो मौलिक धर्म हुदा-हुदै अर्को धर्ममा किन जाग्ने । तर हाल किरात अगुवा विद्धानहरु भनेर रुचाउँनु हुने किरात धर्म गुरुहरु आफूलाई मौका र फाईदा हुने समय अवसर पारेर आफ्नो धर्म, कुल, परम्परा संस्कृतिलाई ओभेल तिर पन्छाउँदैछन । हजारो हजार बर्ष पुरानो संस्कृति र परम्पराबाट खण्डित गर्ने काम ग्यारेन्टी छ, अहिलेका आधुनिक धर्मगुरुज्यूहरुबाट हुदै आईरहेको छ । बाघको छालामा स्यालको रजाई भने झै किरात धर्मको खोल ओढेर केहि स्वार्थीहरुले आफ्नो स्वार्थ पुर्तिमा सर्वसाधारण भक्तजनको आँखामा छारो हाल्दै स्वार्थ पुर्ति गर्ने काम किरात धर्म भित्र भईरहेको छ । एकातिर किरातीहरुको मौलिकता, खानपान, चाडपर्व, संस्कार, पित्रीपूजा, कुल/अगेना/चुला, आदिलाई आक्रमण गर्दै आईरहेका किरात धर्मीहरुले २०५८को राष्ट्रिय जनगणनाको फेहरिस्त अनुसार ८लाख १८हजार १ सय ८१ जना किरातीहरु यो किरात धर्ममा प्रवेश गरेका छन् भनी दावी गरि रहेका छन् । यो आधारलाई सच्चा मान्ने हो भने साच्चै किरातीहरुलाई जेमा पायो त्यसैमा चढाउदै धर्मीहरुले खाई सकेका छन् तर पचाई सकेका छैनन । यसलाई ओकल्न लगाउँन अझ मिल्छ । हामीले यस प्रति चासो नदेखाए आफ्नो मौलिक पहिचान, अस्तित्व, जातिय परिचय, रितीरिवाज, भाषा, संस्कृति र पुर्ख्यौली नासोलाई गुमाएपछि हामी पनि पक्का हराउँने छौं । त्यसैले बेलैमा होस पुराउँनु सबैको बुद्धिमयता हुन जान्छ ।

यस सवाललाई प्रष्ट पार्न नियुङ अर्धवार्षिक पत्रिकामा गणेश राईले टेलिभिजनको बहस कार्यक्रम मार्फत लिइएको डा. स्वामी प्रपन्नचार्यको अर्न्तवार्ताको भनाइलाई उद्धत गर्दै लेख्नु भएको एउटा बाक्यलाई समेट्न उचित होला । स्वामीको अर्न्तवार्ताको एउटा वाक्य, फाल्गुनन्द गुरुसँगको संगतमा म थिएँ र उनि जोसमनी पन्थ द्वारा दिक्षित थिए । जोसमनी पन्थ सन्तदिलदास द्वारा दिक्षित भएको पन्थ हो । त्यसैलाई नयाँ ढाचाबाट फाल्गुनन्दले विकसीत गरेको धर्मलाई अहिले किरात धर्मको रुपमा उनका अनुयायीहरुले फैलाएको दावी यस प्रमाण अनुसार गर्न सकिन्छ । यसरी फाल्गुनन्दलाई भेट्नेहरु समेत जिवितै छन । यी अहिलेका किरात धर्मीहरुले अपनाई रहेका बाटाहरु त पत्याउँनै नसकिने आधार बिनाको ईतिहास भएको छ । कहाँ हजारे हजार बर्ष अगाडिदेखि विकसीत हुदै आएको कुरा कहाँ हिजो अस्तिको कुरा । यस्ता फेद न टुप्पाको धर्म गुरुहरुले केहि धर्मका सुधारका कार्यहरु अगाडि सारेका होलान् तर आफू चर्चाको शिखरमा पुग्ने होडबाजीमा मागी खाने भाडोको रुपमा लिएर धर्मको मौलिक गुणहरुलाई परिवर्तन भने गर्नु भएन । किराती-किराती मै एक आपसमा घर भित्रकै सर सल्लाह नमिल्दा त झनै सरकार पक्षबाट, हिन्दुत्ववादीहरुले हिन्दु वर्ण व्यवस्था भित्रै पार्ने कुचेष्टा गरेर, अनेकौ भ्रम फैलाएर किरातीहरु प्रति खलबल मच्याउँने छन । अहिलेसम्म हामीलाई हिन्दुत्ववादीहरुले आफ्नो एक्लौटी

अधिकारमा हडपेका पनि सबैलाई ताजै भएको कुरा हो । बरु अब आउने समयहरुमा किरात धर्मगुरुहरुले अबुझ अर्ध किरातीहरुलाई आफ्नो स्वार्थलाई त्यागी निस्वार्थ तरिकाबाट प्राचिन अग्रज पुर्खाहरुले मानि आएका धर्म, कुल, संस्कार, संस्कृति प्रति एकिकृत गराउँन परिकल्पना गर्नु चाहि उचित देखिन्छ ।निश्चित छ भोली नत्र यसले आफू-आफू विचबाटै गृहयुद्धको श्रृजना गराउँने छ ।

कतिपय अन्तराष्ट्रहरुमा धर्मकै सवाललाई लिएर गृहयुद्ध चर्किरहेको छ । कति अपराधिक कार्यहरु भइरहेका छन् । उदाहरणको लागि आयरलैण्डमा धर्मकै नाममा कैयौं बर्षदेखि लडाई चलिरहेको छ । अफ्रिकी देश रुवाण्डामा नयमक च्मकष्कतबलअभ ब्कथू नामक कालाहरुको धार्मिक समूहले क्रिश्चियन धर्मको रक्षाको नाममा त्यहाँको अर्का काला जातिलाई गरेको नरसंहार अत्यन्त क्रुर र अपराधिक छ । अफगानिस्तानका तालिवानहरुले मुस्लीम धर्मलाई पवित्र बनाउँने नाममा वुद्धका ऐतिहासिक मुर्तिहरुलाई तोप र बमले रातारात ध्वस्तै पारिछाडे । हिन्दुधर्मका नाममा सामन्त वर्गले भारतीय महाद्वीपका करोडौं श्रमिक जनतालाई शुद्र बनाएर आज सम्म शोषण र अत्याचार गरिरहेका छन । धर्मकै नाममा पाकिस्तानका विभिन्न मुस्लीम समुदायहरु विच कैयौ बर्षदेखि लडाई र झगडा चलिरहेको छ । त्यसैले धर्मका नाममा अत्याचारहरु बढदै गए भने एक अर्का प्रति मात्र होइन, गृहयुद्ध समेत चर्किन सक्छ भन्ने यसले प्रमाणित गर्दछ । अन्यलाई पछाडी भागमा सरसर्ती थोरै समेट्दै लैजाने छु ।

डा. स्वामी प्रपन्नचार्यको माथि चर्चा आउँदा त्यसैमा किरात लिपीको सवाललाई पनि जोड्न मन लाग्यो । आज प्रचलित किरात लिपीमा डा. स्वामी प्रपन्नचार्यले किरात लिपी भनेर दावी गरिरहेको लिपीलाई प्राचिन किरात लिपी नभएर त्यो आधुनिक लिम्बु लिपी हो भनेका छन् । डा. स्वामी प्रपन्नचार्यले मनोगत हचुवा तालमा किरात लिपीलाई किरात लिम्बु लिपी त भन्नुभयो तर उहाँले गैर लिम्बु अर्थात किरात लिपी चाहि कस्तो थियो र कहाँ हरायो ? भन्ने बारे निर्णय दिन सक्नु भएको छैन । र किरातहरुको आफ्नै भाषा, संस्कार, संस्कृति तथा आफ्नै परम्परागत मान्यताहरु छन भने किरातीहरुको आफ्नै लिपी थिएन भन्न सकिन्न । किरात मुन्धुम अनुसार किरात राजा 'मोङ'पुत्रहरुकै पालामा किरात लिपी शुरु भएको हुन सक्छ अर्थात किरातहरुको पुर्खा (ईष्ट देवता) पारुहाङकै पालामा 'आगो' पाए जस्तै लिपी पनि पाएका थिए भन्न हामी ग्यारेन्टी सकिन्छ जस्तो लाग्दछ । जे-जस्तो भए पनि विभिन्न कारणहरुबाट नासिदै र कतै न कतैबाट बाच्दै हुकदै आएको किरात लिपीलाई आज जागरुक किरातहरुबाट पुनःजीवन दिन प्रयास गर्नु पर्दछ । यसको विकास र विस्तार संरक्षण र प्रचार प्रसारको लागि समेत किरातहरुले फेरि पनि किरात लिपीलाई प्रयोगमा ल्याउँने काममा लागि पर्नु अत्यन्त आवश्यकता छ ।

किरातीहरु कोही भने स्वार्थी भावनामा पौडिदै जाँदा आफू राई जाति नभएको गुनासो सम्म पोख्न पछिपरेका छैनन । यतिसम्म देखिदैछन कि स्वार्थ पुर्ति पुरा भए राईलाई दमाई, कामी, वा अन्य अनि दमाई, कामी, अन्यलाई राईमा परिवर्तन समेत गर्न सक्दा रहेछन् । किरातीहरु आफू राई जाति नभएको सवाललाई उठाएर यति लामो गौरवमय ईतिहासलाई कुल्चेर मुर्खतापूर्ण ढंगले आफ्नो शीर ठाडो पार्न खोज्नु, अपभ्रंश विषयहरुलाई लिएर अलग्गिन खोजिनु त आफै नासिनु हो । भाषागत र विविधतादेखि थुप्रै अन्य सवाललाई उठाई अलग्गिन खोजिदैछ । तर मलाई त लाग्दछ, भाषागत र संस्थागत विविधता, अनेकता राई जातिमा रहे पनि दार्शनिक मान्यतामा एकता यो राई जातिको सबैभन्दा महत्वपूर्ण र जीवन्त परिचय हो । (यस विषयका लागि इसिलिम बर्ष ७ अंक ८ मा चतुरभक्त राईको लेखलाई अध्ययन गर्न समय सान्दर्भिक हुन्छ ) आम एक्यबद्धता भएर अघि बढनु पर्ने अवस्थामा यसै चालाले त एकात्मक शासन सत्ता चलिरहेको बेला किरातीहरुलाई एकात्मक शासन सत्ताले पिसेर धुलो र पिठो, धुजा-धुजा, टुक्रै-टुक्रा बनाई छाडने छन् । त्यसैले हिन्दुबादिहरुदेखि होसियार हुनै पर्दछ । आज हाम्रो मातृभाषाले गुन्द्रुक र ढिँडोसम्म खान पाइरहेका छैन । संस्कृत जस्ता मृतभाषालाई भने राज्यले जर्बजस्ती अनिवार्य विषय बनाउने चालखेल गर्दै संस्कृत जस्ता मृतभाषाले भने चौरासी व्यन्जन हसुरी सकेको छ । किराती बुद्धिजिवी भनौदा लालकाजी गुरुङ, पुर्ण कुमार सेर्मा(लिम्बु), बल बहादुर राई, काले राई (डा. स्वामी प्रपन्नचार्य) जस्ता आदिवासी जनजातिहरु पनि अनिवार्य संस्कृतका पक्षमा देखिए । यस अर्थमा के बुझ्यौ भने विचराहरुलाई संस्कृत विषय बारे भुत्लोभाङ केहि थाहा सम्म रहेनछ । बाहुनवादीहरुको लहैलहमा लागेर तिनीहरु अनिवार्य संस्कृतका पक्षमा उभिदिएका मात्र हुन । तिनीहरुले आफ्नो मातृभाषालाई कराईमा घ्यू हालेर तरकारी पकाई खान खोजेका छन । तसर्थ बुझौ कि यी किराती बुद्धिजिवी भनौदाहरुको बुद्धिमा बिर्कोको ढकनी लागेकै हो ।

अन्तमा विटमार्दा :- अहिले लोकलान्त्रिक सरकारले धर्म निरपेक्षताको मागलाई पुरा गरेको घोषणा गरेको छ । तर लोकतान्त्रिक सरकारले जिम्मेवारी बोधसम्म गरेपनि व्यवहार

मा भने अझ सम्म लागु भई सकेको छैन । यो आधार छ कि, धर्म निरपेक्षताको घोषणासम्म गरियो । तर फेरि आष्ट्रिय जनावरमा गाईलाई नै चयन गरेर किरातीहरुमाथि धोका दिईएको छ । किरातीहरुको यस मानेमा स्वीकार्य हुन सक्दैन । राज्यमा ब्रम्हाण्डवादीहरुको ढलिमली चलिरहेको अवस्थामा परिवर्तनका विविध निर्णयहरु एजेण्डाहरुमा पुरानै संस्कार, पुरानै संस्कृतिको छाप परेको अझै छ। नयाँ लोकतान्त्रिक नेपालको खाका कोर्नेहरुमा जो बसेका छन सबै बाहुनबादि, ब्रहमाण्डहरु नै छन्। त्यसकारण पुरानै संस्कार, पुरानै शैलीको प्रयोग गरी किरातीहरुलाई कुरुप बनाई रहेका छन । यो शैलीले फेरि बिगतका दिनहरुलाई दोर्‍याउँन सक्ने स्थिती छ। यसमा के देखिन्छ भने बिरोध असहमतीको मतहरु प्रकट गर्दै किरातीहरुले ब्रामहणवादीहरुलाई मुक्काको झटारोले प्रहार गर्दै तिनीहरुको शैलीमा परिवर्तन गराउँनु पर्ने हुन्छ। किरातीहरु फलाम आगोमा तातिए झै तातिनु पर्ने यहि बेला हो। गरिवी र अशिक्षा जस्ता लिपेढिपी थोपर्दै विभिन्न बिदेशी धार्मिक व्यक्ति र संस्थाहरुको सहयोग लिई किरातीहरु अनेकौं महाजालमा फस्नु भएन । यस्ता अत्यन्त संवेदनशील कुराहरुमा चनाखो नभए निरंकुश सत्ताको आड लिई अझ अन्य बिदेशी हस्तक्षेप बढेर जान सक्छ। धर्म निरपेक्षता र समावेसी जस्ता कुराहरु उठिरहेता पनि जातिहरुमाथि शासन चलाउन अत्याचार गर्ने भाषा संस्कृतिको दमन गर्ने व्यवहार जस्ता अन्यायपूर्ण कामहरु भइरहेका छन्। यो सैलीलाई त्याग गरी अबको लोकतान्त्रिक सरकारले धर्मदेखि उनीहरुको अधिकार आदिको बारेमा जनता सबैलाई स्पष्ट गर्नु पर्दछ। नेपाललाई कुनै एक धर्मको मात्र पेवा नबनाई सबै धार्मिक आस्थालाई संरक्षण गर्नु पर्दछ र उनीहरुमाथि कुनै हस्तक्षेप हुनुहुदैन। यस अर्थमा मात्र किरातिहरु सबैको मौलिक धर्म मातृभाषादेखि इत्यादिको संरक्षण र संबर्द्धन हुन सक्ला । त्यसैले अब किरातिहरुको बुद्धिको ढोका खुल्नुपर्‍यो । आफ्नो स्वार्थको भुमरीमा मात्र पौडिएर धर्म, जाति, लिपीदेखि अन्य सवालको समाधान हुन सक्दैन । यसमा सम्पूर्ण किरातीहरु एक जुट भएर समस्याको समाधान गर्दै अगाडी बढनु पर्दछ । किरातीहरुले अब पनि मुर्खताको बहादुरी देखाएर तितर-वितर भए, बुद्धि गुमाए महा ठुलो क्षति बेहोर्नु पर्ने अवस्था कुनै समय आउन सक्छ । किरात धर्मीदेखि बुद्धिजिवी भनौदाहरुले किरातीहरुको अनेक मुलभूत कमी-कमजोरीहरुको अध्ययन गरेर आफू चर्चाको शिखरमा पुग्ने एउटा माध्यम बनाएर निहु खोज्नु समय सुहाउँदो हुनै सक्दैन । यसरी हामी किरातीहरु भित्रै अविश्वासको राजनिती अपनाए भोली एक-एक हुदै विवादले सिमा नाघेर हजार होईन सयको संख्यामा विभाजन भएर राज्यमा के गर्न सकिएला ? यसमा कुन मत मिल्न सक्ला किरातीहरुमा ? यस्तो अवस्थामा पनि किरातीहरुको बुद्धिको ढोका नखुले किरातीहरुको जित कहिल्यै हुने छैन । त्यसकारण विभिन्न संघ संस्थादेखि सम्पूर्ण आम किरातीहरु एक आपसमा एक गोलबन्द भएर आफ्नो स्वार्थलाई त्यागी अग्रज पुर्खाहरुले बचाई ल्याएका धर्म, संस्कार, कुल, परमपरा, संस्कृति आदिको जगेर्ना गर्दै अघि बढनु पर्दछ। सबैले बुझ्नु पर्‍यो कि आज आवशयक सबै महत्व गुमाए भोली केही अर्थ किरातीहरुको हुने छैन र सम्पूर्ण किरातीहरु उकजुट भएर विवादको सामना गर्दै अघि बढन सके यसले पक्कै अर्कै रुप लिने छ। यसमा कहिल्यै दुईमत हुन सक्दैन। र किरातीहरुको भलो र जय यसै तवरबाट हुन सक्ने संभावना त के ग्योन्टी नै छ । *सूची ।*

*सन्दर्भ स्रोतहरु:*

*१. गणेश राई, किरात आवाज, बर्ष १, अक १, २०६२*
*२. किरात नाम्साङ*
*३. सुरेश आलेमगर, छापामा जनजाति, २०५८*
*४. किराती जेबी राई, राष्ट्रिय दैमासिक पत्रिका २०६२*
*५. गणेश राई, नियुङ अर्धबार्षिक पत्रिका*
*६. किराती जेबी राई, राष्ट्रिय द्वैमासिक पत्रिका*
*बर्ष १, अंक १, २०६२ 'निशाना' २०६२*

*prakashdumeerai@yahoo.com*

**बिजयादशमी तथा दिपावली -०६४ को**
सुखद उपलक्ष्यमा समस्त महानुभावहरुमा
सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
*हार्दिक मंगलमय शुभकामना*
व्यक्त गर्दछु ।



**सत्यकला राई(दुमी)**
**उपाध्यक्ष**
**किरात राई सास्कृतिक कलाकार संघ**
सरस्वतीनगर, काठमाडौं ।
फोन : ९८५१०४६०३२ ।



# मातृभाषा पिपल पुस्तक कार्यशाला गोष्ठी र दुमीभाषामा भएका हालसम्मका गतिविधि

*-किर्तीकुमार हलक्सु दुमीराई*

भाषा भनेको एक आपसमा आफ्ना विचारहरुलाई आदान प्रदान गर्ने माध्यम हो । भाषाकै माध्यमबाट हरेक कुराको आदान प्रदान हुने गर्दछ । हाल विश्वमा हरेक राष्ट्र वा ठाउँमा विभिन्न प्रकारको आ-आफ्नै भाषाहरू मातृभाषाको रुपमा प्रयोग भएको पाइन्छ । त्यसमा पनि नेपाल त झन बहुभाषिक, बहुधार्मिक, बहुजातीय तथा बहुसाँस्कृतिक मुलुक पनि हो । नेपाल क्षेत्रफलको हिसाबले सानो भएता पनि भाषा, धर्म, सस्कृतिले मात्र नभई प्राकृतिक दृष्टिकोणले पनि धनी छ । यसरी विभिन्न ठाऊँमा विभिन्न जातजाति बसोबास गरी आ-आफ्नै मातृभाषाको प्रयोग भइरहेको पाइन्छ । यसरी विभिन्न दृष्टिकोणले धनी भएता पनि यसको सहि पहिचान हुन सकिर हेको छैन । यसरी विभिन्न ठाऊँमा प्रयोग हुने विभिन्न मातृभाषा मध्ये नेपालको पूर्वी पहाडी जिल्ला खोटाङको उत्तरी क्षेत्रका पाँच गा. वि. सहरु. माक्पा, जाल्पा, खार्मी, बाक्सिला, सप्तेश्वर लगायत अन्य विविध क्षेत्रमा बसोबास गर्ने र प्रयोग हुने भाषा हो दुमीभाषा । यो भाषा विविध कारणले दिनानुदिन लोपोन्मुख अवस्थामा पुगिसकेको छ । दुमी राईभाषा बोलिने क्षेत्रहरुमा पनि अन्य भाषाको प्रभावले मिश्रित भाषाको रुपमा बोल्ने प्रबृति बढ्दै गई रहेको छ । अहिलेसम्म कुनै ठोस अवस्थामा यसको पहिचान हुन सकिरहेको छैन । यहि क्रम बड्दे जाने हो भने कुनै बेला यो भाषाको अस्तित्व लोप हुने कुरालाइ मध्येनजर गर्दै २०५५ सालमा दुकिराफ नामक सस्था खोटाङ जिल्लामा दर्ता भइ हाल आफ्नो भाषा र सस्कृतिको रक्षा गर्न लागि पर को कुरा त सबैमा सर्वविदितै छ । दुमी क्षेत्रहरुमा देलकिम र दुमिकिम पनि गठन भइ सकेको छ। त्यस्तै गरि दुमी शब्दकोष निर्माणको लागि शब्दसङ्ग्रह श्रावण महिना भरीमा निर्माण भइ सकेको छ। यसरी शब्दसङ्ग्रह निर्माण गर्नको लागि दुकिर फका सचिव श्री नेत्रमणि दुमी राईको नेतृत्वमा श्री उत्सव दुमीराई जाल्पा, सुश्री तेजमाया दुमी राई वाक्सिला र म कीर्ति कुमार दुमी राई माक्पाको तर्फबाट प्रतिनिधित्व गर्दै चार सदस्यीय समिति गठन भएकोछ। खार्मी, सप्तेश्वर लगायतका ठाऊँबाट भने कोहि नरहेको कारण भाषा जस्तो कुरामा अरुले राख्नु सम्भव नभएकोले नेपालीमा मात्र निर्माण भएको छ । जसलाई उहाँहरुकै क्षेत्रबाट भरेर पठाउनु हुने छ र सकेसम्म सवै क्षेत्रमा प्रयोग हुने र कतिपय छुटेका शब्दहरुलाई समेत सबै क्षेत्रबाट भरेर पठाउनु हुने छ र दुमी शब्दकोष निर्माण गर्नको लागि ठूलो सहयोग पुऱ्याउनु हुने छ भन्ने आशा राखेका छौ।

यसरी चार सदस्यीय समिति गठन भएर असार १२ देखि २१ सम्म लाएर आ ज उ प्र मा बुझाउनको लागि एउटा दुमी शब्दसङ्ग्रह निर्माण भयो । यसरी निर्माण भइ सकेपछि अझ त्यसलाई निरन्तरता दिनको लागि पुन: सोहि टोलीले श्रावण महिना भरी त्यसलाई अझ खोज अनुसन्धान गर्ने र छुटेका शब्दहरु थप्ने उद्देश्यले पुन: काम भएको थियो साथै वैशाखमा खाजाबासमा गएको अध्ययन टोलिले रेकर्ड गरेर ल्याएको धर्म, सस्कृति सम्बन्धि जस्तै विवाह, साकेला, भुमे जस्ता कुराहरुलाई क्यासेट रेकर्ड सुनेर टिपोट गर्ने र त्यसलाई कम्प्युटरमा टाइप गर्ने काम भएको छ । यसरी रेकर्ड गरेर ल्याएको कुरालाई सुनेर टिप्न भने धेरै नै गाह्रो भएको थियो । कुनै ठाउँको रेकर्डमा बढी हल्ला भएको र कुनैमा ठाउ बिशेषले गर्दा वा बोल्ने लवज अलि फरक भएकोले बुझ्न गाह्रो भएको थियो ।

यसरी काम गर्दा हामीले पाएको रकमको केही प्रतिशत काटेर एउटा 'दुमी समृदि कोष' वा 'लोहोको लागि गोहो' नामक एउटा कोष जसमा सयोजकको तर्फबाट १० प्रतिशत र अन्य हामी सदस्यको तर्फबाट ५/५ प्रतिशतका दरले कोष तयार भएको छ । उक्त कोषमा हामीले जति भाषा सम्बन्धि काम गर्छौं त्यसबाट पाएको रकमको केही प्रतिशत जम्मा गर्ने प्रतिबद्धताका साथ र भविष्यमा गएर यसकोषबाट केहि उपलब्धि मुलक काम गर्न र आउँदा सन्ततिहरुलाई ठूलो सहयोग पुऱ्याउने उदेश्यले यो कोषको खडा भएको हो । यहि ईसिलिम अङ्क १० देखि नियमित रुपमा "सुलाम" नामको एक मौलिक दुमी भाषिक बुलेटिन पनि ईसिलिमको साथमा प्रकाशन गरिएको छ ।

अर्को तर्फ अहिलेको अवस्थासम्ममा दुमी भाषामा कुनै पुस्तकहरु निर्माण हुन सकेको थिएन । हुन त यस फन्सिकिमले अर्धवार्षिक रुपमा प्रकाशन गर्दै आएको इसिलिममा केही लेख रचनाहरु लेखिएका छन तर छुट्टै दुमी भाषामा मात्र भने प्रकाशन भएको थिएन । यसै कममा हाल आएर "ओ देलपी मिम्सि" अर्थात "मेरो गाऊको सम्झना" र "कुलु छिदु" अर्थात "बाढी पहिरो" नामक दुइ वटा पुस्तक निर्माण भएको छ । हुन त त्यसमा प्रयोग भएका भाषाहरु अन्य क्षेत्रकोसँग नमिल्न सक्छ । विशेष गरेर यो माक्पा क्षेत्रको भाषासँग सम्बधित रहेको छ । ओ देलपो मिम्सिमा किरातहरुको तान बुन्ने चलनको बारेमा उल्लेख छ भने कुलु छिदुमा वि.स.२०५२ सालमा माक्पामा गएको पहिरोको बारेमा उल्लेख छ । हुन त यसमा त्यति नयाँ र ज्ञानबर्द्धक कुराहरु नभएता पनि आफ्नो भाषा जान्न चाहनेका लागि भने यसले ठूलो सहयोग पुऱ्याउने छ भन्ने आशा लिएका छौ ।

यस पुस्तक दुमी, नेपाली र अङ्ग्रेजी तीन भाषामा निर्माण भएको छ। अब यी पुस्तक कसरी तयार भयो त यसबारे छोटो जानकारी–

गत २०६३, माघ १ गतेबाट मा.पि.पु.उ. परियोजना अन्तर्गत बबरमहल, सापफाल्चा, काठमाण्डौमा प्रारम्भ भएको ११ दिने गोष्ठीमा दुमी, दरै, थामी र शेर्पा गरी जम्मा चार समुह सहभागी भएका थियौ । उक्त गोष्ठीमा उद्घोषक ईश्वरी सापकोटाद्धारा सबै समुहलाई स्वागत गर्नुको साथै सबै समुह र आयोजक बीच परिचय गराउदै उक्त गोष्ठीको प्रारम्भ भएको थियो। परिचयात्मक कार्यक्रमसँगै सबै समुहलाई हरेक दिनको लागि ब्यवस्थापन, सरसफाइ, मनोरञ्जन र प्रतिवेदनको लागि जिम्मा दिइएको थियो । यी चारै वटा कामको जिम्मा लिइसके पछि सबै समुह गुरु सोम बहादुर धिमालसँग कथाको बारेमा छलफल गर्दै कथा लेखनतर्फ लागेका थियौ । यसरी कथा लेखन गर्दा चार चरणमा ध्यान दिनु पर्ने कुरा गुरुले बताउनु भयो । जस अन्तर्गत रहेर हामी सबै समुहले कथाको निर्माण गरेका थियौ । यी चार चरण निम्न अनुसार रहेका छन् ।

(१) लेख्न अघि गर्ने काम-

यस चरणमा सबै समुहले आ-आफ्नो जीवनमा अनुभव गरेएका दशभन्दा बढि वास्तविक अनुभवहरुलाई सोच्ने, टिपोट गर्ने,र शिलशिला मिलाउने काम भएको थियो । यसरी धेरै अनुभवहरुलाई सङ्कलन गरी सकेपछि त्यस मध्येबाट ३ वटालाई छान्ने काम भएको थियो र अन्त्यमा ३ वटा मध्येबाट पनि सर्वोत्कृष्ठ १ वटा शीर्षक छनोट गर्ने काम भएको थियो।

(२) कथाको खेस्रा लेखन कार्य-

यस चरणमा सबैले १/१ वटा शीर्षक चयन गरी सकेपछि यसको बारे मुख्य-मुख्य बुदाहरुलाई तालिकामा प्रस्तुत गरी त्यस बुदाहरुलाई के ? किन ? कसरी ? को ? कहाँ ? कहिले ? जस्ता छ वटा प्रश्नहरुसग तुलना गर्दै ती प्रश्नहरुको उत्तर पनि खोज्ने काम भएको थियो। यसरी छ वटा प्रश्नहरुको उत्तरलाई पनि पुन: तालिकामा प्रस्तुत गरी त्यसको क्रमानुसार कापीको एक-एक लाइन छाड्दै कथाको खेस्रा लेख्ने काम भएको थियो। खेस्रा लेखन कार्य सकिएपछि कथालाई राम्रो रुप दिनकालागि कथाको बनावटको बारेमा छलफल भएको थियो। जुन छलफल अनुसार कथामा सबभन्दा पहिले परिचय त्यस पछि क्रमश: घटनाहरु, समस्याहरु, समाधानहरु र कथाको अन्त्य हुनु पर्ने निष्कषमा पुगेका थियौ। त्यही क्रम अनुसार सबैको कथालाई मिलाउदै पुनर्लेखन गर्ने काम भएको थियो।

(३) सम्पादन गर्ने/सच्याउने

यस चरणमा सबै समुहबाट आफ्नो कथालाई सच्याउने काम भएको थियो। केही अनावश्यक कुराहरुलाई हटाउने, चाखलाख्दो कुराहरु थप्ने, घटनाहरुलाई मिलाउने, ठीक-ठीक ठाउमा अनुच्छेद राख्ने, पाच ज्ञानेन्द्रियहरु -नाक, .कान, आखा, छाला, जिब्रो) को प्रयोग गरी बयान गर्ने र आवश्यक ठाउमा सम्वादहरुलाई मिलाउने काम भएको थियो। यसरी सबै कुरा मिली सकेपछि पुनर्लेखन गर्ने काम भएको थियो।

(४) अन्तिम जाच/संसोधन-

कथा लेखनको चौथो वा अन्तिम चरण अन्तिम जाच भएकोले यस चरणमा आएर सबैले कथामा पुन: शुद्धा-शुद्धी गर्ने, काल, क्रिया, हिन्जे, छुटेका शब्दहरु, लामो वाक्यलाई छोट्याउने, विराम चिन्हहरु मिलाउने र पुनर्लेखन गर्ने काम भएको थियो । यसरी सबै कुरा मिलाई सकेपछि कम्प्युटरमा टाईप गर्ने, प्रसङ्ग अनुसार चित्र निर्माण गर्ने, काम भएको थियो। सबै टाइप र चित्र तयार भइसकेपछि किताबको पाना तयार पार्ने र प्रसङ्ग अनुसार चित्र राख्ने काम भएको थियो । किताबको पाना र चित्र मिलाइ सकेपछि पुन: गल्तिहरु हेर्ने, सच्याउने काम सगै एक-एक प्रति किताब छाप्ने काम भएको थियो।

यसरी किताब तयार भइसकेपछि सबै समुह बीच उक्त पुस्तकको प्रयोग गर्ने विधि, त्यसको वितरणको बारेमा छलफल भएको थियो। छलफलको क्रमसगै स्थलगत परिक्षण गर्नको लागि-किन परिक्षण गर्ने ? के परिक्षण गर्ने ? कसरी परिक्षण गर्ने ? त्यसको बारेमा छलफल गरेका थियौ। यस परिक्षण गर्ने विधिलाइ प्रष्ट पार्नको लागि गुरुद्धयले एउटा नाटकको माध्यमबाट प्रस्ट्याउनु भएको थियो । जुन नाटक अनुसार सबैले आ-आफ्नो समुहमा छलफल पनि गरेका थियौ ।

परिक्षण गर्नको लागि लगभग १-२ महिनाको अवधि निश्चित गर्नको साथै पुन: २०-२० प्रति छाप्ने काम र आफुले गोष्ठिमा सहभागि भएर अनुभव, मुल्याङ्कन गरेको कुराहरुलाई लेखेर बुझाउने काम गरेका थियौ । यसरी यी विविध काम गरी सक्दा ११ दिन पनि बितिसकेकोले माघ ११ गते बिहिबार दिनको ठीक २:०० बजे समापन कार्यक्रम प्रारम्भ भएको थियो। उक्त कार्यक्रममा सहभागी चारै समुहबाट आ-आफ्नो मौलिक सास्कृतिक कार्यक्रमहरु प्रस्तुत गरिएको थियो। जस अन्तर्गत दुमि राई समुहको तर्फबाट अन्य समुह समेतको सहयोगमा 'दोलोकुम्मा' साकेला नृत्य प्रस्तुत गरिएको थियो।

सास्कृतिक कार्यक्रमको लगतै नोरीकोमत्सुराज्यूले उक्त गोष्ठीमा गरिएको कामको बारेमा समिक्षात्मक जानकारी दिनु भएको थियो। त्यसपछि सबै सहभागी समुहको प्रतिनिधित्व गर्दै श्री नेत्रमणि दुमीराईले र आगम्तुकहरुको तर्फबाट त्रि.वि.वि का भिजिटिङ प्रो.डा. मार्क टुरिनन्यूले मननयोग्य मन्तब्य दिनु भएको थियो । मन्तब्यको क्रमसँगै नोरीकोमत्सुउरा ज्यूबाट सबै समुहका सहभागीहरुलाई प्रमाणपत्र वितरणपछि धन्यवाद दिनुको साथै गोष्ठी सफलता पूर्वक सम्पन्न भएकोमा आफू अत्यन्तै हर्षित भएको कुरा ब्यक्त गर्नुभयो । त्यसपछि सबै जना जलपान तर्फ सरिक भयौ ।

*मुचि* ///

# म यसरी शिक्षक भएँ



- *सूर्य विक्रम हजुर दुमीराई*

आज म यस पृथ्वीको एक अनकण्टार भू-भागमा हाम्फालेको पनि चार दशकको हाराहारीमा पुग्न लागि सकेछु । तर यत्तिका वर्ष अनि दिनहरु र समय पारगर्दासम्म पनि प्रगति भने केहिपनि हुन सकेन । अब त झन समयले नेटो काट्नै लगिरहेछ, अस्थिपञ्जर प्रणालीहरु दिन प्रति-दिन शक्तिहिन हुदै गइरहेछ । दाह्रीजुँगा पनि कालोबाट कोइलो, टाउकोको केश पनि कालोबाट सेतोको रुप परिवर्तन हुन थाल्यो । मेरो विचार र आँट, हिम्मत भने ठुलै थियो । तर समय र परिस्थितिले साथ नदिए पछि मात्र आज यो पृथ्वीलाई ठुलो बोझ साबित भइएकोछ ।

मानिसहरु पृथ्वीमा जन्मिसकेपछि करीब पनि १४-१६ वर्ष नपुगुञ्जेल सम्पूर्ण जिम्मेवारी आफ्ना आमा-बावुको मातहतमा निर्भर रहनु पर्छ । यो प्रकृतिको नियम हो र वाध्यता पनि हो । म पनि १६ वर्षको उमेरसम्म उसैगरी आमा-बावुको साथमा नै रहेँ । जब १७ वर्षको उमेर सुरु भयो, शिक्षाको क्षेत्रमा एस.एल.सी. उत्तीर्ण गरेँ । अब मेरो विचार, कदमहरुलाई अघि सार्नुपर्ने चुनौति भयो । फेरी त्यस समयमा सँगै उत्तीर्ण भएका साथीहरु, कोही अध्ययन(क्याम्पस)को लागि धरानतिर त कोही काठमाण्डौंतिर हुँइकिन थाले । मैले पनि आमा-बुवासँग धरानमा गएर क्याम्पस पढ्ने भनेर प्रस्ताव राखेँ । तर आमा-बावुबाट उत्तर पाइयो, बरु छोरा कतै मास्टर जागिर भेटिस् भने जागिर खाने प्रयास गर, धरान क्याम्पस पढाउनलाई आर्थिक श्रोत कम छ भनी मलाई सल्लाह दिनु भयो । मैले पनि आमा-बुवाको कुरोलाई काटन सकिनँ, तथापि उहाँहरुको आज्ञा शिरोपर गर्नै पर्ने वाध्यता आइलाग्यो ।

अब म शिक्षक बन्नको लागि वा जागिर खानको लागि मेरो कदमहरु अघि बढाउन थाले । संजोगबस माक्पा-९, चइन्टार र माक्पा-५ इलिम दुई गाउँ मिली श्रीमानुका प्रा.वि. प्रस्तावित विधालय मेरै घर नजिक कक्षा दुईसम्म सञ्चालन हुन थालेको थियो । अनि त्यस विधालयको प्र.अ. र विद्यालयको अध्यक्ष लगाएत सम्पूर्ण समिति तथा अभिभावकहरुसँग अनुरोध गरे । त्यहाँका सबै समितिहरुले पनि मेरो मागलाई स्वीकार गर्नेपर्ने भयो र म पनि त्यस विद्यालयको अभिभावक सरह थिएँ । अब त्यसै विधालयमा शिक्षक बन्ने वाध्यता भयो । मैले २०४६ सालमा एस.एल.सी. उत्तीर्ण गरेको करिव ५ महिनापछि श्रीमानुका प्रा.वि. चइन्टारमा २०४६ साल असोज एकगतेदेखि शिक्षक पदमा नियुक्ति भई शिक्षणको काम सुरु गरेँ । भनौं, मेरो जागिरको श्रीगणेशाय नमः भयो ।

म त्यस विद्यालयमा प्रवेश गर्दा त्यहाँ एक शिक्षक, कक्षा-२ मात्र संचालन भईरहेको थियो । त्यसताका तत्कालिन श्री ५ को सरकारले दरवन्दीमा रहेका शिक्षकहरुको मासिक तलब रु. ७५०/- तोकेको थियो । मलाई चाहिँ निजी श्रोतवाट मासिक रु.३००/- तलब भत्ता खान पाउने गरि नियुक्ति पत्र लिई काम पनि सुरु गरेँ । सायद जागिरको पहिलो अनुभव भएर होला, मलाई पैसा भन्दा सेवा ठुलो हो भन्ठानि सम्पूर्ण तनमन लगाएर अध्यापन गरे । एवं प्रकारले त्यस विद्यालयमा लगातार ३ वर्ष विताएँ । रहदा-बस्दा कतिलाई राम्रो पनि, कतिलाई नराम्रो पनि भयो । तर मलाई भने जस्ताको त्यस्तै । करिब ३ वर्षसम्म शिक्षण गर्दा जति शिक्षण अनुभव बटुले, त्यही थियो मेरो कमाई । तर तलब भत्ता भने निरन्तर १ वर्ष भन्दा बढिको त्यहाँका सामन्ती वर्गका अभिभावकहरुले दिन मानेनन् । विधार्थीहरुको दयनिय अवस्था देख्दा करिब २ वर्ष जति त तलब बेगर नै शिक्षण गरेँ पनि ।

२०४६ साल चैत्र २६ गते प्रजातन्त्र घोषणा भयो । त्यस पश्चात नेपालको राजनीतिमा आँधीवेरी सुरु भयो । तर राजनीतिक बाहुल्यता भनेको कांग्रेस र वामपन्थीको रह्यो । त्यस समयका नेपालका सम्पूर्ण शिक्षक तथा शिक्षिकाहरुलाई राजनैतिक ढाल राजनैतिक नेताहरुले गराइए । आफूले पनि एउटा राजनैतिक पार्टीप्रति आस्था राख्नै पर्नेभयो । त्यसैले मेरो राजनैतिक आस्था भनेको वामपन्थी रह्यो । मेरो आत्मादेखि नै कम्युनिष्ट विचारधारातिर सदस्य लिइयो । शिक्षकहरूमा पनि पेशागत संघ र संगठन विचारधाराको सुरुवात भयो र स्वभावतः शिक्षक संगठनतिर प्रवेश गरियो पनि । त्यसपछि करीव दुई सालसम्म नेपालमा नेपाली कांग्रेसको हालिमुहालि रह्यो ।

यस समयमा कांग्रेस पार्टीले वामपन्थी धारमा आस्थावान कार्यकर्ताहरुलाई शत्रुका रुपमा हेर्नथाल्यो र व्यवहार हरु पनि त्यसरी नै गर्न थाल्यो । म पनि वामपन्थी शिक्षकको नाताले आस्था र विचारप्रति एक इन्च पनि पछि हटिनँ । त्यसै सिलसिलामा मलाई पनि मेरो विद्यालयमा राजनैतिक आक्षेप लगाइए । वामपन्थी शिक्षकलाई तलब भत्ता नै दिनु हुदैन भनी सामन्ती वर्गका स्कूल अध्यक्ष (धोती लुंडे)ले झ्यालिपिट्न

थाल्यो । सम्पूर्ण गाउँले अभिभावकहरुले त्यही सामन्ती नेताको कुरालाई नै पछयाउन थाले । तर म पनि मेरो विचार, काम प्रति कहिल्यै पनि नैराश्यता आउन दिइन । संघर्ष गररै छाडें । त्यस विद्यालयमा करिब ३ वर्ष अध्यापन गरें भने २ वर्षसम्म त निःशुल्क शिक्षण सेवासम्म पनि गरें ।

२०४९ सालमा अस्थायी शिक्षक आयोग जि.शि.का.बाट विज्ञापन खुल्यो । जि.शि.का.बाट सामान्य अर्न्तवार्ता लिइने व्यवस्था भयो । मलाई पनि अर्न्तवार्तामा प्रवेश गर्ने मौका मिल्यो र अर्न्तवार्ता पनि दिएँ । ठुलै प्रतिस्पर्धाका साथ अर्न्तवार्ता लिइएको भएतापनि सुम्निमा-पारुहाङको कृपाले होला, अन्तर्वार्ता सफल भइयो । जि.शि.का. बाट पनि राजनीतिक पुर्वाग्रहवश यथास्थानमा मलाई नियुक्ती नदिने त भयो नै । तैपनि मेरो अडान र माग भने यथास्थानमा नै हुनु पर्छ भन्ने थियो । अन्तत्वगत्व जि.शि.का.ले पठाएको ठाउँमा जानै पर्नेभयो र मलाई ज्यामिरे गा.वि.स.को सल्ले भन्ने विकट गाऊँमा पठाइयो । त्यहाँ गएर पनि करिब २ वर्षसम्म त काम गरें । त्यहीं विद्यालयमा रहदा-बस्दा स्थायी आयोगको लिखित नतिजा प्रकाशित भयो । त्यसमा पनि सफल भइएछ । अव अर्न्तवार्तामा ठुले गोलमाल हुदैछ भन्ने सुइको पाएपछि म पनि उपाएको बाटो खोज्न र रच्न थालें ।

लिखितमा १५०० जनाले परीक्षा दिएकोमा २०० जनाले मात्र पास गरेका थियौं । आवश्यक सँख्या भनेको १५० मात्र थियो । अव प्रतिस्पर्धा गर्नु नै पर्ने भयो । यसै सिलसिलामा धनसुन र भनसुनको जुहारी चल्न थाल्यो । मैले पनि एक जना हुनहार भद्रजन व्यक्तित्वलाई करिब ४ महिनाको तलब ससम्मान प्रदान गर्न करैलाग्यो । एउटा उखानले भने झै पैसा देख्दा महादेवको पनि तीन नेत्र, पैसा देखे पछि काम गर्ने हिम्मत जो कोहीलाई पनि हुदो रहेछ भन्ने पुर्ण विश्वास भयो ।

यसरी २०५० साल श्रावण १ गतेदेखि स्थाई भई परि पक्क शिक्षक भएँ । अब मलाई नयाँ विचार र आँट बढयो, पैसा पनि हुने भयो भनेर धेरै वर्षको अन्तरालमा आफ्नो अध्ययनलाई गति दिने निर्णय लिएर २०५१ सालमा दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययन गर्ने निर्णय गरेर भर्ना गरें । प्राइभेट अध्ययन गरें र परिक्षाको समयमा मात्र क्याम्पसमा उपस्थित हुने गरी अध्ययन गरें । यसैक्रममा उमेरले नै नेटो काटी सकेको भएपनि करिब ४ वर्षमा आई.ए. सफल गरें । क्याम्पस स्तरमा पनि पुराण नै हुँदोरहेछ । पढनैपर्छ भनी कम्मर कसेर दिक्तेल क्याम्पसमा नै वि.एड. सुरु गरें । प्रथम वर्षको परीक्षा दिएपछि मनस्थितिमा परिवर्तन भइआयो । साथै नेपालमा राजनीति विद्रोह उथलपुथल हुन थाल्यो । राजनैतिक गर्ने नाममा शिक्षकहरुलाई ढाल बनाउन थालियो ।

यसै क्रममा मैले २०५० सालदेखि लगातार १० वर्ष स्थायी शिक्षण पेशामा रही काम गरें । नेपालको खराव राजनैतिक विचलनले गर्दा, नौलो अनुभव भन्नै पर्दा दाम र काम पनि प्राप्त गर्ने मनसायले बेतलवी विदा लिएर घुम्दैफिर्दै मलेशियाको एक कम्पनिमा काम गर्न पुगें । त्यहाँ करिब २ वर्ष जति काम गरें । त्यहाँ रहदा बस्दा दामको अलवा धेरै काम देखाइयो । मलेशियाको १४ अन्चल मध्ये ५ अन्चल घुमी सिंगापुर तिर भ्रमण गरें । यसैक्रममा बैंककको पनि भ्रमण गर्ने मौका मिल्यो । त्यस देशको विकास र प्रगति देख्दा हामी नेपालीहरु त खाना खानसम्म पनि जानेका छैनौ रहेछ भने अन्य विकासको त कुरै नगरौ । मैले त बगलादेशको प्रकृति हेर्दा त नेपाल त धेरै राम्रो ठाउँ जस्तो लाग्यो । जबकि त्यहाँका मानिसहरु पानीमाथि घर बनाएर जिविकोपार्जन गर्न बाध्यरहेको कुरा मैले प्रत्यक्ष आँखाले देखें ।

करिब २ वर्ष वैदेशिक रोजगारको अनुभव बटुलेर फेरी पुन: स्वदेश फिर्ता भएँ र फेरी स्वदेशको पेशामा नै आवद्ध भई हाल कार्यरत श्री मानुका नि.मा.वि., माक्पा-९, चइन्टारमा रहिआएकोछु । स्थाई पेशामा प्रवेश गरेको पनि करिब डेढ दशक पुग्न लाग्यो । प्रगतिको लक्षण भने देखा परेको छैन । मानिसको जीवन एउटा कर्कलोको पानी हो, त्यसरीनै पानी जस्तै बगिरहन्छ र बगिनै रहनुपर्दो रहेछ । मैले जे देखें र देखेर बुझैं, संसारमा एकदिन सत्यको विजय हुन्छ, झुटोका पर्दाफास हुन्छ । जुन बास्तविकता नै मेरो सन्देश पनि हो भै लाग्छ । *मुचु /मचि*


**बिजयादशमी तथा दिपावली -०६४ को**

सुखद उपलक्ष्यमा समस्त महानुभावहरुमा

सुख, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तरसमुन्नतिको

*हार्दिक मंगलमय शुभकामना* व्यक्त गर्दछु ।

**लक्ष्मी राई**

**केन्द्रीय सदस्य**

**नेपाली कांग्रेस, प्रजातान्त्रिक**

फोन: ४३७४७४२

हात्तीगौंडा, काठमाडौं ।



# दुमी किरात राई जातिमा सांस्कृतिक एवम् भाषिक विचलन छोटो चर्चा

*- उत्सव खवचु दुमीराई*

हामी आदिम किरात राई जाति जसको इतिहास विश्वकै लागि उदाहरणिय छ । सामाजिक दर्शन अनि मुल्य-मान्यता वैज्ञानिक छन् । सभ्यता र विकास प्रशसनिय छ र चरित्रिक आचारण अनुशरणयोग्य छ । अनि आफ्नो धार्मिक, सांस्कृतिक र भाषिक सम्पदामा सम्पन्न र सम्वृद्ध छन् । तर आज आएर यहि जातिमा अनेकौं धार्मिक-सांस्कृतिक एवंम् भाषिक विचलन आएका छन् ।

**के-कस्ता धार्मिक-सांस्कृतिक विचलन ?**

१) सृष्टिकालदेखि आस्थाका साथ मानिल्याएको अनि गरि ल्याएको मौलिक संस्कार-संस्कृतिलाई आज आएर नष्ट गर्न पट्टि लाग्नु ।

२) संकार सुधारको साटो धर्मपरिवर्तन पट्टि आजका दुमी दाजुभाई दिदिबहिनी उद्धत रहनु ।

३) डलर र कोषको लोभमा आफू को हो र आफ्नो अस्तित्व के हो, त्यो नै बिर्सनु ।

४) सोभ्का किरात दिदि-बहिनी तथा दाजुभाईलाई वाहियात तर्क र विचारको शिकार बनाएर राज गर्ने छुट्टा-छुट्टै समुहको संख्या वृद्धि हुँदै जानु ।

५) लिखित धर्मिक ग्रन्थको अभावमा सृजना भएको अन्यौलताको मानिसहरूले सहजै फाइदा उठाउने ठाउ पाउनु ।

६) प्राचिन संस्कारमा विभिन्न कमजोरी हुनु र ती कमजोरी निराकरण गर्न नसक्नु ।

७) जातिय संस्थाहरूको भूमिका उल्लेखनिय हुन नसक्नु ।

८) सर्वसाधारणमा यस विषयप्रति चासो र इच्छा नै नहुनु ।

९) नवजोशिला भनिएका युवापुस्ता मौन रहनु ।

**धार्मिक-सांस्कृतिक विचलनले गाउँठाउँमा ल्याएका नतिजाहरू ?**

१) एउटै गाउँका एउटै वंशका दाजुभाइमा विभेद आइ सम्पुर्ण समाज नै टुक्रा-टुक्रामा परिणत हुनु । यस्तो अवस्थामा 'भाइ फुटे गवाँर लुटे' भनेभ्कैं तेस्रो पुरुषले चाल खेल्ने सम्भावना बढेर जाने ।

२) डलर र कोषवालाले सोभ्का-सीदा किरात दिदि-बहिनी दाजुभाइमा अभ्क बढि षड्यन्त्रको जाला फैलाउन सक्ने वातावरण सृजना हुनु ।

३) बालबालिका र युवापुस्तामाभ्क भ्कन् गहिरो नकारात्मक प्रभाव पर्ने ।

४) समाजमा विकृतिको जरा गाडिने ।

५) पुखाको रगतले संरक्षित सम्पदा नासिएर जाने र पितृप्रति जवाफदेही रहन नसकिने ।

६) आफ्नो मौलिक धर्म-संस्कार छोडेर यहि क्रमले लाखा-पाखा लाग्ने हो भने एकदिन सम्पुर्ण दुमी राईको धार्मिक सांस्कृतिक सम्पदा पुर्ण रुपले नष्ट भएर जाने ।

७) किराती भनेर जुन विशेषताले आफू समाजमा परिचित छौं त्यो नै नासिए पछि आफ्नो सम्पुर्ण परिचय नै नष्ट भएर जाने ।

**साथै रहेका भाषिक विचलनहरू:-**

१) आदिकाल देखि नै बोलि ल्याएको आफ्नो मौलिक मातृभाषा नै जीवनका लागि संघर्षरत रहनु ।

२) लादिएको भाषालाई हर्षका साथ ग्रहण गर्नु तर जन्मसँगै ल्याएको भाषालाई छि-छि र दूरदूरको दृष्टिले हेर्नु ।

३) आमाबुबाको हेलचेक्र्याँइले गर्दा सम्पूर्ण भाषिक सम्पदा नै संहारको संघारमा पुग्नु ।

४) भाषिक संस्थाको भुमिका उल्लेखनिय नरहनु ।

५) युवापुस्ता नै मौन अनि अनिच्छुक हुनु ।

६) खस नेपाली भाषा र साम्राज्यवादी अंग्रेजी भाषाले आफ्नो प्रभुत्व जमाउँदै जानु र ति भाषाहरूकै दिनप्रति दिन हालिमुहालि बढ्दै जानु ।

७) पुरानो पुस्ताले नयाँ पुस्तालाइ भाषिक सम्पदा हस्तान्तरण गर्न नसक्नु ।

भाषिक विचलनले ल्याएका नतिजाहरू:-

१) शताब्दीऔं अगाडि देखि पुर्खाहरूले सुरक्षित रुपमा सम्हालेर ल्याएको भाषिक सम्पदा हाम्रै पालामा पूर्ण रुपले नष्ट भएर जाने क्रममा आइपुग्नु ।

२) आफू जुन मातृभाषी भनेर परिचित भइएको छ त्यहि भाषा नै लोप हुने हुदाँ सम्पुर्ण दुमीजनक अस्तित्व नै नाश हुने वातावरण सृजना हुनु ।

३) पितृहरूद्धारा हस्तान्तरित नासो पितृहरूसितै मट्टिमुनि गाडिएर नष्ट हुने अवस्था आउनु ।

४) आफ्नो मातृभाषा लोप भएर जाने हुँदा अर्काकै आशा भरोसामा बस्न बाध्य हुनुपर्ने र अरुले फालेको रोटिको आश

गर्ने कुकुरसरी स्थिति नआउला भन्न नसकिने स्थिति समेत आउनु ।

**विचलन निराकरणका केहि उपायहरू:-**

१) सर्वप्रथम त धार्मिक-सास्कृतिक विचलन निराकरणको पक्षमा दु:मी किरात राईहरूको धार्मिक ग्रन्थ 'मुन्धुम' लाई लिखित रुपमा तत्काल उतार्नु पर्ने ।

२) त्यसै गरी भाषिक सुधारका निम्ति तत्कालै दुमी भाषाको शब्दकोष निर्माण सँगसँगै पाठ्यक्रम निर्माण पाठ्यपुस्तक प्रकाशन एवम् विद्यालयमा पठनपाठन गर्नुपर्ने ।

३) प्रत्येक गाउँ-गाउँ र टोल-टोलमा चेतना जगाउने कार्यक्रम हुनु पर्ने ।

४) भाषिक संघ-संस्थाहरू संवेदनशील भएर सक्रियरुपमा लागि पर्नु पर्ने ।

५) हामि बीच घुसेर हामीलाई नै विभाजित गर्ने उद्देश्य राख्ने तत्वहरूको नियत बुझि अगाडि नै सचेत रहने र गराउने । आफु भलो त जगत भलो सर्वप्रथम त आफै सचेत हुने

६) र यदि हामि मध्ये कोहीकोही अन्योलताको कारण धर्म परिवर्तन जस्ता कदम उठाउन अग्रसर देखिन्छन् भने देलकिम-दुमकिमहरू लगायत अरुले खबरदारी गर्ने-गराउने ।

७) आफै अघि नसरी केहि पनि नहुने हुनाले तपाईं हामी सुम्निमा पारुहाङका सन्तति नै यस महान् एतिहासिक कार्यमा अग्रसर रहि पितृको नासोको संरक्षण गर्नु गराउनु पर्ने ।

सम्पूर्ण दुमी किरात राईहरूको धर्म संस्कार र भाषा सँगै आफ्नो अस्तित्व पनि हराएर जाने यस्तो यस्तो जटिल स्थितिको सृजना भएको हुँदा समस्त दु:मी राईहरू हातमा हात मिलाई गोलबन्द भई आफ्नो प्राण भन्दा प्रिय निधि पुर्खाहरू द्वारा हस्तान्तरित अमूल्य नासो धर्म संस्कृति र भाषाको संरक्षणमा तत्काल एकजुट हुन यो मेरो अपरिपक्व तर सच्चा मानसिकताले अत्यन्त जरुरी ठहराएको छ। आशा, छ यलम्बर का सन्तान कुनै पनि दुमी राई जनले पितृको शिर ढल्न दिने छैनन् बरु सदा उच्च राख्नेछन्, उच्च र अटल चोमोलुङ्माको (सगरमाथाको) शीर सरी । तसर्थ आजकै मितिबाट म बबुरो हजुरहरू समस्त दुमी बिर्भेचु,चेल्पुमु,चुचु पिपिहाम, तेतेतेतेहाम, किकि निनिहाम, फोपो छिचिमहाम, मा यो शताब्दीमा ननिदाउनु पछि नपर्नु तर आफ्नो अस्तित्व रक्षाका निम्ति जाग्नु होस् आफ्नो आँखा खोल्नुहोस् र पुर्खाको पाईला पछ्याउनुहोस् यहि आह्वान र अनुरोध गर्दछु । *मुचिनि ।*

# नेपालका आठ साँढेहरू



सप्तेश्वर २ छेराडाँडा, खोटाङ्ग

१. गरीव देशमा जन्मेछन्
आठ वलिया साँढेहरु
कृषकलाई साह्रै दु:ख दिए
गरिदिऊँ न वढिया बरु ।

२. धेरै मरे बाच्छा बाच्छी
छाडेन बुढी कोरलीहरु
क्वारेन्टाईन बनाई
काँशीतिर पठाईदिउँन मत्ताहाहरु ।

३. ए ! आई भएको ठाउँमा
साँढेहरुको के छ बढी काम
हिन्दु राष्ट्र भन्छन् क्यारे
मोलतोल गर कति नै पर्छ दाम ।

४. खुल्ला मन्चमा लड्छन्
आठ साँढे रमीत लाग्ने गरी
झिस्मिसे साँझपछि
बस्छन् एउटै ठाऊँमा चाटाचाट ।

५. भोका नाङ्गाले लगाएको बाली
खाईदिन्छन् रमाई-रमाई
बस्छन् यी आठ साँढेहरु
सुख्खा ठाउँमा उग्राई -उग्राई

६. उच्च नश्लको बाँकी छ
जन्मनु एक अचम्म साँढे
सुम्निमा-पारुहाङ्ग जन्माउने
फेरि राष्ट्र सम्राट अन्त्यमा वढे ।

७. नपुगी मिति नपुगी थिती
फुल्दैन, झर्दैन कपाल
किरात सम्राट नभईकन
वन्दैन, फेरिन्न नेपाल । *मुचि ।*

# व्यक्तित्व र वाणी

१. जन्मथलो जालपा, खोटाङका माननीय भू.पू. सांसद: टंक दुमीराई भन्नुहुन्छ-

- 'राज्यको पुन:संरचना : भौगोलिक बाँडफाँडसँग मात्र सम्बन्धित गराएर हेर्नु भएन।
- राज्यले सबैलाई समान व्यवहार गर्नसकेन, बिभेद भयो, समान विकास भएन। समान विकास गर्नेगरी पुन:परि भाषित गर्न पर्‍यो र आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा सबैले समानुपातिक सहभागिता गर्न पाउने राज्य बनाउनु पर्‍यो।
- पुरानो संस्कार-संस्कृति बमोजिमको प्रणालीलाई बिभेद गरी पछाडि परेका जातिहरुलाई चलाख क्षेत्री बाहुन जातिले राज्यको समान अबसरबाट बञ्चित गराए।
- सानो सँख्यामा रहेका जातिहरुले राज्य चलाउन असमर्थ हुने भएकाले उनीहरुले माग गर्ने भनेको आरक्षण नै हो।
- किराया राजनीतिक पार्टी होइन, नत फोरम नै। तथापि यसले राज्य सञ्चालन गर्न सक्ने कुरो पनि रहेन नै। आखिर राज्य सञ्चालक त राजनीतिकर्मिहरु नै हुन्छन्। त्यसैले यस संस्थाले आफ्नो मूल रणनीतिमा र ाजनीतिक पार्टीहरुलाई आफ्नो मुद्धा मान्नको लागि बाद्य तुल्याउनु नै हो। सक्रियतापूर्वक लागेमा बाद्य तुल्याउन सक्छ पनि।
- किराया र राजनीतिकर्मी बीचको मिलन बिन्दुबाट नै आजको अवस्थामा सहि निकास आउन सक्छ। नकि एकले अर्कालाई गाली वा उपेक्ष गरेर। यसका लागि किरायाले समन्वय गर्नुपर्ने हुन्छ।
- किरायाले जातीय मुद्धाहरु उठाउन सक्छ, सामाजिक आन्दोलनका बारेमा राजनीतिक कार्यकर्ता र जातीय संस्थाका कार्यकर्ताहरु बीच समन्वयको खाँचो छ।
- सके राजनीतिक कार्यकर्ताहरुलाई सामाजिक सँस्थाहरुले प्रभावित गर्न सक्नुपर्छ, राजनीतिकर्मीहरुलाई गालि गर्नु भन्दा राजनीति गर्नुतिर लाग्नु चाहिँ मनासिव ठहर्छ, त्यसैले अन्तिम निष्कर्ष दिन्छ हैं।
- उसोत जातीयताको कुरा सुन्नै नचाहने राजनीतिक पार्टीहरु नै पनि अहिले आएर जातीय आधारमा राज्यको पुन: संरचना मूलमुद्धाको रुपमा स्वीकारेकै छन् नित।
- यसैको लागि पनि आफ्नो समुदायको हित अनुकूल-
  - ० हरेक राजनीतिक पार्टीको निश्चित्तता,
  - ० घोषणा पत्रमा स्पष्ट धारणा र
  - ० उपयुक्त उम्मेद्वारको चयन आदि पक्षमा खुबै ध्यान पुर्‍याउनु जरुरी छ।

२. यसैगरी पुर्ख्यौलि थलो खार्मी-१, साब्रु, खोटाङका परि योजनाविद्व शम्भु छाचुङ दुमीराईले परिचयको क्रममा आफू शिक्षण पेशाबाट सरकारी/गैरसरकारी क्षेत्रहरुमा परियोजना मूल्यांकन, अनुगमन, प्रशिक्षणतर्फ सेवारत रहेको र यसै सिलसिलामा समसामयिक सन्दर्भ अन्तर्गत संविधान, संविधानसभाको महत्व, समाबेसी लोकतान्त्रिक अभ्यास, संविधानसभाको निर्वाचन प्रणाली, समाबेसी, समानुपातिक प्रतिनिधित्व, राज्यको पुन:संरचना आदिको बारेमा प्रशिक्षणको क्रममा भन्नुभयो-

संवैधानिक सिद्धान्त भन्नाले:

- स्थानीय स्वायत्तता
- नागरिकहरुको मौलिक हक अधिकार
- कानूनको शासन
- समाबेसी/समानुपातिक प्रतिनिधित्व
- जनउत्तरदायी सरकार
- आवधिक निर्बाचन प्रणाली
- न्यायिक पुनरावलोकन
- सार्वभौमसत्ता सम्पन्न जनता
- शक्तिको बाँडफाँट

आदि पक्षहरुलाई जनाउदछ।

त्यसैले उपरोक्त कुराहरुलाई राम्ररी विचार गरेर मात्र हामीले बर्तमान अवसरको सहि सदुपयोग गर्न सक्नेछौं। अन्यथा बिगतमा जस्तै पिछडिएका किरात राई लगायत अन्य सबै जनजातीहरु झनै पछाडि धकेलिन बाद्य हुनेछन्। जसको लागि यो महत्वपूर्ण मौकामा सबैले आ-आफ्नो ठाउँबाट चनाखो भएर आफ्नो हक स्थापित गर्न सक्नु पर्छ भन्नुभयो।

(२०६४ साल भदौ २२ गते किरात राई यायोक्खाद्वारा आयोजित किरात स्वायत्त राज्यको स्वरुप र संविधानसभामा किरात राई जातिको भूमिका विषयक कार्यशाला गोष्ठीमा श्री अशोक खवचु दुमीराईद्वारा छायाङ्कन गरिएको श्रब्य-दृश्यमा आधारित टिपोट उपयोगी ठानी प्रस्तुत गरिएको ।)- सम्पादक

# किरात भूमि, संविधानसभा र किरातहरूको प्रतिनिधित्व

- टंक बहादुर राई

## भूमिका

देशमा अहिले संविधानसाको निर्वाचनको तयारी भैरहेको चर्चा देशका विभिन्न पार्टीहरु वा व्यक्तिहरु खासगरी सत्ताधारी वा सरकारको नेतृत्व गरिरहेका पार्टीहरु वा व्यक्तिहरुबाट चर्चा गरिएको पाइन्छ। निर्वाचन हुन्छ नै भन्ने किटान गर्ने स्थिति अझै देखा परेको छैन । तैपनि आगामी मंसिर महिनामा चुनावको सतही प्रचार भने भइरहेको छ ।

## विषय प्रवेश

संविधानसभा भन्नाले राष्ट्रिय स्तरमा अस्थायी रुपमा स्थापित गरिएको निकायलाई जनाउँदछ जसको एकमात्र तथा प्रमुख उद्देश्य सम्बन्धित राष्ट्रको संविधान निर्माण गर्नु रहेको हुन्छ ।[१] अथवा संविधानसभा नयाँ संविधान निर्माण गर्ने जिम्मेवारी प्राप्त प्रतिनिधिहरुको भेला हो जसले देशको सम्पूर्ण तह, तप्का, वर्ग, जाति र समुदायको विचार चाहना र भावनाको प्रतिनिधित्व गरेको मानिन्छ ।[२]

अहिले नेपालमा संविधानसभाको निर्वाचनबारे व्यापक चर्चा उठिरहेको अथवा नयाँ संविधान निर्वाणको चर्चा चलिरहेको हुँदा नयाँ संविधानको आवश्यकता किन परेको हो ? भन्ने बारेमा समेत संक्षिप्त उल्लेख गर्नु आवश्यक छ।

हाम्रो देशमा विभिन्न समयमा विभिन्न प्रकारका संविधानहरु निर्माण गरिए। जसमध्ये कुनै केही वर्ष या केही दशकसम्म लागू भए र क्रमशः निष्कृय, प्रयोजनहीन वा असफल बन्दै गए । पंचायती संविधान करिब तीन दशकपछि अनुपयोगी सावित भयो भने आफ्नो समयमा अत्यन्त राम्रो भनेर प्रचार गराइएको २०४७ सालको संविधान पनि लागू भएको केही वर्षमै अनुपयुक्त सावित हुन थाल्यो । अहिलेसम्म बनेका विभिन्न संविधानहरु असफल हुने विभिन्न कारणहरु मध्ये एक प्रमुख कारण-ती संविधानहरुले देशका मौलिक बासिन्दा किरात समेत विभिन्न आदिवासी जनजातिहरुको हकहितलाई संबोधन गर्न नसक्नु थियो ।

अत: आगामी दिनमा बन्ने संविधानले किरात लगायत देशका आदिवासी जनजातिलाई समेत अधिकार सम्पन्न बनाउन सकेमात्र त्यो संविधान देशको निम्ति उपयोगी हुनेछ । त्यसैले आगामी सविधान निर्माण गर्ने अंग-संविधानसभालाई किरातहरुको हकहित समेतलाई संवोधन गर्न सक्षम कसरी बनाउन सकिन्छ ? किरातहरुको ऐतिहासिक भूमिमाथि किरातहरुको स्वामित्व सुनिश्चित गर्न कसरी सकिन्छ ? किरात भूमि र किरात जातिको प्रतिनिधित्व संविधानसभामा कसरी गर्न गराउन सकिन्छ भन्ने कुरा त्यसमा किरातहरुको सहि प्रतिनिधित्व कसरी हुन सक्छ ? भन्ने कुराको चर्चाको क्रममा यो लेख तयार गरिएको छ ।

यस सन्दर्भमा यहाँ किरातहरुको परिचय, किरात भूमि, किरातहरुको वर्तमान अवस्था र किरातहरुको प्रतिनिधित्व बारे उल्लेख गरिनेछ ।

## १. किरातहरुको परिचय

विभिन्न लेखकहरुले किरातहरुको बारे विभिन्न मत प्रस्तुत गरेका छन् । कमला सांकृत्यायनका अनुसार भारतको लद्दाखदेखि पूर्व अरुणाञ्चल(लद्दाखकाभोटा, नेलमकाजाड, पिथौरागडका राजी वा राजकिरात, नेपालका मगर, गुरुङ्ग, तामाङ्ग, नेवार, लिम्बू, राई, याक्खा, लेप्चा, आसाम नागाल्याण्डका नागा, अरुणान्चलका मोन्पाहरु महान किरात वा मोनखमेरका अवशेष हुन्)[३] हर्ष बहादुर बुढामगर, रामकुमार पाण्डे, डोर बहादुर विष्ट आदिको भनाइ अनुसार नेपालका सम्पूर्ण आदिवासी जनजातिहरु किरात हुन् ।[४] एडेन भान्सिटार्ट, डेनियल राईट, कर्क पायट्रिक, सुखदेव सिंह, जनकलाल शर्मा, कुमार प्रधान आदिको भनाइ अनुसार अहिलेका राई समूहका मानिसहरु नै वास्तविक अर्थमा किरात हुन् ।[५]

[१] डा. गोपालमान शर्मा, नेपालमा संविधानसभा, काठमाडौं : पैरवी प्रकाशन २६३ आषाढ

[२] टंक बहादुर राई, संविधानसभा र आदिवासी जनजाति समस्या, शान्ति राई, २०६३ आश्विन

[३] डा. कमला साकृत्यायन, 'किरात जातिको इतिहास' दार्जिलिङ, भारत: वाङमय, १९८१

[४] टंक बहादुर राई, राज्यको पुर्नसंरचना र किरात भूमि, काठमाडौं: शान्ति राई, २०६३ माघ

[५] पूर्ववत्

## २. किरातहरुको ऐतिहासिक बासस्थान या किरात भूमि

किरातहरुको ऐतिहासिक बासस्थान किरात भूमिको सम्बन्धमा विभिन्न लेखकहरुको भनाइ यस प्रकार रहेको छ- प्राचिन कालमा येलम्बा(यलम्बर वा येलुङ)को नेतृत्वमा आरम्भ भएको नेपाल उपत्यका राजधानी रहेको किरात शासनकालमा किरातहरुको शासन अधिकार पश्चिममा त्रिशुल गण्डकी, पूर्वमा भूटान, दक्षिणमा गंगाको मैदानसम्म रहेको विक्रमजित हसरतको उल्लेख पाइन्छ ।[६] कुमार प्रधानको भनाई अनुसार भादगाउँदेखि पूर्व किरात भूमि हो ।[७] हर्षबहादुर बुढा मगरको भनाई अनुसार बनेपादेखि पूर्व किरात भूमि हो ।[८] कर्कप्याट्रिकको विचारमा काठमाडौं पूर्वदेखि भूटानसम्म किरात भूमि हो ।[९]

उपरोक्त भनाइहरुलाई ध्यानमा राखिनुको साथै गोरखा आक्रमण अर्थात् कथित एकीकरणको समयमा वल्लो किरातको चौकोट धुलिखेलमा महेन्द्र सिंह राई, नामसिंह राई[१०] झाङ्गाझोलीमा साइकस्यान सेरिङ राई, माझ किरातको रावागढीमा चतिन राई[११] महुरेगढीमा भुमराज राई, सहदेवगढीमा सहदेव राई, पामाखाममा अटल राई, चौदण्डीमा अगमसिंह राई, पल्लो

किरातको माथिल्लो भाग - चैनपुरमा काङसो राई, अरुणपारी पूर्व मेचीसम्म अझ सिमापारी सिक्किम, दार्जिलिङ, टिस्टासम्म किरात भूमि मान्नु उपयुक्त देखिन्छ।

वितेको करिव अढाई सय वर्षको दासत्वपूर्ण जीवन भोगाइको क्रममा किरातहरु आफ्नो मूल थलोदेखि विस्थापित हुन बाध्य भई देशका विभिन्न भागमा छरिएर रहेका पाइन्छन। तापनि उनीहरुको अहिलेको मुख्य बसोबास काठमाडौं उपत्यका पूर्व नै रहेको देखिन्छ।

**३.किरातहरुको वर्तमान अवस्था**

प्रचीनकालमा नेपाल उपत्यका समेत ठूलो भूभागमा र एकीकरण भन्दा अघिसम्म बनेपा, धुलिखेलदेखि अरुण पूर्वसम्मको भूभागमा शासकको रुपमा रहेका किरातहरु अहिले भाषिक, सांस्कृतिक, धार्मिक लगायत विभिन्न अधिकारबाट बंचित छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ -

क-. देशमा आदिकालदेखि अहिलेसम्म बोलिदै आएका करिब २५ ओटा किरात भाषाहरुलाई विद्यालय, शिक्षा, संचार र प्रशासनमा उचित स्थान दिइएको छैन।

ख- विभिन्न कानून र संचार माध्यमको प्रयोग गरेर हिन्दूकरणलाई बढावा दिँदै किरातहरुको मौलिक धर्म संस्कृतिलाई दमन गरिएको छ।

ग- देशको शैक्षिक, प्रशासनिक र प्राविधिक पदहरुबाट किरातहरुलाई वञ्चित पारिएको छ।

घ- देशभित्र हिन्दूकरणको प्रक्रियामा निर्मम् यातना दिई देश छोड्न बाध्य बनाएर, विदेशी यूद्धमा पठाई मर्न लगाएर, जाति संहार चलाएर किरातहरुको जनसंख्या घटाइएको छ।

ङ- जमिन, जल, जलचर, जंगल र जडिबुटीमाथिको पुर्ख्यौली अधिकारबाट किरातहरुलाई वञ्चित पारिएको छ।

च- देशको राष्ट्रप्रमुख, प्रधानमन्त्री, प्रधानसेनापति प्रधानन्यायधीश केन्द्रीय निर्णायक पदहरुबाट किरातहरुलाई वञ्चित पारिएको छ।

**४.किरातहरुको प्रतिनिधित्व**

माथि उल्लेख गरिएको अधिकार विहिन अवस्थाको अन्त्य गरी उपरोक्त अधिकार पुनर्वहाली गराउने प्रावधान समावेश गरिएको संविधान निर्माण गर्न कटिवद्ध व्यक्ति, पार्टी वा संस्था नै किरातहरु सच्चा प्रतिनिधि हुन सक्छ।

६. Bikram Jit Hasrat, History of Nepal, India:1970

७. Kumar Pradhan, The Gorkha Conquests, Calcutta:1991

८. हर्ष बहादुर बुढामगर, किरात वंश र मगरहरु, काठमाडौं: उन्नति बोहरा, २०४९

९. Colonel Kirkpatrick, An Account of the Kingdom of Nepal, New Delhi 1811,1969

१०. Colonel Kirkpatrick, An Account of the Kingdom of Nepal, New Delhi 1811, 1690

११. Ibid

१२. Ibid

अर्थात अहिलेको अधिकारविहीन, सुविधाहीन र दासत्वको अवस्थामा रहेका किरातहरुलाई अधिकार सम्पन्न र स्वतन्त्र अवस्थामा पुऱ्याउने प्रावधानयुक्त संविधान तैयार गर्नमा सशक्त भूमिका खेल्ने व्यक्ति, संस्था वा पार्टी नै किरातहरुको वास्तविक प्रतिनिधि मान्नु पर्छ।

किरातहरुको प्रतिनिधित्वको प्रसंगमा हामीले देशमा अहिले सत्ता वा भत्ता बाहिर रहेका विभिन्न पार्टी, संस्था वा व्यक्तिहरुको विगत र वर्तमान कार्यकलापको उल्लेख गर्नुपर्ने हुन्छ।

क- <u>२०४७ सालदेखि २०६१ सालसम्म</u>

२०४७ सालदेखि २०६१ माघ १९ अघिसम्म सत्तामा रहेका नेपाली, एमाले, माले, राप्रपा, सद्भावना आदि पार्टीहरुले निम्नलिखित व्यवहार गरेका थिए-

१. किरातहरुको मातृभाषाहरुलाई विद्यालय, महाविद्यालय, विश्वविद्यालय, कार्यालय तथा संचार माध्यमहरुमा स्थान दिलाउनुको सट्टा पूर्वाग्रही ढङ्गले संस्कृत समाचार र संस्कृत अनिवार्यता लादेका थिए।

२- प्रधानमन्त्री, सभामुख, प्रधानसेनापति, प्रधानन्यायधीश जस्ता केन्द्रीय शक्तिशालि पदहरुबाट किरातहरुलाई वंचित पारेका थिए।

३- किरातहरुलाई आफ्नो पुर्ख्यौली जमिनबाट वंचित गराउन करिव अढाई सय वर्षदेखि चल्दै आएको षड्यन्त्रलाई निरन्तरता दिएका थिए।

४- देशलाई हिन्दु अधिराज्य बनाएर हिन्दु प्रभुत्व लाद्ने र सोमार्फत् निरंकुश सामन्तवादलाई बलियो पार्ने कार्य गरेका थिए।

५- हिन्दु धर्म, हिन्दू संस्कृति, हिन्दु पर्वको एकाधिकार चलाएर किरातहरुको धर्म, संस्कृति, पर्व, मूल्य, मान्यता माथि कठोर दमन चलाएका थिए।

६- किरातहरुको भाषा, संस्कृति, धर्म र जातीय अधिकारको पक्षमा कदम चाल्ने संस्था र त्यसमा संलग्न व्यक्तिहरुमाथि अनेक प्रकारका दमनपूर्ण व्यवहार गरेका थिए।

उपरोक्त बुँदाहरुबाट उक्त अवधिमा सत्तामा रहेका उपरोक्त पार्टीहरु किरात विरोधी पार्टी हुन् भन्ने कुरा प्रष्ट हुन्छ। त्यसका साथै ती पार्टी, ती पार्टीका भातृ संस्थामा रहेका व्यक्तिहरु पनि किरात विरोधी पार्टीहरुकै मतियार हुन् भन्ने कुरा समेत छर्लङ्ग हुन्छ।

ख) – <u>२०६२ बैशाखदेखि २०६३ बैशाख १० सम्म</u>

उपरोक्त, किसिमको किरात विरोधी कार्य गर्ने नेपाली काग्रेस, एमाले लगायत पार्टीहरुको गलत कार्यहरुको भण्डाफोर हुँदै गएपछि उनीहरुप्रति किरातहरुको समर्थन गुम्दै जान थाल्यो। उनीहरु प्रभावहिन बन्दै सत्ताच्यूत भई फेरि सत्तामा पुग्न ७ पार्टीहरुको गठनबन्धन काम गरी २०६२ बैशाख २५ गते देशका विभिन्न जातिहरुको अधिकारलाई वेवास्ता गर्ने गलत कार्य गरेकोमा आत्मालोचित हुँदै कमी कमजोरी हुन नदिने

संकल्प गरेका थिए र राज्यको पुन: संरचना गरी सहभागितामूलक, सामाजिक, सांस्कृतिक, भौगोलिक र जातिय एवं भाषिक विविधता प्रतिनिधित्व हुने गरी समावेशी बनाउने कबोल गरेका थिए ।

यी सात दल र माओवादीबीच २०६२ मंसिर ७ गते १२ बुँदे समझदारी भएको थियो । जसमा ७ पार्टी र माओवादीले विगतमा गरेका गल्ती कमजोरी सच्याउने प्रतिवद्धता जनाउँदै सबै जाति र क्षेत्रलाई संवोधन गरिएको थियो । यस्तै आव्हान २०६२ चैत्र ६ मा पनि गरिएको थियो ।

ग– २०६३ वैशाख ११ देखि हालसम्म

२००६३ वैशाख ११ देखि हालसम्म सत्तारुढ पार्टी र तिनका सहकर्मी पार्टीहरुले निम्नलिखित व्यवहार गरे–

१– अन्तरिम संविधान मस्यौदा समितिको गठन गरिदा किरात समेत आदिवासी जनजातिहरुलाई समावेश गरिएन ।

२– किरात लगायत आदिवासी जनजातिहरुको व्यापक विरोध र दवावको फलस्वरुप किरात समेत केही जनजातिलाई समावेश गराइए तापनि किरातहरुको अधिकार सम्वन्धी प्रावधान अन्तरिम संविधान समावेश गराउन पार्टीहरुको अनुचित हस्तक्षेपले वाधा पुऱ्याइयो । जसले गर्दा फरक मत राख्नु पर्ने स्थिति समेत पैदा भयो ।

३– अन्तरिम संविधान मस्यौदा समितिले सुझाव माग गरेको वखत विभिन्न राजनीतिक पार्टीहरुले गाईलाई राष्ट्रिय जनावर बनाई आदिवासी किरातहरु माथि हिन्दू प्रभुत्व लादने, किरातहरुमाथि चल्दै आएको भाषिक, सांस्कृतिक उत्पीडित जारी गराउने सुझाव प्रस्तुत गरे ।

४– शैक्षिक प्रशासनिक एवं प्राविधिक पदहरुमा रहेको वाहुन-क्षेत्री एकाधिकारलाई निरन्तरता दिने र ती पदहरुबाट किरातहरुलाई वंचित गर्ने कार्य जारी राखियो ।

५– राष्ट्रप्रमुख, प्रधानसेनापति जस्ता केन्द्रीय निर्णायक पदहरुबाट किरातहरुलाई वञ्चित गराउने कार्य जारी राखियो ।

६– किरातहरुलाई आफ्नो भूमि र आफ्नो जातिको बारेमा फैसला गर्ने आत्मनिर्णयको अधिकार कायम गराउनेबारे अन्तरिम संविधान निर्माणको दौरान र त्यसपछि पनि कुनै व्यवस्था गरिएन ।

७– गाईलाई राष्ट्रिय जनावर बनाउने प्रावधान राखी हिन्दू प्रभूत्वलाई निरन्तरता दिई किरातहरुमाथि धार्मिक, सांस्कृतिक दमन जारी राखियो ।

८– किरातहरुको भाषा, संस्कृति, धर्म र जातिय अधिकारको पक्षमा संघर्षरत संस्था वा व्यक्तिहरुलाई डर, त्राश र प्रभोलनको प्रयोग गरी काम गर्नमा बाँधा पुऱ्याइयो,

९– त्यस्ता पार्टीहरुको किरात विरोधी व्यवहारको आलोचना गर्दा त्यो आलोचना स्वीकार गरी किरात विराधी व्यवहार सच्याउनुको सट्टा दमनकारी व्यवहार जारी रह्यो ।

अत: २०४७ देखि २०६१ माघ १८ सम्म, २०६१ माघ १९ देखि २०६३ वैशाख १ सम्म, २०६३ वैशाख ११ देखि हालसम्मको व्यवहारबाट हाल सत्तामा रहेका पार्टी, तिनका सहयोगी, तिनका भातृसंगठन वा संस्थामा संलग्न व्यक्तिहरु किरात विरोधी हुन् भन्ने कुरा प्रष्ट भएको छ ।

यसबाट ती पार्टी वा संस्थासँग सम्बन्धित व्यक्तिहरु अथवा तीसँग सम्बन्धित किरात अनुहारका व्यक्तिहरु किरातहरुका सच्चा प्रतिनिधि होइनन्, र तिनीहरु केही आगामी संविधान सभामा निर्वाचित वा कुनै प्रकारले पुगेको खण्डमा (तिनीहरुलाई किरातको पक्षमा कार्य गर्न बाध्य पार्ने दवावमूलक कार्यक्रम वा आन्दोलन किरातहरुबाट नचलाइएमा) तिनीहरुद्धारा निर्माण गरिने संविधानद्धारा किरात भुमि र किरात जातिको हकहितको रक्षा हुन सक्दैन भन्ने प्रष्ट हुन्छ ।

५– उपसंहार

आगामी संविधानसभामा किरातहरुको हकहितप्रति वफादार किरातहरु पठाउन किरातहरुले निम्नलिखित अनुसार गर्नु आवश्यक देखिन्छ-

१– किरात विरोधी पार्टीहरुको दमनकारी व्यवहारको भण्डाफोर गर्दै किरातहरुको भाषा, संस्कृति, धर्म र जातिय अधिकारको प्रश्नमा दृढता पूर्वक कदम चाल्दै आएका संस्था वा व्यक्तिहरु,

२– किरात विरोधी पार्टीहरुको पत्यक्षरुपमा विरोध नगरेको भए तापनि ती पार्टीहरुको भातृसंगठन वा संस्थाका रुपमा नरहेका वा रहन अस्वीकार गर्दै आएका विभिन्न जातीय संस्था वा ती संस्थामा संलग्न व्यक्तिहरु,

उपरोक्त व्यक्ति वा संस्थाहरुले संभव भएमा एउटा समन्वय केन्द्र निर्माण गर्ने र अघि बढ्ने, सो हुन नसकेमा अलग रहे भए पनि कार्यगत एकता कायम गर्ने, संभव भए किरातहरुको वेग्लै राजनीतिक संगठन निर्माण गरी सो मार्फत किरात उम्मेदवार संविधानसभामा पठाउने,

सो हुन नसकेमा किरातहरुसँग सम्बन्धित जातिय संघसंस्थाबाट किरातहरुको अधिकारप्रति वफादार व्यक्तिलाई स्वतन्त्र उम्मेदवारको रुपमा संविधानसभामा पठाउने ।

उपरोक्त अनुसार संविधानसभामा गएकाहरु नै किरातहरुका सच्चा प्रतिनिधि मानिनेछन् । उनीहरु संलग्न भई उनीहरुले व्यक्त गरेका विचार वा सुझाव समावेश गरी किरातहरुको हकहितको सुनिश्चित गरिने प्रावधान भएको संविधान मात्र किरातहरुको लागि उपयोगी वा स्वीकार्य हुनेछ ।

तर किरात विरोधी पार्टीहरुसँग प्रत्यक्ष सम्बन्धित व्यक्तिहरुको मात्र संलग्नता रहेको संविधानसभा वास्तविक अर्थमा किरातहरुको प्रतिनिधित्व विहीन मानिने छ र आफ्नो प्रतिनिधित्व नभएको संविधानसभाले बनाएको संविधान किरातहरुको लागि स्वीकार्य हुनेछैन, सो संविधान मान्न किरातहरुलाई कुनै बाध्यता रहने छैन र आफ्नो प्रतिनिधित्व भएको आफ्नो संविधान निर्माण गर्ने अधिकार किरातहरुमा रहने छ । *सुचि ।*

# मेरो माझि दाइ

*- अमर हजुर दुमीराई*

मैले पहिले कतै पढेको सम्झें "कपुरी क", "खबुवा ख", "बिलकाने क", "खरायो ख", - मान्छेको मनमा महान प्रेरणाहरु नवीन विचारहरु यात्रा अबधिमा उठ्ने गर्छन् । तर आज गाईबाख्रा फुकाईसके पछि बाँकी रहेको रित्तो गोठ झैं मेरो दिमागमा बिचारहरुको वा भनौं भावनाको रित्तता र सुन्यताप्रति म आफैलाई आश्चर्य लाग्यो । बिहान घरबाट हिंडे देखि नै बाहिर एक तमासले परिरहेको पानी र भित्र मनमा बिझाईरहेको यात्राको बिकटता भन्दा नवीन कुरा मैले केही फेला पार्न सकिनं । तैपनि किन हो यात्राको क्रममा रुझ्दै पैदल हिडीरहेको कटुता प्रति उल्लेख लागेन मलाई । बरु मनमनै सम्झें खहरेको अस्तित्व समुन्द्र नपुगुन्जेललाई मात्र हो भनेको ठिकै रहेछ । मैले आफ्नो जीवनको झण्डै एक तिहाई अवधि बिताई सक्दा त्यहा भित्र नयाँ कुरा नै के थियो र ? सिवाय, अन्त्यहीन, एकांकीपन ,अनबरत संर्घष, स्वानसँग र बिश्वासघात । समग्रमा एकातिर आफूले हिड्न खोजेको बाटो र अर्कोतिर कथित सामाजिक मर्यादा तथा पारिवारीक दायित्वका कारण हिंड्नु परेको वेग्लै बाटो बीचको बिभेदाभास अनि बाँच्नुको नाममा दोहोरो तेहरो व्यक्तित्व लाई डोऱ्याउदै हिंड्नुको भ्रम मात्र ।

अतित र वर्तमानलाई जोडिरहेको स्मृति श्रृंङ्खलाहरु एकाएक छिन्नभिन्न भए । कारण थियो छेवैको भीड र कोलाहल अनी अलि पर उर्लदो बाढी जुन आज विहानैदेखि परेको अविरल बर्षाको कारण आफ्नो यौबनमा उन्मुक्त भए झै लाग्दथ्यो । माझिदाइ डुंगा चलाउन त सकिन्छ.....? एउटा आवाज बिचमा कतै पल्टने त हाईन.... संसय ? अर्को शंसय खै, हजुर उन्नाइस बर्ष भयो यहि डुंगा चलाएको । आजसम्म त त्यस्तो केहि भएको छैन । माझिदाई इमान्दार स्पष्टोक्ती । माझिदाईको जवाफ सुने पछि मैले आफ्नो वरपर रहेको समाजका थुप्रै (माझी) तारकहरु लाई सम्झे जो बारम्बार उनिहरुको अर्कमन्यताका कारक घटित दुर्घटनालाई नियती सँग जोडेर आफ्नो गल्ति र आडमा एकसरो पुरानो, कपडा ख्याउटो अनुहार, कानमा सिउरेको विडीको ठुटो, छेवैमा टोकरीमा केहि माछा र एउटा पुरानो जाल यहि त हुन् माझी दाईको आफ्नो भन्नु । हुनसक्छ आजको यस बाढीमा वा यस्तै ठुलो बाढीमा कुनै दिन अरुलाई तार्दै माझीदाईलाई समेत नदीले हमेशाको लागी आफ्नो गर्भमा लुकाउनेछ र त्यति खेर उनको उठ्ठाईस बर्ष सम्मको कुशलता र कर्तव्यपरायणता उनी सँग नदीमा बगेर जानेछ र मान्छेहरुले भन्नेछन्, त्यो बुढा माझी पैसाको लोभले आफु त डुब्यो, अरुलाई समेत डुबायो ।.....त्यस्तै के-के सोच्दा-सोच्दै डुंगाले अर्को किनार मा भेटी सकेछ । मान्छेहरुलाई सायद हतार थियो होला । माझीदाईको एउटा विडि को याचना सुन्ने फुर्सद कसैलाई थिएन । उसलाई त्यती खेर चाहेर पनि माझी दाइको अनुरोध पुरा गर्न नसकेकोमा आफ्नो कथित असल बानी ब्याहोरा प्रती ग्लानी उब्जेर आयो ।

केही दिन पछि उ त्यहि बाटो भएर फर्कदा धेरै कुराहरु बदलिसकेका रहेछन् । बाटो सुकेको थिएन तर पुरै घटी सकेको थियो नदी (अहिले खोला) सम्म लाग्दा किनारमा माटो डोरीले बाँधिराखेको डुंगामात्र छिपछिपे पानी माथी लमतन्न पसारीइरहेको थियो । मान्छेहरुलाई शायद हतारै होला । मैले केहि बेर उभिएर चारैतिर आखाँ डुलाए, पर सम्म पनि माझी दाईको कुनै निशानी थिएन । मैले गोजीबाट एक बट्टा चुरोट निकालेर खोलामा फालिदिए । खोलाको पानीमा डुब्दै उत्रदै चुरोटको बट्टा आझेल भयो । साँझ पर्न लागी सकेको थियो, गन्तब्य अझै बाँकी नै थियो । मैले त्याहाँबाट हिडनु थियो ।

पर ..........धै ..........रै.........प...........र......... । *मुचि ।*

लामिडाँडा-३, चिउरिबास
हाल: धरान - १५, प्रतिक्रिया: *info.dumi@gmail.com*

**हार्दिक बधाई**



**उत्सव खबचु दुमीराई**

*खोटाङ जिल्ला गाविस वडा नं. ८ खरबारी स्थायी घर भई दुकिराफ तथा इसिलिमका सल्लाहकार श्री राम बहादुर खबचु दुमीराईका नाति, श्री राजेन्द्र खबचु दुमीराई र श्री विजया खबचु दुमीराई(सत्म) का छोरा अरुणिमा उच्च मा.वि.जोरपाटि काठमाडौंबाट २०६४ सालको प्रवेशिका परीक्षा (एस.एल.सी.) मा विशिष्ट श्रेणीमा उत्तीर्ण गर्नुभएका उत्सव खबचु दुमीराईलाई हार्दिक बधाई ज्ञपन गरिन्छ ।*

**दुमी किरात राई फन्सिकिम्**
**तथा**
**इसिलिम परिवार**



# लेफ्टिनेन्ट पर्जबहादुर दिम्मचु दुमीराईसँग कुराकानी

*खोटाङ जिल्लाको बाक्सिला गाविस-७ चोखुममा वि सं १९९८ सालमा माता रामलीशोभा रंकासु र पिता अमृत राईको परिवारमा जन्मनु भएका अत्यन्त मिलनसार र समाजको लागि केही योगदान गरौं भन्ने भावनाले पल्टने जीवनदेखि नै लागीपरेका व्यक्तित्वको नाम हो - पर्जबहादुर दिम्मचु राई । बाल्यकाल चोखुमको पाखापखेरामा रमाउँदै तापखोलाको पानी खाएर हुर्केका पर्जबहादुर ब्रिटिश आर्मीको ल्याप्टेन भएर फर्कन्छन् भन्ने साहेद चिनेजानकाले कम नै सोचेका थिए होला । २०१६ सालमा १८ वर्षको अल्लारे बैंसमा बाक्सिला बस्ने गल्लावाल चरीलाल काइलाको नापजाँचमा यत्तिको जवान केटो आर्मीमा फिट हुन सक्छ भन्ने ठम्याई भएपछि उहाँ गाउँमा सँगैमेलापात गर्ने, हाटवजार गर्ने छोरीचेली र साथीभाइहरूलाई छोडेर पब्लिहवामा भर्तिहुन जानुभयो। भाग्यमा ब्रिटिश सेनामा भर्तिभई जागिर खान लेखेको रहेछ तसर्थ पहिलो प्रयत्नमा नै भर्तिभई २३ वर्षसम्म अबिछिन्न नोकरी गरेर पेन्सनको हकदार भएर गाउँको मायालाई सँगाल्दै आफ्नो जन्मथलो चोखुम फर्कनु भयो। गाउँ आउँदा रहन सहनमा केही नयाँ परिवर्तन आइसकेको थियो । त्यसैले उहाले पनि गाउँमा दुईधुरे घर बनाएर नयाँ शैलीको आरम्भ गर्नुभयो । तर लाहुरेहरू जत्ति धरान बसोवास गर्ने लहर चलीसकेकाले उहाँलाई पनि त्यस लहर र उत्साहले पृथक राख्न सकेन । त्यसैले चोखुमको माया र संस्कृतिलाई आफैभित्र सगाल्दै रैथाने जन्मथलो छोडेर धरान भोटेपुलमा बस्न थाल्नुभयो । धरानमा नगरीमा रहँदा उहाँले किरात सेवाका विविध क्षेत्रहरूमा आफूलाई समर्पित गर्न थाल्नुभयो । यसै सन्दर्भमा उहाँ दुमी किरात फन्सिकिम धरानको प्रारम्भिक कार्य समितिका अध्यक्षको जिम्मेवारी सम्हालेर किरात धर्म, सस्कृति र भाषाको क्षेत्रमा योगदान गरीसक्नु भएको छ । त्यसैगरी 'इसिलिम' भाषिक पत्रिकाको सल्लाहाकार समेत रहेर दुमी किरात राईहरूको भाषा, धर्म, संस्कृतिलाई उत्थान गर्ने कार्यमा ठूलो योगदान गरिहनु भएको छ । प्रस्तुत छ यसपटक २०६१ कार्तिक २ गते 'इसिलिम'ले उहाँकै घर निवासमा लिएको उनै व्यक्तित्वको छोटो भेटवार्ता -*

पारिवारिक विवरण :
नाम : पर्जबहादुर राई, दर्जा : लेफ्टिनेन्ट (क्यू जि ओ )
श्रीमती : अतम राई, छोरा : किसन र उपेन्द्र
छोरी : बिना, सूर्यकला र मिना
बुहारी : ममता

***इसिलिम : हजुरको गाउँ चोखुम भन्ने नाम कसरी राखियो होला, यसको कुनै ईतिहास छ कि ?***
अवश्य केही इतिहास हुनुपर्छ । पुर्खाहरू चोक गाडेर बसेको हुनाले चोखुम भएको हो कि भन्ने लागेको छ । तर मलाई त्यति याद भएन ।

***इसिलिम : आफ्नो वाल्यकालमा बिताएका केही रमाइलो क्षणहरूको सम्झना बाचेको होला ?***
लगभग ५/६ बर्ष जति बाख्रा गोठाला गरियो । गाई-भैसी हेरेर बसियो । कोदालो खनियो यसरी नै बाल्यकाल बितेको थियो ।

***इसिलिम : पहिले गाउँमा हुदा बही तमसुक लेख्ने मानिस को थियो सम्झना होला ?***
पोखरीको क्षेत्री कटुवाल थियो उसैले लेख्थ्यो । पछि जुक्त बहादुर राईले लेख्न थाल्नुभयो ।

***इसिलिम : भर्ति जाने प्रेरणा कसरी पाउनुभयो त ?***
साथीहरूले जाउँ भनेर गएको हुँ ।

***इसिलिम : त्यतिबेला गल्ला को थियो ?***
बाक्सीलाको चरिलाल काईला हुनुहुन्थ्यो ।

***इसिलिम : भर्तिहुन अघि गाउँमा पढाइ गरिएको थियो ?***
पढाइ थिएन । भर्ति भएर गएपछि त्यहाँ नै अलि अलि पढियो

***।इसिलिम : भर्ती जानको लागि कति बर्षसम्मको उमेर हुनु पर्थ्यो र कति पटकमा भर्ति लाग्नु भयो ?***
त्यतिबेला १७/१८ बर्षसम्मको उमेरदेखि भर्ति भिडनु पाईन्थ्यो र म चाही एकपल्टमै भर्ति हुन सफल भएँ

***इसिलिम : त्यतिबेलाको समयमा नाप जाँचहरू कहाँ कसरी हुन्थ्यो ?*** गाउँमा नै हुन्थ्यो , घरमै आउँथे गल्लाहरू ।

***इसिलिम : हजुरको पल्टने शिक्षा चाहि कति हो त ?***
मैले पल्टनको नियमअनुसार कोलाकोल फस्ट क्लास गरेको हो । यत्ति गरिसकेपछि गोर्खामेजरसम्मको क्वाइलीफिकेशन पुरा हुन्थ्यो ।

***इसिलिम : भर्तिजान अघि किरात धर्म र संस्कृतिको वारेमा केही अनुभव गर्नु भएको थियो ?*** अँ ह । त्यतिबेला यस्तो केही ज्ञान थिएन मलाई ।

***इसिलिम : त्यसबेलाका ठूला ठूला धामीहरूको नाम सम्झना होला ?***
हजुर । त्यतिबेला हाम्रो सेरधामी सबैले 'सिकारी' भन्थे उनी थिए । अनि बिजुवा धामी चाही सिपुलुङ्गको 'रसुले' भन्ने धामी प्रख्यात थियो ।

***इसिलिम : शुरुमा भर्ति हुँदा तलब कति थियो होला ?***
सुरुमा भर्ति भई सिङगापटनीमा हुँदा पैतालीस रुपैया थियो र आउने बेला सात सय पाउण्ड भएको थियो ।

***इसिलिम : पल्टनमा छँदा कुन कुन देशहरूको भ्रमण गर्ने अवसर पाउनु भयो हजुरले ?***
मैले सिंगापुर, मलेसिया, ब्रुनाई, हङकङ्ग, जर्मनी, साइप्रस, मलेसिया आदि देशहरूको भ्रमण गरेको छु ।

*इसिलिम : पल्टनमा रहँदाको तितो मिठो अनुभव केही भनिदिनुहुन्छ कि ?*

ट्रेनिङ गर्नु कठिन हुन्थ्यो, अरु त ठिकै थियो। फुर्सदको समयमा दुख भुल्नको लागि विभिन्न रमाइलो कार्यक्रमहरू गरेर बसिन्थ्यो।

*इसिलिम : किरात धर्म संस्कृतिप्रति म जिम्मेवार छु भन्ने हजुरको आधार के होला बताईदिनुहुन्छ कि ?*

धरानमा पहिले किरात धर्म संस्कृतिको बारेमा केही चर्चा थिएन अहिले बुद्धिजिवीहरूले सोधखोज गर्न थालेका छन । म पनि यसको खोजी र यसको जगेर्ना गर्नु पर्छ भन्ने कर्तव्य ठानेर लागि परेको छु, अहिलेसम्म ।

*इसिलिम : तपाई दुकिराफ प्रारम्भिक कमिटि धरानको अध्यक्ष पनि भैसक्नु भएको छ तपाईले आफ्नो समयमा गर्नु भएको महत्तवपूर्ण कामहरूको बारेमा बताइदिनु हुन्छ कि ?*

मैले सर्वप्रथम हाम्रो दुमी राईहरू कहाँ-कहाँ छन भनेर खोज तलास गरेँ, मधेश तिर खोजेँ, आजीवन सदस्य धेरैलाई बनायौं, संगठनको स्थापना गऱ्यौं । सबैलाई एकिकृत गर्दै अगाडी बढ्दै छौं अहिले पनि ।

*इसिलिम : तपाई यसरी दुकिराफमा लाग्नु भएको छ, पारिवारिक सहयोग कस्तो छ त ?*

मलाई पूर्णरुपमा सपोर्ट छ तर म आफ्नो व्यक्तिगत अस्वस्थ्यताको कारणले कहिले काही भनेको ठाउँमा पुग्न सक्दिन ।

*इसिलिम : इसिलिम प्रकाशनमा देखिएको समस्याहरू अवश्य केही छन त्यसलाई औंल्याईदिनु हुन्छ कि ?*

मैले देखेको कुरा यसमा आर्थिक कमजोरी रहेको छ जस्तो मलाई लाग्छ ।

*इसिलिम : कसै कसैले किरात राईहरूमा कहिल्यै नभएको अनौठो किरात धर्मको प्रचार प्रसार पनि गर्दैछन यसलाई कसरी लिनुभएको छ ?*

अहिले हाम्रो पुरानो किरात धर्मबाट कोही कोही छुट्नु खोज्छन्, त्यसखालको विभिन्न कुराहरू उठाउदैछन् । तर मैले चाहिँ हाम्रो पुर्खाको परम्परालाई नै अंगालेर जानुपर्छ भन्ने ठानेकोछु। यही नै मलाई राम्रो लाग्छ ।

*इसिलिम : तपाई किरात धर्मप्रति बहुत चासो राख्ने व्यक्ति हुनुहुन्छ के चुल्हा पनि घरमा राखिसक्नुभयो ?*

घरमा चूल्हा छ त्यसैले यथासक्दो छिट्टै फार्नेवाला छु ।

*इसिलिम : बुढो भएपछि मानिसले प्रतिष्ठाको पनि चाहना गर्छन के तपाइले त्यसबारे सोच्नुभएको छ ?*

मैले यसबारे केही सोचेको छुइन केवल सकेसक्दो आफ्नै काम हो भन्ने सोचेर मौलिक किरात धर्म संस्कृति फुलाउने फलाउने काममा लागेको छु ।

*इसिलिम : तपाई अनुभवी र सफल मानिस देखिनुहुन्छ के आफूलाई कमजोरी पनि ठान्नु भएको छ ?*

उ. शिक्षा मेरो कमजोरी भएकोले चिताएको काम गर्न सकिन्न रहेछ भन्ने लागेको छ ।

*इसिलिम : जीवनमा सबभन्दा ठूलो कुरा के हो जस्तो लाग्छ ?*

इमान्दारीता ।

*इसिलिम : दुकिराफमा लागेपछि कस्तो अनुभव प्राप्त गर्नु भयो त ?*

बुझ्ने मानिस बुझि हाल्छन् तर नबुझ्ने मानिसहरूलाई बुझाएर तपाइहरूले खोलेको बाटोमा हिडाउन कठिन भइरहेको महसुश गरेको छु । अर्कोतिर आफ्नो भाषा परम्परा नजानेपछि कार्यकर्तालाई पनि गाह्रो अपठ्यारो परेको छ ।

*इसिलिम : तपाई हाम्रा सन्ततीहरूलाई सबभन्दा ठूलो उपहार के दिन चाहानुहुन्छ ?*

आफ्नै परम्परा, भाषा र लिपी दिन चाहन्छु ।

*इसिलिम : तपाई पहिलेजस्तो अहिले सक्रिय नभएको देखिन्छ के त्यसो हो ?*

म हाल सल्लाहकारमात्र भएकाले कार्यकारिणी समितिले सबै काम गर्दैहुनुहुन्छ । त्यसैले त्यस्तो देखिएको हो ।

*इसिलिम : दुमी किरात राई फन्सिकिमको लागि गर्नैपर्ने काम धरानको लागि के हुनुपर्छ जस्तो लाग्छ ?*

मेरो भित्री ह्रदयले देखेको कुरा के हो भने जसरी पनि यसको अफिसको लागि एउटा जग्गा बन्दोबस्त हुनुपर्छ । मेरो कार्यकालमा त्यो उद्देश्य थियो । तर दुमी राईहरूको खोजी, पहिचान, आजीवन सदस्यता र साधारण सदस्यता बनाउने काम गर्दागर्दै मेरो कार्यकाल समाप्त भयो । तर पनि मेरो इच्छा अझै पनि छँदैछ ।

*इसिलिम : दुकिराफले अहिले तुरुन्त गर्नुपर्ने कामहरू के के होलान भन्ने लागेको छ यहाँलाई ?*

जनसंख्याको डाटा अपडेट भैराख्नुपर्छ । कतिपय मानिसहरू काहाँ काँहा पुगेहोला ? कति मानिस नयाँ आएहोला, कति बुनाई हंककंग, युके गएहोला त्यो पनि बुझिराख्नुपर्छ ।

*इसिलिम : श्रीमती पर्जबहादुर राई (अतम राई ) प्रति पनि जिज्ञासा राखियो ? र भनियो ? के दुकिराफको कार्यमा लाग्दा परिवारलाई केही बाधाहरू परेको छ ?*

त्यस्तो बाधा केही छैन । मैले उपाध्यक्ष कमलालाई पनि भनेको छु "सक्रिय हुनुपर्छ " भनेर । हामी भाषामा कमी कमजोरी छौं । कारण मेरो आमा साम्पाङ बाबु दुमी भएकाले परिवारमा भाषा बोलिएन । दुमी धेरै छौं यता पनि । मैले कालिङ्पोङतिर पनि दुमी राई भेटेको छु। सबैलाई समेटेर एक गोठ बनाउन सकिएको छैन । तर लागीपर्नु पर्छ ।

*इसिलिम : ले. सा'ब फन्सिकिमले अहिलेसम्म चाहेजत्ति प्रगति गर्न नसक्नुमा के कारणहरू होलान् ?*

उ राईहरू अखटे हुन्छन् । एक गोल भएर जानुपर्नेमा त्यसरी गएका छैनन् । कति राईहरू त इशु, आत्मनन्द र ओमनन्दमा पनि गएका छन् किन गए मलाई केही थाहा छैन । तर नजानु पर्थ्यो ।

*इसिलिम : राईहरू यसरी बिजातीय धर्ममा गएकोमा तपाईको विचार कस्तो रहेकोछ त ?*

उ यसरी एउटै घरभित्र अटाएर सँगै बसीराखेको अवस्थामा यसरी छुद्दिएर जाँदा मन मीठो नहुँदो रहेछ ।

*इसिलिम : तपाइले धेरै देश विदेश भ्रमण गर्नु भएको छ के ताकेको लक्ष्य पुरा भएजस्तो लाग्छ ?*

धेरै हदसम्म पुरा भएको छ भन्ने लाग्छ ।

*इसिलिम : त्यसोभए तपाई भाग्यमानी भनेर आफूलाई ठान्नु हुन्छ ?*

त्यस्तो त मैले ठानेको छुइन तर पनि भाग्यमानी नै भन्नु पर्ला कि ।

*इसिलिम : इसिलिमको बारेमा केही भन्नुछ हजुरको ?*

इसिलिमको प्रकाशन निरन्तर हुनुपर्छ भन्ने लागेको छ ।

*इसिलिम : धन्यबाद ।*

धन्यबाद ।

*प्रस्तोता : चतुरभक्त राई*



# गान्पा र रतेपा पुनः ब्युँझेका भए हुने थियो ।

- *ईश्वर हलक्सु दुमीराई 'स्पन्दन'*

तपाई सोँच्दै हुनुहुन्छ होला, अब पुनः गान्पा र रतेपाको पुनः जन्मको अपेक्षा राखेर आजको २१ औं शताब्दिको उन्मुखकालको कलीयुग तथा अझ भनुँ भने कम्प्युटर युगलाई फेरि ढुङ्गे युग बनाउने, तर त्यो बिल्कुलै हैन । म मात्र एक स्वार्थको लागी ती द्वय पुर्खाको प्राण खोज्दैछु । जहाँ कि त्यहिँ एक स्वार्थ नै हाम्रो तथा सम्पुर्ण दुमीहरुको पुर्ण प्राप्ती र पहिचान बन्ने थियो ।

वास्तविक कुरा के हो भने आज आएर सम्पुर्ण दुमीहरु त्यहि पुर्खाहरुको खाँचोले ग्रसित देखिएका छन् । यो अर्थमा ग्रसित छन् कि उनीहरु आफ्नै भाषा भुलेर वा बिर्सेर यस मानेमा ग्रसित छन् । आफ्नो धर्म-संस्कृति भुलेर अनि यो कारणले ग्रसित छन् कि समष्टीरुपले आफ्नो अस्तित्वलाई नै जोखिममा पारेर, अझ यस्लाई यसरी भनुँ आफूलाई लोपोन्मुखतिर प्रेणित गरेर । यो केहि बुँदाहरु कतिलाई नपच्न सक्छ, तर वास्तविक्ता यहि हो "सत्य तितो नै हुन्छ" । त्यसै कारणले सम्पुर्ण दुमीजनको सिङ्गो अस्तित्वको पुनरावलोकन तथा ताजा उत्थानको आशामा ती द्वय चुचुको सम्झना गरेको हुँ ।

हुनत यहाँ ती द्वय चुचुलाई नसम्झेर उहाँहरु भन्दा अझ जेठो पाकोको चर्चा चलाएको भए हुने थियो । तर जे होस् यतिखेर हामिलाई चाहिने पूर्णज्ञान उहाँहरुमा थियो नै होला भन्ने अड्कलले गर्दा यहाँ मैले उहाँहरुलाई उभ्याएको छु । साथै यो विवस्ताले पनि नसम्झी नहुने देखें कि मैले दुमीहरु यहाँसम्म आइपुग्दा धेरै कुराहरुको अन्यौलतामा रुमलिएका छन् । जुन अन्यौलताहरु केहि माथि नै प्रस्तुत गरिसकेको छु । यस प्रकारको समस्याहरु मध्ये अन्यौलपूर्ण भाषिक समस्याको बारेमा यहाँ मैले थोरै प्रसङ्ग उठाएको छु ।

व्याकरण भाषाको मूलजड हो । विना व्याकरण कुनै पनि भाषाको अस्तित्व रहन सक्दैन । व्याकरण व्यावहारिक जीवनमा सबैले नै प्रयोग गरिरहेका छन् । तर व्याकरण के हो, त्यो भने सबैलाई थाहा नहुन सक्छ । "भाषाको किटानको साथ शुद्धिकरण सिकाउने पाठ नै व्याकरण हो" । दुमी भाषा एक भए पनि ठाऊँ अनुसार भिन्ना-भिन्नै किसिमले उच्चारण गर्ने गरेको पाइन्छ । भाषामा बाझिरहेको पाईन्छ । जस्तै :- मुचु/मुचि/मुचिनि । जस्को अर्थ हुन्छ 'सकियो' । यी तीन शब्दहरु खोटाङ्ग जिल्लाको माक्पा गाविस वडा नं.१, २, ३, ४, ५, ६, ८ र ९ मा प्रयोग गर्ने शब्दहरु हुन् । तर वडा नं ४ मा यी सबै शब्दहरुको बेग्लाबेग्लै अर्थ दिन्छन् ।

जस्तै :- मुचु = सकियो । मुचि = दुई जनाले काम फत्ते गरे ।

मुचिनि = सकेनि ! दुई जनाले काम फत्ते गरेको कुरा दोस्रो व्यक्तिलाई अवगत गराएको कुरा ।

यस्तो अवस्थामा कहिलेकाहिं व्यक्ति-व्यक्ति विच यो भाषा र त्यो भाषा भन्ने किसिमको छलफलले झन नै शब्द माथिको अन्यौलता थपिन जाने समस्या हामी माझ खड्किएको अवस्थामा म झनै द्वय चुचुको कल्पना गर्ने गर्छु । तर द्वय चुचु यी माथिका शब्द मध्य कुन चाहि भाषा बोल्थे त्यो भने कौतुहलताको गर्भ मा नै सीमित छ । किन कि खास उनीहरुले यहिं भाषा बोल्थे र यो नै सही हो भन्ने प्रमाणको खाँचो छ । त्यसैले द्वय चुचुको पुनर जन्म भएको भए हामी माक्पा बासी दुमीहरु छर्लङ्ग हुने थियौ । मैले थाहा पाए अनुसार वडा नं ४ लुम्दुका दुमीहरु, पूर्खाहरु पहिले जस्तो बोल्थे, ९५% ले दाविका साथ त्यस्तै बोल्ने गरेका छन् । भने वडा नं ६ नोरुङ्गका दुमीहरुमा पनि यस्तै अवस्था हुनुपर्छ ।

यसरी भाषागत विविधताको क्रममा माक्पा गाविस को वडा नं ४ र ६ मा बोलिने केहि भाषाहरु उदाहरणको लागि जस्ताको तस्तै यहाँ राख्ने कोसिस गरेको छु । तिनीहरु निम्नानुसार छन् :-

| नेपाली | वडा नं: ६ | वडा नं: ४ | क्रियामा विविधता |
|---|---|---|---|
| १) कान्छा बजार गयो । | सिविसे गुर्जम खुचि । | सिविसे गुर्जम खुचु । | खुचि र खुचु । |
| २) कान्छा र कान्छी बजार गए । | सिविसे कायो सिवि गुर्जुम खुचि । | सिविसे कायो सिवि गुर्जुम खुचि । | वचन अनुसार क्रियामा पनि फरक छैन । |
| ३) कान्छाहरु बजार गए । | सिविसेमु गुर्जुम हाम्खुचि । | सिविसेमु गुर्जुम हाम्खुचु । | यहाँ पनि ई र ऊ । |
| ४) घाम डुब्यो । | नाम हुङु । | नाम घ्रिमु । | शब्द मा नै फरक छ । |

| | | | |
|---|---|---|---|
| ५) हावा चल्यो । | हि किली । | हि किलु । | ई र ऊ मा फरक छ । |
| नेपाली | वडा नं: ६ | वडा नं: ४ | क्रियामा विविधता |
| ६) भैसी लड्यो । | मेइसी थियु । | मेइसी थियु । | फरक छैन । |
| ७) गीत सकियो । | ले मुचि । | ले मुचु । | ई र ऊ मा फरक छ । |
| ८) कान्छा कान्छिले मेलो त सकेन् नी ! | सिवि कायो सिविसेआ दुवा ने मुचि नी ! | सिवि कायो सिविसेआ दुवा ने मुचि नी ! | फरक छैन । |
| ९) रोटी किन तँ पनि खा भाइलाई पनि दे । | साबे किदा आनियो जी आवा यो वी । | साबे किदा आनुयो जु आवा यो वी । | पहिलोमा ई र ऊ छ दोस्रोमा फरक छैन । |

एवं प्रकारले ठाऊँ-ठाऊँमा भाषिक भिन्नता देखिन्छ । यसरी भाषामा असामान्य तरिकाले तलमाथि हुनुको विशेष कारण के हो त ? यी कारण हामी माझ छैनन् र ? यदि छन् भने यसरी प्रचलनमा आएको भाषिक अन्यौलतामाथि विचार नपुऱ्याउने र ? *मुचि ।*

तेदुङा ।माक्पा-४, लुम्दु, खोटाङ्ग ।

# Just Memories 1995




*Miss Dr. Nirmala Dumi Rai*
*Maharajgunj, Kathmandu.*


Together where we used to go, I shall go in the wood,
This time where I walk through the grew leaves love four,

My vision get blurred for my eyes filled with tears,
When I remember happy moments when we shared for years.

She touch of frosty wind leaves me to freeze,
My sum's fingers you used to hold them to save me from wintry freeze.

You used to take of my bund ard let my hair free,
Leaving their fragnance as they dance in the air you loved to see.

My voice laugher my whisper no more can you hear,
To send your touch to my soul give command wine air,

Every night I cannot sleep and you in your peaceful slumber
It is your name, in my high tempereture I make summer

Arrery your cold ash all my hears dried away
All day fierce with God, I moved in your frreral day

My tears dried which I had hidden behind my eyes,
I sat long moving at your learn till the evening twilight.

# सांगीतिक श्रष्टा : खविराज दुमीराई



*-सम्बर दुमीराई, साबुले*

खविराज राई राष्ट्रियस्तरका लोकगायक हुनुहुन्छ । उहाँ २०२७ साल मंसिर ७ गते खोटाङको खार्मीमा पिता जगत बहादुर राई र माता कूलहीरा राईको माइला सुपुत्रको रुपमा जन्मनुभएको हो । उहाँका पाँच दाजुभाई र छ दिदी बहिनीहरु छन । नेपाली लोक संगीतको क्षेत्रमा उहाँ एक चर्चित व्यक्तित्वको रुपमा परिचित हुनुहुन्छ । हाल सम्म उहाँले थुप्रै गीतहरु गाउँनु भएको छ र प्रतियोगितहरुमा पुरस्कारहरु पनि पाउनुभएको छ । उहाँले २०६० सालमा नै रेडियो नेपालको वार्षिकोत्सवको अवसरमा लोकगीत गायनतर्फ प्रथम पुरस्कार जित्नु भएको थियो । त्यस अगाडि २०५३ सालमा नै उहाँले रेडियो नेपालबाट स्वर परिक्षा पनि उत्तीर्ण गरिसक्नु भएको छ । उहाँले थुप्रै गीतहरुलाई साकार स्वरुप दिनुभएको छ । उहाँका धेरैजसो गीतहरु आधा दर्जन संख्याका एल्वमहरुमा संकलित छन । विशेषत लोकगीत गाउनुहुने गायक राई आधुनिक गीत संगीतलाई पनि दिलैदेखि मन पराउनुहुन्छ र माया गर्नुहुन्छ साथै गाउन पनि उत्तकै रुचाउनु हुन्छ । ग्रामिण धूलोमा हुर्किबढी ग्रामिण परिवेशमै आफ्नो समपूर्ण बाल्यकाल विताउनुभएका गायक राईले दश एघार बर्षको कलिलो उमेर मै गीत गाउन थाल्नुभएको हो । उहाँ त्यस कालमा रेडियोमा गीत बजेको सुनेर मान्छेले गाएको सुनेर गीत गाउनु हुन्थ्यो । एकपटक सुनेको गीतको शब्द र त्यसको लय टपक्क टिपेर चस्न तथा दुरुस्त गाउँन सक्नु उहाँको क्षमता हो ।



उहाँ संगीततिर लाग्नुमा आफ्नो ठूली दिदीलाई प्रेरणाको श्रोत मान्नुहुन्छ । उहाँ केटाकेटी छदा उहाँकी ठूली दिदी "आमा, दिदी, बहिनी हो अब कति बस्नु रोएर" जस्ता जनवादी गीतहरु गाउदै हिडनुहुन्थ्यो, त्यसैबाट म प्रभावित भएको होभनेर उहाँ बताउनुहुन्छ । छिमेकी टोलका बुद्धिजिवी बलराम राईलाई पनि उहाँ आफ्नो प्रगतिको प्रेरणाको श्रोतको रुपमा लिनुहुन्छ । आफूले गीत गाउन छोड्न लागेको बेला तिमीले गीत गाउन छोड्न हुँदैन भनेर उहाँले सल्लाह दिनुभयो त्यसैले म साधनामा लागेँ उहाँ भन्नुहुन्छ ।

उहाँले 'पर्देश', 'शिरको फूल', 'मेची दोभान', काठमाडौं शहर', 'राइफल शिरानी' जस्ता लोकदोहोरी गीति संग्रहहरुमा 'सौगात' जस्तो टुक्रे लोकगीत संग्रहमा साथै अन्य थुप्रै मनछुने गीतहरुमा आफ्नो कर्णप्रिय स्वरहरुले श्रोतहरुको मन जित्न सफल भैसक्नुभएको छ । उहाँको पहिलो एलबम चाहि 'पर्देश'हो । जसलाई उहाँले २०५४ सालमा श्रोताहरको माझमा ल्याउनुभएको हो ।

गीत संगीतलाई उहाँ मानवसमाज र जिवनका घटना, अवस्था र परिवेशलाई सरल तरिकाबाट अभिब्यक्त गर्ने एक सशक्त माध्यमको रुपमा लिनुहुन्छ । गीतले कसैको आँखाबाट आशु खसाउँछ र केको मुहारमा हाँसोको बहार ल्याउँछ साथै गीत संगीतले मानव लगायत सम्पूर्ण प्राणीहरुलाई मनोरञ्जन दिलाउन सक्दछ, त्यसैले गी संगीतलाई एउटा शक्तिशाली अस्त्रको रुपमा लिनुपदृछ भनेर उहाँ भन्नुहुन्छ । र गीत संगीतमा लाग्नको लागि प्राकृतिक रुपमा नै सबल हुनुपर्छ भन्ने मान्यता राख्नुहुने राई गीत संगीतको क्षेत्रमा प्रगति र उन्नति गर्नको लागि साधना र मेहनतको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने तर्क अघि सार्नुहुन्छ ।

सूरिलो स्वरका धनी लोक गायक राई अघिल्लो पुस्ताको सांगीतिक श्रष्टहरुमा विशेषगरि गोपाल योञ्जन, नारायण गोपाल, अरुणा लामा, र नयाँ पुस्तामा राजेश पायल राई आदिको नाम लिनुहुन्छ । पहिलेको तुलनामा बर्तमानमा संगीत क्षेत्रमा लागेहरुलाई केही सजिलो छ र अलि बढी साधना र मेहनत गर्नुपर्ने सल्लाह नयाँ पुस्तालाई दिनुहुन्छ । पहिलेका कलाकारहरुले प्रगति गर्नुमा उहाँहरुको मेहनत र सांगठनिक रुपमा काम गर्ने तरिकालाई उहाँ मान्नुहुन्छ र बर्तमानमा पनि सहयोगी र सांगठनिक भावना राखेर अघि बढन सके ठुलो फाइदा हुने विचार व्यक्त गर्नुहुन्छ ।

अहिले शारिरीक अस्वस्थताको कारण गीत गाउन छोडको र स्वास्थ्य ठीक भउपछि आधुनिक गीतको एलबम निकाल्ने गहाँको बर्तमान सोच रहेको छ । अन्तमा उहाँको सुस्वास्थ्यको र सांगीतिक प्रगतिको निरन्तरताको कामना छ । *मुचि ।*

# वेदनामा पुर्‍याइएको दुमी किरातको धर्म संस्कार

*- मोहन रत्कु दुमीराई*

किरातीहरू नेपालको एक धर्म कृतज्ञ भई नेपालको आदीबासी बासिन्दा भई रही आएका छन् । भने सबैभन्दा पहिले सु-शासन चलाई बस्ने एक महान् किराती राजा यलम्बर को पनि इतिहास अहिले सम्म रहिआएको छ । नेपालमा सबै भन्दा पहिले राजकाज चलाई लामो समय सम्म सुसासन गरि आएको किरातीहरू अहिले सम्म धर्म कृतज्ञ पनि आफ्नै र हिआएको छ भने अहिले आएर छिट्फुट नक्कली धर्म क्रितीमा लागी रहिआएका छन् । आफ्ना संस्कृति, भेष,भुषा, रहन सहन सम्पुर्ण भएका एक आदीबासी नेपाली बनी बसी आएको थिए भने अहिले आएर नक्कली धर्मले गर्दा किरातहरूलाई असर पुचाउदै आईरहेको छ ।

धर्म संस्कार एक मानिसमा रहि आएका चालचलन भेषभुषा रितिरीवाज र परम्परागत रहि आएको भाषाहरूको एक समाविष्ट कुराहरूको टिका टिप्पणीलाई नै धर्म मानिने छ । हाम्रो यति राम्रो धर्म संस्कार र भाषा कलाकौशल भएका किरातीहरू अहिले आएर धर्म फेर बदल गर्ने परेको कारणले किराती धर्म संस्कृति भेषभुषामा केहि असर पुचाई रहेका छन् । किनकी आफ्ना धर्म जात दाजुभाई (रुमिपामि) नाता गोता भाषा संस्कृतिहरूलाई लात्मार्दा खेरि आफ्नै धर्म कृतिहरूको भाषण छाट्दै भएको समयहरूलाई व्यार्थई खेर फ्याल्नु परेको छ यि प्रकृयाहरूले आफ्नो मात्रै जिवनलाई हैन कैएउ व्यक्तिहरूलाई आघात परेको हुँदा तपाई हामिले यस्ता प्रकृयाहरू चाहि निकालेर फ्याल्नु पर्ने छ ।

हो आज तपाईको प्रकृया तपाईलाई ठिक हुन सक्ला तर तपाईको छिमेक या दाजुभाई बुवा आमा र (रुमिपामि) नाता गोता वाजे बजुहरूलाई पिडा हुनसक्छ किनकी तपाई सम्झनुहोस् तपाई हामि अहिले महान् बन्नु भएको छौं होला या तपाई धनडा हुनुहुन्छ होला बलमान हुनुहुन्छ होला तर तपाई कस्को स.सन्तीया छोराछोरी हुनुहुन्छ भने तपाई दुःमि किराततिले जन्माई तपाई अर्को प्रकृतिको धर्ममा लाग्ने बनाएको छ । तर तपाईले यस्ता राम्रो प्रकृतिहरू नगरौं कस्तो राम्रो आफ्नो धर्म संस्कार छ सम्झनुहोस् तपाईले एकै छिन आफ्नै बुवा आमा बाउ बाजेहरूको संस्कार कस्तो रमाईलो छ कस्तो ऋतु अनुसार उधौली र उभौलीमा मनाइने चाड दोलोकुम्मा आफ्नै (रुमिपामि) नातागोता दर दाजुभाई दिदि बहिनी समाचखेवाको जोडी न्याउलि चरीको पारामा गाईन्छ भने त्यस्तै गित आफ्ना सुप्तुलु (पोक्चुसु) को या सुगुरको मासुको नौ परिकारले र (उम्मा) जाड चोखो रक्सी (आर्खु) ( नक्छो) धामि तायामि (पुर्खा) र रुमिपामि नातागोता दाजुभाईको भेला भई आफ्ना मृत्यु भएका बाजे बजु दाजु भाईहरूलाई चुलाया सुप्तुलु हकार्ने दिने चलन गरिन्छ भने तपाई आज आएर किन अर्थना उपदेशको भनाईमा सम्लग्न भई भाषण छाड्नु हुन्छ के तपाई बैज्ञानिक जवानामा आएर पनि तपाई बिना आधारको मुर्ख झैं भाषण छाड्नु भएको छ । तपाई सँग यति धेरै टायम समय भए तपाईले दिन सक्नु होसत आफ्नै पुर्खाहरूले मानिआएको धर्म संस्कार लेख्नु सक्नु हुन्छ भने आफ्नै बाउ बाजेको इतिहास खोज्नु सक्नु हुन्छ भने उहाहरूले के कार्य गरेका थिए कस्तो कस्तो सिपहरू थिए यि कुराहरूको अनुसन्धान गरी तपाई ले एउटा इतिहास तयार पारी तपाई महान लेख हुने छौं र तपाईलाई बाजे (पुर्खा) बुवा आमा नातागोता दर दाजु भाई सम्पुर्णले तपाईको नाम लिने छ । भोलि गएर तपाई महान इतिहासकार हुनु हुन्छ । तपाईले अरुको धर्मको भाषण छाड्दा तपाईको जीवनमा असर पुग्ने छ । किन कि तपाई आफ्नो धर्म संस्कार, भाषा चालचलन भेषभुषा रहन सहन नातागोता दाजुभाई देखी लिएर देश सम्मले तपाईको उलङ्गन गर्ने छ । र किराती दाजु भाई बुवा,आमा आफैले सबै दिऊ तपाईसँग फाल्तु टायम भए आफ्नै धर्म संस्कारमा नारा गुन्जाड भन्दै यहि १० सौं अंक इसिलीममा यि मेरा भनाईलाई साभार गर्न चाहन्छ । सम्पुर्ण कार्यरत व्यक्तिहरूलाई यस्तै सुझाव सल्लाह गर्न चाहन्छु ।

*मुचि*

ह्यापु १ बाक्सीला
खोटाङ्ग दिक्तेल

*भाषाप्रेमी समस्त किरात दुमीराईजन तथा अन्य भाषिक खोज अनुसन्धानकर्ताहरुका लागि दुमी भाषामा हालसालै प्रकाशित अध्ययन सामाग्री ओदेलपो मिनुसि (मेरो गाउंको सम्झना) र कुलु-छिदु (बाढी-पहिरो) दुकिराफ कार्यालय, चावहिल, काठमाडौंबाट बिक्री वितरण भइरहेकोले आफ्नो प्रति समयमै सुरक्षित राख्नु हुन हार्दिक अनुरोध गरिन्छ । फोन न ४४९९९६७*

## आमाको सम्भना



*- बिजया रंकासु छेकुमा दुमीराई*

ए- -- आमा गयौ छोडेर
बेलुकीको घाम जस्तै गयौ डुबेर आमा

जीवन पनि कस्तो रहेछ बादल झरी जस्तो
उडी जाने चरी जस्तो जीवन हाम्रो कस्तो

ए- -- आमा किन पर्खीनौ
छाडी जान्छु भनि तिमले किन भनिनौ

हुर्के तिम्रो काखमा मैले धुलो मैलो खेल्दै
कहिले हाँसो कहिले आँसु कहिले दुःख दिदै

ए- --आमा सकिनै पर्खिन, गयौ छोडेर
जुनकिरीको जोवन जस्तै गयौ बिलेर

कहिले आउँछस् भन्दै तिमले मलाई सोधिरहृयौ
मैलेभने आउँदैछु है बाँची पर्खी रहौ ।

ए - आमा जुनी भरलाई छाडींगयौ
आँशु दिएर आँशु दिएर ......

कति दुःख सास्ती पायौ रात दिन सँधै
एउटा ईच्छा थियो तिम्रो मलाई देख्ने सँधै

ए आमा पुजाउन सकिन
परदेश देखी बाचा पनि गर्न सकिन
गयौ छाडेर आकाशको बादल जस्तै गयौ विलेर

तिम्रो माँया सधैं छ है निस्ठुरी नभनि देऊ
दुःख सुख जहाँ बस्छु याद भई आईदेऊ

ए- - आमा गयौ छाडेर, बादलको संसार
भित्र गयौ लुकेर
हिमसागरको पानी जस्तै गयौ बगेर
पारी भिरको पैहिरो जस्तै गयौ भत्केर ।

(आमाको यादमा रचेको गित)(
*दुकिराफ, मानार्थ सदस्य)*
*हाल : क्यानडा*

## ए हजुर...

*-राजकुमार सत्म ब्राक्सुपा दुमीराई*



राम्रो हुनु खोज्छु हजुर
बैरी ठानी दिन्छन
त्यति मात्र कहाँ हो र
चाकको खटीरानै सम्झी दिन्छन्

रिझाउँन खोज्छु भन्छु
कानै थापी दिदैनन
नजीक आई केही भन्न खोज्छु
स्वाँठे स्वार्थी आयो भन्छन्

ये हजुर कस्तो जमाना आयो रुनुपर्ने ।
छोरा छोरीलाई पनि हजुर भन्नुपर्ने ॥
काममा पनि मालिकलाई हुईस्कीले मल्नुपर्ने ।
श्रीमतीको पनि पाउ छोई माफी माग्नु पर्ने ॥

लाग्छ संसार बिचीत्रको हुँदैगई रहेको छ ।
मायाँ स्नेह सबै रित्तीएको छ ॥
देख्छु म त मानिसहरु सबै गुणहरुले रित्तिएको छ ।
लोभै लोभले मानिसहरुलाई तल गहिराईमा पुरीदिएकोछ ॥

अब जसले जे भनेपनि दुःख मन छैन ।
म पनि तिनीहरु जस्तै भईदिएकै छु ॥
आँखा तरे पनि थुके पनि मतलब छैन ।
मैले पनि त्यसै गर्ने भएको छु ॥

संसार बाट प्रेम कस्ले उठाई लग्यो ।
डाहा लोभ घृणा कस्ले रोपी राख्यो ॥
म त दिन दिनै त्यसकै खोजीमा छु ।
एकदिन न एकदिन म भेट्टाएर रमाउने छु ॥

# सौजन्य विशेष

| क्र.स. | नाम | सौजन्य | ठेगाना |
|---|---|---|---|
| १. | चतुरभक्त दुमीराई | चिण्डो, टोपी, सालिग्राम | सप्तेश्वर, खोटाङ्ग |
| २. | क्या. नैन बहादुर राई MM² | झ्याम्टा-१ जोडि | महाराजगञ्ज, काठ |
| ३. | श्रीमती रत्नमाया दुमीराई | झ्याम्टा-१ जोडि | " " |
| ४. | शकुन्तला दुमीराई | किरातराजा यलम्बरको फोटोफ्रेम | " " |
| ५. | अशोक खवचु दुमीराई | केकास नामावली बोर्ड | " " |
| ६. | श्रीमती मन कुमारी दुमीराई | पानश र सुकुन्दा | " " |
| ७. | स्व. चन्द्रमाया दुमीराई | कलश | नोरोदेल, माक्पा-६ |
| ८. | नेत्रमणि दुमीराई | श्वेतपाटी (WhiteBoard) | आरुबारी-बौद्ध, " |
| ९. | दुकिराफ, केकास, बाक्सिलाबाट | ढोल-१वटा, झ्याम्टा-२ जोडि | बाक्सिला, खोटाङ्ग |
| १०. | सरिता कोयु + नेत्रमणि दुमीराई | २ वटा कठुवा | नोरोदेल, माक्पा-६ |

## २०६४, असोज १५ गतेसम्ममा दुकिराफ आजीवन सदस्यहरूको थप नामावली

| क्र.स. | नाम | ठेगाना | हालको ठेगाना |
|---|---|---|---|
| ५७. | श्री चमार सिं दुमीराई | | सुनसरी |
| ५८. | श्री दान बहादुर हदी दुमीराई | बाक्सिला-५, खोटाङ्ग | |
| ५९. | श्री खड्ग सिंह ब्राक्सुपा सत्म दुमीराई | सप्तेश्वर-१, खोटाङ्ग | |
| ६०. | श्री देवविक्रम ब्राक्सुपा सत्म दुमीराई | सप्तेश्वर-१, खोटाङ्ग | |
| ६१. | श्रीमती नरदेवी हम्रुचु दुमीराई | जालपा -४, खोटाङ्ग | |
| ६२. | श्रीमती अम्विका हम्रुचु दुमीराई | जालपा -४, खोटाङ्ग | |
| ६३. | श्री ऋषिश्वर दुमीराई | खार्मी - ३, खोटाङ्ग | ढोलाहिँटी |
| ६४. | श्रीमती जानुका रङ्कासु दुमीराई | बाक्सिला-५, खोटाङ्ग | |
| ६५. | श्री होम कुमार लुप्पो दुमीराई | बाक्सिला-७ , खोटाङ्ग | ढोलाहिँटी |
| ६६. | श्री कमानसिँ सरचु दुमीराई | पाथेका-नाखाम्, खोटाङ्ग | शान्तिनगर, काठमाण्डु |

*रावाखोला र तापखोलाको संगमस्थल (रावा दोभान) को सेरोफेरोमा अवस्थित दुमी किरात राई समुदायहरुको मौलिक लोक भाकामा मौलिक लोकभाका साकेला/तोसु/साखेल/भूमे सिलीमा आधारित लोक गीतहरुको संग्रह **दोलोकुम्मा** श्रव्य सामग्रीहरु दुकिराफ, दुमूकिम, देलकिमहरु मार्फत् बिक्री वितरण भइरहेकोले आफ्नो प्रति बेलैमा सुरक्षित राख्नु हुन हार्दिक अनुरोध छ । - दुकिराफ*

## पहिचान



- लोक बहादुर
वालक्पा दुमीराई

जाति धर्म संस्कृति यहि लाग्छ राम्रो
भाषा अनि भेषभूषा यहि छ पहिचान हाम्रो

अरुको धोति नसमाऊ ठुले
तिम्रो धोति खुस्की सक्यो
आफैलाई एक पटक हेर
दुनियाँले हाँसी सक्यो ।

इ-कमर्शमा जानुपर्छ
गुगल सर्च गर्नुपर्छ
मेल-ईन्टरनेटमा वस्नु पर्छ
समयसंग वग्नुपर्छ
तर, मौलिक संस्कार बाँच्नु पर्छ ।

किराती हो,
युङखुलु र सुप्तुलुलाई पुज्नुपर्छ
ढोल भ्याम्टा वज्नु पर्छ
उभौली र उधौलीमा
साकेला सिली नाँच्नु पर्छ ।

भन्छन्, एक्काईशौं शाताव्दिका कुरा
सोध बाटो विराउँनेहरुलाई
अब तिम्रो पहिचान के छ र ?

मुचि ।

रिव्दुङ्ग, महेश्वरी-४, फुर्से, खोटाङ्ग
lokdumirai@yahoo.com

## मेरो जन्मभूमि



- जन्मजय रिप्लाचु
दुमीराई

कति सुन्दर मेरो जन्मभूमी जालपा
माथि हेर्‍यो रुपाकोट तल हेर्‍यो रावा
विभिन्न जातजाति बसेका छौ मिलीजुली
आ-आफ्नै छ धर्म, संस्कृति, भाषा
सम्झिरहन्छु घरीघरी
बिर्सन सक्दिन, जन्मभूमि जालपा ॥

मलाई जन्मदिने जन्मभूमि जालपा
त्यहि धर्तीमा जन्म्यौं, हुर्क्यौं, खेल्यौं
कोहि साथी परदेशमा कोहि साथी गाउँमा
म चाहि भने काठमाण्डौको सडकमा
सम्झिरहन्छु घरीघरी
बिर्सन सक्दिन, जन्मभूमि जालपा ॥

खेल्थ्यौं हामि भलिबल,फुटबल,पर्म
पर्म खेल्थ्यौं बर्षादमा भलिबल, फुटबल हिउँदमा
साकेला नाच नाच्थ्यौं बैशाख,जेष्ठमा
देउसी,भैलो दशै, तिहारमा
सम्झिरहन्छु घरीघरी
बिर्सन सक्दिन, जन्मभूमि जालपा ॥

मुचि ।

जालपा -९, खोटाङ्ग

## नेपाल आमा

- अन्जु माङपाहाङ राई

हात फिँजाइ रहेछ नेपाल आमा आज
शान्तिको स्वर्णिम विहानी ल्याइदेऊ भनी
छट्पटाइ रहेछ नेपाल आमा आज
चहराइरहेको घाऊमा मलम लगाइदेऊ भनी
बगाइरहेछ आँशुका धारा नेपाल आमा आज
सारा चेलीको सिन्दुरमाथि
हस्तक्षेप नगर भनी
प्रार्थना गरिरहेछ नेपाल आमा आज
बारूद र बमको धुँवाभित्र मलाई नअल्मलाऊ भनी
हेर्न सक्दिन भन्छिन् नेपाल आमा आज
आफ्नो सन्तानको रगत बगेको
देख्न सक्दिन भन्छिन् नेपाल आमा आज
तिमिहरू आफू आफूमा लडेको
आफू आफूमा लडेको.........

भोजपुर खावा ५

**भुमे पूजा**

छायाङ्कन सकिएर श्रव्य-दृश्य तयारी पारिएको छ । सबैले हेरिदिनु भई सहयोग गरिदिनु होला ।

दुमी किरात राई
खवचु परिवार

# डुम्‌किम गठन

## डुम्‌किम गठन (खार्मी, सप्तेश्वर, जाल्पा, बाक्सिला, माक्पा):

| सिनं. | पदीयता | सप्तेश्वर | जाल्पा | बाक्सिला | माक्पा | खार्मी |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | वजबहादुर „ | भीमबहादुर „ | सर्वजीत मुरह „ | सूर्यविक्रम „ | प्राविधिक |
| २ | उपाध्यक्ष | ढाकमसेर " | कटकबहादुर " | अगमराज हदी „ | गोपालकुमार " | कारणले |
| ३ | सचिव | खगेन्द्र " | विकास " | मोहन रत्कु „ | उर्नीबल " | प्रकाशन गर्न |
| ४ | सह-सचिव | रोकेन्द्र " | मनबहादुर " | अनुप रंकासु „ | भूपमणि " | नसकेकोमा |
| ५ | कोषाध्यक्ष | पनिता " | जसबहादुर " | राजमणि रत्कु „ | खड्गकुमारी " | क्षेमाप्रार्थी छौं। |
| ६ | सह-कोषाध्यक्ष. | हेमबहादुर " | दानबहादुर " | सम्बर हदी „ | मेनुका " | छुटेका सामग्रीहरु |
| ७ | सदस्य | सार्धन „" | पर्जबहादुर " | पृथीराज दिम्मचु „ | दीर्घसिंह " | आगामी |
| ८ | | दिपेन्द्र " | कृष्णबहादुर " | नरबहादुर रत्कु „ | ईश्वरमान " | प्रकाशनहरुमा |
| ९ | | तीलक " | उर्मिला „ | कुमार रंकासु „ | शैलेन्द्र " | गरिने सहर्ष |
| १० | | ज्योतीकला " | सुवासी " | मनिप्रसाद हदी „ | जयराम " | जानकारी |
| ११ | | लक्ष्मण " | सम्पूर्णा " | जैधन रत्कु „ | बलबहादुर " | गराइन्छ। |
| | सल्लाहकार | नक्षो: अष्ट ब. राई | पदमबहादुर राई | जानुका राई | ठेलमान राई | |
| | | टिकाबहादुर „ | सर्मिला " | छत्रकुमार " | मकर " | |
| | | सिद्धिबहादुर " | हर्कबहादुर " | दानबहादुर " | सिंगबहादुर " | |
| | | गुणबहादुर " | जीतबहादुर" | हर्कराज " | वीरबहादुर " | |
| | | दुर्गबहादुर " | पर्शुराम " | मौलकुमार हरसी " | कुलबहादुर " | |
| | | कामदेव „ | भक्नकबहादुर " | मानकाजी हलक्सु | तुलबहादुर " | |
| | | | राधे " | रेकमान मुरह " | | |
| | | | काजीमान " | हर्कधन रत्कु „ | | |

## डुम्‌किम गठन (पांचथर, फलैंचा, धरान, नेर्पा, दिक्तेल, काठमाडौं):

| सि नं | पदीयता | पाँचथर-फलैंचा | धरान | नेर्पा | दिक्तेल | काठमाडौं | सुनसरी, पकली |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | कपिलमान राई | जगत ब.राई | बिदुर राई | पूर्णबहादुर खबचु राई | महेन्द दुमीराई | डम्बरबहादुर राई |
| २ | उपाध्यक्ष | मोतिमाया „ | भरस रत्कु „ | ............ | गिरीप्रसाद हम्रुचु | चन्द्रकुमार | सावित्रा वालक्पा „ |
| ३ | सचिव | तेजु " | हर्कबहादुर „ | सुकदेव „ | उपार्जन „ | नृप " | सबिना रंकासु „ |
| ४ | सह-सचिव | प्रेम " | अमर हजुरचु „ | ............ | माधव " | होमकुमार „ | हेमन्त सत्म „ |
| ५ | कोषाध्यक्ष | दिपेन " | कृपा हदि „ | | श्रीमती ......... | तेजमाया „ | खड्गबहादुर सत्म „ |
| ६ | सह-कोषाध्यक्ष. | मनबहादुर " | अष्टबहादुर „ | | तारा " | राजन „ | पदमबहादुर सत्म „ |
| ७ | सदस्य | खड्गबहादुर " | अक्षय कुमार „ | अनिस „ | गणेशभक्त " | प्रकाश „ | रेवती सत्म „ |
| ८ | """" | देवित्र " | दुर्गबहादुर „ | जगन „ | हर्कमान " | रामकाजी „ | कृष्ण सत्म „ |
| ९ | | सन्तोष " | शान्ति रंकासु „ | मणिराज „ | रामकुमार " | पार्वती „ | दिलमाया मुरह „ |
| १० | | मनिकुमार " | दिलबहादुर „ | ............ | शुक्रमाया " | पूजा „ | |
| ११ | | दिलबहादुर " | शिबकला „ | ............ | जयकुमार " | विष्णुभक्त „ | |
| | सल्लाहकार | | गंगप्रसाद सत्म | | लक्ष्मी „ | | |
| | | | सर्वजित हम्रुचु | | बहादुर „ | | |
| | | | दलबहादुर „ | | बानुका " | | |
| | | | कमला दिम्मचु | | | | |

## मेरो आवाज



*विजया सत्म (खवचु)*
*दुमीराई*

मेरो आवाज आज,
धुँवाको मूस्लोमा हराएछ ।
जीवन धुँवाको अन्धकारमा,
मानवताको प्रश्न सोधी रहेको छ ।
यहाँ आवाजको मूल्य होइन,
पैसामा बिक्छ मानवताका कथाहरु,
मेरो आवाज,
गुञ्जन्छ पहाडी पाखाहरुमा,
तिम्रो सभ्यता तिमीले निर्माण गरेका गियौ ।
तर मेरो आवाजले नयाँ सभ्यता जन्मनेछ ।
मेरो आवाजको सभ्यता त्यत्ति कमजोर छैन ।
मेरो आवाज नसुन्नेहरु
कानमा पट्टि फुकालेर एक पटक,
वेहोसको निन्द्राबाट बिउभन सक्छौ भने
तिमीमा खोज्नेछु अर्थहिन बिशेषताहरु
नेपालीका आवाज नेपालमै सेलाएपछि
आगोका कोइला चिसिएपछि केवल,
खरानी बाँकी हुनेछन् ।
खरानीको सभ्यता खोजेको दिन
आँधी-हुरीले तिम्रो सभ्यता खोस्न सक्छ ।
तिम्रो कर्णप्रिय आवाज
किन नमिठो लाग्छ ?
सायद त्यहाँ सभ्यता मृत भएको छ ।
बाटाहरुमा यात्राका चिन्हहरुले
सिङ्गो सभ्यता जन्माउने छ ।
आवाज कहिल्यै बिलाउँदैन,
न त नष्ट नै हुन्छ ।
यसले त युगहरु बिउभाउँछन् ।
बोल्छन् सुन्दर शिक्तलता ।
मुचिनि ।

(जालपा-९, खरबारी
सप्तेश्वर-८,चिउरीखर्क))

## मुटुभरि खोटाङ बाक्सिला छ



ओपोनु हर्कधन दुमी रत्कु राई
मन सामे 'छछपा' आङू खोटाङ्ग
जिल्ला बाक्सिला-१, ह्यापू

आगनीमा सयपत्री रुपाकोट लाउरेडाडाँ भरि गुराँस फूल्छ
गाँउ बेसीका फाँट भरी सुनसरी धान भुल्छ,
विश्व संसारलाई चिनाउने आगनिको डिलमा
सगरमाथा हिमाल छ,
म त जहाँ भएपनि मुटुभरि सगरमाथा
खोटाङ्ग बाक्सिला छ,
डम्फू मादल, खेजँडी, मूर्चुङ्गाको सम्भना छ,
देउसी, भैलो,सकला, ख्याली हाक्पारेको
सम्भना छ ।
गुन्यू, चोली, फरिया शुद्ध कालो कपाल छ,
म त जहाँ भएपनि मुटुभरि खोटाङ्ग बाक्सिला छ,
कोईलीको मिठो स्वरमा मयूर नाँचले पाखाहरु
फूलमाया, दीलमाया, हर्के, र चंखे, गाँउछन लैबरिको
भाषाहरु
किम्बू, ऐसेलु, काफाल बनैभरि छ,
म त जहाँ भए पनि मुटुभरि खोटाङ्ग बाक्सिला छ,
सुसाउदै बग्छन् राँवा, तावा र साँवा तलतल
गोधूलीमा दिप बाल्दा गाउँ बेसी अलमल
लालूपाते, गुराँस, गुलाब सुनखरी छ,
म जहाँ भए पनि मुटुभरि खोटाङ्ग बाक्सिला छ,
मेरो "लाश" अटाउने सानो ठाउ भए पुग्छ,
जन्मभूमि भन्दा प्यारो अरु केही हुन्न रहेछ,
बाटो छेउमा धूपी सल्ला चौतारीमा वर, पिपल छ,
म त जहाँ भएपनि सगरमाथा खोटाङ्ग बाक्सिला
ह्यापू, मुटुभरी छ ।

मुचिनि ।

## बन्द र दरबार



जन्मदिन नाकाबन्द
दोस्रो दिन उपत्यका बन्द
तेस्रोदिन फोहोरको गन्द
अव मलाई पनि नचाहिने भो
यो कवितामा केहि छन्द ।
लोकतन्त्र जन्मियो
जस्ले जे गर्दा पनि भो
काँग्रेसले राजा नछाट्ने
माओको सिद्धान्तमा नअट्ने भो
यो लोकतन्त्र न हो
जस्ले जे गर्दा पनि भो
क्रमैसँग सहिदको फोटो
अवत पच्चिसौ पनि पूगेछ
जनताको सरकार
हुनेको घरबार
त्यसैले त
गिरीजा बाबु दरवारै पुगेछ
हानिदेउ गोली, फाँसिदेउ अव
दरवारि वावुलाई
खेद्नेछन् अब जनता मिली
दरबारि जत्तिलाई ॥

मु:चि ।

शिवकुमार (दिम्मचु)
दुमी राई (ठूलोकान्छा)
चोखुम देलकिम सचिव
वांक्सीला- ८, खोटाङ,

## इसिलिम र मेरो मिरमिरे बिहान

- 'र्सवहारा' युवक
दिम्चु दु:मिराई
बाक्सिला-८ चोखुम

मेरो हातमा एक पाना
कापि र कलम हुन्छ
म एकान्तमा भएर लेखि रहन्छु
म लेखिनै रहन्छु
मेरो सामु इसिलिमको पात हुन्छ
म ती पातहरु पल्टाएर हेर्छु
त्यहाँ के हुन्छ ? के हुदैन खोजिरहन्छु
त्यहाँ त विशाल कुरा हुदोरहेछ
किराँतको भाषा, पाछा पो हुदारहेछ
अनि म यो पात राम्ररी हेर्छु
यहिँ पातमा दुईशब्दको कविता कोर्छु
अनि जब मिरमिरे विहान हुन्छ
एक सुनपङ्खि बासिरहन्छ
जब मिरमिरे जाग्छ अनि
म फोरी त्यो आउदा इसिलिममा
अर्के कविता फेर्छु
ए इसिलिमका पातहरु हो
अवस्य अर्के कविता फेर्छु

मु:चि ।

## सुनसान कोठाभित्र म अनि मेरो मन



*- केशर के राई*
*हाल: काठमाडौं ।*

कोठा न हो सुनसान
अनि त्यहाँ म र मेरो मन
एक आमसमा कुरा गर्दै
एता- उता पल्टिदै
मन एक तमासाले उड्दै थियो
चराको भेषमा आकाशमा
म ओछ्यानमै पल्थिरहेका
अनि कोठा आफैमा मौन ।
केही बोल्नु थियो मैले
केही भन्नु थियो मैले
मित्रको रुपमा खडा भएको कोठासँग
तर के नै पो भन्न सकिन्थ्यो र ?
कोठा आफैमा अबोल थियो
र मन
मन पनि स्थिर थिएन
उडेर क्षितिज काटिसकेको थियो
फर्काउने कुनै मन्त्र थिएन
शरीर मात्र काठाभित्र
लमपसार परेर लडिरहेको ।
मनलाई सम्हाल्दै फर्काउँछु
तर, एकैछिनमा उडेर जान्छ
कहाँ-कहाँ पुग्छ ?
त्यही क्रममा
कैले बितेका कुरा सम्झन पुग्छ
कैले खै के-के सोच्छ ?
त्यतिबेला
अलिकति हाँसे जस्तो गर्छ
अलिकति दुखे जस्तो गर्छ ।
फेरि
फेरि, त्यही यात्राको क्रममा
कदापि पुग्न नसकिने
ठाउँहरुमा पुग्छ
कदापि गर्न नसकिने
कार्यहरुमा जुट्छ
त्यहीं सोचमा, सोचमग्न भएर
काँडामाथि टेक्दा पनि उसलाई दुख्दैन
ढुङ्गामाथि बजारिदा पनि चोट लाग्दैन
एकोहोरो भएर हिंडिरहन्छ
रोकेर न त रोक्न सकिन्छ
छेकेर न त छेक्न सकिन्छ
बहकिएपछि ।
बिस्तारै सम्हाल्दै ल्याइयो मनलाई
तर आफू
आफूचाहिँ जहींको त्यहीं
अनि कोठा
कोठा भनै मौन । *मुचि ।* *kesharthulung@yahoo.com*

# अमेरिकामा किंराता राईहरुको साकेवा कार्यक्रम सम्पन्न

प्रस्तोता : धौलवीर वलक्पा दुमीराई
(अमेरिकाबाट)

किरात राईहरुले भूमी पूजाको सिलसिलामा गर्ने साकेवा, साकेला, साकेन्वा,तोश, तोशी भनेर विभिन्न नामले पूकारिने कार्यक्रम न्यूयोर्क स्थित क्वीन्सवोरो पार्कमा मे २७ तारिख तदनुसार जेष्ठ १३ गते सम्पन्न भयो । सो कार्यक्रममा भागलिन न्यूह्याम्सर,म्यासेचुसेट,कनेक्टिकेट,मेरीलैण्ड,क्यालीफोर्निया, कोलोराडो, नेव्रास्का वाट समेत राईहरु उपस्थित भएका थिए । दुई जोडी ढोल,तीन जोडी झ्याम्टा र साउण्ड सिष्टमवाट बजाईएको साकेवा गीतले क्वीन्सवोरोपार्क नै घन्काएको थियो । गुन्यू चोलीमा सजिएका राई किशोरी तथा महीलाहरु र दौरा सरुवाल र वैष्टकोटमा सजिएका राई किशोर तथा वयस्क पुरुषहरुको समह नृत्यले त्याहां उपस्थित राई तथा गैह्र राईहरुलाई नेपालको माझ किंरात क्षेत्रमा पुगेको महशुस गराएको थियो । राईहरुको पहिलो चरणको नृत्य समाप्त भएपछि सो समुहमा नाच्न आग्रह गरिदा कार्यक्रमका प्रमुख अतिथि महामहिम  राजदूत मधुरमण आचार्य लगायतका अन्य अतिथिहरुको सहभागिताले नाचमा अरु रौनकता थपिएको थियो, भने सो पार्कमा आइतबारको छुट्टी मनाउन गएका नेपाली तथा गैह्र नेपाली दर्शकहरुको भिडले कार्यक्रमलाइ भव्यता प्रदान गरेको थियो । सवनम राईले अतिथिहरुको स्वागत गर्नु भएको सो कार्यक्रमको दोश्रो सत्रको उद्घघोषण सुशिला राईले, राफल चिठ्ठा, चुना राई नेल्शन र मुना राईले,भलिवल प्रतियोगिता परखी राई र केशव राईले संचालन गर्नु भएको थियो । कार्यक्रमको मध्यन्तरमा स्वर्गीय नवगायक उत्तम राईको सम्झनामा प्रस्तुत गरिएको पुनम र यशोदा राईको एकल नृत्यले कार्यक्रममा अझ रोचकता थपिएको थियो ।

युनाइटेड किरांत राई अर्गनाइजेशन अफ अमेरिका ( युकेआरओ) न्यूयार्क च्याप्टरको आयोजनामा सम्पन्न भएको सो कार्यक्रमको शुभारम्भ सो च्याप्टरका अध्यक्ष प्रभाकर राईको स्वागत मनतव्यवाट भएको थियो । मनतव्य व्यक्त गर्ने क्रममा युकेआरओका उपाध्यक्ष तेज राइले साकेवाको वारेमा प्रकाश पार्नु भएको थियो ।  सो संस्थाको केन्द्रिय समितिका सदस्य सुरेश कुमार चाम्लीङले आदिवासी जनजातीहरुलाई राज्यले समान अधिकार र अव्शार नदिएको कारणले हिन्दूहरुको चाढ दशैंमा १५ दिन स्कूल विदा हने र  राईहरुको चाढ भूमी पूजामा विदा नहुने भएकोले ढोल झ्याम्टा र शै ढोले शै शैलीको गीतमा नाच्ने, गाउने, रमाउने रहरलाई जवरजस्ती दवाएर आफू सानो छदा स्कूल जान परेको पिडा व्यक्त गर्नु भयो । ग्लोबल फेडरेशन अफ नेपलिज इन्डिजिनस पिपल्स अफ अमेरिकाका अध्यक्ष कर्मा ग्याल्जेन शेर्पाले अमेरिकामा रहेका राईहरुले आफ्नो संस्कृति संरक्षण गर्न देखाएको अग्रशरताको प्रशम्सा गर्नु भयो । त्रि.वि.वि.का प्रध्यापक डा. कृष्ण भट्टचनले २३८ वर्ष देखि समान अधिकार र अव्शरबाट बन्चित गरिएका आदिबाशी जनजातिहरुलाई राज्य पन निर्माणको वर्तमान अवस्थामा अफ्नो भाग्य निर्माण गर्ने अव्शार उनिहरुलाइनै दिइन पर्दछ । यस दिशामा सरकार गम्भिर नभए, तेश्रो जन आन्दोलनको रुपमा मधेंशी अन्दोलन भई सकेको छ जसमा ५० जनाले हालसम्म ज्यान गुमाइ सकेका छन भने सम्पूर्ण आदिवासी जनजातीहरुले चौथो निर्णायक जन आन्दोलन गर्न वाद्य हुन पर्नेछ भनेर चेतावनी दिनु भयो ।




अमेरिकामा किरात राईहरुको मौलिक साकेला सिली प्रस्तुत गर्दै संस्कृति प्रेमी किरात राईहरु

